# नेपाल उद्योग वाणिज्य महासंघ
## ५६ औं वार्षिक साधारण सभा
# वार्षिक प्रतिवेदन
# २८ चैत्र २०७८

( महासंघको आ.व. २०७७/७८ को आय–व्यय विवरण तथा वासलात, कृषि उद्यम केन्द्रको समेत)

## १. पृष्ठभूमि :

- नेपाल उद्योग वाणिज्य महासंघको ५६ औं वार्षिक साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट प्रस्तुत यस वार्षिक प्रतिवेदनमा गत चैत्र २८ र २९ गते सम्पन्न महासंघको ५५ औं वार्षिक साधारण सभा पश्चात यो एक वर्षको अवधिमा महासंघबाट सम्पन्न भएका प्रमुख गतिविधि, क्रियाकलाप, कार्यक्रमका अतिरिक्त देशको उद्योग वाणिज्य क्षेत्रका साथै आर्थिक विषयबस्तुहरु समावेश भएका छन् ।
- यो एक वर्षमा महासंघले सदा झैं आफ्नो उद्देश्य, कार्यक्षेत्र, भिजन मिशन अनुसार उद्योगी व्यवसायीहरुको हक हितको सम्बर्द्धनका साथै देशका उद्योग व्यवसाय तथा लगानी प्रवर्द्धनको माध्यमबाट अर्थतन्त्रको विकास तथा विस्तारको लागि हुनुपर्ने नीतिगत, प्रक्रियागत, संरचनागत सुधारका सुझावहरु सहित कार्यान्वयनको व्यवस्थाको लागि नेपाल सरकार एवं सम्बन्धित निकायहरुमा विशेष रुपले पहल गरियो ।

## २. संस्थागत सामाजिक उत्तरदायित्व सहित गरेका कार्य :

- महासंघले यो अवधिमा संस्थागत सामाजिक उत्तरदायित्वलाई आत्मसात गरी कोभिड दोस्रो लहरबाट आम जनतालाई परेको जटिल परिस्थितिका साथै आम मानिसको स्वास्थ्य सुरक्षालाई उच्च प्राथमिकता दिई महासंघले कोभिड रिलिफ अपरेशन अभियान सञ्चालन गरियो ।
- संकटको यस बिषम परिस्थितिमा महासंघले सबैको सहयोग तथा समन्वयमा आवश्यक स्वास्थ्य सामग्रीहरुको व्यवस्था सहित आइशोलेशन केन्द्रहरु Covid help Desk को स्थापना गरी बिरामीहरुलाई सहयोग गरियो ।
- महासंघले स्थापना गरेको आइशोलेशन केन्द्र तथा Covid Help Desk बाट कोभिडका विरामीहरुलाई अस्पताल व्यवस्थापन, अक्सिजन व्यवस्थापन लगायतका कार्यक्रम अत्यन्त सक्रियतापूर्वक अघि बढाईयो ।
- कोभिड रोकथाम र नियन्त्रणमा महासंघले निभाएको यस महत्वपूर्ण कार्यको सवैबाट प्रशंसा गरिएको छ ।
- यसै सिलसिलामा महासंघले आफ्नो सातवटै प्रदेश तथा सदस्य संघ जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुले कोभिडको बिषम परिस्थितिमा गरेको सहयोगलाई उच्च मूल्याकन गरी महासंघले आफ्नो प्रदेश च्याप्टर मार्फत जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरुलाई आफ्नो सीमित स्रोत तथा साधनको बावजूद क्षमताले भ्याए अनुसारको आर्थिक सहयोग उपलव्ध गराईयो ।

## ३. राष्ट्रिय आर्थिक रुपान्तरणको कार्यान्वयन सम्बन्धमा :

- महासंघको गत ५५ औं वार्षिक साधारण सभाबाट विमोचन भएको महासंघको राष्ट्रिय आर्थिक रुपान्तरण रणनीति पत्रमा उद्योग व्यापार क्षेत्रले सामना गर्न परेका व्यवहारिक समस्या तथा समाधानका लागि हुनुपर्ने उल्लेखित व्यवस्थाहरुको कार्यान्वयन तर्फ अघि बढी कार्य गरियो । राष्ट्रिय आर्थिक रुपान्तरणमा उल्लेख गरिएका उद्योग व्यवसाय क्षेत्रको विस्तारको लागि हुनुपर्ने नीतिगत सुधार तथा ऐन कानूनको परिमार्जन तथा संशोधनको लागि सुझावहरु तयार गरियो ।
- महासंघबाट संशोधन तथा परिमार्जनको लागि सुझाव तयार गरेको ऐन नियमहरुमा काला बजारी ऐन, औद्योगिक व्यवसाय ऐन, पेटेन्ट डिजाइन तथा ट्रेड मार्क ऐन, उपभोक्ता संरक्षण ऐन, खाद्य स्वच्छता तथा गुणस्तर ऐन आदि रहेका छन् ।

## ४. उद्योग व्यवसाय क्षेत्रको विद्यमान स्थिति :

- विभिन्न कारणहरुबाट उद्योग व्यवसाय क्षेत्रमा निरन्तर रुपमा लागत मूल्य बढी भई रहेको छ । यसको कारणबाट वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता ह्रास भईरहेको छ । यो तथ्यलाई महासंघले प्राथमिकता दिई गम्भीरतापूर्वक आफ्नो सुझाव नेपाल सरकार एवं सम्बन्धित निकायहरुमा प्रस्तुत गरेको छ ।

- महासंघले सुरुका दिनहरु देखिनै उद्योग व्यवसाय क्षेत्रको उच्च लागत भएको कारणबाट उत्पादकत्व न्यून रहेको, ऊर्जाको अभाव, महंगो जग्गा, उच्च श्रम लागत लगायतका समस्याहरु उद्योग क्षोत्रले सामना गर्नु परिरहेकोले आगामी दिनहरुमा लागत न्यूनिकरण मार्फत मात्र उद्योग व्यवसाय सञ्चालन सम्भव भएको तर्फ जोड दिई यसैलाई आधार लिई महासंघले आफ्नो सुझाव पेश गर्दै आएको थियो ।

- महासंघबाट प्रस्तुत उद्योग व्यवसया क्षेत्रको विस्तारको लागि हुनु पर्ने व्यवस्थाहरुको वारेको सुझावहरु वारे नेपाल सरकार एवं सम्बन्धित निकायहरुबाट ठोस रुपमा कार्यान्वयन नभएको फलस्वरुप देशको उद्योग व्यवसाय एवं आर्थिक स्थिति झन झन कमजोर स्थितिमा पुग्न गएको छ ।

- नेपाल राष्ट्र बैंकबाट प्रकाशित आर्थिक तथा वित्तिय स्थितिको प्रतिवेदन अनुसार मुद्रा स्फिति बढेको, आयात उच्च गतिले बढेको, निर्यातको आधार बढ्न नसकेको, विप्रेषण घटेको, सोधानान्तर स्थिति घाटामा गएको, विदेशी विनिमय संचिती घटेको चित्रण स्पष्ट रुपमा गरेको छ ।

- यसैगरी सरकारले यो वर्ष ७ प्रतिशतको आर्थिक बृद्धि हुने अनुमान गरिएकोमा विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषले आ.व. २०७८।०७९ मा देशको आर्थिक बृद्धि दर ३.९ प्रतिशत मात्र हुने जनाएको छ ।

## ५. परिषद्, क्षेत्रगत समिति तथा फोरमबाट भएका कार्यहरु

- यस अवधिमा महासंघ अन्तर्गत गठित उद्योग वाणिज्य परिषद्, वस्तुगत परिषद्, रोजगारदाता परिषद्, क्षेत्रगत समिति तथा फोरमहरु, उद्योग समिति, व्यापार समिति, घरेलु तथा साना उद्योग समिति, महिला उद्यमी विकास समिति, स्थल यातायात तथा पारवहन समिति, कर तथा राजस्व समिति, पर्यटन तथा हवाई यातायात समिति, सूचना तथा सञ्चार प्रविधि समिति, बैंक, वित्तीय तथा बीमा समिति, स्थानीय आर्थिक विकास समिति, निर्यात प्रवर्द्धन समिति, व्यापार मेला समिति, उर्जा तथा वातावरण समिति, शहरी विकास समिति, स्वास्थ्य तथा शीप विकास समिति, Startup and Innovation समिति, अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन समिति, चलचित्र तथा मनोरजन फोरम, पूंजी बजार फोरम, द्विराष्ट्रिय एवं गैर आवासीय नेपाली समन्वय फोरमबाट आ आफ्नो कार्यक्षेत्र अनुसारको समन्वयात्मक तवरले गतिविधि तथा क्रियाकलाप एवं कार्यक्रमहरु भएका छन् ।

## ६. प्रदेश च्याप्टरहरुबाट भएका कार्यहरु :

- यसैगरी सातवटै प्रदेश च्याप्टरहरुबाट समन्वयात्मक सक्रिय तथा प्रभावकारी रुपमा कार्यहरु आ आफ्नो प्रदेशमा उद्योग व्यवसाय क्षेत्रको विस्तारका लागि प्रदेश सरकार एवं सम्बन्धित निकायहरुसंगको समन्वय, सहयोग एवं सहकार्य गरी गतिविधिहरु भएका छन् ।

- यसैगरी कृषि उद्यम केन्द्रबाट भएका गतिविधि तथा कार्यक्रमहरुको अतिरिक्त महासंघ अन्तरगत संचालित Employers' Led Labour Market Secretariat (ELMS) बाट भएका गतिविधिहरु पनि प्रतिवेदनमा समावेश भएको छ ।

## ७. उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धनको लागि प्रस्तुत सुझाव :

- अर्थतन्त्रको सुधार तथा गति प्रदान गर्न महासंघले नेपाल सरकारको बजेट तथा मौद्रिक नीति मार्फत निर्यात प्रवर्द्धन, आयात व्यवस्थापन, बैदेशिक लगानी प्रवर्द्धन, तरलता व्यवस्थापन, रेमिटान्स जस्ता महत्वपूर्ण बिषयहरुको विद्यमान स्थिति तथा सुधारका लागि अपनाइनु पर्ने कदमहरु वारे विस्तृत सुझाव दिईएको छ ।

- महासंघबाट प्रस्तुत सुझावहरुमा मुख्यतया बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिने कर्जामा एकल अंकको व्याजदर हुनुपर्ने, कर्जाको पुनःतालिकिकरण पनःसंरचनाको अवधि थप हुनुपर्ने, व्यवसायमा निरन्तर कर्जाको प्रकृया सरलीकरण हुनुपर्ने, स्टार्टअप व्यवसायलाई प्रोत्साहन हुनुपर्ने आदि रहेका छन् ।

- उपरोक्त पृष्ठभूमीमा यस एक वर्षको अवधिमा महासंघबाट भएका प्रमुख गतिविधिहरुका साथै परिषद्हरु, क्षेत्रगत समिति तथा फोरमहरुबाट भएका क्रियाकलाप तथा कार्यक्रमहरुको विवरण उल्लेख गरिएको छ ।

८. **Post Covid Conference को आयोजना :**

कोभिडबाट अर्थतन्त्रमा परेका प्रभावका साथै हाल अर्थतन्त्रमा देखा परेका सूचकहरुलाई समेत दृष्टिगत गरी यस सम्बन्धी छलफल गर्ने उद्देश्यले गत मंसीर २९ गते महासंघले Post covid Revival कार्यक्रम आयोजना गरियो ।

माननीय अर्थ मन्त्रीज्यूबाट शुभारम्भ भएको उक्त सम्मेलनमा कोभिडबाट बढी प्रभाव परेका क्षेत्रहरु लघु घरेलु तथा साना उद्योग, पर्यटन, मनोरञ्जन, निर्यात तथा बैंकिङ्ग क्षेत्रमा देखा परेका तरलताको अभाव तथा ब्याजदर बृद्धि सम्बन्धी छुट्टा छुट्टै बिषयगत रुपमा महासंघको अवधारणा वरिष्ठ उपाध्यक्षज्यू, उपाध्यक्षज्यूबाट प्रस्तुत गर्नु भएको थियो ।

महासंघबाट प्रस्तुत अवधारणामा बिषयबस्तु अनुसार अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिबज्यूहरुबाट आ आफ्नो क्षेत्र अनुसारको बिषयबस्तुहरुमा धारणा व्यक्त गर्नु भएको थियो । यसैगरी तरलता व्यवस्थापन सम्बन्धमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरज्यूबाट धारणा व्यक्त गर्नु भएको थियो ।

कोभिड १९ को महामारीको समयमा मुलुकमा उद्योग तथा व्यवसायलाई बचाई राख्न नेपाल राष्ट्र बैंकबाट तत्काल सम्बोधन गरिनुपर्ने, कोभिड–१९ को दोस्रो लहरमा जारी निषेधाज्ञाको विषम परिस्थितिको कारण समयमै कर्जाको किस्ता बुझाउन नसकेका व्यवसायलाई निषेधाज्ञा समाप्त भएको मितिले ३ महिनासम्म सावा, ब्याज भुक्तानी गर्ने समयावधि थप गर्नुपर्ने । यसरी थप गरिएको समयमा कुनै पनि प्रकारको शुल्क, जरिवाना नलगाउने व्यवस्था हुनुपर्ने । अति प्रभावित क्षेत्रमा पर्ने व्यवसायको निषेधाज्ञा अवधिको ब्याज मिनाहा हुनु पर्ने सुझावहरु प्राप्त भएको थियो ।

- **तरलता व्यवस्थापन**

माननीय अर्थ मन्त्री श्री जर्नादन शर्माज्यूबाट शुभारम्भ भएको उक्त Conference मा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा.निलम ढुंगानाको अध्यक्षतामा तरलता व्यवस्थापन सम्बन्धी शत्रको आयोजना गरियो । उक्त शत्रमा उपाध्यक्ष श्री अञ्जन श्रेष्ठले बैकिङ्ग क्षेत्रका विद्यमान स्थिति समस्या समाधान सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त प्रस्तुतीकरणमा वर्तमान तरलताको अवस्था, तरलता समस्या तथा यसको प्रभाव, तरलता व्यवस्थापनका उपायहरु प्रस्तुती गर्नुभएको थियो ।

- **लघु, घरेलु साना तथा मझौला उद्यम पुनरोत्थान**

सम्मेलनको दोश्रो शत्रमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री अर्जुन प्रसाद पोखरेलज्यूको अध्यक्षतामा लघु, घरेलु, साना तथा मझौला उद्यम विकास (MSMEs) सम्बन्धमा उपाध्यक्ष श्री दिनेश श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त प्रस्तुतीकरणमा लघु, घरेलु, साना तथा मझौला उद्यमको वर्तमान अवस्था, सरकार र नियमन निकायबाट भएको सहुलियत, बिद्यमान समस्या तथा चुनौतीहरु, पुनरुत्थानका लागि गर्नुपर्ने उपायहरु सम्बन्धमा उल्लेख गर्नुभएको थियो ।

- **निर्यात प्रवर्द्धन :**

सम्मेलनको तेश्रो सत्रमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका तत्कालिन सचिव दिनेश भट्टराईज्यूको अध्यक्षतामा निर्यात प्रवर्द्धन सम्बन्धमा उपाध्यक्ष श्री रामचन्द्र संघईले विश्व व्यापार संगठनको सदस्य राष्ट्र भए पस्चात नेपालको व्यापारको स्थिती, अन्तर्राष्ट्रिय व्यापार संरचना, निर्यात प्रवर्धनका लागि अवलम्बन गर्नुपर्ने उपायहरु सहितको प्रस्तुतीकरण गर्नुभएको थियो ।

- **पर्यटन एवं मनोरन्जन क्षेत्र पुनरोत्थान**

सम्मेलनको अन्तिम शत्रमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री महेश्वर न्यौपानेको अध्यक्षतामा पर्यटन एवं मनोरञ्जन क्षेत्रको पुनरुत्थान विषयमा बरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालले प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त प्रस्तुतीकरणमा पर्यटन एवं

मनोरन्जन क्षेत्रमा कोभिड १९ को प्रभाव, यस क्षेत्रको पुनरोत्थानको लागि छिटोछरितो, प्रभावकारी सुधार योजनाहरु, पर्यटन पूर्वाधारको विकास, राहतको निरन्तरता, तत्काल गर्नुपर्ने कार्य बारे उल्लेख गर्नुभएको थियो ।

सम्मेलनबाट क्षेत्रगत रुपमा आएका सुझावहरुमा तलरलता व्यवस्थापनका उपायमा सरकारको पूंजीगत खर्चमा बृद्धि, संस्थागत निक्षेपलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने नीतिगत व्यवस्था गरिनु पर्ने, कृषि, पर्यटन, साना तथा मझौला उद्यम लगायतका उत्पादनमूलक क्षेत्रमा पुर्नकर्जाको सिमा र अवधि बढाइनु पर्ने, ब्याजदर बृद्धिमा नियन्त्रण गरिनुपर्ने, स्थानीय निकायले बैंकमा जम्मा गरेको रकमलाई शतप्रतिशत निक्षेपमा गणना गरिनुपर्ने, वैदेशिक लगानीका लागि फास्ट ट्रयाक सुविधा दिइनुपर्ने, निश्चित रकमसम्म अनलाइनबाट आवेदन दिने र अनुमति दिने व्यवस्था गरिनुपर्ने रहेका छन् ।

त्यसैगरी लघु, घरेलु, साना तथा मझौला उद्यम विकासको पुनरुत्थान सम्बन्धमा सम्मेलनबाट आएका सुझावहरुमा निजी क्षेत्रसंग सम्बन्धित कानूनहरु, निजी क्षेत्रको परामर्शमा चालू अधिबेशनले पारित गर्न पर्ने, लघु, घरेलु साना उद्योगहरुलाई बढी ब्याज लिन नपाइने निर्देशात्मक आदेश जारी हुनुपर्ने, एकल बिन्दू दर्ता, अन लाइन सरकारी सेवा, स्थानिय निकाय को श्वेच्छाचारी कर संकलन अन्त लगायतका सुझावहरु प्राप्त भएका छन् ।

त्यसैगरी निर्यात प्रवर्द्धनका लागि अवलम्बन गर्नुपर्ने उपायहरु सम्बन्धमा सम्मेलनबाट आएका सुझावहरुमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको स्थापना गरिनुपर्ने, निर्यात प्रोत्साहन कम्तिमा १० प्रतिशत हुनुपर्ने, पुनरकर्जाको समयावधि न्युनतम तीन वर्ष हुनुपर्ने, गार्मेन्ट टेक्सटाईल्सहरुको प्रशोधन कारखाना स्थापना हुनुपर्ने, उत्पादनमूलक उद्योगहरुमा विद्युतमा सहुलियत प्रदान गनुपर्न, नेपालबाट निर्यात गर्ने सामानको ढुवानी भाडामा पचास प्रतिशत छुटको व्यवस्था हुनुपर्ने, कृषि क्षेत्रलाई दिएको ब्याज दरमा सरल सुलभ रूपमा सबै बैंकहरुले एकरुपता हुने गरी ५ प्रतिशत सहुलियत दरमा कर्जा उपलब्ध गराउनु पर्ने, सबै निर्यात गर्ने उद्योगहरूलाई निर्यातमा कर छुट र ड्यूटी ड्र्याक फिर्ता पाउने व्यवस्था हुनुपर्ने लगायतका रहेका छन् ।

त्यसैगरी पर्यटन एवं मनोरन्जन क्षेत्र पुनरोत्थान सम्बन्धमा आएका सुझावहरुमा अन्तराष्ट्रिय बजारमा नेपाली चलचित्रको महोत्सव र बजारको खोजी गरिनुपर्ने, कम्तिमा आगामी ५ वर्षसम्मका लागि कर छुट हुनुपर्ने, चलचित्रकर्मीहरुलाई वोर्डको प्रमाणिकरणको आधारमा सहुलियतपूर्ण ऋणको सुविधा दिइनुपर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएको थियो ।

## ९. आ.व. २०७८/७९ को बजेटको लागि महासंघद्वारा सुझाव प्रस्तुत :

तत्कालिन माननीय अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेलज्यूको समुपस्थितिमा गत वैशाख १२ गते महासंघद्वारा बजेट सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरी सुझाव प्रस्तुत गरियो ।

प्रस्तुत सुझावमा व्यवसायी एवं सम्पूर्ण जनतालाई खोपको व्यवस्था गर्नुपर्ने, कर्जाको पुर्नतालिकीकरण र पुर्नसंरचनाको अवधि थप गर्नुपर्ने, लघु घरेलु र साना व्यवसायीलाई व्यवसाय निरन्तरता कर्जा लिन कठिन भइरहेको अवस्थामा प्रक्रिया सरलिकरण गरी एक वर्ष समय थप गर्नुपर्ने, निजी क्षेत्रले पनि रसायनिक मल सरकारी सरह अनुदान सहित आयात गरि बिक्रि वितरण गर्न पाउनुपर्ने, उद्योग व्यवसाय सम्बन्धी निजी क्षेत्रसंग प्रत्यक्ष सरोकार भएका नीति ऐन नियमहरु तर्जुमा गर्दा अनिवार्य रुपमा निजी क्षेत्रसंग छलफल गरेर बनाउनुपर्ने, भैरहवा र बिराटनगरमा रेलमार्गमा आधारित सुक्खा वन्दरगाह निर्माण गर्नुपर्ने, घोषणा भएका सबै स्थानमा एकिकृत जााच चौकिको सिघ्र निर्माण गर्नुपर्ने, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, निर्यात प्रसोधन जोन, आइटी पार्क समेतको प्रवर्द्धन गर्ने गरिस्वतन्त्र नियमन एवं प्रवर्द्धन निकाय स्थापना गर्नुपर्ने, उर्जाको खपत बढि गर्ने उद्योगलाई समानुपातिक रुपमा महसुल कम गर्दै जाने व्यवस्था र औद्योगिक खपतको उर्जाको दर कम हुनुपर्ने, डिमाण्ड शुल्क छुट हुनुपर्ने, उद्योगले स्वलगानी मार्फत पूंजी बृद्धि गरेमा आयकर छुटको व्यवस्था हुनुपर्ने, एउटा कसुरमा एक कानूनबाट मात्र सजाय गर्नुपर्ने, रुग्ण उद्योगको पुर्नस्थापनाका लागि सरकारले छुट्टै Assets Management Company स्थापना गर्नुपर्ने, नया Startup कम्पनीलाई पांच वर्षको लागि Tax Holiday दिनुपर्ने, सातैवटा प्रदेशमा महिला उद्यमीहरुका लागि

औद्योगिक ग्रामका साथै महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको विक्री कक्ष स्थापना गरिनुपर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएको थियो ।

## १०. आर्थिक वर्ष २०७८/७९ को बजेट बारे महासंघको धारणा

तत्कालिन माननीय अर्थमन्त्रीज्यूद्वारा गत जेठ १५ गते सार्वजनिक गरिएको आ.व. २०७८/७९ को बजेटमा महासंघद्वारा प्रस्तुत गरिएको अधिकांश सुझाव समावेश भएको र बजेटमा कोभिडबाट बढी प्रभावित व्यवसायको नविकरण शुल्क मिनाहा गरिएको, साना तथा मझौला उद्यमलाई पुर्नकर्जा र व्यवसाय निरन्तरता कर्जाको व्यवस्था, स्थानीय तहमा शुरु गरिएको औद्योगिक ग्राम निर्माण कार्यलाई निरन्तरता, विशेष आर्थिक क्षेत्रमा स्थापना गरिएका उद्योगले उत्पादन शुरु गरेको ३ वर्षसम्म ४० प्रतिशत उत्पादन आन्तरिक बजारमा विक्री गर्न पाउने व्यवस्था, विशेष आर्थिक क्षेत्रका उद्योगले तिर्नुपर्ने लिज रकम घटाइने व्यवस्था, कृषि र पशुपन्छि विकासका लागि बजेट विनियोजन, निर्यात व्यवस्था सम्बन्धमा, उर्जा क्षेत्रको विकास, राजश्व लगायतका विषयमा बजेटमा गरिएको व्यवस्था सम्बन्धमा महासंघले स्वागत सहित धारणा व्यक्त गरिएको थियो ।

## ११. आ.व. २०७८।७९ को मौद्रिक नीतिका लागि सुझाव प्रस्तुत

आ.व. २०७८।७९ को मौद्रिक नीतिका लागि पेश भएको सुझावमा चालु वर्षको कोभिड १९ पुनरोत्थानका लागि केन्द्रीय बैंकले लिएको नीति विशेष गरी (कर्जाको पुनरसंरचना, पुनरतालिकीकरण तथा पुनरकर्जा)को निरन्तरतासँगै बजारमा तरलता प्रवाह व्यवस्थापन गरी एकल अंकको व्याजदर कायम राख्नेतर्फ मौद्रिक नीतिले जोड दिनु पर्ने, अर्थतन्त्रमा करिब २२ प्रतिशत हिस्सा राख्ने साना तथा मझौला उद्यम र स्टार्ट अपको विस्तारका लागि परियोजना धितो कर्जाको अवधारणा ल्याउनुपर्ने, डिजिटल बैंकिङ्गको प्रवर्द्धन गरिनुपर्ने, कोभिड १९को कारण समयमै कर्जा चुक्ता गर्न असहज हुन जाने हुंदा कर्जाको निगरानी सूचि र कालो सूचिमा वर्गीकरण गर्ने वर्तमान व्यवस्थालाई दुई वर्ष स्थगित गर्नुपर्ने लगायतका सुझावहरु तयार गरी प्रस्तुत गरिएको थियो । यसैगरी महासंघले मौद्रिक नीतिको अद्यावधिक समीक्षाको लागि पनि थप सुझाव प्रस्तुत गरिएको छ ।

## १२. खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक २०७७ सम्बन्धमा महासंघको सुझाव पेश :

अध्यक्ष श्री शेखर गोल्छाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले गत पौष २१ गते माननीय कृषि तथा पशुपंक्षी मन्त्री श्री महिन्द्र राय यादव र संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समितिका सभापति श्री विमल प्रसाद श्रीवास्तवसंग भेट गरी खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी



कानूनलाइ संशोधन तथा एकीरण गर्न बनेको विधेयक २०७७ मा महासंघको सुझाव पेश गरिएको छ । राष्ट्रिय सभामा दर्ता रहेको खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाइ संशोधन तथा एकीकरण गर्न बनेको विधेयक २०७७ सम्बन्धमा महासंघले गत असोज १२ गते सरोकारवाला र सरकारी निकायका पदाधिकारीहरु समेतको सहभागितामा छलफल कार्यक्रमको आयोजना गरेको थियो । महासंघले पेश गरेको सुझावमा वस्तुगत वेगर शंकाको आधारमा खाद्य पदार्थ विक्री वितरणमा रोक लगाएको कारणबाट निर्देशक विक्रेतालाई पर्न जाने आर्थिक नोक्सानीको निमित्त क्षतिपूर्ति दिने व्यवस्था गरिनुपर्ने, सार्वजनिक रुपमा सूचना प्रकाशित गरी त्रुटिपूर्ण वा न्यून गुणस्तरको कुनै व्याच वा एक लटको खाद्य पदार्थ फिर्ता माग गर्ने व्यवस्था गर्दा खाद्य व्यवसायीले उत्पादन वा प्रशोधन गरेको अन्य व्याच वा लटको खाद्य पदार्थको विक्री वितरण समेत गम्भीर रुपमा प्रभावित हुने भएकाले सार्वजनिक सूचना प्रकाशित गरी फिर्ता माग गर्ने व्यवस्था हटाउनुपर्ने, विविध प्राविधि गडबढिको कारणबाट प्रयोगशालाको प्रतिवेदन रिर्पोटमा एक रुपता नहुने हुंदा सो रिपोर्टको आधारमा जारी हुने आदेश उपर पुनरावलोकनको व्यवस्था गरिनुपर्ने, दुषित खाद्य पदार्थ न्यूनस्तरको खाद्य पदार्थको उपभोगबाट उपभोक्ताको स्वास्थ्यमा हानी नोक्सानी पुग्न गएमा क्षतिपूर्ति लगायतका सुझाव समावेश भएको थियो ।

**१३. महासंघद्वारा एमएसएमई (MSME) एवं स्टार्ट अप उद्यम परियोजना धितो कर्जा सम्भाव्यता अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंकका गभर्नरज्यू समक्ष पेश :**

कोभिड १९ को प्रभावले थलिएको अर्थतन्त्रको पुनरुत्थानसंगै लघु, साना मझौला उद्यम (एमएसएमई) र स्टार्ट अपको विस्तारका लागि केहि ठोस काम गर्नुपर्ने आवश्यकताको आधारमा महासंघले




सम्भाव्यता अध्ययन गरेको र परियोजना धितो कर्जालाई राष्ट्र बैंकले प्राथमिकतामा राखेर कार्यान्वयन गरोस् भन्ने सुझाव सहित उक्त सम्भाव्यता अध्ययनको प्रतिवेदन महासंघले नेपाल राष्ट्र बैंकका गभर्नरज्यू समक्ष गत भदौ ३१ गते पेश गरेको थियो ।

१४. **५५ औं वार्षिक साधारण सभाबाट पारित प्रस्ताव सम्बन्धमा** :

महासंघको ५५ औं वार्षिक साधारण सभाबाट उपाध्यक्ष श्री दिनेश श्रेष्ठको संयोजकत्वमा गठित प्रस्ताव समितिबाट पारित प्रस्तुत कार्यक्रमहरुको व्यवस्थाको लागि महासंघबाट प्रस्तुत नेपाल सरकारको बजेट तथा मौद्रिक नीतिमा समावेश गरी नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवं सम्बन्धित निकायहरुमा प्रस्तुत गरियो ।


**१५. विशिष्ठ व्यक्तिहरुसंग भेटघाट तथा छलफल :**

**सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवासंग भेटघाटः**



अध्यक्ष श्री शेखर गोल्छाको नेतृत्वमा पदाधिकारीहरु सम्मिलित महासंघको प्रतिनिधिमण्डलले गत असार ३१ गते सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूसंग भेटघाट गऱ्यो । उक्त भेटघाटमा महासंघले तयार गरेको राष्ट्रिय आर्थिक रुपान्तरण २०३० का विषयमा जानकारी गराउँदै सफल कार्यान्वयनमा सरकारको साथ र सहयोगका लागि आग्रह गर्नुभयो । त्यसैगरी सरकारको बजेटमा समेटिएका निजी क्षेत्रका लागि ल्याइएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने, साना तथा मझौला उद्यम व्यवसायलाई तत्काल उत्प्रेरित गर्ने बिषयको स्टिमुलस प्याकेज ल्याउनका साथै लामो समयदेखिको ट्रक तथा डेडिकेटेड लाइनको समस्या समाधानका लागि छलफल भएको थियो । उक्त अवसरमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले समग्र उद्योग व्यवसाय र अर्थतन्त्रको कमजोर अवस्थालाई माथि उठाउन सरकारले आवश्यक सहयोग गर्ने विश्वास दिलाउनुभयो ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा (प्रभाकर)संग भेटघाट :**



अध्यक्ष श्री शेखर गोल्छाको नेतृत्वमा पदाधिकारीहरु सम्मिलित महासंघको प्रतिनिधिमण्डलले गत असार ३१ गते माननीय अर्थ मन्त्री श्री जनार्दन शर्माज्यूसंग भेटघाट गऱ्यो । उक्त भेटघाटमा सरकारको बजेटमा समेटिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, साना तथा मझौला उद्योग (SMEs) लाई तत्काल स्टिमुलस प्याकेजको व्यवस्था गरिनु पर्ने धारणा राख्नु भयो । त्यसैगरी उक्त भेटघाटमा महासंघले ल्याएको राष्ट्रिय आर्थिक रुपान्तरण (नेट) २०३० को सफल कार्यान्वयनमा सरकारको साथ र सहयोगका लागि अनुरोध गरियो । माननीय अर्थ मन्त्री श्री जनार्दन शर्माज्यूले मुलुकको अर्थतन्त्रलाई माथि उकास्नको लागि निजी क्षेत्रलाई साथ लिई अगाडी बढ्ने, निजी क्षेत्रका सुझावहरुलाई प्राथमिकता दिईने र नेट २०३० का कार्यान्वयनको विषयमा महासंघसंग वसेर छलफल गर्ने प्रतिवद्धता जनाउनुभयो ।

**माननीय उर्जा, जलश्रोत तथा सिचांई मन्त्री श्री पम्फा भुसालसंग भेटघाटः**



अध्यक्ष श्री शेखर गोल्छाको नेतृत्वमा पदाधिकारीहरु सम्मिलित महासंघको प्रतिनिधिमण्डलले गत साउन ५ गते माननीय उर्जा, जलश्रोत तथा सिचाई

मन्त्री श्री पम्फा भुसालज्यूसंग भेटवार्ता गरी ट्रक तथा डेडिकेटेड, विद्युत महसुल लगायतमा उत्पन्न समस्या समाधानका लागि आग्रह गरियो । सो अवसरमा उर्जा मन्त्रीज्यूले निजी क्षेत्रका आफ्नो मन्त्रालयसंग सम्बन्धित समस्या समाधानमा सहयोग गर्ने विश्वास दिलाउनु भयो ।

**उर्जा क्षेत्रसंग सम्बन्धित विषयमा माननीय उर्जा, जलश्रोत तथा सिचाई मन्त्रीज्यूसंग भेटघाट :**



उर्जा क्षेत्रसंग सम्बन्धित विभिन्न बिषयहरु सहित बरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले माननीय उर्जा, जलश्रोत तथा सिचाई मन्त्री श्री पम्फा भुषालसंग गत असोज १२ गते भेटघाट गर्नुका साथै लिखित सुझाव प्रस्तुत गरिएको थियो । नेपाल विद्युत प्राधिकरणले वृद्धि गर्न लागेको डिमाण्ड शुल्कले औद्योगिक लागत बढ्न गई आर्थिक गतिविधि संकुचित हुने हुंदा लक्षित आर्थिक वृद्धि र रोजगारी सिर्जना लगायतमा प्रतिकूल असर पर्ने भएकोले कोभिडको अहिलेको विषम परिस्थितिमा डिमाण्ड शुल्क वृद्धि र टिओडी मार्फत महसुल वृद्धिका लागि नियमन आयोगबाट गरिएको सिफारिस समय सापेक्ष नदेखिएकोले डिमाण्ड शुल्क र महसुल बढाउन सिफारिस कार्यान्वयन नगरी उद्योगहरुलाई सुहलियत दरमा विद्युत उपलब्ध गराउने व्यवस्था हुनु पर्ने साथै प्राधिकरणले २०७५ फागुनदेखि विद्युत खरीद सम्झौता पिपिए रोकिएकोमा त्यसलाई तत्काल सूचारु गर्नु पर्ने, वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयार गरेका र उत्पादन लाइसेन्स पाईसकेको प्रसारण लाइनमा विजुली जोडिने सुनिश्चितता भएको र आयोजनाको लागि वित्तिय श्रोत जुटाउन सक्ने आयोजनाको लागि पिपिए खुला गर्न, महासंघले स्वदेशी प्रवर्द्धकलाई विदेशी लगानीकर्ता सरहको सेवा सुविधा प्रदान गर्न, विद्युत महसुल तिर्न १, २ दिन ढिला हुंदा पनि अत्याधिक जरिवाना तिर्नुपर्ने व्यवस्था अन्त्य गर्न तथा जरिवानाको दर मिटर व्याज भन्दा पनि महंगो भएकोले यसलाई समय सापेक्ष परिमार्जन गर्न साथै प्राधिकरणले उद्योगीलाई तोकेको शुल्क चित्त नबुझेमा केही प्रतिशत मात्र शुल्क बुझाएर पुनरावलोकन जाने बाटो खुला गरिदिनुपर्ने लगायतका विषयमा महासंघले माननीय उर्जा, जलश्रोत तथा सिचाई मन्त्रीज्यू समक्ष आग्रह गरेको छ ।

**१६. महामहिम राजदूतहरु, आवासीय प्रतिनिधि एवं दातृ निकायका पदाधिकारीहरुसंग भेटघाट :**

यस एक वर्षको अवधिमा महासंघले विदेशी संघ/संस्थाका प्रतिनिधिहरु तथा महामहिम राजदूतहरुसंग दुई देश बीच आर्थिक, व्यवसायिक सम्बन्ध विस्तार एवं अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन सम्बन्धमा भेटघाट एवं छलफल भएका छन् ।

**१. नेपालका लागि बेलायती राजदूतसंग भेटघाट :**



अध्यक्ष श्री शेखर गोल्छाले नेपालका लागि वेलायती राजदूत निकोला पोलिट्संग गत असोज ४ गते भेटघाट गर्नुभएको थियो ।

उक्त भेटघाटमा नेपालमा बेलायती लगानी तथा प्रविधि विस्तारका लागि आर्थिक कुटनीति लगायत आर्थिक सम्बन्धलाई थप विस्तार गर्नुपर्ने साथै बेलायतले नेपालको आर्थिक समृद्धिमा सहयोग गर्नुपर्ने लगायत विषयमा छलफल भएको थियो । त्यसैगरी उक्त अवसरमा महासंघले अगाडी बढाएको नेट २०३० र कोभिड महामारिमा नेपालको अर्थतन्त्रको यथार्थ अवस्थाका वारेमा पनि छलफल भएको थियो ।

**२. नेपालका लागि बंगलादेशका राजदुतसंग भेटघाट :**

अध्यक्ष श्री शेखर गोल्छाले नेपालका लागि बंगलादेशका राजदूत सलाहुद्दिन नोमन चौधरीसंग गत असोज १५ गते भेटघाट गर्नुभएको थियो ।



उक्त भेटघाटमा नेपालको व्यापार घाटा कम गर्न दुई देश बीच आर्थिक सम्बन्धलाई विस्तार गर्नुपर्ने, उर्जा, सेवा, खानी, उत्पादनमूलक उद्योग, पर्यटन जस्ता क्षेत्रहरुमा दुई देश बीच सहकार्य गरी अगाडी

बढ्नुपर्ने लगायतका विषयमा छलफल भएको थियो । त्यसैगरी बंगलादेश कम विकसित मुलुकबाट स्तरोन्ततीको प्रकृयामा रहेकोले सो सम्बन्धमा बंगलादेशको अनुभव नेपालको लागि उपयोगी हुने, बंगलादेशले छोटो समयमानै गरेको आर्थिक विकासको अध्ययन गर्न नेपाली व्यवसायीहरुले बंगलादेशको भ्रमण गर्ने, द्विपक्षीय व्यापार तथा लगानी वृद्धिमा ध्यान दिनुपर्ने लगायतका विषयमा छलफल भएको थियो ।

**३. <u>नेपालका लागि इथोपियाका राजदूतसंग भेटघाट:</u>**

अध्यक्ष श्री शेखर गोल्छाले गत मंसीर २३ गते नेपालका लागि इथोपियाका राजदूत MS Tizita Mulugeta संग भेटघाट गर्नुभयो । उक्त भेटघाटमा नेपाल इथोपिया बीच संयुक्त लगानीको लागि नेपालमा संभावना भएका क्षेत्रहरुमा कृषि, पर्यटन, उर्जा, भौतिक पूर्वाधार लगायतका क्षेत्रमा लगानी सम्बन्धमा छलफल हुनुका साथै दुई देश वीच व्यापारिक एवं लगानी अभिवृद्धि एवं नेपाल र इथोपिया वीच आर्थिक, व्यवसायिक सम्बन्ध विस्तार, व्यवसायिक प्रतिनिधिमण्डलको आदान प्रदान सम्बन्धमा छलफल भएको थियो ।

**४. <u>नेपालका लागि रुवाण्डा राजदूतसंग भेटघाट :</u>**

अध्यक्ष श्री शेखर गोल्छाले गत मंसीर २४ गते नेपाल लागि रुवाण्डाका राजदूत Jacqueline Mukangira संग भेटघाट गर्नुभएको थियो । उक्त भेटघाटमा नेपाल रुवाण्डा बीच आर्थिक, व्यवसायिक सम्बन्धमा विस्तार, लगानी प्रवर्द्धन लगायतका सम्बन्धमा छलफल भएको थियो ।

**५. <u>नेपालका लागि स्लोभानियाका राजदूतसंग भेटघाट :</u>**

अध्यक्ष श्री शेखर गोल्छाले गत मंसीर २६ गते नेपाल लागि स्लोभानियाका राजदूतसंग भेटघाट गर्नुभएको थियो । उक्त भेटघाटमा नेपाल र स्लोभानिया बीच आर्थिक व्यवसायिक विकास विस्तार तथा लगानी प्रवर्द्धन सम्बन्धमा छलफल भएको थियो ।

**६. <u>नेपालका लागि फ्रान्सेली राजदूतसंग भेटघाट :</u>**

अध्यक्ष श्री शेखर गोल्छाले गत मंसीर २७ गते नेपालका लागि फ्रान्सेली राजदूत जिल बुर्बाओसंग भेटघाट गर्नुभएको थियो । उक्त भेटघाटमा नेपाल र फ्रान्स बीच आर्थिक व्यापारिक सम्बन्ध विस्तार लगायतका विषयमा छलफल हुनुका साथै कोभिडले कमजोर बनेको नेपालको अर्थतन्त्रलाई माथि उठाउन बाह्य लगानी आवश्यक रहेको छलफल भएको थियो ।

**७. <u>नेपालका लागि संयुक्त अरव इमिरेट्सका राजदूतसंग भेटघाट</u>** :

अध्यक्ष श्री शेखर गोल्छाले गत भदौं १६ गते नेपालका लागि संयुक्त अरव इमिरेट्सका राजदूत H.E. Mr. Saeed Hamdan AL naqbi, Ambassador of U.A.E to Nepal संग भेटघाट गर्नुभयो । उक्त भेटघाटमा आर्थिक व्यवसायिक सम्बन्ध विस्तार, द्विपक्षीय व्यापार विस्तार एवं संयुक्त लगानी, प्रविधि आकर्षण तथा नेपालको निर्यात प्रवर्द्धन विषयमा छलफल भयो ।



**८. <u>नेपालका लागि संयुक्त राष्ट्र संघका आवासीय संयोजकसंग भेटघाट</u>** :



अध्यक्ष श्री शेखर गोल्छाले गत भदौं ९ गते नेपालका लागि संयुक्त राष्ट्र संघका आवासीय संयोजक Ms. Sara Beysolow Nyantithe, (United Nations Resident Coordinator in Nepal) ले महासंघमा भेटवार्ता गर्नुभयो । उक्त भेटघाटमा संयुक्त राष्ट्र संघको दीगो विकासका लक्ष्यहरुलाई पूरा गर्न संयुक्त राष्ट्र संघ र महासंघ बीच सहकार्य, नेपाल अतिकम विकसित मुलुकबाट अगाडी बढ्दा सामना गर्नुपर्ने चुनौतीमा निजी क्षेत्रको भूमिका, कोभिड १९ बाट अर्थतन्त्रमा परेको असर न्यूनिकरणका लागि संयुक्त प्रयास लगायतका विषयमा छलफल भएको थियो ।

## ९. आइएलओ नेपाल कार्यालयका निर्देशक रिचार्ड हवार्डसंग भेटघाट :



अध्यक्ष श्री शेखर गोल्छाले गत असोज ११ गते आइएलओ नेपाल कार्यालयका निर्देशक रिचार्ड हवार्डसंग भेटघाट गर्नुभएको थियो । उक्त भेटघाटमा लगानी प्रवर्द्धन, रोजगारी सिर्जना, सामाजिक सुरक्षाको योजनाको कार्यान्वयन एवं कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सरकार र ट्रेड यूनियनसंग छलफल, श्रम सम्बन्ध, व्यवसाय प्रवर्द्धन लगायतका विषयमा आइएओसंग सहकार्य गरि अगाडी बढ्नुपर्ने विषयमा छलफल भएको थियो ।

## १०. बेलायतका लागि नेपाली नवनियुक्त राजदूतसंग भेटघाट :



बेलायतका लागि नेपाली नवनियुक्त राजदूत ज्ञानचन्द्र आचार्यसंग अध्यक्ष श्री शेखर गोल्छा र बरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालले गत माघ १८ गते भेटघाट गर्नुभएको थियो । उक्त भेटघाटमा बेलायतसंग नेपालमा लगानी र व्यापार विकास विस्तारका सम्बन्धमा छलफल भएको थियो ।

## १७. १३२ औं अन्तर्राष्ट्रिय मे दिवस सम्बन्धमा :

गत वैशाख १८ गते आयोजना भएको १३२ औं अन्तर्राष्ट्रय मे दिवसको अवसरमा आयोजित कार्यक्रममा अध्यक्ष श्री शेखर गोल्छाले श्रम सम्बन्धलाई दीगो र भरपर्दो बनाउन लगानी प्रवर्द्धन, रोजगारी सिर्जना, उद्यमशीलता विकास, श्रम सम्बन्ध सुधार जस्ता विषयलाई मुख्य प्राथमिकतामा राखी अगाडी बढ्नुपर्ने, सामाजिक सुरक्षा योजना कार्यान्वयनमा समस्या देखिएकोले सामाजिक सुरक्षा योजनालाई सफलतापूर्वक संचालन गर्नको लागि व्यवहारिक सामाजिक सुरक्षा खोजिनुपर्ने साथै महामारीबाट सिर्जित विषम परिस्थितिमा अझ बढी समझदारी एवं सहकार्य आवश्यक भएकोले सवै श्रमिक कामदार कर्मचारीहरुले सुरक्षाका मापदण्डहरुको पालना गरी महामारी नियन्त्रण गर्दै अगाडी बढ्नुपर्ने धारणा राख्नु भएको थियो ।

## १८. श्रम सम्मेलनमा महासंघको सहभागिता :

गत जेष्ठ २८ गते जेनेभामा आयोजना भएको कारोना महामारीको कारण भर्जुचल माध्यम मार्फत १७६ भन्दा बढी मुलुकका प्रतिनिधिहरुको सहभागिता रहेको श्रम सम्मेलनको १०९ औं वैठकमा रोजगारदाता परिषद्का सभापति श्री रामचन्द्र संघईले नेपालको रोजगारदाताको तर्फबाट सम्बोधन गर्नुभएको थियो । उक्त सम्मेलनमा कोभिड १९ महामारीको संकटबाट मुक्त हुन अपनाउनु पर्ने उपाय र रणनीति, दीगो आर्थिक पुर्नउत्थान, सामाजिक सुरक्षा, बालश्रम र अन्तर्राष्ट्रिय श्रम संगठन शताब्दी घोषणाको कार्यान्वयन लगायतका विषयमा छलफल भएको थियो ।

उक्त सम्मेलनमा उपाध्यक्ष श्री रामचन्द्र संघईले कोभिड १९ महमारीको पिडा सम्पूर्ण विश्वलेनै भोग्नु परेको र यसका कारण अर्थतन्त्रका सवै क्षेत्र, रोजगारी साथै सामाजिक जनजिवननै प्रभावित भएको र यसबाट भएको आर्थिक सामाजिक नोक्सानीको क्षतिपूर्ति हुन केही वर्ष लाग्ने भएकोले सवै राष्ट्रहरु बीच आपसी सहयोग र सहकार्य आवश्यक भएको तथ्य प्रस्तुत गर्नुभएको थियो ।

## १९. व्यवसायिक मेलमिलापमा महासंघको भूमिका सम्बन्धमा अन्तरक्रिया कार्यक्रमको आयोजना :



महासंघ र मेलमिलाप परिषद्ले संयुक्तरुपमा आयोजना गरेको व्यवसायिक मेलमिलापमा महासंघको भूमिका सम्बन्धी अन्तरक्रिया कार्यक्रम गत साउन २४ गते सम्पन्न भयो । कार्यक्रममा उद्योग व्यवसाय क्षेत्रमा व्यवसायिक मेलमिलापका लागि कार्यविधि तयार गरी व्यवसायिक विवाद समाधानको लागि उद्यमी व्यवसायीले व्यहोर्नु पर्ने लागत घटाउन र मेलमिलाप पद्धतिको अवलम्बन र विस्तारको लागि मेलमिलाप केन्द्रको स्थापना सम्बन्धमा छलफल भएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा सर्वोच्च अदालतका तत्कालिन बरिष्ठ न्यायधीश दीपककुमार कार्की, रजिष्टार

नारायण प्रसाद पन्थी, कानून मन्त्रालयका सचिव उदय सापकोटा, पूर्व न्यायधीश विनोद शर्मा, महासंघका पदाधिकारीहरुको सहभागिता थियो ।

२०. **नेपाल फ्रान्स व्यवसायिक मञ्चको बैठकको आयोजना** :



महासंघ र फ्रान्सको मेडेफ इन्टरनेशनलद्वारा गत असार २४ गते भर्चुअल माध्यमबाट नेपाल फ्रान्स व्यवसायिक मञ्चको बैठक सम्पन्न भयो । नेपाल फ्रान्स बीच लगानी विस्तार गर्न र निजी क्षेत्र बीचको सम्बन्ध विस्तार लगायतका विषयमा छलफल भएको उक्त बैठकमा अध्यक्ष श्री शेखर गोल्छाले फ्रान्सेली लगानीकर्ताहरुलाई नेपालमा पूर्वाधार विकास, पर्यटन, अर्थतन्त्रको डिजिटलाइजेशन, कृषि क्षेत्रमा लगानी संभावना रहेकोले लगानीको आग्रह गर्नुभयो । दुवै देशका करिव ५० जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको उक्त बैठकमा विमानस्थल, इञ्जिनियरिङ्ग, निर्माण, डिजिटल, सेक्युरिटि, बैकि..., शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उर्जा, खाद्य प्रशोधन, अटोमोबाइल, रेमिट्यान्स लगायतका क्षेत्रको प्रतिनिधित्व थियो ।

२१. **अपाता समावेशी कार्यस्थल निर्माण विषयक अन्तरक्रिया कार्यक्रम आयोजना :**



महासंघको वस्तुगत परिषद्का तर्फबाट Kirby Liang को सहयोगमा संचालित फाउण्ड परियोजनाको संयुक्त तत्वावधानमा गत असोज ४ गते अपाता समावेशी कार्यस्थल निर्माण (Employers Meet; Creating Disability Inclusive Workplace) विषय कार्यक्रमको आयोजना गरियो । रोजगारदाताहरूको लागि आवश्यक सीपहरुको बजार अध्ययन गर्ने, बेरोजगार जनशक्ति र रोजगारदाता बीच प्रत्यक्ष सम्पर्कको वातावरण बनाउने तथा बढावा दिने, NET 2030 को सफल कार्यान्वयनमा सहयोग पुरयाउने कार्यक्रमको मुख्य उद्देश्य थियो ।

कार्यक्रममा महासंघका सदस्य वस्तुगत संघहरु नेपाल उनी फेल्ट उत्पादन तथा निर्यातक संघ, नेपाल बोटल वाटर उद्योग संघ, नेपाल कुरियर संघ, नेपाल चलचित्र निर्माता संघ,कम्फोर्ट फेल्ट क्राफट, होटल हायात प्लेस, सुविसु केवल नेट प्रा.लि. लगायतका संघ/संस्थाहरुबाट अपाता भएका व्यक्तिहरुलाई रोजगारीको लागि प्राथमिकता दिने, उनीहरुका लागि आवश्यक तालीम प्रदान गरी सोही अनुसार रोजगारीका लागि प्राथममिकता दिई सहयोग गर्ने प्रतिवद्धता व्यक्त भयो ।

२२. **Nepal's Graduation from LDC Status: A private Sector Perspective कार्यक्रम:**



नेपाल सन् २०२६ मा अल्पविकसीत मूलुकबाट विकासोन्मूख देशमा स्तरोन्नती हुने हुंदा अल्पविकसीतबाट स्तरोन्नती हुदा नेपालको समग्र निर्यात क्षेत्रमा कस्तो प्रभाव पार्छ र त्यसको प्रभाव कसरी न्यून गर्न सकिन्छ भन्ने विषयमा भएको अध्ययन प्रतिवेदन सम्बन्धमा बिभिन्न निर्यातसंग सम्बन्धीत बस्तुगत संघहरुका अध्यक्ष तथा प्रतिनिधिहरु सहितको उपस्थितिमा गत श्रावण १७ गते छलफल कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा परामर्शदाता विजेन्द्रमान शाक्यले **Nepal's Graduation from LDC Status: A private Sector Perspective** विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा स्तरोन्तीबाट बजार पहुचको अवसरमा ह्रास, निर्यात व्यापारमा कमी र रोजगारीमा कमी आउने, दुई पक्षीय औपचारीक सहायतामा कमी, बहुपक्षीय वित्तिय सहायता योजनाहरूमा कमी, कृषिमा अनुदान, गैर-कृषि निर्यातमा सहायता, बजार पहुचँमा अवसर र भन्सार महशुल छुटमा कमी, युरोपियन युनियनसंगको बजार पहुँच र निर्यातमा कमी, अमेरिकासंगको निर्यातमा असर लगायतका विषयहरु कार्यपत्रमा प्रस्तुत गरिएको थियो ।

२३. **<u>एफएनसीसीआई र स्कुल अफ म्यानेजमेन्ट, त्रि.वि.ले इण्डष्ट्रिज अकाडेमिया गठन गरी सहकार्य गर्ने सम्बन्धमा</u> :**

गत मंसीर १२ गते महासंघमा महासंघ र स्कुल अफ म्यानेजमेन्ट, त्रि.वि.ले इण्डष्ट्रिज अकाडेमिया गठन गरी सहकार्य गर्ने सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरियो ।

उद्योगहरुको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले महासंघ र त्रिभुवन विश्व विद्यालय School of Management बीच सहकार्य गर्ने सम्बन्धमा छलफल गरियो ।




साना तथा मझौला उद्योग, स्टार्टअप, मेड इन नेपाल जस्ता अभियानलाई जोड दिई अघि बढिरहेको स्थितिमा दक्ष जनशक्ति आवश्यकता रहेकोले जनशक्ति विकासमा महासंघ र त्रिभुवन विश्व विद्यालय बीच एउटा स्थायी संरचना तयार गर्नुपर्ने साथै नेपालको आर्थिक विकासमा निजी क्षेत्रको प्रयासमा प्राज्ञिक क्षेत्रबाट सहयोग गर्न त्रिभुवन विश्व विद्यालय स्कुल अफ म्यानेजमेन्टले मुलुकको आवश्यकता अनुसारको दक्ष जनशक्ति विकास गर्ने सोच अनुसार व्यवहारिक उपयोग हुने कोर्श संशोधन गर्नुपर्ने, नेपाली केश स्टडीमा जोड, आपूर्ति श्रृंखलाको व्यवस्थापन, ईकमर्शलाई उच्च प्राथमिकता, इन्भेन्टरी म्यानेजमेन्ट, नेगोशिएसन, वाणिज्य मध्यस्थता, ट्रेड डाटा एनालाइशिस लगायतका समेटी अगाडी बढ्नुपर्ने बारे छलफल गरियो ।

२४. **<u>महासंघ र दराज नेपाल बीच एसएमईजका उत्पादनहरुलाई सेवा प्रदान गर्ने सम्बन्धमा सम्झौतापत्रमा हस्ताक्षर</u> :**




महासंघ र दराज नेपाल बीच दराजको अनलाइन सपिङ्ग मार्फत एसएमईजका उत्पादनहरुलाई निःशुल्क सेवा प्रदान गर्ने सम्बन्धमा गत मंसीर २३ गते सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रम आयोजना गरियो । महासंघसंग जोडिएका साना तथा मझौला उद्यमीहरुलाई दराजको अनलाइन सपिङ्गमा एकिकृत गरी उनीहरुको उत्पादनलाई दराज मार्फत विक्री वितरण कार्य गर्ने उद्देश्य रहेको उक्त सम्झौतापत्रमा महासंघका अध्यक्ष श्री शेखर गोल्छा र दराजका प्रबन्ध निर्देशकले हस्ताक्षर गर्नुभएको थियो । उक्त सम्झौता अनुसार दर्ता भएका साना तथा मझौला उद्योगले एक वर्षको लागि दराजको अनलाइन सपि...मा निशुल्क डिस्प्लेको सुविधा पाउने व्यवस्था रहेको छ ।

२५. **<u>“National Workshop on Creating Intellectual Property Assets for the Small and Medium Sized Enterprised (SMEs) of Nepal” विषयक कार्यक्रम आयोजना</u> :**

नेपालका घरेलु, साना तथा मझौला उद्योग व्यवयास (SMEs) क्षेत्रको बौद्धिक सम्पत्ति सिर्जना, संरक्षण एवं व्यवसायिकरण गर्ने उद्देश्यले विश्व बौद्धिक सम्पत्ति संस्था (World Intellectual Property Organization) ले नेपाल सरकार, उद्योग विभाग र यस महासंघको समन्वयमा गत पौष १ गते “National Workshop on Creatinng Intellectual Property Assets for the Small and Medium Sized Enterprised (SMEs) of Nepal” विषयक कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा नेपालमा उत्पादित अदुवा, चिया, अलैंची, हर्ब्स एण्ड हर्बल कपडा, धागो, छाला, पश्मिना, रेशम लगायतका वस्तुहरुको बौद्धिक सम्पत्तिको प्रयोगका सन्दर्भमा देखिएका अवसर एवं चुनौतिका विषयमा सम्बन्धित क्षेत्रका उद्योगी व्यवसायीहरुको तर्फबाट संक्षिप्त प्रस्तुति एवं धारणा प्रस्तुत गरियो । नेपाल सरकार, निजी क्षेत्र एवं जेनेभा र लण्डनका विज्ञहरुले सम्बन्धित विषयमा प्रस्तुतिकरण गरेको उक्त कार्यक्रममा सम्बन्धित संस्थाबाट आफ्नो उद्योग व्यवसाय क्षेत्रमा बौद्धिक सम्पत्तिका बारेमा विद्यमान अवसर एवं चुनौतिबारे आ–आफना धारणा एवं प्रस्तुतिकरण गरिएको थियो ।

## २६. व्यवसायिक आचार सहिंता सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना :

भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा महासंघ र ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालको संयुक्त आयोजनामा गत मंसिर २४ गते व्यवसायिक आचार सहिंता सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा अध्यक्ष श्री शेखर गोल्छाले व्यवसायिक आचार संहितालाई प्रभावकारी कार्यान्वयनमा लैजान सकियो भने निजी क्षेत्रलाई हेर्नेदृष्टिकोणमा परिवर्तन ल्याउन सकिने विश्वासका साथ महासंघले पूर्व अध्यक्ष श्री पद्म ज्योतिको सभापतित्वमा व्यवसायिक आचार संहिता फोरम गठन गरिएको बताउनु भएको भयो । उक्त कार्यक्रममा पूर्व अध्यक्ष श्री पद्म ज्योतिले आचार संहिताको महत्व, आफूले यसमा हासिल गरेका अनुभव र अवको कार्ययोजनाका वारेमा जानकारी गराउनु भएको थियो साथै टीआई नेपालका अध्यक्ष श्री पद्मिनी प्रधानांग र महासचिव मुकुन्द बहादुर प्रधानले व्यवसायिक आचार संहिताको महत्व र महासंघ र टीआई नेपाल बीच हुन सक्ने सहकार्यका विषयमा छलफल भएको थियो ।

## २७. आर्थिक स्थायित्व एवम् नवउत्थान बहसः *(संकटोन्मुख अर्थतन्त्रको सुधार र दिगो पुनरुत्थान) को आयोजना :*

देशको अर्थतन्त्रमा देखिएको विद्यमान अवस्था र यसले उद्योग व्यवसायमा पारेको प्रभाव तथा समाधानका लागि हुनुपर्ने व्यवस्थाहरु सम्बन्धमा छलफल गर्न अर्थविदहरु तथा बैंकरहरुको उपस्थितिमा महासंघले यही फागुन ११ गते **आर्थिक स्थायित्व एवम् नवउत्थान बहसः *(संकटोन्मुख अर्थतन्त्रको सुधार र दिगो पुनरुत्थान)*** कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा अर्थतन्त्र सुधारका लागि विभिन्न विषयगत क्षेत्र चयन गरी विज्ञहरुबाट सुझाव लिइएको थियो । जसअन्तर्गत तरलता अभाव र समाधानका उपकरणहरु, ब्याजदर नियन्त्रणका उपाय, भुक्तानी सन्तुलन, विप्रेषण वृद्धिका आधार, विदेशी लगानी बढाउने तथा उत्पादन वृद्धिका सम्भावित उपायहरुमा केन्द्रित रहेर छलफल गरिएको थियो ।

कार्यक्रममा विज्ञ वक्ताको रुपमा योजना आयोगका पूर्व उपाध्यक्ष एवं पुर्व गभर्नर दीपेन्द्र बहादुर क्षेत्री, अर्थविद डा. पोषराज पाण्डे, योजना आयोगका पूर्व सदस्य एवं अर्थविद डा. गोविन्द नेपाल, प्रध्यापक डाक्टर अच्युत वाग्ले, बैंकर रत्नराज बज्राचार्य, बैंकिग विज्ञ परशुराम कुावर क्षेत्री तथा रेमिट्यान्स संघका पूर्व अध्यक्ष सुमन पोखरेलको उपस्थिति रहेको थियो ।

## २८. विभिन्न संघ/संस्थाहरुसंग भेटघाट तथा छलफल :

### १. सदस्य वस्तुगत संघका नवनिर्वाचित कार्य समितिहरुसंग भेटघाट :

गत भदौं १७ गते महासंघद्वारा नेपाल औषधि उत्पादक संघका नवनिर्वाचित पदाधिकारीहरु एवं कार्यकारिणी समिति सदस्यहरुको सम्मानमा कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा नवनिर्वाचित टिमबाट नेपाललाई औषधिमा आत्मनिर्भर बनाउन सरकारी नीति तथा कानूनमा परिमार्जन, यस क्षेत्रमा बाह्य लगानी एवं प्रविधि भित्र्याउने वातावरण निर्माण, सरकार उत्पादनमुखी राजस्व प्रणालीतर्फ सिफ्ट हुनुपर्ने र यसको लागि महासंघका तर्फबाट आवश्यक सहयोग हुनुपर्ने सुझाव राखिएको थियो ।

यसैगरी निर्वाचन सम्पन्न भई नयां नेतृत्वमा आएका फ्लोरीकल्चर एसोसिएसन अफ नेपाल, एल.पि. ग्यांस उद्योग संघ र नेपाल हिमालय सिमापार वाणिज्य संघका अध्यक्ष, पदाधिकारी र कार्यकारिणी समिति सदस्यहरुको सम्मानमा गत असोज ७ गते र पौष १२ गते नेपाल एयरलाइन्स अपरेटर्श एशोसिएशन अफ नेपाल, नेपाल कोरोगेटेड बक्स उत्पादक संघ, नेपाल कुरियर सेवा संघ, नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ, फुटवयर म्यानुफ्याक्चररर्स एशोसियशनअफ नेपाल, नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल, नेपाल कृषि मेशीनरी व्यवसायी संघ, नेपाल फ्रेट फर्वार्डर्स एशोसिएशन, नेपाल हवर्स तथा हर्वल उत्पादक संघ, नेपाल पोल एशोसिएशन, नेपाल उनी फेल्ट उत्पादक तथा निर्यातक संघका पदाधिकारी र कार्यकारिणी संघ सम्मान स्वागत एवं बधाई कार्यक्रमको आयोजना गरियो ।

२९. **शोक सभा** :

१. **कार्यकारिणी समिति सदस्य श्री विष्णुप्रसाद गैरेको निधनमा शोकसभाः**

गत जेष्ठ ४ गते अध्यक्ष श्री शेखर गोल्छाले महासंघका कार्यकारिणी समिति सदस्य एवं वैदेशिक रोजगार फोरमका सभापति विष्णुप्रसाद गैरेको गत वैशाख ३० गतेका दिन असामयीक निधन भएको प्रति दुःख व्यक्त गर्दै जुम अनलाइनमा शोक प्रस्ताव प्रस्तुत गर्नुभयो । साथै शोक सभामा स्वर्गिय विष्णुप्रसाद गैरेको दिवंगत आत्माको चीर शान्तिको लागि १ मिनेट मौन धारण सहित शोक प्रस्ताव सभाबाट पारित गर्‍यो

२. **पूर्व उपाध्यक्ष श्री हेमबहादुर प्रधानको निधनमा शोकसभाः**

गत असार १८ गते अध्यक्ष श्री शेखर गोल्छाले महासंघका पूर्व उपाध्यक्ष हेमबहादुर प्रधानको गत असार १३ गतेका दिन असामयीक निधन भएको प्रति दुःख व्यक्त गर्दै जुम अनलाइनमा शोक प्रस्ताव प्रस्तुत गर्नुभयो । साथै शोक सभामा स्वर्गिय हेमबहादुर प्रधानको दिवंगत आत्माको चीर शान्तिको लागि १ मिनेट मौन धारण सहित शोक प्रस्ताव सभाबाट पारित गर्‍यो । उक्त शोक सभामा महासंघका पूर्व महासचिव श्री जगदीश प्रसाद अग्रवालले स्वार्गिय हेमबहादुर प्रधानले महासंघलाई पुर्‍याउनु भएको योगदान बारे चर्चा गर्नुभएको थियो ।

३. **पूर्व कोषाध्यक्ष श्री लक्ष्मीदास मानन्धरको निधनमा शोकसभाः**

गत माघ १७ गते अध्यक्ष श्री शेखर गोल्छाले महासंघका पूर्व कोषाध्यक्ष लक्ष्मीदास मानन्धरको गत माघ ६ गतेका दिन असामयीक निधन भएकोमा दुःख व्यक्त गर्दै जुम अनलाइनमा शोक प्रस्ताव प्रस्तुत गर्नुभयो । साथै शोक सभामा स्वर्गिय लक्ष्मीदास मानन्धरको दिवंगत आत्माको चीर शान्तिको लागि १ मिनेट मौन धारण सहित शोक प्रस्ताव सभाबाट पारित गर्‍यो । उक्त शोक सभामा महासंघका पूर्व अध्यक्ष श्री पद्म ज्योतिले स्वार्गिय लक्ष्मीदास मानन्धरले समस्त निजी क्षेत्र र मुलुकको उद्योग व्यवसाय र अर्थतन्त्रको विकासमा पुर्‍याउनु भएको योगदान बारे चर्चा गर्नुभएको थियो ।

**देशको वर्तमान संक्षिप्त आर्थिक स्थिति** :

केन्द्रिय तथ्यांक विभाग अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४.०१ प्रतिशतले आर्थिक वृद्धि हुन सक्ने अनुमान गरिएको थियो । नेपाल राष्ट्र बैंकबाट प्रकाशित  देशको वर्तमान आर्थिक तथा वित्तिय स्थितिमा आर्थिक वर्ष २०७८/७९ को ६ महिनाको तथ्यांकमा वैदेशिक व्यापारको स्थितिलाई हेर्दा आयात ५१.१ प्रतिशतले वृद्धि भएको देखिन्छ भने निर्यात ९५.५ बढेको देखिन्छ ।

**आयात :**

नेपाल राष्ट्र बैंकको आ.व. २०७८/७९ को ६ महिनाको तथ्यांकमा आयात ५१.१ प्रतिशतले वृद्धि भई रु.९९९ अर्ब ३४ करोड पुगेको छ ।

**निर्यात :**

नेपाल राष्ट्र बैंकको आ.व. २०७८/७९ को ६ महिनाको तथ्यांकमा कूल वस्तु निर्यात ९५.५ प्रतिशतले वृद्धि भई रु.११८ अर्ब ८५ करोड पुगेको छ ।

**व्यापार घाटा :**

नेपाल राष्ट्र वैकका अनुसार आर्थिक वर्ष २०७८/७९ को ६ महिनामा कुल वस्तु व्यापार घाटा ४६.६ प्रतिशतले वृद्धि भई रु.८८० अर्ब ४९ करोड पुगेको छ ।

**शोधनान्तर स्थिति :**

नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७८/७९ को ६ महिनामा शोधनान्तर स्थिति रु.२४१ अर्ब २३ करोडलेघाटामा छ ।

**विदेशी लगानीको स्थिति :**

उद्योग विभागबाट प्राप्त तथ्यांक अनुसार नेपालमा मिति २०७८ असारसम्ममा ९४ वटा देशहरुबाट ३ खर्व ६४ अर्व ४६ करोड विदेशी लगानीको प्रस्ताव स्विकृत भएका छन् । हालसम्म भित्रिएको विदेशी लगानी मध्ये सवैभन्दा धेरै उर्जा क्षेत्रमा रहेको छ ।

## परिषद्/प्रदेश उद्योग वाणिज्य महासंघ/समिति/फोरमको प्रतिवेदन

### उद्योग वाणिज्य परिषद

- कोभिड १९ दोश्रो लहरबाट प्रभाबित भएकाहरुका लागी नेपाल उद्योग वाणिज्य महासंघ र आबद्ध सदस्यहरुले गरेका सहयोग र सहायता बारेको विवरण तथा फोटोहरु संकलन कार्य गरिएको छ ।

- गत भदौ ११ र १२ गते नेपाल उद्योग वाणिज्य महासंघ उद्योग वाणिज्य परिषदको योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो । योजना तर्जुमा गोष्ठीमा महासंघको भावी कार्ययोजना तथा रणनीतिको लागि आवश्यक सल्लाह, सुझाव र सहकार्यको साथै महासंघको आगामी दिनमा निजी क्षेत्रको विकास र प्रर्वद्वन सम्बन्धमा छलफल भएको थियो । कार्यक्रममा राष्ट्रको आर्थिक विकास र रोजगारीको सृजनाको लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको, COVID-19 को प्रतिकूल परिस्थीतिका बावजुद पनि महासंघले राष्ट्रिय अर्थतन्त्रको विकास, नियमित उत्पादन, सहजआपूर्ति व्यवस्थापन, रोजगारी सृजना लगायत सामाजिक सेवामा समेत अग्र स्थानमा रहेर काम गरिरहेको धारणा व्यक्तगर्नु भयो ।

  साथै व्यवसाय विकास तथा प्रबर्द्धनको लागि आवश्यक पूर्वाधारहरु जस्तै सडक, विजुली लगायतका भौतिक पूर्वाधारहरु ज्यादै कमजोर भएकोले सरकार र निजी क्षेत्रको सहकार्यमा काम अघि बढाउनु पर्ने धारणा अघि सार्नु भयो । सरकारले निजी क्षेत्रको सल्लाह र सुझाव अनुसार नै कार्यक्रम र बजेट तर्जुमा गरि देशमा द्रुत आर्थिक विकाशका योजना अघि सारिहेकोले निजी क्षेत्र उत्साहित भएको धारणा व्यक्त भएको थियो ।

  उक्त गोष्ठीमा FOUND परियोजना The Leprosy Mission to Nepal (TLMN) FNCCI र Federation on of Disabled-Nepal (NFDN) को संयुक्त प्रयासमा FOUND परियोजनाले अपांगता भएका व्यक्तिहरुलाई उनीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गराई मर्यादित रोजगारी वा स्वरोजगारमा पहुंच पुऱ्याउने कार्ययोजना बनाई काम गर्दै आइरहेको विषयमा परियोजनाका निर्देशक श्री चिरन्जी शर्माबाट प्रस्तुत गर्नु भएको थियो ।

### DistrictProfile प्रकाशन

देशको विभिन्न भागमा रहेका कृषि, उद्योग, व्यापार पर्यटन लगायत आर्थिक विकासको लागि सम्भावना रहेका विभिन्न स्रोतहरुको पहिचान गर्ने उद्देश्यका साथै जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुको संक्षिप्त विवरण, संघका पूर्व अध्यक्षज्यूहरुको कार्यअवधि र फोटो सहित समावेश गरी जिल्ला तथा नगरको संक्षिप्त विवरण (District Profile) प्रकाशित गर्ने तयारी भैरहेको छ ।

- महासंघको प्रदेश नं २ को २०७८–०४–२३ गते सम्पन्न कार्यकारिणी समिति बैठक, चन्दागिरि नगरपालिकालाई बालश्रम मुक्त पालिका बनाउने योजना अनुसार बसेको प्रतिबद्धता सभा र २०७८ साल भाद्र १, काठमाडौं, भक्तपुर र ललितपुर उद्याग वाणिज्य संघको आपसी सहयोग तथा सहकार्यका लागि आयोजित अन्तरक्रिया कार्यक्रममा महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ सहभागी हुनु भयो ।

- **इमेल ID को एकरुपता**
  नेपाल उद्योग बाणिज्य महासंघका प्रदेश तथा आवद्ध जिल्ला, नगर तथा बस्तुगत उद्योग वाणिज्य संघहरु विच संघहरुलाई पत्राचारगर्दा सहज सरल, एकरुपता, स्तरीय र स्थायी तरिकाले, स्मरण गर्न सकिने गरी इमेल (Email ID) निर्माण गर्ने वारे २०७८ साल भाद्र ११ र १२ गते धुलिखेलमा भएको उवा परिषदको सम्पन्न योजना तर्जुमा गोष्ठीको निर्णय अनुसार महासंघका साधारण सदस्यहरुका लागि छुट्टै डोमेन लिएर जिल्ला नगर र बस्तुगत प्रतिनिधित्व हुने गरी सात प्रदेश र सवै साधारण सदस्यहरुलाई उपलव्ध गराउने कार्य भएको छ । उक्त इमेल सवै जिल्ला/नगर उवासंघ एवं बस्तुगत संघहरुलाई पासवर्ड उपलव्ध गराई सकेको र महासंघबाट पठाइएको पासवर्ड आफ्नो संघको अनुकूल अनुसार परिवर्तन गरी सो **Email ID** प्रयोगको लागि अनुरोध गरिएको छ ।

- **नेउवामहासंघ र लर्ड बुद्ध एजुकेशनल एकेडेमी लि.वीच समझदारी पत्रमा हस्ताक्षर**
  २०७८ साल भाद्र ११ र १२ गते धुलिखेलमा भएको उवा परिषदको सम्पन्न योजना तर्जुमा गोष्ठीबाट भएको निर्णय अनुसार महासंघ आबद्ध देशभर रहेका कार्य समितिका उद्योगी, व्यबसायीहरुले सूचिकृत सूचिबाट बस्तु सेवा उपभोगमा छुट र बिशेष सुबिधामा उपलब्ध गराउदा निजी क्षेत्रको सेवा बाट सम्मान र गरीमा महसुस

हुने र उद्योगी र बिक्रेताहरु लाइ पनि उपभोक्ताका रुपमा सम्पूर्ण निजि क्षेत्र उपलब्ध भै ब्यापार प्रवर्द्धधन हुने देखिएकोले देश भरका इच्छुक स्वास्थ्य, होटल, रेष्टुरेन्ट, बार, एअर लाइन्स, सबै प्रकारका डिपार्टमेन्टल तथा मार्टहरु, बैंक बित्तिय संस्थाहरु, कपडा, खाद्यान्न तथा खुद्रा पसलहरु समेतसंग संझौता गरी सहजकार्ड उपलब्ध गराउने कार्यक्रम अनुसार नेउवामहासंघ र नेपालगञ्ज स्थित लर्डबुद्ध एजुकेशनल एकेडेमी लिमिटेडवीच सम्झौता गरी अगाडी बढन यही २०७८ साल मंसीर २ गते सम्झौता भएको थियो ।

- **अमेरिकी राजदूतावासकाइकोनोमिक स्पेसलिष्ट टिमसंग भेटघाट**

  अमेरिकी राजदूतावासका चिफ अफ मिसन (डीसीएम वा डेपुटी एम्सेडर) लगायतका महानुभावहरुले युएसएड र दूतावाससंग सम्वन्धित साइटहरु र परियोजनाहरुको भ्रमण गर्ने कार्यक्रमको सिलसिलामा उहांहरुले अर्थतन्त्र र अन्यव्यापार सम्वन्धित तथा कोभिडको प्रभावलाई अझ राम्ररी बुझन, नेउवामहासंघ गण्डकी प्रदेशमा २०२१ नोभेम्वर ९, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्षज्यू र व्यवसायीहरुसंगको बैठक सफलतापूर्वक सम्पन्न भएकोमा अमेरिकन एम्वेसीबाट धन्यवाद सहितको जानकारी प्राप्त भएको थियो ।

  त्यसैगरी २०२१ नोभेम्वर २९ देखि डिसेम्वर २ सम्म अमेरिकी राजदूतावासका चिफ अफ मिसन (डीसीएम वा डेपुटी एम्सेडर) लगायतका महानुभावहरुले युएसएड/दूतावाससंग सम्वन्धित साइटहरु/परियोजनाहरुको भ्रमण गर्ने कार्यक्रम रहेको र सो सिलसिलामा उहांहरुले अर्थतन्त्र र अन्य व्यापार सम्वन्धित तथा कोभिडको प्रभावलाई अझ राम्ररी बुझ्न रसुवाको धुन्चेमा र स्थानीय उद्योग वाणिज्य संघका सदस्य उद्योगी व्यवसायीहरुसंग बैठकको लागि उक्त एम्वेसिबाट अनुरोध भै आए अनुसार रसुवा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्षज्यूसंग आवश्यक समन्वय गरी अध्यक्षज्यूले सो क्षेत्रका व्यवसायीहरुसग बैठकबसी सफलतापूर्वक सम्पन्न भएको बारे अमेरिकी राजदूतावासका Economic/Commercial Specialist ले जानकारी गराउनु भएको थियो ।

- **परियोजना प्रस्ताव**

  जिल्ला नगर उद्योग वाणिज्य संघहरुको क्षमता अभिवृद्धि गरी स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउन महासंघ अन्तरगतका सातवटै प्रदेशमा व्यवसायिक तालिम, सचिवालय सुधार कार्यक्रम, तथ्यांक संकलन तथा प्रशोधन, संघ व्यवस्थापन निर्देशिका प्रकाशन जस्ता कार्यक्रम संचालन गर्न अमेरिकी कर्नर (American Corner) मार्फत परियोजना प्रस्ताव पेश गरिएको छ ।

- **अपाङ्ग मैत्री रोजगार कार्यक्रम**

  FNCCI ,TLMN / NFDNको संयुक्त प्रयासमा संचालन भएको FOUND परियोजनाले अपाङ्गहरुको सीप र क्षमता अभिवृद्धि गरी रोजगारीको लागि सदस्य सस्थाहरुमा निरन्तर रुपमा समन्वय भईरहेको छ । साथै सवै जिल्ला नगर उवासंघहरुको सचिवालय लगायत कार्यस्थल अपाङ्ग मैत्री बनाउनको लागि आवश्यक संरचना तयार गर्दै जाने सम्बन्धी पैरवी तथा सचेतना कार्यक्रम निरन्तर संचालन भइरहेको छ ।

**BCS Study**

ललितपुर स्थित Nepal Urban Resilience Project: Sudridh-NURP)को आर्थिक सहयोग र नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा जनकपुर उपमहानगरपालिका र बुटवल उप महानगरपालिका अवस्थित उद्योग/व्यवसायहरुको BusinessClimateSurvey (BSC) भईरहेको र सर्भेमा कोभिड १९ बाट उद्योग व्यवसायमा परेको प्रभाव, व्यवसाय पुनःउत्थानको लागि आवश्यक नीति तथा उद्योग व्यवसायीहरुको व्यवसाय विकास सम्बन्धि धारणा लगायत विभिन्न आर्थिक विकासका बिषयहरुका तथ्याङ्कीय आधार तय हुनेछ । उक्त तथ्याङ्कको सहयोगबाट उद्योग व्यवसाय लाई समय सापेक्ष आवश्यक पर्ने नीति, रणनीति तथा भावि कार्ययोजना समेत तय गर्न सहयोग हुने छ ।

**काठमाडौं, भक्तपुर तथा ललितपुर उद्योग वाणिज्य संघको अन्तरक्रिया कार्यक्रम**

२०७८ साल भाद्र १, काठमाडौं, भक्तपुर र ललितपुर उद्याग वाणिज्य संघको आपसी सहयोग तथा सहकार्यका लागि अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री दिनेश श्रेष्ठज्यू सहभागिता हुनु भएको थियो ।

## भक्तपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा स्वागत एवं बधाई कार्यक्रमको आयोजना

भक्तपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा महासंघले मिति २०७८।०९।१९ गते स्वागत एवं बधाई कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा महासंघका अध्यक्ष श्री शेखर गोल्छाज्यूले कोभिडले थलिएको अर्थतन्त्रले केही गतिलिन खोजेको बेला तरलताको अभावले समस्या उत्पन्न भएको बताउनु भएको थियो । उक्त कार्यक्रममा उहांले उपयुक्त औद्योगिक वातावरण निर्माणको लागि जोडदिनु भएको थियो ।

उक्त कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष श्री शिव प्रसाद मानन्धरले महासंघकासंग सदैव सस्थागत सहकार्य गर्दै आएको र आफ्नो कार्यकालमा पनि त्यो रहीरहने प्रतिवद्धता जनाउनु भएको थियो । उक्त स्वागत तथा बधाई कार्यक्रममा सो संघका पदाधिकारीहरु एवं कार्यसमिति सदस्यहरु सहभागिता हुनु भएको थियो ।

## जिल्ला/नगर स्तरीय उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा, अधिवेशन एवं कार्यक्रमको आयोजना

| | | |
|---|---|---|
| २०७८/०५/२९ | सिद्धार्थ उद्योग वाणिज्य संघको योजनाकार्यशालागोष्ठी सम्बन्धी | प्रमुख अतिथि—श्री चन्द्र प्रसाद ढकाल,वरिष्ठ उपाध्यक्ष नेउवामहासंघ<br>अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्विनीप्रदेश<br>अतिथि—श्री महेन्द्र कु श्रेष्ठ, का.का सदस्य, नेउवामहासंघ । |
| २०७८/०५/३० | उर्लाबारी उद्योग वाणिज्य संघको ३३ औं वार्षिक चुनावी साधारण सभाकार्यक्रम सम्बन्धी | प्रमुख अतिथि—श्री चन्द्र प्रसाद ढकाल वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री सुरकृष्ण बैद्य, का.का सदस्य नेउवामहासंघ<br>अतिथि—श्री उमेश डालमीया, का.का सदस्य नेउवामहासंघ<br>अतिथि—श्री राजेन्द्र रावत, का.का सदस्य नेउवामहासंघ<br>अतिथि—श्री अभिनाष बोहरा, का.का सदस्य नेउवामहासंघ |
| २०७८/०६/०२ | लेखनाथउवासंघको २५ औं वार्षिक साधारण सभातथा १३ औं अधिवेशनकार्यक्रम सम्बन्धी | प्रमुख अतिथि—श्री शेखर गोल्छा, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष नेउवामहासंघ<br>विशिष्ट अतिथि—श्री अञ्जनश्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि—श्री संजिव व कोइराला, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश<br>विशेष अतिथि—श्री बाबु राम गिरी, का.का सदस्य नेउवामहासंघ |
| २०७८/०६/०२ | जितपूर सिमरा नगर उवासंघको दोस्रो वार्षिक साधारण सभा कार्यक्रम | प्रमुखअतिथि—श्री चन्द्र प्रसाद ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि—श्री गणेश लाठ, अध्यक्ष, नेउवामहासंघ—प्रदेश नं २ |
| २०७८/०६/१० | सप्तरी ११औं साधारण सभा | प्रमुखअतिथि श्री चण्डीराज ढकाल, पूर्व अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि—श्री कुशकुमार जोशी, पूर्व अध्यक्ष, नेउवामहासंघ<br>श्री चन्द्र प्रसाद ढकाल, बरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>श्री किशोर कुमार प्रधान, पूर्व उपाध्यक्ष एवं मानार्थ सदस्य, नेउवामहासंघ<br>नेउवामहासंघका का.का. सदस्यज्यूहरुमा<br>श्री डी.वी बस्नेत, श्री अरुण राज सुमार्गी<br>श्री दुर्गाराज श्रेष्ठ, उपाध्यक्ष, नेउवमहासंघ बागमती प्रदेश |
| २०७८/०६/१९ | रत्ननगर उद्योग वाणिज्य संघको २२ औं वार्षिक साधारण कार्यक्रम | विशिष्ट अतिथि —श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश<br>अतिथि—श्री सहन लाल प्रधान, का.का सदस्य नेउवामहासंघ<br>अतिथि —श्री दुर्गा राज श्रेष्ठ, उपाध्यक्ष, नेउवमहासंघ बागमतीप्रदेश<br>अतिथि—श्री गुणराज श्रेष्ठ, कोषाध्यक्ष, नेउवमहासंघ बागमती प्रदेश |

| | | |
|---|---|---|
| २०७८/०७/१९ | मकवानपुर उद्योग वाणिज्य संघको ५४ औं र ५५ औं वार्षिक साधारण सभा | विशिष्ट अतिथि — श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश<br>विशेष अतिथि—श्री सविन श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>विशेष अतिथि — श्री दुर्गा राज श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश |
| २०७८।०७।२६ | भक्तपुर उद्योग वाणिज्य संघको ३४ औं वार्षिक साधारण सभातथाअधिवेशन समुद्घाटन समारोह | प्रमुखअतिथि—श्री चन्द्र प्रसाद ढकाल,वरिष्ठ उपाध्यक्ष नेउवामहासंघ<br>अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ,<br>अतिथि—श्री अन्जन श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ,<br>अतिथि—श्री सुकुन्तलाल हिराचन, कोषाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री दिल सुन्दर श्रेष्ठ,अध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>नेउवामहासंघ कार्यकारिणी समिति सदस्यज्यूहरुमा<br>श्री मनिष लाल प्रधान, श्री सुरकृष्ण वैद्य, श्री हेमराज ढकाल |
| २०७८।०७।२७ | नेपाल विद्युतीय व्यवसायी महासंघको वार्षिक साधरण समुद्घाटन समारोह | अतिथ्यता ग्रहण —श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष नेउवामहासंघ । |
| २०७८।८।४ | सुर्खेत उद्योग वाणिज्य संघको तीनआर्थिक संयुक्त साधारण सभाकार्यक्रम सम्बन्धी | विशिष्ट अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष नेउवामहासंघ । |
| २०७८।८।३ | फुटवयर म्यानुसफ्याक्चरर्स एशोसिएसन अफ नेपाल | आतिथ्यता ग्रहण गर्नु भएको —श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष नेउवामहासंघ । |
| २०७८।८।३ | नेपाल हस्तकला महासंघको १८ औं महोत्सव | अतिथ्यता ग्रहण गर्नु भएको —श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ । |
| २०७८।८।८ | नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशको संस्थागत रणनीति विकास कार्यशाला | —श्री चण्डी राज ढकाल, पूर्व अध्यक्ष, नेउवामहासंघ<br>—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>—श्री कृष्ण प्रसादशर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनीप्रदेश<br>—श्री पद्मम ब शाही, अध्यक्ष, नेउवामहासंघ कर्णालीप्रदेश<br>—श्री हेमराज ढकाल, कार्यकारिणी समिति सदस्य नेउवामहासंघ |
| २०७८।८।१८ र १९ | नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले क्षमता, दक्षता विकासका लागि उत्पेरणामुलक कार्यशाला गोष्ठी सम्बन्धि कार्यक्रम | प्रमुखअतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>नेउवामहासंघ कार्यकारिणी समिति सदस्यज्यूहरुमा<br>—श्री सुरकृष्ण वैद्य, श्री रामेश्वर मानन्धर |
| २०७८।८।२० | बुटवल उद्योग वाणिज्य संघको ६८ औं वार्षिक साधारण सभाकार्यक्रम | प्रमुखअतिथि— श्री चन्द्र प्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>अतिथि—श्री कृष्ण प्रसाद शर्मा अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>नेउवामहासंघ कार्यकारिणी समिति सदस्यज्यूहरुमा<br>श्री महेन्द्र कुमार श्रेष्ठ, श्री किशोर कुमार आचार्य<br>श्री भरत राज आचार्य, श्री जम्सेर अलिमिया |
| २०७८।८।२० | कञ्चनपुर उद्योग वाणिज्य संघको ३१ औ वार्षिक साधारण सभाकार्यक्रम | विशिष्टअतिथि—श्री चण्डी राज ढकाल पूर्व अध्यक्ष, नेउवामहासंघ<br>अतिथि—पुष्पराज कुवर, का.का सदस्य नेउवामहासंघ |

| | | |
|---|---|---|
| २०७८।९।१ | नेउवामहासंघ बागमती प्रदेश र प्रदेश नं २ बिच नेपाल उद्योग वाणिज्य महासंघको निर्दिष्ट लक्ष, कार्यक्रम कार्यान्वयन र संस्थागत विकासका लागि अन्तरक्रियात्मक कार्यक्रम | प्रमुखअतिथी —श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथी —श्री गणेश लाठ, अध्यक्ष, नेउवामहासंघप्रदेश नं २<br>अतिथि—श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>अतिथि —श्री विजय कुमार शाह, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि—श्री सुर कृष्ण वैद्य, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि—श्री सविन श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>अतिथ—श्री दुर्गा राज श्रेष्ठ, उपाध्यक्ष, नेपाल नेउवामहासंघ बागमती प्रदेश |
| २०७८।९।३ | रामेछाप उद्योग वाणिज्य संघको १३ औं वार्षिक साधारण सभाकार्यक्रम | प्रमुखअतिथि—श्री चन्द्र प्रसाद ढकाल वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघ कार्यकारिणी समिति सदस्यज्यूहरुमा<br>श्री सुरकृष्ण वैद्य, श्री डि.वि.वस्नेत, श्री रामेश्वर मानन्धर |
| २०७८।९।३ | शंखरापुरउद्योग वाणिज्य संघको प्रथमवार्षिक साधारण सभाकार्यक्रम | विशिष्ट अतिथि—श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>अतिथि—श्री कृष्ण लाल महर्जन, नेउवामहासंघ<br>अतिथि—श्री सविन श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश |
| २०७८।९।९ | ललितपुरउद्योग वाणिज्य संघको ४२ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहकार्यक्रम | विशेष अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री अन्जन श्रेष्ठ,उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमतीप्रदेश<br>नेउवामहासंघ कार्यकारिणी समिति सदस्यज्यहरुमा<br>श्री मनिष लाल प्रधान, श्री कृष्ण लाल महर्जन, श्री सुमित केडीया, श्री नरेश लालश्रेष्ठ, श्री अरनिको राजभण्डारी |
| २०७८।९।१० | गोरखाउद्योग वाणिज्य संघको ४६ औं वार्षिक साधारण सभातथा १६ औं अधिवेशन समुद्घाटन समारोहकार्यक्रम | विशिष्ट अतिथि—श्री चन्द्र प्रसाद ढकाल वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री बाबुराम गिरी, का.का सदस्य, नेउवामहासंघ<br>अतिथि— श्री दुर्गा राज श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश |
| २०७८।९।१० | प्यूठान उद्योग वाणिज्य संघको २४ औं वार्षिक साधारण सभा तथा ११ औं अधिवेशन समुद्घाटन समारोह कार्यक्रम | प्रमुख अतिथि —श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश |
| २०७८।९।१९ | रौतहट उद्योग वाणिज्य संघको २० औं विशेष साधारण सभा समुद्घाटन समारोह कार्यक्रम | |
| २०७८।९।२४ | तनहु" उद्योग वाणिज्य संघको ३६ औं वार्षिक साधारण सभा समुद्घाटन समारोह कार्यक्रम | विशेष अतिथि—श्री आनन्द राज मुल्मी, पूर्व अध्यक्ष, नेउवामाहासंघ<br>विशेष अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि—श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश<br>विशेष अतिथि—श्री संजिव वहादुर कोइराला, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश<br>विशेष अतिथि— श्री देव कुमार श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि—श्री बाबुराम गिरी, का.का. सदस्य नेउवामहासंघ<br>विशेष अतिथि—श्री कुवीर कुमार श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०७८।९।२४ | गुल्मी उद्योग वाणिज्य संघको ३० औं वार्षिक साधारण सभा तथा १३ औं अधिवेशन समारोह कार्यक्रम | प्रमुख अतिथि—श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश |

| | | |
|---|---|---|
| २०७८।९।२५ | चितवन उद्योग वाणिज्य संघको महोत्सव समुद्घाटन समारोह कार्यक्रम | विशिष्ट अतिथि —श्री चन्द्र प्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष नेउवामहासंघ<br>अतिथि—श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि—श्री दिल सुनदर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश<br>अतिथि—श्री सुर कृष्ण बैद्य, का.का सदस्य नेउवामहासंघ<br>अतिथि—श्री सहन लाल प्रधान, का.का सदस्य नेउवामहसंघ<br>अतिथि—श्री दुर्गा राज श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश |
| २०७८।९।२६ | लमजु/उद्योग वाणिज्य संघको ३५ औं वार्षिक साधारण सभा तथा ४६ औं स्थापना दिवसको  समुद्घाटन समारोह कार्यक्रम | विशिष्ट अतिथि —श्री चन्द्र प्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष नेउवामहासंघ<br>विशेष अतिथि—श्री अन्जन श्रेष्ठ, उपाध्यक्ष, नेउावमहासंघ<br>विशेष अतिथि—श्री संजिव वहादुर कोइराला, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश<br>विशेष अतिथि—श्री सुरकृष्ण बैद्य, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि—श्री बाबुराम गिरी, का.का. सदस्य नेउवामहासंघ |
| २०७८।९।२८ | संखुवासभा उद्योग वाणिज्य संघको १४ औं वार्षिक साधारण सभा | प्रमुख अतिथि—श्री टिकाराज ढकाल, अध्यक्ष, नेउवामहासंघ प्रदेश नं १<br>विशिष्ट अतिथि—श्री राजेन्द्र राउत, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि—श्री उमेश डल्मीया, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि—श्री राजन श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |

**<u>बस्तुगत परिषद्</u>**

नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगत परिषद्कातर्फबाट गएको एक वर्षमा भएका महत्वपूर्ण गतिविधिहरु :

**नीति सुधारमा पहल**

**खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०७७**

खाद्य पदार्थसंग प्रत्यक्ष जोडिएका महासंघका सदस्य वस्तुगत संघहरुका पदाधिकारी प्रतिनिधिहरु, खाद्य विज्ञहरु, खाद्य तथा गुण नियन्त्रण विभागका महानिर्देशकसमेतको सहभागितामा  खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०७७ का विषयमा मिति २०७८ असोज १२ गते मंगलवार वृहद अन्तरक्रिया कार्यक्रम आयोजना,

अन्तरक्रियाबाट आएका सुझावहरु समेतलाई समावेश गरी उक्त विधेयकमा संशोधन गर्नुपर्ने सुझावहरु मिति २०७८ पौष २० गते माननीय कृषि मन्त्री महेन्द्र राय यादव र संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति माननीय विमल प्रसाद श्रीवास्तव र पौष २१ गते राष्ट्रिय सभाको विधायन समितिका सभापति माननीय परशुराम मेघी गुरूª समक्ष  पेश ।

**Interaction on Made in Nepal: Import substitution and Export Promotion Strategy**

- मिति २०७८ साउन ४ गते, Interaction On Made in Nepal: Import substitution and Export Promotion Strategy कार्यक्रम आयोजना । कार्यक्रममा मुलतः high tariff rate कारण व्यवसाय लागत बढाएकाले Logistic cost घटाउनुपर्ने, प्रशासनिक प्रक्रियागत झमेलाहरुलाई घटाउनुपर्ने  र यससंग सम्बन्धी नीतिगत सुधारहरुमा जोडदिनुपर्ने लगायतका महत्वपूर्ण सुझावहरु प्राप्त भएका र उक्त सुझावहरु समेतलाई समावेश गरी सरकारका सम्बन्धित निकायमा पेश गरिएको ।

**आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेटबाट परेका प्रभाव विषयमा छलफल**

मिति २०७८ जेष्ठ २० गते, भर्चुअल माध्यमबाट बजेटका अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमबाट आएका सुझावहरुः

- अर्थतन्त्रसंग प्रत्यक्ष जोडिएका उद्यमी व्यवसायी, कामदार, श्रमिक कर्मचारीहरू यथाशीघ्र खोपको प्रवन्ध गर्न महासंघका तर्फबाट सरकारको सम्बन्धित निकायमा पहल गर्नुपर्ने,

- आर्थिक वर्ष २०७८ ७९ को नेपाल सरकारको वार्षिक बजेटमा उद्योग व्यवसायका लागि आएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि Follow up गर्न एउटा संयन्त्र बनाएर जानु पर्ने,
- बैठकमा आएका सुझाव एवं गुनासाहरूलाई समेटेर नेपाल सरकार अर्थ मन्त्रालयमा महासंघका तर्फबाट सुझाव पेश गरिएको ।

**संस्थागत विकासः**

महासंघको विधान वमोजिम वस्तुगत परिषद्का कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्न र वस्तुगत सदस्यहरुलाई परिषद्मार्फत दिने सेवालाई चुस्तदुरुस्त पार्न र सदस्यहरुसंगको सम्बन्धलाई थप प्रगाढ पार्न देहायका प्रयासहरु भएका छन् ।

- महासंघ सचिवालयमा वस्तुगत सेवा/अध्ययन केन्द्र (FNCCI Commodity Service/Study Center) स्थापना,
- वस्तुगत संघहरुसंग नियमित रुपमा भेटघाट एवं छलफल कार्यक्रम प्रारम्भ
- सदस्य वस्तुगत संघहरुको सचिवालय भ्रमणको थालनी,
- वस्तुगत संघका नव निर्वाचित पदाधिकारीहरुको महासंघ सचिवालयमा स्वागत सहित बधाई दिने कार्यको थालनी,
- बस्तुगत संघहरूको संस्थागत (सचिवालय) सुदृढीकरण तथा संघहरूको अद्यावधिक गर्ने कार्यको प्रारम्भ ।

**संस्थागत सहकार्यमा**

वस्तुगत परिषद्ले प्राज्ञिक संस्था, अन्तराष्ट्रिय परियोजना/निकायहरुसंग मिलेर विभिन्न कार्यक्रमहरु आयोजना गरेको छ ।

**स्कूल अफ मेनेजमेन्ट, त्रिभुवन विश्वविद्यालय**

- स्कूल अफ मेनेजमेन्ट, त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायतर्फको शैक्षिक कोर्श संशोधनमा निजी क्षेत्रको सुझावका लागि छलफल
- Industry-Academy मञ्च गठनको गृहकार्य
- FNCCI र School of Management TU बीच सहमतीपत्रमा हस्ताक्षरको गृहकार्य

**अन्तराष्ट्रिय श्रम संगठन**

- वस्तुगत संघहरुका लागि आवश्यक तालीम/कार्यशाला आयोजनाका लागि कार्यक्रम पेश

**फाउण्ड परियोजनाः**

- Kirby Liang को सहयोगमा संचालित फाउण्ड परियोजनासंगको सहकार्यमा २०७८ असोज ४ गते रोजगारदाता भेला अपाङ्गता समावेशी कार्यस्थल निर्माण (Employers Meet; Creating Disability Inclusive Workplace) कार्यक्रम सम्पन्न
- कार्यक्रममा महासंघका सदस्य वस्तुगत संघहरु नेपाल उनी फेल्ट उत्पादन तथा निर्यातक संघ, नेपाल बोटल वाटर उद्योग संघ, नेपाल कुरियर संघ, नेपाल चलचित्र निर्माता संघ,कम्फोर्ट फेल्ट क्राफट, होटल हायात प्लेस, सुविसु केवल नेट प्रा.लि. लगायतका संघहरूबाट अपांगता भएका व्यक्तिहरुलाई रोजगारीको लागि पहिलो प्राथमिकता दिने, उनीहरुका लागि आवश्यक तालीम प्रदान गरी सोही अनुसार रोजगारीका लागि पहिलो प्राथमिकता दिने प्रतिवद्धता जनाई सोही अनुसार कार्य समेत थालनी भैसकेको ।

**सहभागिताः**

परिषद्का सभापति श्री अन्जन श्रेष्ठले यो एक वर्षको बीचमा सदस्य वस्तुगत संघहरु, जिल्ला उद्योग वाणिज्य संघहरु, अन्य संघ संस्थाहरुबाट आयोजना भएका कार्यक्रमहरुमा परिषद्का तर्फबाट प्रतिनिधित्व गरी भाग लिनुभयो ।

## रोजगारदाता परिषद्

१. रोजगारदाता परिषद श्रम सम्बन्ध सुधार एवं श्रम सम्बन्धी समस्या समाधान गर्ने कार्यमा निरन्तर प्रयत्नशील रहेको छ । केही उद्योग प्रतिष्ठानमा उत्पन्न श्रम विवाद वाहेक श्रम विवादको संख्यामा क्रमश कमी आएको छ । रोजगारदाता परिषदले श्रम सम्बन्धलाई भरपर्दो वनाउन सरकार र ट्रेडयूनियन संगको संवाद र सहकार्यमा जोड दिदै आएको छ ।

२. परिवर्तित शासकीय संरचना अनुसार सातवटै प्रदेशमा रहेका प्रदेश उद्योग वाणिज्य महासंघ र औद्योगिक घनत्व भएका जिल्ला/नगर उद्योग वाणिज्य संघहरुलाई श्रम सम्बन्ध सुधार र सामाजिक संवादको प्रकृयामा क्रियाशील हुन सहयोग पुऱ्याउने उदेश्य सहित क्षमता विकास र तालीम गोष्ठी कार्यक्रम आयोजना गरिएका छन ।

३. परिषदले घरेलु, साना तथा मझौला उद्योग व्यवसाय विकास र उद्योग प्रतिष्ठानको संचालन कार्यमा सहयोग पुग्ने विषयमा पुस्तिका लेखन एवं प्रकाशन गरेको छ । यसरी प्रकाशित पुस्तिका एवं सामाग्रीहरुमा स्टार्ट अप, लघु घरेलु साना तथा मझौला उद्यम परियोजना कर्जा सम्भाव्यता अध्ययन तयार गरी प्रकाशन गरेको छ ।

४. नेपाल सरकारले २०७८ श्रावण१ गते देखि लागूहुने गरि चिया वगान वाहेकका प्रतिष्ठानमा काम गर्ने श्रमिकहरुको न्यूनतम मासिक पारिश्रमिक रु १५०००।– र दैनिक पारिश्रमिक रु ५७७।- निर्धारण गरेको छ । न्यूनतम पारिश्रमिक निर्धारण गर्न गठित त्रिपक्षीय समितिको वैठकमा परिषदका सभापति श्री रामचन्द्र संघई एवंउपसभापति श्री प्रवलजंग पाण्डेले भाग लिनु भएको थियो ।

५. पटक/पटक औपचारिक एवं अनौपचारिक छलफलबाट न्यूनतम पारिश्रमिक निर्धारण गर्नसहमतिको आधारमा सिफारिश हुन नसकेपछि यसपटक मन्त्रालयवाटनै पारिश्रमिक निर्धारण गर्ने काम भयो ।

६. नेपाल सरकारवाट मे दिवसको अवसरमा श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गरिएको सार्वजनिक घोषणाका विषयमा रोजगारदाता परिषदको वैठकमा व्यापक छलफल भयो । यस विषयमा नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्श समेतसंग छलफल गरि कोभिड संक्रमण कायमै रहेको अवस्थामा न्यूनतम पारिश्रमिक निर्धारण गर्नु समय अनुकूल नभएको र हतारमा गरिएको निर्णयका वारेमा संयुक्त विज्ञप्ती प्रकाशित गरि असहमति व्यक्त गरिएको थियो ।

७. नेउवामहासंघ-रोजगारदाता परिषद, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शले निर्धारित न्यूनतम पारिश्रमिक कार्यान्वयनको सम्बन्धमा थप छलफल र परिस्थितीको अध्ययन पश्चात २०७८ आषाढ २९ गते महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शले संयूत्त विज्ञप्ती प्रकाशित गरी कार्यान्वयनमा जान अनुरोध गरिएको थियो ।

८. कोरोना महामारीको कारण पहिलो पटक virtual माध्यमबाट जून ३ देखी १८ सम्म आयोजना भएको ILO को श्रम सम्मेलनको १०९ औ अधिवेशनमा महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापति श्री राम चन्द्र संघईले नेपालको रोजगारदाताको तर्फबाट सम्बोधन गर्नुभएको थियो । उक्त सम्मेलनलाई संवोधन गर्ने क्रममा श्री संघईले कोभिड-१९ महामारीको पीडा सम्पूर्ण विश्वलेनै भोग्नु परेको र यो महामारीले अर्थतन्त्रका सबै क्षेत्र, रोजगारी र समग्र सामाजिक जनजीवनलाई प्रभावित पारेको र यसवाट भएको आर्थिक सामाजिक नोक्सानीको क्षतिपुर्ती हुन केही वर्ष लाग्ने हुंदा सवै मुलुक बीचको आपसी सहयोग र सहकार्यका लागि अनुरोध गर्नुभयो । रोजगारदाता संस्थाले नीतिगत सुधार एवं केन्द्र, प्रदेश र स्थानीय सवै तहमा सामाजिक संवादको संयन्त्रणको सवलीकरण गर्ने काम भईरहेको उल्लेख गर्दै रोजगारदाता संस्थाले तय गरेका रणनीति र कार्यक्रमहरु रोजगारी सिर्जना, आर्थिक वृद्धि र व्यसायको दीगोपनमा केन्द्रीत रहेको कुरामा जोड दिनु भयो, साथै महासंघले साना तथा मझौला व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिई काम गरिरहेको जानकारी गराउदै रोजगारदाताले तय गरेका कार्यक्रमहरु संचालन गर्न ILOवाट थप सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो ।

९. ILO अभिसन्धी C190-Violence and harassment कार्यान्वनमा आएको उपलक्ष्यमा 25 June2021(११ आषाढ २०७८) का दिन ILO द्वारा भर्चुअल माध्यमवाट National Dialogue on the elimination of

Violence and harassment in the world on work in Nepal विषयमा आयोजित अर्न्तक्रिया कार्यक्रममा नेउवामहासंघका अध्यक्ष श्री शेखर गोल्छाले भाग लिनुका साथै मन्तव्य समेत राख्नु भएको थियो । मन्तव्यका क्रममा अध्यक्ष श्री शेखर गोल्छाले कार्यस्थलमा Violence and harassment अन्त्यका लागि महासंघबाट विनियमावली निकाल्नुका साथै चेतनामुलक कार्यक्रमहरु, तालिमहरु लगायत थुप्रै कार्यक्रमहरु आफ्ना सदस्यमार्फत देशै भरि गर्दै आएको धारणा व्यक्त गर्नुभएको थियो ।

१०. चिया बगानका श्रमिकहरुको न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धी बैठकमा रोजगारदाता परिषदका उपसभापति श्री प्रवलजंग पाण्डेले भाग लिनुभएको थियो ।

११. South Asia का रोजगारदाताहरुको फोरम South Asian Forum of Employers' (SAFE) वैठक मिति २०७८/३/१५ गते भर्चुअल माध्यमबाट सम्पन्न भयो । SAFE लाई अध्यक्षता गरिरहनु भएका महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापति श्री रामचन्द्र संघईले स्वागत मन्तव्यका क्रममा रोजगारदाता संगठनहरुको यस किसिमको वैठकले आफ्ना अनुभव आदान प्रदानका साथै दक्षिण एशियाका रोजगारदाताको यो फोरम(SAFE)लाई अगाडी बढाउन अझ सहयोग पुग्ने धारणा राख्नुभयो । वैठकमा भारत, श्रीलंका, पाकिस्तान, वंगलादेश र माल्दिभसका रोजगारदाता संगठनहरुको रDECP, Netherland को पनि सहभागिता रहेको थियो ।

१२. नेपाल उद्योग वाणिज्य महासंघ रोजगारदाता परिषद र उद्योग वाणिज्य महासंघ लुम्बनी प्रदेश को संयूक्त आयोजनामा लुम्बिनी प्रदेश स्तरीय वैठक मिति २०७८/०३/२३ मा भैरहवामा आयोजना गरियो । वैठकमा सामाजिक सुरक्षा कोष, न्यूनतम पारिश्रमिक र स्थानीय सरकारसंगको सहकार्य र समन्वयका विषयमा छलफल भयो । वैठकले छलफलमा उठेका विषयको कार्यान्वयन तथा समन्वयका लागि प्रदेशस्तरीय श्रम सल्लाहकार समिति (PLAC) वैठकमा पेश गर्ने निर्णय भयो । वैठकमा लुम्बिनी प्रदेश सामाजिक तथा शिक्षा विकास मन्त्रालयका उपसचिव, सरोकारवाला निकायका प्रतिनिधिहरुः नेपाल सरकार श्रम कार्यालय, उद्योगी व्यवसायी र ट्रेड यूनियका प्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको थियो । उक्त बैठकमा लुम्बिनी प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा र अन्य पदाधिकारस्हरुको सहभागिता थियो ।

१३. नेपाल उद्योग वाणिज्य महासंघ र उद्योग वाणिज्य महासंघ प्रदेश नं. २ को संयूक्त आयोजनामा प्रादेशिक सामाजिक संवाद संयन्त्रको स्थापना तथा कार्यान्वयनको लागि त्रिपक्षीय कार्यदल गठन विषयक एक दिने कार्याशाला मिति २०७८/०३/२७ मा विरगंजमा आयोजना भयो । गोष्ठीमा सरकार, रोजगारदाता र श्रमिक तिनै पक्षको प्रतिनिधित्व रहने गरी प्रादेशिक सामाजिक संवाद संयन्त्रहरुको स्थापना र संचालनका लागि त्रिपक्षीय तदर्थ समिति गठन भयो र समितिले रोजगारदाता र श्रमिक बीच उत्पन्न हुने समस्या समाधानका लागि सहयोग गर्नेछ । समतिमा प्रदेश सामाजिक विकास मन्त्रालयवाट संयोजक सहित ५ जना, रोजगारदाता र ट्रेडयूनियनका तर्फवाट ५/५ जना गरी जम्मा १५ जना रहने छन ।

१४. रोजगारदाता परिषदको भुमिका र प्रदेश उद्योग वाणिज्य महासंघ अर्न्तगत रोजगारदाता परिषद स्थापना गर्न र परिषदले गर्ने काम र भूमिका विषयक एक दिने अर्न्तक्रियात्मक कार्याशाला गोष्ठि मिति २०७८/०४/०३ गते होटल Ambassador काठमाडौमा आयोजना गरियो । गोष्ठीमा श्रम सम्बन्धको विकास, विवाद समाधान र प्रदेश उद्योग वाणिज्य महासंघको व्यवस्थापन विषयमा छलफल भएको थियो । गोष्ठीमा नेउवामहासंघका अध्यक्ष श्री शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकाल, रोजगारदाता परिषदका सभापति रामचन्द्र संघई, उपसभापति श्री प्रवलजंग पाण्डे, रोजगारदाता परिषदका सदस्यहरु र प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष एवं पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

१५. मिति २०७८/०४/२७ गते UN Networkon Migration AP Regionaloffice Bangkok द्वारा गरिएको Migration सम्बन्धी Zoom वैठकमा रोजगारदाता परिषदका सदस्य श्री वावुकाजी कार्कीले भाग लिनु भएको थियो ।

१६. मिति २०७८/०४/२८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा आयोजित नेपालमा मर्यादित श्रमको प्रवर्द्धन र विकासका लागि नेपाल सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधिमुलक संस्था र अर्न्तराष्ट्रिय श्रम संगठनको संयुक्त प्रयासवाट तयार गरिएको मर्यादित कामका लागि देशिय कार्यक्रम

(Decent Work Country Program 2018-2022) को समिक्षा वैठकमा रोजगारदाता परिषदका सदस्य श्री वावुकाजी कार्कीको सहभागिता रहेको थियो ।

१७. Returnee Migrant Worker का विषयमा श्रम मन्त्रालयद्वारा तयार गर्न लागेको नीति विषयमा ILOcountry अफिसद्वारा मिति २०७८/०५/०४ गते आयोजना गरिएको वैठकमा रोजगारदाता परिषदका सदस्य वावुकाजी कार्कीले भाग लिनु भएको थियो ।

१८. नेपाल उद्योग वाणिज्य महासंघ र उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको संयूक्त आयोजनामा लैङ्गिक आधारमा कार्यस्थलमा हुने हिंसा र र्दुव्यवहार सम्बन्धी एक दिने कार्याशाला गोष्ठी मिति २०७८/०५/०४ गते पोखरामा आयोजना गरियो । उक्त गोष्ठीमा गण्डकी प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री संजिव वहादुर कोईराला, महासंघ महिला उद्यमी विकास समितिका सभापति श्री रिता सिम्हा सहभागि हुनु भएको थियो । गोष्ठीमा कार्यस्थलमा हुने हिंसा र र्दुव्यवहारको न्यूनिकरण विषयमा प्रस्तती एवं छलफल भएको थियो । गोष्ठीमा विभिन्न कम्पनीका HR Manager हरु र महिला उद्यमीहरुको सहभागिता रहेको थियो ।

१९. संघिय सर्न्दभमा सामाजिक संवाद र श्रम सम्बन्ध सुदृढिकरण परियोजना अर्न्तगत औद्योगिक प्रवर्द्धनका लागि नितीगत सुधारका विषयमा अध्ययन प्रतिवेदन तयार गर्ने काम भएको छ ।

२०. नेउवामहासंघ, रोजगारदाता परिषद र AOTS जापानको संयूक्त पहलमा नोभेम्वर ३० देखी डिसेम्वर ३, २०२१ (२०७८ मंसीर १४-१७) सम्म Industrial Relation and Human Resource Management विषयमा४ दिने Online Webinar तालीम सम्पन्न भयो । तालिम कार्यक्रमको उदघाटन सभा र समापन सभामा परिषदका सभापति श्री रामचन्द्र संघईले मन्तव्य राख्नु भएको थियो । तालिममा जापानमा भएका HRPractice र औद्योगिक सम्बन्धका वारेमा जापानका श्रोत व्यत्ति Mr. KURODA Kazuteru ले प्रस्तुती गर्नु भएको थियो । ४ दिने Webinar मा विभिन्न नेपाली औद्योगिक प्रतिष्ठानका HR प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

२१. डिसेम्बर १३ र १४ तारिखमा ILO को एशिया प्रशान्त क्षेत्रीय कार्यालयद्वारा ChildLabour सम्बन्धमा आयोजना भएको पांचौ ग्लोवल सम्मेलनको विषयमा आयोजित ConsultationMeeting मा महासंघ सचिवालयवाट हंसराम पाण्डेयको सहभागिता रहेको थियो ।

२२. डिसेम्बर १५ गतेILODelhiस्थित कार्यालयका Employers'Activity हेर्ने विशेषज्ञ रवि पेरिशले South Asia Employers' Organization ले विगत २ वर्षमा सम्पन्न गरेका मुख्य मुख्य गतिविधि र आगामी वर्षमा संचालन कार्यक्रमका वारेमा Zoom माध्यमवाट आयोजित कार्यक्रममा रोजगारदाता परिषदका तर्फबाट वरिष्ठ विज्ञ श्री हंसराम पाण्डेयको सहभागिता रहेको थियो ।

२३. श्रम तथा सामाजिक सुरक्षा प्रणालीलाई संस्थागत गर्दै लैजान श्रम तथा सामाजिक सुरक्षासंग सम्बन्धित विद्यामान कानूनमा गरिनुपर्ने परिमार्जनका विषयमा आवश्यक प्रतिवेदन पेश गर्नका लागि श्रम मन्त्रालयद्वारा मिति २०७८/८/५ गते आयोजित वैठकमा रोजगारदाता परिषदका सदस्य श्री वावुकाजी कार्कीको सहभागिता रहेको थियो ।

२४. सामाजिक सुरक्षा योजनाको कार्यान्वनसंग सम्बन्धित श्रम ऐन नियमका प्रावधानमा संशोधन गर्ने श्रम मन्त्रालयले संशोधन प्रस्ताव तयार गरेको छ । प्रस्तावित संशोधन उपर महासंघ-रोजगारदाता परिषदले राय सुझाव पेश गरेको छ ।

२५. मिति२०७८ पौष २२ गते संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (JTUCC)को पांचौ श्रम संसदको उदघाटन सत्रमा परिषदका सभापति श्री रामचन्द्र संघईले भाग लिनु भई शुभकामना मन्तव्य राख्नु भएको थियो ।

२६. Netherland को Dutch Employers Cooperation Program (DECP) द्वारा जूम माध्यमबाट आयोजित Flash Summit with SouthAsianpartner meetingमा सचिवालयको सहभागिता रहेको थियो । उक्त Summit मा DECP द्वारा Membership service र Social Dialogue को क्षेत्रमा DECP ले गर्न सक्ने सहयोगको वारेमा छलफल भएको थियो ।

२७. जनवरी १९ देखी २१ सम्म AOTS Japan द्वारा संचालित Joint workshop मा सचिवालयको सहभागिता रहेको थियो । Workshop मा AOTS Japan द्वारा आगामी दिनमा हुने कार्यक्रम वारे छलफल हुनुका साथै कोभिड १९ वाट श्रम सम्बन्धमा आएको परिवर्तन र चूनौती विषयमार नेपाल लगायतका सहभागी रोजगारदाता संस्थावाटCountry Report Presentation भएको थियो ।

२८. मिति २०७८ फाल्गुन १८ गते राष्ट्रिय कल्याणकारी कोषले आयोजना गरेको अर्न्तक्रिया कार्यक्रममा रोजगारदाता परिषदका सभापति श्री रामचन्द्र संघईले भाग लिनु भएको थियो । कार्यक्रममा मन्तव्य राख्दै सभापति संघईले वोनस वितरणका वारेमा राम्ररी जानकारी नभएका कारण वोनस वितरण पछि राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा हुन नसकेको र जम्मा भएको रकम श्रमिकको हित र कल्याण हुने क्षेत्रमा खर्च हुने वातावरण र संस्थागत व्यवस्था मिलाउन पर्ने कुरामा जोड दिदै यसवाट कोषमा रकम जम्मा गर्न श्रमिक एवं रोजगारदाता दुवैको पक्ष वाट सहयोग हुने धारणा राख्नु भएको थियो ।

२९. मिति २०७८ फाल्गुन १८ गते सभापति श्री रामचन्द्र संघईको सभापतित्वमा रोजगारदाता परिषदको पाचौ वैठक वस्यो । वैठकमा सभापति रामचन्द्र संघईले चालु वर्ष २०२२ को लागि प्रस्तावित कार्यक्रमहरुका वारेमा जानकारी गराउनुका साथै सरकारले श्रम ऐन, सामजिक सुरक्षा ऐन, श्रम नियमावली, सामाजिक सुरक्षा नियमावली, वोनस ऐन र वोनस नियमावली संशोधनको लागि तयार गरिएको मस्यौदा उपर महासंघ रोजगारदाता परिषदले राय/सुझाव तयार गरेको र उक्त राय सुझाव श्रम कन्त्रालयमा पठाईने व्यहोरा जानकारी गराउनुभयो ।

३०. मिति २०७८ फाल्गुन २० गते South Asia Forum of Employers' (SAFE) को वैठक Virtual माध्यमवाट वस्यो । उक्त वैठकलाई रोजगारदाता परिषदका सभापति श्री रामचन्द्र संघईले स्वागत मन्तव्य राख्नु भएको थियो । वैठकले वर्ष २०२२ को अवधिको लागि SAFE को अध्यक्षता नेपालले नै गर्ने निर्णय भयो ।

३१.

| **ILO को सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ-रोजगारदाता परिषदबाट सम्पन्न गतिबिधिकोसंक्षिप्त विवरण** | | | | |
|---|---|---|---|---|
| **परियोजनाको नामः Enabling private sector supported job rich recovery 3 May to 19 July 2021 [2.5 months]** | | | | |
| **क. सं** | **क्रियाकलाप** | **मिति/स्थान** | **सहभागी संख्या** | **परिणाम** |
| १ | रोजगारदाताका तर्फबाट न्यूनतम पारिश्रमिकका सम्बन्धमा गरिने सम्बादका लागि **position paper** को तयारी । | | | न्यूनतम पारिश्रमिक निर्धारण प्रकृया रोजगारदाताको दृष्टिकोण विषयमा अध्ययन प्रतिवेदन तयार भएको । |
| २ | कार्यस्थल सुरक्षा र स्वास्थ्य सम्बन्धि हाते पुस्तिका तयारी तथा प्रकाशन । | | | व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति सम्बन्धमा हातेपुस्तिका प्रकाशन तथा वितरण । |
| ३ | आईएलओ ईन्कम्पास टुलको नेपाली अनुबाद र प्रकाशन । | | | ILO द्वारा तयार गरिएको ENCOMPASSTool नेपालीमा अनुबाद भई प्रकाशन तथा वितरण । |
| ४ | रोजगारदाता परिषदबाट उपलब्ध हुने सेवा तथा योजनाहरुका सम्बन्धमा राष्ट्रिय कार्यशालाको आयोना । | १८ जुलाई २०२१ काठमाण्डौ | ३४ | सम्भाव्य सेवाहरुको सूचि तयार पारिएको । |
| ५ | लुम्बिनी प्रदेश स्तरीय सामाजिक सम्बाद संरचनाको स्थापनार्थ त्रिपक्षिय सम्बाद कार्यक्रम । | ७जुलाई २०२१ लुम्बिनी | ४० | प्रदेशश्रम सल्लाहकार समिति **PLAC** मा त्रिपक्षीय भूमिकाको बारेमा छलफल भएको । |
| ६ | प्रदेश रोजगारदाता परिषदका सेवाहरुको प्रभावकारी | ८ जुलाई २०२१ | ४० | |

| | | | | |
|---|---|---|---|---|
| | संचालका सम्बन्धमा प्रदेश स्तरीय कार्यशाला । | लुम्बिनी | | |
| ७ | मधेस प्रदेश स्तरीय सामाजिक सम्बाद संरचनाको स्थापनार्थ त्रिपक्षिय सम्बाद कार्यक्रम । | ११ जुलाई २०२१ बिरगंज | ३४ | तदर्थ समिति गठन । |
| ८ | एकिकृत सेवा प्रवाहका लागि नेउवामहासंघमा सदस्यता सेवा केन्द्र स्थापना । | | | १/१ थान ल्यापटप, प्रिन्टर संगै केहि फर्निसिंका लागि सहयोग उपलब्ध गराएको । |
| ९ | **MSME**को रणनैतीक योजना तर्जुमाका सम्बन्धमा राष्ट्रिय कार्यशालाको आयोना । | १७जुलाई २०२१ काठमाण्डौ | २७ | राष्ट्रिय रुपमा हुन सक्ने कार्यहरुको सूचि तयार पारिएको । |
| १० | **MSME/Startups** परियोजना कर्जा सम्भाव्यता अध्ययन प्रतिवबेदन तयारी । | | | प्रतिवेदन तयार गरी महासंघले राष्ट्र बैंक समक्ष बुझाएको |
| ११ | **LDC graduation** का सम्बन्धमानिजि क्षेत्रको अवधारणा तयार । | | | प्रतिवेदन तयार/प्रकाशन गरी १५ डिसेम्बर २०२१ मा अर्थमन्त्रिज्यूबाट बिमोचन गरिएको। |
| १२ | **MSME/Startups** संचालन सहयोगी पुस्तिका तयारी तथा प्रकाशन । | | | प्रकाशन गरी वितरण भईरहेको । |
| १३ | **MSME**पुर्नउत्थान योजना तर्जुमा लुम्बिनी प्रदेश। | ८ जुलाई २०२१ लुम्बिनी | ४६ | पुर्नउत्थानका लागि सम्भावीत योजना तयार गरी बुझाईएको |
| १४ | **MSME**पुर्नउत्थान योजना तर्जुमा मधेस प्रदेश । | ११ जुलाई २०२१ लुम्बिनी | ५३ | पुर्नउत्थानका लागि सम्भावीत योजना तयार गरी बुझाईएको |
| १५ | उद्योग, व्यापार र यस संग सम्बन्धित बिभिन्न १४ वटा ऐनहरु संशोधन सम्बन्धी सुझाव तयार गर्ने । | | | तिन महले सुझाव तयार भएको । |
| १६ | बिभिन्न १४ वटा ऐनहरुमा प्राप्त भएका सुझावहरुको छलफल । | १६ जुलाई २०२१ काठमाण्डौ | ४५ | प्राप्त सुझावहरु सम्बन्धीत समितिहरुमा छलफल |
| १७ | **Startups** नीतिका सम्बन्धमा राष्ट्रिय कार्यशाला । | १३ जुलाई २०२१ काठमाण्डौ | ६० | |
| १८ | **Startups** राष्ट्रिय **showcase** कार्यशाला । | १९ जुलाई २०२१ काठमाण्डौ | ३० | |
| १९ | नेउवामहासंघका **Zoom ID** खरिद । | | | १०० जना क्षमताको एक बर्षेलाई आईडि खरिद भै प्रयोग भइरहेको |

**परियोजनाको नाम: Operation COVID-19 Relief Nepal (May – July 2021)**

| | | | | |
|---|---|---|---|---|
| १ | कोभिड १९ संक्रमित व्यक्तिहरुलाई आईसोलेसन केन्द्रमा भर्ना भएका बिरामीका लागि खाना तथा खाजा सहयोग । | जैन भवन, क्षेत्रपाटी काठमाण्डौ र बौद्ध बिहार, लालितपुर | ११९ | यसमाILO बाट पनि सहयोग उपलब्ध भएको। |
| २ | महासंघद्धारा आयोजित ३ वटा कोभिड १९ आईसोलेसनमा भर्ना भएका बिरामीका लागि औषधि, लत्ताकपडा तथा बेड सहयोग । | जैन भवन, काठमाण्डौ र बौद्ध बिहार, लालितपुर | ११९ | ILO तथा महासंघबाट उपलब्ध गराईएको । |
| ३ | महासंघद्धारा आयोजित ३ वटा कोभिड १९ आईसोलेसनमा भर्ना भएका बिरामीका लागि डाक्टर, नर्स तथा सहयोगीको व्यवस्था । | क्षेत्रपाटी काठमाण्डौ | २७ | ILOबाट सहयोग उपलब्ध गराईएको । |
| ४ | महासंघ सदस्य जिल्ला तथा नगर उवासंघलाई कोभिड १९ बिरुद्ध रोकथामका सामाग्री खरिदका लागि रु. ५० हजारका दरले प्रत्येक संगठनलाई सहयोग हस्तान्तरण । | जिल्ला तथा नगर उवासंघ | ११२ | ILO बाट ७ र महासंघबाट १०५ वटा संगठनलाई नगद सहयोग उपलब्ध गराईएको । |

**परियोजनाको नाम: To Develop New Web and Online Services (16 Aug – 31 Oct, 2021)**

| | | | | |
|---|---|---|---|---|
| १ | सात प्रदेश महासंघहरुको IT को तत्कालीन अवस्थाको मूल्यांकन । | नेउवामहासंघ र सातै प्रदेश कार्यालय | | |
| २ | महासंघको तत्कालीन website को स्तरोन्ती गरी उक्त साईटलाई सर्वसुलभ र सदस्यमैत्री बनाउने । | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | नयाँWebsite डिजाईन, विकास, परिक्षण र लागु गर्ने । | | | |
| ४ | ENCOMPASS toolको digitization गरि नेउवामहासंघ र यसका प्रदेशको website मा राखि FHAN र FWEAN पनि लाई आवश्यकता अनुसार पहुँच दिने । | | | |
| **परियोजनाको नाम: Strengthening Social Dialogue and Labour Relations in the Federal Context (1 Nov to 10 Dec 2021 [40 days]** | | | | |
| १ | प्रदेश रोजगारदाता परिषदका सदस्यहरुको क्षमता अभिबृद्धि तालिम (कर्णाली, लुम्बिनी र मधेस प्रदेश) | १७ नोभेम्बर २०२१ सुर्खेत, २१ नोभेम्बर २०२१ भैरहवा र २५ नोभेम्बर २०२१ बिरगंज | ८६ | सामाजिक संरक्षण र सामाजिक सुरक्षा तथा रोजगारदाता संगठन प्रभावकारी जानकारी संचार बिषयमा । |
| २ | औद्योगीक विकासका लागि नीतिगत सुझाव | | | प्रतिवेदनको ड्राफ्ट उपलब्ध भईसकेको । |
| ३ | श्रम सल्लाहकार परिषद गठन सम्बन्धमा मधेस प्रदेश स्तरीय त्रिपक्षिय सम्बाद गोष्ठिको आयोजना । | ४ डिसेम्बर २०२१/जनकपुर | २९ | श्रम सल्लाहकार परिषद गठन कार्यबिधिमा छलफल भएको । |
| ४ | श्रम तथा रोजगार प्रसासन सम्बन्धमा लुम्बिनी प्रदेश स्तरीय द्विपक्षिय सम्बाद गोष्ठिको आयोजना । | २२ नोभेम्बर २०२१/ भैरहवा | २४ | श्रम तथा रोजगार प्रसासन ड्राफ्ट नीतिका लागि प्रदेश सरकार संग छलफलमा ल्यैजाने बिषयमा पुन: द्विपक्षिय बैठक आयोजना गरी आफ्ना मुद्दाहरुलाई निचोडमा पुऱ्याउने निर्णय भएको । |

## प्रदेश उद्योग वाणिज्य महासंघका गतिविधिहरु :

## नेउवामहास महासंघ प्रदेश नं. १

- मिति २०७८ बैसाख ३ गते विकल्प एन अल्टरनेटिभ संस्थाले आयोजना गरेको साना तथा मझौला उद्योगका विषयमा तथ्यांकीय अनुसन्धान गर्ने सम्बन्धमा राखिएको छलफल कार्यक्रममा कार्यकारी सदस्य श्री सुभाष आचार्यको सहभागिता रहेको थियो ।

- २०७८ बैशाख १५ गते कोरोना भाइरसको दोश्रो लहरका कारण उद्योग व्यवसाय क्षेत्र लगायत आम वर्गमा परेको असरका सम्बन्धमा प्रदेश नं. १ का जिल्ला/नगर उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं.१को कार्य समिति विच अन्तरक्रिया कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रममा प्राय सबै उद्योग वाणिज्य संघका अध्यक्षहरुले खोप व्यवस्था गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

- मिति २०७८ बैशाख १६ गते प्रदेशका महिला उद्यमी विकास समितिका सभापति श्री सरु के.सीको अध्यक्षतामा महिला उद्यमीहरुका विद्यमान समस्या एंव समस्या समाधानका लागि हुनुपर्ने व्यवस्था बारे भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रको आयोजना गरेको थियो । उक्त कार्यक्रममा जिल्ला/नगर उद्योग वाणिज्य संघमा गठन भएको महिला उद्यमी विकास समितिका संयोजक/कार्यसमितिका महिला पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

- मिति २०७८ बैशाख १९ गते नेपाल उद्योग वाणिज्य संघ प्रदेश नं. १ ले कोरोना भाइरसका कारण स्थिती भयावह भएपछि एक विज्ञप्ती प्रकाशित गरी स्थिती सामान्य नहुन्जेलसम्म सचेत रहन र निषेधाज्ञाको पालना गर्न अनुरोध गरिएको थियो ।

- मिति २०७८ बैशाख १९ गते प्रदेश नं. १ का माननीय मुख्यमन्त्रीज्यू समक्ष कोरोना भाइरसको खोप नीजि क्षेत्रलाई प्राथमिकतामा राखेर उपलब्ध गराउन अनुरोध गरिएको थियो ।

- यस नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ को सकृयतामा मिति २०७८ बैशाख २५ गते देखि प्रदेश नं. १ मा कोभिड संक्रमितको रोकथाम तथा अस्पताल, अक्सिजन लगायत अन्य स्वास्थ्य सम्बन्धी सुरक्षाबाट वन्चित भएकाहरुलाई जिल्लागत रुपमा श्री राजेन्द्र राउत, श्री अविनाश बोहरा, श्री सुयेश प्याकुरेल, श्री रमेश राठी, श्री राजन श्रेष्ठ, श्री सुवाष आचार्य, श्री भविष श्रेष्ठ, श्री प्रितम खड्गी, श्री भीम पौडेल, श्री गिरीधारी सापकोटा,

श्री विरेन्द्र कुमार साह, श्री सरोज श्रेष्ठ, श्री शिव श्रेष्ठ, श्री जीवन पराजुली, श्री ऋषिराज तिम्सिना, श्री प्रकाश सिवाकोटी, श्री विनोद बस्नेत, श्री दिव्या भट्टराई, श्री पुष्कर खड्का, श्री विजय सन्तोषी राई, श्री ध्रुवलाल श्रेष्ठ, श्री दिपक नेपाललाई कार्य गर्ने जिम्मेवारी दिइएको थियो ।

- कोरोना भाइरसबाट बच्न स्वास्थ्य सुरक्षाका साधन प्रयोग गर्ने सम्बन्धमा केन्द्रिय सदस्य एंव उपाध्यक्ष श्री राजेन्द्र राउतको सौजन्यतामा प्राप्त भएको ७५ हजार थान मास्क र १५० लि. सेनिटाइजर प्रदेश नं. १का ३६ बटै जिल्ला/नगर तथा प्रदेश स्तरका उद्योग वाणिज्य संघहरुलाई यस सचिवालय मार्फत उपलब्ध गराइएको थियो भने भोजपुर उद्योग वाणिज्य संघलाई १० थान अक्सिजन सिलिण्डर उपलब्ध गराउनु भएको थियो ।

- मिति २०७८ जेठ २१ गते प्रदेश नं. १ का महिला उद्यमी विकास समितिका सभापति श्री सरु के.सी.को अध्यक्षतामा कोभिडका कारणले महिला उद्योगी र उद्योग व्यवसायमा पर्न गएको असरहरु एंव समसामयिक विषयमा जुम मिटिङ्ग मार्फत छलफल कार्यक्रमको आयोजना भएको थियो । उक्त कार्यक्रममा महिला उद्यमी विकास समितिका सभापति श्री सरु के.सी. लगायत विभिन्न महिला उद्यमीहरुको सहभागिता रहेको थियो ।

- मिति २०७८ जेठ २६ नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ का महिला उद्यम विकास समितिले भर्चुअल माध्यमबाट डाक्टरसंग कोभिड-१९ कार्यकम आयोजना गरेको थियो । उक्त कार्यक्रम नेपाल उद्योग वाणिज्य महासंघका महिला उद्यम विकास समितिका सभापति श्री रिता सिंहको प्रमुख आतिथ्यता एंव नेपाल चिकित्सक सघंका अध्यक्ष डा. लोचन कार्कीको सहजीकरणमा सम्पन्न भएको थियो ।

- मिति २०७८ आषाढ १ गते प्रदेश नं. १ सरकारले प्रस्तुत गरेको आ.व. २०७८/७९को बजेट प्रस्तुतीकरण कार्यक्रममा उपाध्यक्ष श्री राजेन्द्र राउत सहभागि हुनु भएको थियो ।

- मिति २०७८ आषाढ ३ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ महिला उद्यम विकास समितिले भर्चुअल माध्यमबाट रआर्थिक वर्ष २०७८/७९ बजेटमा महिला उद्यमी सम्बन्धी नया कुरा कार्यकम आयोजना गरेको थियो । उक्त कार्यक्रम नेपाल उद्योग वाणिज्य महासंघ, काठमाण्डाका केन्द्रिय सदस्य श्री अविनाश बोहराज्यूको प्रमुख आतिथ्यता, सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ सामाजिक महाशाखा प्रमुख दुर्गा बराल एंव आई. क्यान (**ICAN**) का पूर्व महासचिव सि.ए. अरुण राउतको सहजीकरणमा सम्पन्न भएको थियो ।

- नेपाल उद्योग वाणिज्य महासंघ रोजगारदाता परिषदले पटक पटक आयोजना गरेको भर्चुअल बेठकमा उपाध्यक्ष श्री राजेन्द्र राउत सहभागि हुनु भएको थियो ।

- मिति २०७८ श्रावण १७ गते विराटनगर भंसार कार्यालयको आयोजनामा भएको निकासी पैठारी व्यापारलाई सहजीकरण गर्नको लागि भारत नेपाल **ICP** निर्माण भएको रेल्वेलाई उपयोग गर्ने सिलशिलामा यस महासंघका तर्फबाट सदस्य श्री देवकी नन्दन अग्रवाल एंव कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो ।

- मिति २०७८ श्रावण १८ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १, द लेप्रोसी मिसन नेपाल र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल प्रदेश नं. १ को संयुक्त आयोजनामा अपांगता भएका व्यक्तिहरुलाई रोजगारी दिने सम्वन्धमा अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

- मिति २०७८ श्रावण २७ गते नेपाल उद्योग वाणिज्य महासंघ महिला उद्यमी विकास समितिद्वारा उद्यमीका सम्बाद शीर्षक अन्तरगत भर्चुअल माध्यमबाट आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा यस महासंघकी महिला उद्यमी विकास समितिका संयोजक श्री सरु केसी लगायतको सहभागिता रहेको थियो ।

- मिति २०७८ श्रावण ३२ गते यस नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ र ग्लोबल आईएमई बैंक बिच बैंकिङ्ग सेवा सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा यस महासंघका अध्यक्ष श्री टिकाराज ढकाल लगायत, उपाध्यक्षहरु, कार्यसमितिका सदस्यहरु, बैंकका प्रबन्धकहरुको सहभागिता रहेको थियो ।

- मिति २०७८ भाद्र २ गते वन तथा वातावरण मन्त्रालय, काठमाण्डौं, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं.१ र WWF Nepal को सहकार्यमा आयोजना भएको Developing Climate Change Strategy and Action Plan for Province No.1 सम्बन्धी Inception Workshop कार्यक्रममा यस महासंघका तर्फबाट प्रतिनिधित्व रहेको थियो ।

- मिति २०७८ भाद्र ९ गते नेपाल उद्योग वाणिज्य महासंघ महिला उद्यमी विकास समितिद्वारा महिला उद्यमीबाट उत्पादित वस्तुहरुको बजारीकरण सम्बन्धमा भर्चुअल माध्यमबाट आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा महिला उद्यमी विकास समितिका संयोजक श्री सरु केसीको सहभागिता रहेको थियो ।

- उपरोक्त कार्यक्रमको अलावा कोरोनाबाट परेका असरका सम्बन्धमा जिल्ला/जिल्लामा के-कस्तो असर परेको छ, वस्तुस्थिती कस्तो रहेको छ आदि कुराहरु सचिवालयबाट प्रदेश नं. १का सबै जिल्ला/नगर उ.वा.संघहरुसंग टेलिफोन मार्फत कुराकानी गरी अवस्थाको जानकारी लिने काम भएको थियो ।

- मिति २०७८ अश्विन ११ गते सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ को आयोजनामा भएको कार्यक्रममा यस महासंघका कार्यकारिणी समितिका सदस्य श्री राजन श्रेष्ठको सहभागिता रहेको थियो ।

- CTEVT राष्ट्रिय सीप परिक्षण समितिद्वारा संचालित २०७८ अश्विन ११ देखि १५सम्म ५ दिने तालिममा यस महासंघका तर्फबाट ई. गणेश दाहाल एंव अर्जुन घिमिरेको सहभागिता रहेको थियो ।

- मिति २०७८ अश्विन १४ गते आन्तरिक मामीला तथा कानून मन्त्रालय प्रदेश नं. १ को आयोजनामा चाडपर्व केन्द्रित बजार व्यवस्थापन सम्बन्धमा भएको छलफल कार्यक्रममा यस महासंघका कार्यकारीणी सदस्य श्री सुभाष आचार्यको सहभागिता रहेको थियो ।

- मिति २०७८ कार्त्तिक १९ गते भ्कीःपुच विराटनगरले आयोजना गरेको कार्यक्रममा अतिथिका रुपमा यस महासंघका कार्यकारिणी सदस्य श्री राजन श्रेष्ठको सहभागिता रहेको थियो ।

- मिति २०७८ कार्तिक २२ र २३ गत नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ तथा होटल संघ नेपालको संयुक्त साझेदारी, British Council-Dakchyata : TVET Practical Partnership Project को व्यवस्थापन तथा European Union को आर्थिक सहयोगमा Employer led Labor Market Secretariat (ELMS) Project ले आयोजना गरेको Orientation on ELMS Project and LMI Concept कार्यक्रममा यस महासंघका कार्यकारी निर्देशक श्री राधारमण (श्याम) भण्डारीको सहभागिता रहेको थियो ।

- मिति २०७८ मंसिर १ गते कर दिवसको अवसरमा भएको आन्तरीक राजश्व कार्यालय विराटनगरको कार्यक्रममा यस महासंघका कर तथा राजश्व समितिका सभापति श्री देवकी नन्दन अग्रवालको सहभागिता रहेको थियो ।

- मिति २०७८ मंसिर १ गते कर दिवसको अवसरमा भएको आन्तरीक राजश्व कार्यालय भद्रपुर, झापाले आयोजना गरेको कार्यक्रममा यस महासंघका अध्यक्ष श्री टिकाराज ढकाल सहभागी भई शुभकामना मन्तव्य दिनु भएको थियो ।

- मिति २०७८ मंसिर ३ गते सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ को आयोजनामा भएको सामाजिक विकास मन्त्रीज्यूको अध्यक्षतामा गठित प्रदेशस्तरीय अपाङ्गता समन्वय समितिको बैठकमा यस महासंघका कार्यकारिणी सदस्य एंव स्वास्थ्य तथा शिप विकास समितिका सभापति श्री राजन श्रेष्ठको सहभागिता रहेको थियो ।

- मिति २०७८ मंसिर ६ गते भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ ले आयोजना गरेको खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली मस्यौदा सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रममा यस महासंघका तर्फबाट कार्यकारी निर्देशक श्री राधारमण भण्डारी(श्याम)को सहभागिता रहेको थियो ।

- २०७८ मंसिर ६ गते भंसार कार्यालय विराटनगरले आयोजना गरेको व्यापार सहजीकरणको बैठकमा व्यापारलाई सहजीकरण गर्न राखिएको बैठकमा यस महासंघका तर्फबाट सदस्य श्री देवकी नन्दन अग्रवाल एंव कार्यकारी निर्देशक श्री राधारमण भण्डारीको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर ७ गते भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ आयोजनामा भएको खाद्य सुरक्षा केन्द्रको निर्देशक समितिको बैठकमा यस महासंघका तर्फबाट कार्यकारिणी सदस्य श्री श्रवण अग्रवालको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर ७ गते कर दिवसको अवसरमा भएको आन्तरीक राजश्व कार्यालय विराटनगरको कार्यक्रममा कर तथा राजश्व समितिका सभापति श्री देवकी नन्दन अग्रवालको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर ९ गते सातौं राष्ट्रिय उद्योग दिवसका अवसरमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ को आयोजना भएको अन्तरक्रिया कार्यक्रममा कार्यकारिणी सदस्य श्री सरु केसीको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर ९ देखी ११ गते सम्म एशियन डिजाष्टर प्रिपेरेशन सेन्टर र एशियन पार्टनरसिपको संयुक्त आयोजनामा भएको विजनेश कन्टिन्यूटी म्यानेजमेन्ट (बीसीएम) सम्बन्धी तालिममा प्रदेशबाट प्रधिनिधित्व भएको थियो ।
- मिति २०७८ मंसिर ११ गते चौथो सामाजिक सुरक्षा दिवसको अवसरमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा कार्यकारिणी सदस्य श्री सरु केसीको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर १३ गते आन्तरीक मामीला तथा कानून मन्त्रालय प्रदेश नं. १को आयोजनामा भएको विपद व्यवस्थापन स्फियर मापदण्ड सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रममा प्रदेश नं. १ को सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर १३-१५ गते सम्म ग्रमिण उद्यम तथा विप्रेषण (समृद्धि-RERP)आयोजना अर्न्तगत जिल्लाहरुमा व्यवसाय विकास सेवा उपलब्ध गराउने प्रयोजनकालागि संचालन भएको तालिममा यस महासंघबाट श्री सन्जोग शिवाकोटी लगायतको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर १५ र १६ गते सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ ले प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम क्षेत्रको क्षेत्रगत रणनैतिक योजना निर्माणका लागि प्रदेश स्तरीय कार्यशाला गोष्ठीमा प्रदेशको प्रतिनिधित्व रहेको थियो ।
- मिति २०७८ मंसिर १९ गते विराटनगरमा ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर प्राविधिक तथा समन्वय समिति को बैठकमा प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर १७ गते मोरङ्ग व्यापार संघको ६५औं वार्षिक साधारण सभामा यस महासंघका अध्यक्ष श्री टिकाराज ढकाल एंव उपाध्यक्ष श्री राजेन्द्र राउतको सहभागिता रहेको थियो ।
- मिति २०७८ मंसिर २६ गते श्री नेपाली सैनिक वार कलेज, नगरकोटमा सञ्चालन भइरहेको हायर कमाण्ड तथा म्यानेजमेन्ट तालिमका शिक्षार्थी अधिकृतहरुको अध्ययन भम्रण को क्रममा पदाधिकारीहरुसंग भेटघाट तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रम बाहिनी अड्डाबाट समन्वय अधिकृतको रुपमा श्री भैरव गण मोरङ्गका गणपति प्रमुख सेनानी श्री अमृत थापा मगर, उपाध्यक्ष श्री राजेन्द्र राउत एंव केन्द्रिय सदस्य/प्रदेश सल्लाहकार श्री अविनाश बोहरा तथा उक्त तालिमका शिक्षार्थी अधिकृतहरुको उपस्थितीमा सम्पन्न भएको थियो ।

- मिति २०७८ मंसिर २७ प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यक्रम तर्फ दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोश्रो चरण गठन हुने  सम्बन्धमा कार्यकारिणी सदस्य श्री सरु के.सी.लाई प्रतिनिधि तोकिएको थियो ।

- मिति २०७८ मंसिर २९ गते नेपाल उद्योग वाणिज्य महासंघ काठमाण्डौंको आयोजनामा भएको "एयकत Covid Revival" विषयक सम्मोलनमा यस महासंघका कार्यकारी सदस्य श्री भवेश श्रेष्ठको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष १ गते श्रम तथा रोजगार कार्यालय, विराटनगरको आयोजनामा भएको Bussiness & Human Rights को मार्गदर्शक सिद्धान्त कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तयार गर्ने सन्दर्भमा प्रदेशको प्रतिनिधित्व रहेको थियो ।

- मिति २०७८ पौष १ गते भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १को आयोजना तथा नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) र साना सिचाई कार्यक्रमको सहयोगमा मुख्य कृषि बजारलाई समेटेर कृषि बजार सुचना प्रणाली स्थापना र संचालनको आवश्यकता, सम्भावना र अग्रसरताको बारेमा सरोकारवालाहरु संग अन्तरक्रियात्मक कार्यक्रममा प्रदेशको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष १ गते आर्थिक मामीला तथा योजना मन्त्रालय प्रदेश नं. १ को आयोजनामा भएको आर्थिक विकासका लागि लगानी तथा नवप्रवर्तन परियोजना निर्माण तथा समसामयिक आर्थिक विषयमा भएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा कार्यकारिणी सदस्य श्री सुवाष आचार्यको सहभागिता रहेको थियो ।

- २०७८ पौष १-२ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा भएको धातु उद्योगमा कार्यरत श्रमिकहरुको लागि उच्च ध्वनीबाट पर्ने असर तथा जोखिम सम्बन्धी प्रशिक्षण कार्यत्रक्रमको उद्घाटन समारोहमा कार्यकारिणी समिति सदस्य श्री सुवाष आचार्य अतिथिको रुपमा सहभागी भई आफ्नो मन्तव्य राख्नु भएको थियो ।

- मिति २०७८ पौष २ यस नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं.१ ले वेयर हाउस र कोल्ड स्टोरेजमा देखिएका विद्यमान समस्या र यसमा गर्नु पर्ने नीतिगत सुधारका सम्वन्धमा छलफल कार्यक्रमको आयोजना गरेको थियो । उक्त छलफल कार्यक्रममा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ का कृषि सचिव डा. राम नन्दन तिवारीले कृषि क्षेत्रमा वेयरहाउसको प्रयोगको अवस्था र आवश्यकताबारे आधारभूत सर्वेक्षणको आवश्यकता रहेको बताउनु भएको थियो । किसानहरुलाई सशक्तिकरण गर्न, कृषि उत्पादनलाई बृद्धि गर्न र उत्पादित खाद्यान्न वस्तुको पोषण संरक्षण गर्न वेयरहाउस अति आवश्यक  भएको नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ का अध्यक्ष श्री टिकाराज ढकाल र केन्द्रिय सदस्य श्री अविनाश बोहराले बताउनु भएको थियो । भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ का योजना महाशाखा प्रमुख पशुपति पोखरेलले सरकारले वेयर हाउस संचलान र व्यवस्थापनका लागि नियमावली ल्याएर पहिलो चरणको काम अघि बढाएको बताउनु भएको थियो । प्रदेश महासंघका अध्यक्ष श्री टिकाराज ढकालको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रदेश नं. १ का वेयरहाउस एंव कोल्डस्टोरेजका करिब २५ जना व्यवसायीहरुको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष ४-५ गते सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ को आयोजना भएको प्राविधिक तथा व्यवसायीक  शिक्षा र तालिम सम्बन्धी नयाा परियोजना विकासका लागि आवश्यकता पहिचान गर्ने एंव सुचना संकलन उद्देश्यले राखिएको अन्तरक्रिया कार्यक्रममा प्रदेशको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष ६ गते द लेप्रोसी मिशन तथा प्रदेश र राष्ट्रिय अपाङ्गता महासंघ नेपाल प्रदेश नं. १ को साझेदारीमा सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुको लागि उर्जाशील अवसर परियोजना (FOUND) को वार्षिक प्रगति समिक्षा प्रतिवेदन सार्वजनिकिकरण बैठकमा कार्यकारीणी सदस्य श्री राजन श्रेष्ठको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष ६ गते Employer led Labor Market Secretariat (ELMS) Project ले ईलाम जिल्लामा आयोजना गरेको चिया प्रशोधनका लागी रोजगारदाताहरु वीच Focused Group Discussion कार्यक्रममा अध्यक्ष श्री टिकाराज ढकालको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष ७ गते नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य एंव प्रदेश उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री राजेन्द्र राउतलाई १ नं. प्रदेशका मुख्यमन्त्री माननीय राजेन्द्र राईज्यूले १ नं. प्रदेश सरकारको आर्थिक सल्लाहकारमा नियूक्त गर्नु भएकोमा १ नं. प्रदेश सरकारप्रति आभार व्यक्त गरियो ।

- मिति २०७८ पौष ९ गते दमक उद्योग वाणिज्य संघको ३०औं वार्षिक साधारण सभामा अध्यक्ष श्री टिकाराज ढकालको विशिष्ट आतिथ्यताको रुपमा उपस्थिती रहेको थियो ।

- मिति २०७८ पौष १३ गते प्रदेश नं. १ को दीर्घकालिन आर्थिक विकास लगानी प्रवर्धन र नीजि क्षेत्रको पनरुत्थानका लागि प्रदेश लगानी प्राधिकरण प्रदेश नं. १, द एशिया फाउण्डेशन, विरोक एण्ड कम्पनी, कम्यूनिटी इन्गेजमेन्ट एण्ड आउटरिच (सिइओ) र नेपाल इन्स्टिच्यूट फर अर्वन एण्ड रिजनल स्टडिव (नियर्स)को संयुक्त आयोजनामा भएको परिचयात्मक कार्याशाला गोष्ठीमा उपाध्यक्ष श्री राजेन्द्र राउत, सल्लाहकार श्री अविनाश बोहरा, कार्यकारिणी सदस्य श्री रविन दाहालको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष २५ गते विराटनगर भंसार कार्यालयको आयेजनामा भएको इ-पेमेन्ट सम्बन्धी अन्तरक्रिया तालिममा प्रदेशको सहभागिता रहेको थियो ।

- नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ र होटल संघ नेपालको संयुक्त साझेदारी, British Council-Dakchyata MTVET Practical Partnership Project को व्यवस्थापन तथा European Union को आर्थिक सहयोगमा Employer led Labor Market Secretarait (ELMS) परियोजनाद्वारा गर्ने श्रम बजार सुचना सर्वेक्षणका लागि यस महासंघका कार्यकारी निर्देशक श्री राधारमण भण्डारीलाई खटाइएको छ ।

- मिति २०७८ पौष २८ गते संखुवासभा उद्योग वाणिज्य संघको १४औं साधारण सभामा अध्यक्ष श्री टिकाराज ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त सभामा यस महासंघका उपाध्यक्ष श्री राजेन्द्र राउत, सल्लाहकार श्री अविनाश बोहराको सहभागिता रहेको थियो ।

- मिति २०७८ पौष २२ गते देखि  जोगवनी देखि करीब ४ कि.मि. दक्षिण भारतको मीरगंजपुल भासिन जांदा जोगवनी नाकाबाट आयात निर्यात ठप्प हुन गएकोमा उक्त पुलको वैकल्पिक मार्गका लागि प्रदेशले भारतीय राजदूतावास, नेपाल उद्योग वाणिज्य महासंघ लगायत सम्वन्धित निकायहरुमा पत्राचार गरेको थियो ।

- मिति २०७८ माघ १४ गते नेपाल सरकार, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको आयोजनामा उद्योग, पर्यटन, वन तथा वातवरण मन्त्रालय प्रदेश नं. १ मा भएको राष्ट्रिय अर्थतन्त्रमा Forest Based Tourism (FBT) ले गरेको योगदान बारे अध्ययन गरी त्यसको विकासका बाधकहरुको पहिचान गर्ने सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रममा सदस्य श्री भविष श्रेष्ठको सहभागिता रहेको थियो ।

- मिति २०७८ माघ २७ गते शिक्षा विकास तथा समन्वय इकाई विराटनगरको आयोजनामा भएको राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तरगतको छलफल कार्यक्रममा कार्यकारिणी सदस्य श्री रविन कुमार दाहालको उपस्थिती रहेको थियो ।

- मिति २०७८ माघ २९ गते प्रदेश नं. १ का  भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय ओमप्रकाश सरावगी, कृषि मन्त्री माननीय झलक बहादुर मगरसंग अध्यक्ष टिकाराज ढकालले  झापामा भेटघाट गरी समसामयिक विषयका साथै इलेक्ट्रीक सर्ट सर्किट लगायतका कारण धेरै उद्योग व्यवसाय क्षेत्र तथा घरहरुमा आगलागीबाट ठूलो जनधनको क्षति भइरहेको सन्दर्भमा नेपाल विद्युत प्राधिकरणबाट पुराना तारहरु अविलम्ब परिवर्तन गर्नु पर्ने, स्थानीय सरकारले आधुनिक दमकलहरुको व्यवस्था गर्नु पर्ने साथै उद्योग व्यवसाय क्षेत्रमा आगलागी हुंदा नकारात्मक सन्देश फैलाउने कार्य रोक्नु पर्ने आदि कुराहरु राख्नु भएको थियो ।

## नेउवामहास महासंघ प्रदेश नं. २

- मिति २०७८ बैशाख ०५ गते Start up and Innovation Committee का प्रदेशका सभापति श्री अनुप अग्रवालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सम्मानीय प्रधानमन्त्री ज्युलाई भेट गरी नविनतम आइडियाका स-साना पुंजी लगानीमा स्थापना हुने उद्योगहरुलाई कसरी निर्यातमुखी बनाउन सकिन्छ भन्ने विषयमा जानकारी गराउनु भएको थियो ।
- मिति २०७७ बैशाख ०६ गते प्रदेश नं-२ का माननीय मुख्यमन्त्री श्री लालबाबु राउत ज्युको प्रमुख आथित्यता र सामाजिक विकास मन्त्री श्री नवलकिशोर साह ज्युको अध्यक्षतामा बीरगंज महानगरपालिकामा विज्ञान तथा प्रबिधि विश्वविद्यालय स्थपना गर्ने बिषयमा आयोजित अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ का अध्यक्ष श्री गणेश प्रसाद लाठज्यु तथा यातायात, पारवहन तथा आइ. सी डी का सभापति तथा कार्यकारणी सदस्य श्री अशोक टेमानीज्युको सहभागिता रहेको थियो ।
- मिति २०७८ बैशाख २२ गते नेउवामहासंघ प्रदेश नं-२ द्वारा "कोभिडः यथार्थ तथा भ्रम" शीर्षकमा राखिएको जुम अन्तक्रिया कार्यक्रममा कोभिड-१९ को बारेमा जानकारी गराईएको थियो । कार्यक्रममा सहजकर्ताको भूमिकामा डा. निरज कुमार सिंह (बरिष्ठ फिजिसियन, नारायणी अस्पताल) रहनुभएको थियो । सहआयोजक प्रदेश उवामहसंघ, यात्रा डेली, बीरगंज साईक्लिंगक्लब, डाइनामिक टेक्नोलोजीप्रा. लि, नेपाल नव उद्यमी मञ्च बीरगंज रहेका थिए । कार्यक्रममा कोरोना रोकथाम सम्बन्धि गहन छलफल तथा चर्चा गरिएको थियो ।
- मिति २०७८ बैशाख २४ गते नेउवामहासंघ प्रदेश नं-२ द्वारा 'कोरोना भाइरस- उपचार भन्दा बचाऊ राम्रो' शीर्षकमा जुम मिटिंगको आयोजना गरिएको थियो । कार्यक्रमको सहजकर्ताको भूमिकामा नारायणी अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन डा. उदय नारायण सिंह रहनु भएको थियो । कार्यक्रममा सह आयोजकको भूमिकामा बीरगंज उवासंघ, रिलिफ सोसाइटी अफ कमर्स बीरगंज पर्सा रहेका थिए । कार्यक्रममा कोरोना रोकथाम सम्बन्धि गहन छलफल तथा चर्चा गरिएको थियो ।
- मिति २०७८ जेष्ठ १४ गते नेउवामहासंघ प्रदेश नं-२ द्वारा जुम मिटिंगमा Black Fungus Symptoms and Cure कोरोना संक्रमितहरुमा देखिने कालो ढुँसीको लक्षण र सुरक्षा शीर्षकमा आयोजना गरिएको थियो । कार्यक्रममा सहजकर्ताको भूमिकामा डा. निरज कुमार सिंह, डा. तुलसी सुल्तानिया तथा डा.चन्दन बर्नवाल रहनु भएको थियो । कार्यक्रममा Black Fungus Symptoms and Cure लगायत कोरोना सम्बन्धि गहन छलफल गरिएको थियो । सो कार्यक्रमको सह आयोजक वीरगंज उवासंघ, यात्रा डेली, बीरगंज साईक्लिंग क्लब. गुञ्जेश्वरी फर्मा, तथा फुटवल क्लब रहेका थिए ।
- मिति २०७८ जेष्ठ २३ गते नेउवामहासंघ काठमाडौंद्वारा Interaction Program on changes on tax procedures in the budget शीर्षकमा जुम अन्तक्रिया आयोजना गरिएको थियो । कार्यक्रममा प्रदेश २ बाट श्री गणेश प्रसाद लाठ, श्री सुबोध कुमार गुप्ता तथा श्री पंडित प्रसाद जैसवालद्वारा आफ्ना विचार राख्नु भएको थियो ।
- मिति २०७८ जेष्ठ २६ गते नेउवामहासंघ प्रदेश नं-२ द्वारा "आगामी आर्थिक बर्ष २०७८/२०७९ को बजेट अपेक्षा र यथार्थ" विषयमा जुम मिटिंग आयोजना गरिएको थियो । कार्यक्रमका वक्ताहरु नेपाल उद्योग वाणिज्य संघ प्रदेश २ का अध्यक्ष श्री गणेश प्रसाद लाठ, प्रमुख कर अधिकृत आन्तरिक राजशव कार्यालय बीरगंजका सुनील यादव तथा चार्टर्ड अकाउन्टटेन्ट अरविन्द खेतान रहनु भएको थियो । कार्यक्रमको सह आयोजक भूमिकामा इकोनोमिक रिपोर्टर्स एसोसिएसन, बीरगंज उवासंघ, नेपाल भारत इकोनोमिक फोरम तथा नेपाली युवा उद्यमी फोरम बीरगंज रहेका थिए ।
- मिति २०७८ जेष्ठ २६ गते नेउवामहासंघ प्रदेश नं-२ द्वारा "प्रदेश २ मा चुनौती र अवसरको सम्भावना कारोवार बहस"विषयमाजुम मिटिंग आयोजना गरिएको थियो । कार्यक्रममा नेउवामसंघ प्रदेश २ का अध्यक्षश्री गणेश प्रसाद लाठ, श्री सुबोध कुमार गुप्ता, श्री अशोक टेमानी, श्री रामराजा प्रसाद साह, श्री अशोक साह, श्री संजय कुमार साह, श्री पंडित प्रसाद जैसवाल,श्री मोहन प्रसाद गुप्ता, श्री अनुपअग्रवाल, श्री अशोक अमात्य, श्री बिरेन्द्र प्रसाद साह, श्री अरुण कुमार प्रधान, डा. सोनी महतो तथा राज कुमार साहद्वारा आ-आफ्ना भनाइहरु राख्नु भएको थियो । कार्यक्रमको सहजीकरणको मुख्य भूमिकामा कारोबार दैनिकका सम्पादक कुवेर चालिसे र सहयोग नीरज पिठाकोटे मगरले गर्नुभएको थियो ।

- मिति २०७८ असार ७-८ गते The Institute of charted Accountants of Nepal, Kathmandu द्वारा आयोजना गरिएको Preparation of Financial Statements as per NFRS of SMEs कार्यक्रममा प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८/३/९ गते का दिन नेपाल उद्योग बाणिज्य महासंघ, प्रदेश २ को पाँचौ का.स. बैठकको आयोजन गरिएको थियो । सो बैठकमा प्रमुख अतिथिको रुपमा नेउबामहासंघका आदरणीय अध्यक्ष, सेखर गोल्छा ज्यू समेतको गरिमामय उपस्थिति रहेको थियो । जिल्ला तथा नगर उद्योग बाणिज्य संघका अध्यक्षहरुले आ आफ्नो क्षेत्रको समस्याबारे आदरणीय अध्यक्ष ज्यूलाई अवगत गराएका थिए ।
- मिति २०७८/३/१३ गते अप्पन टिवी तथा नेपाल उद्योग बाणिज्य महासंघ, प्रदेश २ को सयुक्त तत्वाधानमा सिमाना क्षेत्रका ब्यवशायीहरुको समस्या तथा समाधानका उपायहरु चर्चा परिचर्चा कार्यक्रम आयोजन गरिएको थियो । सो कार्यक्रममा नेउबामहासंघ, प्रदेश २ का अध्यक्ष गणेशप्रसाद लाठ लगायत जिल्ला तथा नगर उद्योग बाणिज्य संघका अध्यक्षहरुको सहभागिता रहेको थियो ।
- मिति २०७८/३/१३ मा प्रदेश २ सरकारको अधिनमा रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम ( PLGSP) द्वारा आयोजित रोजगारीको क्षेत्रमा कोभिड १९ ले पारेको असर र भावी अवसरहरु बिषयक जुम अन्तर्क्रिया गोष्टीमा नेउबामहासंघ, प्रदेश २ का अध्यक्ष गणेशप्रसाद लाठको सहभागिता रहेको थियो ।
- मिति २०७८/३ /१६ गते नेपाल राष्ट बैंक तथा बीरगंज उद्योग बाणिज्य संघको सयुक्त तत्वाधानमा आयोजित मौद्रिक निति सम्बन्धी जुम मार्फत छलफल कार्यक्रम राखिएको थियो । सो कार्यक्रममा नेउबामहासंघ प्रदेश २ का अध्यक्ष, गणेशप्रसाद लाठको सहभागिता रहेको थियो ।
- मिति २०७८/३/२० मा नेउबामहासंघ तथा अभियान दैनिकको सयुक्त तत्वाधानमा सिमाना क्षेत्रको ब्यपारमा ब्यवशायमा समस्या तथा समाधानका उपायहरु उपर जुम मार्फत छलफल कार्यक्रम राखिएको थियो । सो कार्यक्रममा प्रदेश २ क्षेत्रका नायव प्रहरी निर्देशक, चन्द्र कुमार गौतम, बीरगंज भंसार कार्यालयका प्रमुख, हरिहर पौडेर, अभियान दैनिकका अध्यक्ष, मदन लम्साल, नेउबामहासंघ, प्रदेश २ का अध्यक्ष गणेश प्रसाद लाठ तथा प्रदेश २ का सम्पूर्ण जिल्ला तथा नगर उद्योग बाणिज्य संघहरुको सहभागिता रहेको थियो । उपर्युक्त कार्यक्रममा नेपाल इन्डिया सोशियो इकोनोमिक फोरम, नेपाली युवा उद्यमी मञ्च, बीरगंजको समेत सहयोग रहेको थियो ।
- मिति २०७८/०३/२३ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं-२ मा श्री हरि प्रसाद गौतम ज्यूलाई रोजगारदाता समितिको संयोजकमा चयन गरियो ।
- मिति २०७८/०३/२३ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश न-२ द्वारा जीतपुर सिमरा नगर उद्योग वाणिज्यलाइ प्रदेश नं-२ को सदस्यता दिइयो ।
- मिति २०७८/०३/२७ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश न-२ आतिथ्य तथा बीरगंज उद्योग बाणिज्य संघको विशेष पहलमा नेपाल उद्योग बाणिज्य महासंघ, घरेलु तथा साना उद्योग समितिको आयोजकत्वमा एक कार्यक्रम आयोजन गरिएको थियो । बीरगंजमा साना तथा मझ्यौला उद्योगका समस्याहरुबारे नितिगत संवाद तथा निवादका उपायहरु बिषयक सो कार्यक्रम होटल मकालु, बीरगंजमा आयोजन गरिएको थियो । सो कार्यक्रमको प्रमुख अतिथिको पदभार श्री डि.बि. बस्नेत (नेउबामहासंघ, सभापति, घरेलु तथा साना उद्योग समिति) ग्रहण गर्नु भएका थिए ।
- मिति २०७८/०३/३० गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश न-२ तथा बीरगंज उद्योग बाणिज्य संघको सयुक्त आयोजनामा बीउबासंघका पूर्व अध्यक्ष तथा प्रदेश २ का खानेपानी तथा उर्जा मन्त्री, माननीय ओमप्रकाश शर्मा ज्यूको सम्मानमा लर्ड दियालोमा सम्मान तथा छलफल कार्यक्रम आयोजन गरिएको थियो । सो कार्यक्रममा प्रदेश २ का जिल्ला तथा नगर उद्योग बाणिज्य संघ का अध्यक्षहरुको विशेष सहभागिता रहेको थियो ।
- मिति २०७८/०३/३१ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश न-२ द्वारा बर्दिबास उद्योग बाणिज्य संघलाई प्रदेशको सदस्यता दिइयो ।

- मिति २०७८/०४/१० गते प्रदेश २ का प्रहरी नायबमहानिरक्षक श्री उमेश रंजितकारको स्वागत तथा परिचय कार्यक्रममा नेउबामहासंघ, प्रदेश २ का अध्यक्ष गणेशप्रसाद लाठ सहभागी हुनु भएका थिए । बीरगंज उद्योग बाणिज्य संघद्वारा आयोजित सो कार्यक्रममा प्रदेश अध्यक्षले यस क्षेत्रका ब्यवशायिक समस्याहरुबारे प्रहरी नायबमहानिरक्षक ज्यूलाई अवगत गराउनु भएका थिए ।
- मिति २०७८/०४/१८ गतेका दिन हरि प्रसाद गौतमको संयोजकत्व तथा संयुक्त श्रम संगठन समन्वय समिति (JTUCC) का अध्यक्ष लगायत विभिन्न पदाधिकारीहरुको समुस्थितिमा नेउवामहासंघ प्रदेश नं-२ को रोजगारदाता समितिको बैठक राखियो । जितपुरसिमरा उबासंघ, बारा उबासंघ तथा बीरगंज उबासंघका अध्यक्ष, उपाध्यक्षहरु समेत सहभागी भएका थिए । प्रदेश २ का अध्यक्ष, गणेश प्रसाद लाठको बिशेष समुपस्थितिमा आयोजित सो बैठकमा संयुक्त श्रम संगठनले मांग गरे बमोजि नेपाल सरकार, विभिन्न ट्रेड युनियन र निजि क्षेत्र बीच प्रदेश स्तरिय तथा त्रीपक्षिय सामाजिक संवाद संयन्त्र हेतु निम्नलिखित नाम पठाइयो ।

**रोजगारदाताको तर्फवाट**

श्री गणेश प्रसाद लाठ - संयोजक
श्री राजकुमार साह - सदस्य
श्री संजय कुमार साह - सदस्य
श्री हरि प्रसादगौतम - सदस्य
श्री माधव राजपाल- सदस्य

**ट्रेड युनियन तर्फवाट**

श्री अर्जुन चिमोरिया- सदस्य
श्री कमलेश झा सदस्य- सदस्य
श्री लक्षमण प्रसादकुर्मी- सदस्य

तथा प्रदेश सरकारको तर्फवाट पनि पाँचजना सदस्यहरु पठाउन प्रदेश सरकारको सम्बन्धित मंत्रालयलाई अनुरोध गरिएको छ ।

- मिति २०७८/०४/२३ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश न-२ कार्यसमितिको छैठौ बैठक बीरगंज उवासंघको बैठक कक्षमा सम्पन्न गरियो । कुल दुई सत्रमा विभाजित सो बैठकको प्रथम सत्रमा नेउवामहासंघका उपाध्यक्ष(जिल्ला तथा नगर) श्री दिनेश श्रेष्ठ ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो । सो सत्रमा प्रदेश नं-२ का उद्योग बाणिज्य संघहरुका कार्यगत चुनौती तथा समाधानका साथै नेउवामहासंघ प्रदेश नं-२ को सुदृढीकरण वारे छलफल भयो । उपाध्यक्ष श्री दिनेश श्रेष्ठ ज्यूले नेउवामहासंघका सम्पन्न भएका महत्वपुर्ण गतिविधी तथा उपलब्धीहरुबारे जानकारी गराउनुको साथै भावी कार्यक्रमहरुबारे जानकारी गराउनु भएका थिए ।
- मिति २०७८/०४/२७ गते नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश न-२ मा निम्न लिखित समितिहरुको गठन गरियो ।

श्री संजय कुमार साह- संयोजक ( वारा पर्सा अध्यौगिक कोरिडोर समिति)
श्री माधव राजपाल- संयोजक ( प्रदेश तथा स्थानीय निकाय समन्वय समिति )
श्री राजेश अग्रवाल- संयोजक ( सचिवालय सुदृढीकरण समिति )
श्री जितेन्द्र महासेठ- संयोजक ( भौतिक संरचना विकास समिति )

- मिति २०७८/०५/०८ गते परराष्ट्रमन्त्रालयको आयोजनामा “नेपाल निर्यात ब्यापार, लगानी प्रबर्धन र विदेश स्थित नियोगको भूमिका” बिषयक अन्तरक्रिया तथा छलफल कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं-२ का अध्यक्ष श्री गणेश प्रसाद लाठ ज्यूले आयात निर्यात तथा पारवाहनमा देखा परेका समस्यातथा सोको सम्भावित निदान बारे बिस्तारमा अवगत गराउनु भएका थिए । परराष्ट्र मन्त्रालयका सह-सचिव श्री भारत कुमार रेग्मी ज्यूको अध्यक्षतामा आयाजित सो कार्यक्रम होटल भिष्वा, बीरगंजमा आयोजन गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रमुख, बीरगंज उद्योग बाणिज्य संघका अध्यक्ष तथा अन्य

पदाधिकारी,श्री हरिप्रसाद गौतम(सभापति, रोजगारदाता समितिः नेउबामहासंघ, प्रदेश २), श्री अशोक अग्रवाल (सभापति, यातायात, पारवाहनतथा आइसीडी समितिः नेउबामहासंघ, प्रदेश २), श्री प्रदिप केडिया (सभापति, भंसार तथा कर समितिः नेउबामहासंघ, प्रदेश २),श्री अशोक बैद्य (सभापति, नेपाल भारत ब्यापार सहजीकरण समितिः नेउबामहासंघ, प्रदेश २) को उपस्थिति रहेको थियो ।

- मिति २०७८/०५/०९ गते नेपाल उद्यमी युवा फोरम बीरगंज र इकोनोमिक रिपोर्टर्स एसोसिएसनले आयोजना गरेको "युवा उद्यमशीलता : अवसर र चुनौती" बिषयक छलफल कार्यक्रममा अध्यक्ष श्री गणेश प्रसाद लाठ ज्यू प्रमुख अथितिको रुपमा सहभागी हुनुहुन्थ्यो । सो कार्यक्रममा अध्यक्ष गणेश प्रसाद लाठ ज्यूले सूचना, प्रविधिले उद्यम ब्यापार सहज बनाएको र यसबाट अवसरहरु सृजना हुनुका साथै सूचना प्रविधिले ल्याएका अवसरको उपयोगमा युवाहरु चनाखो हुनुपर्नेमा जोड दिनुभयो ।

विविधः

क) उपर्युक्त कार्यक्रमहरुका साथै विभिन्न सरकारी, गैरसरकारी संस्थाहरुको कार्यक्रमहरुमा नेउबामहासंघ, प्रदेश २ को तर्फबाट गणेशप्रसाद लाठ उपस्थितहुनु भएका थिए ।

ख) नेउबामहासंघ, प्रदेश २ का विभिन्न समितिको विस्तारिकरण तथा भावी कार्ययोजना बनाउने काम जारी छ ।

- मिति २०७८ भदौ १० गते उद्योग,पर्यटन तथा वन मन्त्रालय प्रदेश नं-२ को आयोजनामा Formulation of Provincial Climate Change Strategy and Action Plan Program मा नेउवामहासंघ प्रदेश नं-२ का कार्यकारी निर्देशक प्रदीप कुमार दत्तको सहभागिता रहेको थियो ।
- मिति २०७८ असोज ३ गते उद्योग,पर्यटन तथा वन मन्त्रालय प्रदेश नं-२ को आयोजना तथा HECT Consultancy को सहकार्यमा संचालित Validation Workshop of Climate Change Strategy and action Plan of Province 2 को कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ का कार्यकारी निर्देशक प्रदीप कुमार दत्तको सहभागिता रहेको थिया ।
- मिति २०७८ असोज ५ गते सप्तरी उद्योग बाणिज्य संघको ११ औ साधारण सभा मिति २०७८ साल असोज ९ गते आयोजना भएको अवसरमा नेउवामहासंघ प्रदेश नं-२ द्वारा शुभकामना संदेश पठाइएको थियो ।
- मिति २०७८ असोज ४ गते सिरहा उद्योग बाणिज्य संघको नवनिर्मित तथा उदघाटन समारोहमा नेपाल उद्योग बाणिज्य महासंघ प्रसेश नं-२ का केन्द्रीय सदस्य श्री विजय कुमार साह, एसोसिएट उपाध्यक्ष श्री राजेश कुमार अग्रवाल, महोत्तरी उद्योग बाणिज्य संघका अध्यक्ष श्री मोहन प्रसाद गुप्ता तथा नेउवामहासंघ प्रदेश नं-२ कार्यकारी निर्देशक प्रदीप दत्त को सहभागिता रहेको थियो ।
- मिति २०७८ असोज ७ गते युनेसेफ फिल्ड कार्यालय जनकपुर, तथा अन्तरास्ट्रिय श्रम कार्यालय (ILO), श्रम रोजगार तथा सामाजिक मन्त्रालय, महिला वाल बालिका तथा सामाजिक सुरक्षा समिति, राष्ट्रिय मानव अधिकार आयोग जनकपुरधाम, महिला बाल बालिका तथा खेलकुद मन्त्रालय, श्रम कार्यालय जनकपुरको सहभागितामा आयोजना भएको दिगो बिकाश लक्ष सप्ताह तथा दिगो बिकाश लक्ष ८.७ : बाल श्रम अन्तरक्रिया कार्कममा नेउवामहासंघ प्रदेश नं- २ का कार्यकारी निर्देशक प्रदीप दत्तको सहभागिता रहेको थियो ।
- .मिति २०७८ असोज १० गते महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय प्रदेश नं- २ द्वारा आयोजना गरिएको २०७८/२०७९ को जेष्ठ नागरिक सम्बन्धि बजेट कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ का कार्यकारी निर्देशक प्रदीप कुमार दत्तको सहभागिता रहेको थियो ।
- मिति २०७८ असोज १७ गते ग्रामिण उद्यम तथा आर्थिक बिकाश आयोजना ( REED) आर्थिक करिडोर कार्यालय बर्दिबासको आयोजनामा आर्थिक करिडोर प्राबिधिक तथा सम्वन्वय समितिको कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ का कार्यकारी निर्देशक प्रदीप कुमार दत्तको सहभागिता रहेको थियो ।. मिति २०७८ असोज १७ र १८ गते नेपाल सरकार बन तथा बातावरण मन्त्रालय र संयुक्त राष्ट्र संघिय बातावरण कार्यक्रमको साझेदारीमा संचालनमा रहेको Building capacity to Advance National Adaptation Plan- NAP Process in Nepal Document को मस्यौदा उपर छलफल कार्यक्रममा

नेउवामहासंघ प्रदेश नं-२ का महिला उद्यमशीलता बिकाश समितिका संयोजक डा. सोनी महतो तथा कार्यकारी निर्देशक प्रदीप दत्तको सहभागिता रहेको थियो ।

- मिति २०७८ कार्तिक १२ गते नेपाल हस्तकला महासंघ द्वारा आयोजना गरिएको महिला हस्तकला मेला जनकपुरधाममा सो समारोहको उद्घाटन समारोहको आतिथ्यता नेउवामहासंघ प्रदेश नं-२ का एसोसिएट उपाध्यक्ष श्री राजेश कुमार अग्रवालको सहभागिता रहेको थियो । ,
- मिति २०७८ कार्तिक १५ र १६ गते नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजनामा दुइ दिने सम्म चल्ने ब्यापार क्षमता अभिबृद्धि सम्बन्धि प्रदेश नं-२ स्तरीय प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमको उद्घाटन स्तरमा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ का अध्यक्ष श्री गणेश प्रसाद लाठ तथा दुई दिने सम्म चल्ने अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ रोजगारदाता समितिका सभापति श्री हरि प्रसाद गौतम , बैंक, वित्त तथा बिमा समितिका संयोजक श्री अनिल कुमार अग्रवालको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल कार्तिक २८ गते नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, होटेल महासंघ नेपाल र नेपाल निर्मा व्यवसायी महासंघको संयुक्त आयोजनामा British Council Dakchyata Project को व्यवस्थापन तथा European Union को आर्थिक सहयोगमा संचालित भिब परियोजना द्वारा Electrician पेशाको पेशागत मापदंड बिकाश बिषयक गोष्ठीको समुद्घाटन सत्रमा नेउवामहासंघ प्रदेश नं-२ का बैंक वित्त तथा बिमा समिति का संयोजक श्री अनिल कुमार अग्रवाल तथा रोजगारदाता समितिका संयोजक श्री हरि प्रसाद गौतम ज्युको सहभागिता रहेको थियो ।
- मिति २०७८ कार्तिक २३ र २४ गते ELMS Operational UNIT (EOU) को आयोजनामा Establishing on Employer led Labour Market Secretariat Training on ELMS and LMI Concept सम्बन्धि चितवनमा भएको कार्यक्रममा नेउवामहासंघ प्रदेश नं-२ का सचिवालय प्रमुख प्रदीप दत्तको सहभागिता रहेको थियो ।
- मिति २०७८ मङ्सिर ९ गते होटल मकालु बीरगंजमा प्रदेश रोजगारदाता परिषदको सदस्यको क्षमता अभिब्रिधि कार्यक्रममा नेउवामहासंघ प्रदेश नं२ का अध्यक्ष श्री गणेश प्रसाद लाठ , रोजगारदाता समितिका संयोजक श्री हरि प्रसाद गौतमको सहभागिता रहेको थियो।,
- मिति २०७८ मङ्सिर ९ गते देखि ११ गते सम्म Asian Disaster Preparation Center (ADPC) र Asian Preparation Partnership ( APP– II) संयुक्त आयोजना होटेल हिमालय, कुपन्डोल ललितपुरमा Training Course on Business Continuity (BCM)I सम्बन्धि तिन दिने तालिममा प्रदेशको प्रतिनिधित्व रहेको थियो ।
- मिति २०७८ मङ्सिर १२ गते श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय काठमाडौं द्वारा आयोजना गरिएको कार्ययोजना निर्माण सम्बन्धमा प्रदेश स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा संस्थागत सुधार मार्फत न्यायमा पहुच परियोजनाको सहकार्यमा भएको कार्यक्रममा प्रदेशको सहभागिता रहेको थियो । ,
- २०७८ साल मङ्सिर १७ देखि १९ गते कृषि उद्यम केन्द्रको चंद्रपुर मा आयोजना भएको व्यवसायिक योजना सम्बन्धि तालिममा प्रदेशको सहभागिता रहेको थियो । ,
- मिति २०७८ मङ्सिर २४ गते गोरखा उद्योग बाणिज्य संघको ४६ औ साधारण सभा तथा १६ औ अधिवेसन मिति २०७८ साल पौष ११ र १२ गते आयोजना भएको अवसरमा नेउवामहासंघ प्रदेश नं-२ द्वारा शुभकामना संदेश पठाइएको थियो ।
- मिति २०७८ पौष १ गते नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ का अध्यक्ष श्री गणेश प्रसाद लाठ ज्युको अध्यक्षतामा कार्यसमितिको बैठक काठमाडौंमा गरिएको थियो, सो बैठकमा प्रदेश उद्योग बाणिज्य महासंघका समसामयिक बिषय वस्तुमा छलफल हुनेका साथै Employers Led Labor Market Secretariat (ELMS) परियोजना,

Rural Enterprise and Development Project ( REED) तथा Provincial Agriculture Enterprise Center ( AEC) Operating Draft Guidelines सम्बन्धमा गहन छलफल भएको थियो ।

- मिति २०७८ पौष १ गते नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं-२ तथा नेपाल उद्योग बाणिज्य महासंघ बागमती प्रदेश को आयोजनामा अन्तरक्रिया गरिएको थियो सो कार्यक्रममा नेउवामहासंघ जिल्ला/ नगर उपाध्यक्ष श्री दिनेश श्रेष्ठ ज्यु नेउवामहासंघ प्रदेश नं-२ तथा बागमती प्रदेशका पदाधिकारीहरु समसामयिक चुनौती तथा आ- आफ्ना Strength and Weakness सम्बन्धमा व्यापक छलफल भएको थियो । ,
- मिति २०७८ पौष २ गते नेउवामहासंघ प्रदेश नं- २ का अध्यक्षतामा गएको प्रतिनिधिमण्डलले माननीय अर्थ मन्त्री श्री जनार्दन शर्मा तथा तत्कालिन बाणिज्य सचिव श्री दिनेश भभ्राईसंग भेट गरी प्रदेश नं-२ का अल्पकालीन तथा दिर्घकालिन समस्याहरुबाट अवगत गराउनु भएको थियो ।

विविध:

क) उपर्युक्त कार्यक्रमहरुका साथै बिभिन्न सरकारी, गैरसरकारी संसथाहरुको कार्यक्रमहरुमा नेउवामहासंघ प्रदेश नं- २ को तर्फबाट गणेश प्रसाद लाठ उपस्थित हुनु भएका थिए ।

- मिति २०७८/०९/१६ गते मुख्य मन्त्रि लाल बाबु राउतको प्रमुख आतिथ्यमा भएको बहुउद्देशीय पोषण योजना सम्बन्धि प्रदेश स्तरीय अभिमुखीकरण सम्बन्धि कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं. २ को सहभागिता रहेको थिया ।
- मिति २०७८/०९/२६ गते मुख्य मन्त्री लाल बाबु राउतको प्रमुख आतिथ्यमा भएको राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औ बार्षिक साधारण कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ प्रदेश नं. २ को सहभागिता रहेको थियो ।
- मिति २०७८/१०/ २५ गते भएको महिला वालवालिका, युवा तथा खेलकुद मन्त्रालय मधेश प्रदेशमा ज्येष्ठ नागरिक सम्मन्वय समितिको दोश्रो बैठकमा प्रदेश नं. २ को सहभागिता रहेको थियो ।

**नेउवामहासंघ–वाग्मती प्रदेश :**

- नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष श्री दिलसुन्दर श्रेष्ठले Scheer Memorial Hospital बनेपामा उपचार भइरहेका सम्पूर्ण कोभिडका विरामीलाई ब्रेकफास्ट, लन्च टिफिन र डिनर प्याकेटहरुको व्यवस्था गरि सहयोग गर्नु भएको थियो ।
- नेपाल उद्योग वाणिज्य महासंघले गत २०२१ जुन ६ मा गत आर्थिक बर्षको बजेट र त्यसपछि आएको अध्यादेशमा कर प्रणालीका सम्वन्धमा जानकारीमूलक अन्तरक्रिया कार्यक्रममा निम्न सुझावहरु प्रस्तुत गरिएको थियो ।
    - काठमाडौंका औद्योगिक क्षेत्रहरुलाई हटौंडा सार्नेकुरा आएको र यसबाट उद्योगहरु मर्माहित भएको र मयूरधाम पूर्वाधार तयारी नभएकोले तत्काल यो व्यवस्था गर्न नहुने सुझाव दिइएको थियो ।
- सम्पूर्ण प्रन्ट लाइनमा रहेका व्यावसाकि, आपूर्तिकर्ताहरु, होलसेलर, खुद्रा व्यवसायीहरुलाई खोपको व्यवस्था गरिदिन नेपाल उद्योग वाणिज्य महासंघलाई अनुरोध गरिएको थियो । २०७८ साल जेठ २३ गते बागमती प्रदेशको कार्यकारिणी समितिको बैटक जुम माध्यमबाट सम्पन्न भएको थियो ।

**बागमती प्रदेश भित्रका जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुले कोभिड १९ मा सहयोग**

कोभिड १९ दोश्रो लहरको कोभिड संक्रमणको विस्तार भएसंगै नेउवामहासंघ बागमती प्रदेश अन्तरगतका जिल्ला नगर उवासंघ ललितपुर, भक्तपुर, चितवन, सिन्धुपाल्चोक, खैरहनी, नेउवासंघ काठमाडौं, दोलखा, रामेछाप, नुवाकोट, धादिंग, काभ्रे मकवानपुर, रत्ननगर, थाहानगर, सिन्धुली, धुलिखेल र रसुवाका उद्यमी व्यवसायीहरु कोभिड समस्यामा परेका मानिसहरुलाई सहयोग गर्न अहोरात्र खटेको थियो । आइसोलेशन निर्माण, सन्चालन, स्वास्थ्य सामग्रीरुको व्यवस्था, अक्सिजन/कन्सन्ट्रेटर लगायतका अत्यावश्यक औषधिहरुको सहज आपूर्ति, अक्सिजन

आपूर्ति, स्वास्थ्य सामग्रीहरु हस्तान्ततरण, स्वास्थ्य परामर्श, हेल्प डेस्क मार्फत सहयोगमा जुटिएको थियो ।

**नेउवामहासंघ–वाग्मती प्रदेशको कार्यालय स्थापना :**

ने.उ.वा. महासंघ बागमती प्रदेशको कार्यालय हेटौडामा स्थापना गरिएकोछ । हाललाई मकवानपुर उद्योग वाणिज्य संघसंगको भवनमा साझेदारी गरि महासंघको कार्यालय स्थापना गएिको छ । वागमती प्रदेश अन्तर्गत रहेका १३ वटा जिल्ला, १४ वटा नगरउद्योग वाणिज्य संघ लगाएत ७८ वटा एसोसियट तथा ६ वटा वस्तुगत सदस्यहरुलाई छिटो, छरितो र प्रभावकारी रुपमा सेवा प्रदान गर्न कार्यालय स्थापनाले सहजता मिल्ने विश्वास गरिएको छ ।

**लगानी प्रवर्द्धन समितिको बैठकमा सहभागीता**

कार्तिक ४, उद्योग पर्यटन तथा वातावाण मन्त्रालय बागमती प्रदेशले आयोजना गरेको बैठकमा वाग्मती प्रदेशका अध्यक्ष श्री दिल सुन्दर श्रेष्ठ, महासंघका कार्यकारिणी समिति श्री डि.वी बस्नेतले सहभागीता जनाउनु भयो । माननीय मन्त्री श्री शान्ति प्रसाद पौडेलको सभापतित्वमा आयोजित सो बैठकमा समितिमा प्रतिनिधित्व गर्ने बिभिन्न मन्त्रालयका सचिवज्यूहरु लगायतको उपस्थिती रहेको थियो । बैठकमा बागमती प्रदेश भित्र उद्योग तथा ब्यवसाय संचालनका निमित्त आवश्यक प्रकृयाहरु र सोमा सहजीकरण र सहजता ल्याउने बिषयमा छलफल भएको थियो ।

## कार्यसमितिको पाँचौ बैठक सम्पन्न

कार्तिक ६, गतेका दिन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको कार्यकारिणी समितिको पाँचौ बैठक हेटौडामा सम्पन्न भएको छ । अध्यक्ष दिलसुन्दर श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको बैठकले विभिन्न निर्णय भयो । उक्त बैठकले महासंघको बिभिन्न बिषयगत समितिहरुलाई पूर्णता दिने लगायत महासंघको आगामी कार्यक्रमहरु तर्जुमा गर्ने बारे महत्वपूर्ण बिषयमा छलफल तथा निर्णय गरिएको थियो ।

## मुगुका अग्नि पिडितलाई आर्थिक सहयोग

हिमाली जिल्ला मुगुको सदरमुकाम गमगढीका अग्नि पीडितहरुलाई राहत स्वरुप नेपाल उद्योग वाणिज्य महासंघ बागमतीले रु ५० हजार आर्थिक सहयोग उपलब्ध गराएकोछ । उद्योग वाणाज्य संघ मुगुले अग्निपीडित २१ परिवारको सहयोगार्थ संचालन गरेको राहत संकलन अभियानमा हात्तेमालो गर्दै महासंघ बागमती प्रदेशले उक्त सहयोग उपलब्ध गराएको हो । मुगु उद्योग वाणिज्य संघले बिभिन्न सहयोगीहरु मार्फत संकलन भएको रु ८ लाख ८० हजार नगद अग्नि पिडित २१ परिवारका ५० जनालाई हस्तान्तरण गरिसकेकोछ ।

## नगर उद्योग वाणिज्य संघका पदाधिकारीहरुको क्षमता बिकासका लागि कार्यशाला गोष्ठि

मंसीर १८ र १९ गते, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले आफ्ना बस्तुगत तथा नगरभित्रका सदस्य संघहरुको शिप तथा क्षमता अभिवृद्धि गर्ने हेतुले धुलिखेलको माउण्ट प्रिन्सेस होटलमा दुईदिने कार्यशाला गोष्ठीको आयोजना गरेकोछ । नगरभित्रका ९ वटा वाणिज्य संघ र ४ वटा वस्तुगत संघका ४२ जना कार्य समिति पदाधिकारीको सहभागीता रहेको थियो ।

महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठको प्रमुख आतिथ्यतामा एक औपचारिक कार्यक्रमको आयोजना गरी उद्घाटन गरिएको सो कार्यशाला गोष्ठी सम्पन्न भएको हो ।

सहजकर्ता बिनय महर्जनको सहजिकरणमा संचालित सो कार्यशाला गोष्ठीमा वाणिज्य संघका पदाधिकारीहरुले वहन गर्नुपर्ने काम, कर्तब्य र जिम्मेवारी लगायत संघ संचालनको प्रकृया र तरिकाहरुबारे शीप र ज्ञान प्रदान गरिएको थियो । महासंघको बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठले सो गोष्ठीले नव गठित नगर उद्योग वाणिज्य संघलाई सु- संगठित तथा सु-व्यवस्थित रुपमा संचालन गर्नको लागि आवश्यक क्षमता तथा दक्षता अभिवृद्धि गर्न मद्दत पुऱ्याएको बताउनु भयो ।

## दुई प्रदेश महासंघ बिच अन्तर्क्रिया कार्यक्रम

पौष १, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र प्रदेश नं २ बिच अन्तर्कृया तथा बि टु बि बैठक सम्पन्न भएको छ । दुबै प्रदेश महासंघका पदाधिकारीहरुको उपस्थितीमा सम्पन्न सो बैठकमा व्यवसायिहरुको साझा समस्या र समाधानका उपायहरुको बारेमा छलफल गरिएको थियो ।

महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठको प्रमुख आतिथ्यता तथा बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको सभापतित्वमा सम्पन्न सो अन्तर्कृयात्मक बैठकमा प्रदेश नं २ का अध्यक्ष गणेश प्रसाद लाठको बिशिष्ठ आतिथ्यता रहेको थियो । कार्यक्रममा उपस्थित दुबै प्रदेश महासंघका पदाधिकारीहरुले सरकारले ल्याएको नितिहरु व्यवसाय मैत्री नभएको गुनासो पोखेका थिए ।

सिमाको ब्यापारीहरुलाई दुरुत्साहन गर्ने सरकारी निती प्रती सबै उद्योगी ब्यवसायिहरुले आवाज उठाउनु पर्ने राय ब्यक्त गर्दै सहभागीहरुले सिमामा नगद सटही काउण्टरको ब्यवस्था गर्नुपर्ने लगायत नयाँ उद्योग स्थापना गर्ने उद्योगिहरुको लागि एकिक्रित कानुन लागु गर्नु पर्ने लगायतका मुद्दाहरुलाई शसक्त रुपमा उठाउनु पर्ने बिचार ब्यक्त गरेका थिए ।

महासंघको प्रदेश नं २ का अध्यक्ष गणेश लाठले सिमा क्षेत्रमा उद्योग संचालन गर्न निक्कै कठिन भएको बताउँदै उद्योग स्थापनाको लागि सम्बन्धित निकायहरु पिच्छेनै फरक फरक नियम र प्रकृया अबलम्वन गर्नुपर्ने भएकोले उद्योगीहरुले सास्ती खेप्नु परेको र हतास भएर फर्कनु पर्ने अवस्था रहेको बताउनु भयो ।

अनावश्यक निती नियम र कानुन थोपर्नाले ब्यवसायीहरु प्लायन हुँदै गएको बताउँदै अध्यक्ष लाठले ब्यवसायी मैत्रीनिती तथा कानुनहरु निर्माणका लागि सरकारले ध्यान नदिएको आरोप लगाउनु भयो ।

कार्यक्रममा आफ्नो बिचार ब्यक्त गर्दै महासंघ प्रदेश न २ का कार्यसमिती सदस्य सुबोध कुमार गुप्ताले उद्योग स्थापनाको लागि जग्गा खरिद गर्नमै ठुलो लगानी गर्नु पर्ने बाध्यता रहेको बताउँदै सरकारले प्रत्येक नगरमा औद्योगिक क्षेत्रको स्थापना भएमा उद्योगिहरुलाई सहज हुने बताउनु भयो । त्यस्तै उद्योगी हरी गौतमले जग्गा खरिद गरेर उधोग स्थापना गर्ने कार्यलाइ सरकारलेनै दुरुत्साहन गर्नुपर्ने बताउनु भयो ।

महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले सरकारले उत्पादित मुल्य र बिक्रीमुल्यको अन्तर २० प्रतिशत हुनु पर्ने भनी जबरजस्ती नियम लाद्न खोजेको आरोप लगाउँदै यही नितीलाई कार्यान्वयन गर्ने भए सबै उद्योगीहरुले आफ्नो उद्योगको साँचो सरकारको पोल्टोमा सुम्पेर हिंड्ने अवस्था आउने तर्फ सचेत गराउनु भएको थियो ।

त्यस्तै बागमती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठले देश भरीकै उधोगी तथा ब्यवसायिहरु एक जुट भएर उद्योग मैत्री निती नियम निर्माणका लागि सरकारसंग आवश्यक वकालत, सहकार्य र समन्वयगर्नु पर्ने आवश्यकता औंल्याउनु भयो ।

एकदिने सो अन्तर्कृयात्मक बैठकमा दुबै प्रदेशका ब्यापारी तथा उद्योगीहरु बिच एक अर्काको ब्यवसायलाई बढावा दिनको लागि के कस्तो सहयोग सहकार्य र समन्वय गर्न सकिन्छ भन्ने बारे वृहहत छलफल समेत गरिएको थियो ।

**<u>नेउवामहासंघ–गण्डकी प्रदेश</u>**

- मिति २०७८ बैसाख ०४गतेका दिन नेपालउद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश र राष्ट्रिय उपभोक्ता मन्च, गण्डकी प्रदेशको संयुक्त आयोजनामा “स्वच्छ बजारका लागी ब्यबसायिक तथा उपभोक्ता सचेतना”बिषयक अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको थियो ।
- मिति २०७८ बैसाख ०५गतेका दिन गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयको आयोजनामा प्रदेश ब्यवसाय मन्च (गठन आदेश) २०७६ को दफा ९ बमोजिम गठन हुने कार्यसम्पादन समुहको संरचना सम्वन्धमा छलफल कार्यक्रममा आफ्नो लिखित राय सुझव सहित अध्यक्ष श्री संजीबबहादुर कोईरालाको उपस्थिती रहेको थियो ।
- मिति २०७८ जेठ ६ गते नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेशको कार्य समितिको बैठक भर्चुअल माध्यमबाट बसि कोभिड-१९ को प्रकोप न्यूनीकरणका उपायहरुका बारेमा छलफल भएको थियो ।
- मिति २०७८ जेठ २१ गते नेपालउद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेशको कार्यसमितिको बैठक भर्चुअल माध्यमबाट बसि गण्डकी प्रदेश सरकारले प्रस्तुतगर्न लागेको आ.व. २०७८/७९ को बजेटको लागी राय सुझाव संकलन गरी प्रदेश सरकारलाई पेश गरिएको थियो ।
- कोभिड बिरामीको चाप बढिरहेको अवस्थामा गण्डकी प्रदेशका सबै जिल्लाहरुमा आवस्यकता अनुसार २०० वटा बेडको ब्यबस्थापन गर्नको लागी प्रदेश सरकारसंग समन्वय गरिएको ।
- प्रदेश भित्रका सबै जिल्ला/नगर संग समन्वय र सम्पर्क गरी कोरोनाको प्रभाव र जनजिवनको अवस्थाको बारेमा प्रत्येक हप्तामा जानकारी लिई सम्वन्धित निकायहरुमा रिपोटिङ्ग गरिएको ।
- महासंघको पहलमा कोभिड संक्रमण देखिएका ब्यवसायीहरुलाई उपचारको लागी प्रदेश कार्यसमितिका सदस्य रामचन्द्र रेग्मीले आफ्नै स्वामित्वमा रहेको चरक हस्पिटलमा ईमर्जेन्सि सेवाको ब्यवस्था ।
- २०७८/३/४ देशैभरी अबिरल बर्षाका कारण बाढी, पहिरो जानुका साथै धनजनको क्षति भएको अबस्थामा प्रकोपको प्रभाबितहरूका लागी सम्बन्धित जिल्ला, स्थानिय निकाय, जिल्ला विपद व्यवस्थापन समिति साथै रेडक्रस जस्ता संस्थाहरूसंग समन्वय गरी प्रभावित स्थानहरूमा सर्वशुलभ खाद्यान्न तथा अन्य अत्यावश्यक सामान सहयोग गर्न प्रदेश भित्रका सबै जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूलाई अध्यक्ष श्री संजीब बहादुर कोईराला बाट निर्देशन ।
- २०७८/३/७ गतेका दिन नेपाल सरकारका तत्कालीन प्रधानमन्त्री के.पि.शर्मा ओली तथा गृहमन्त्री खगराज अधिकारी समक्ष निजि क्षेत्रका उद्योगीहरू, मजदुरहरू, तरकारि तथा फलफूल व्यवसायी ग्याँस व्यवसायी लगायत फ्रन्टलाईनबाट सेवा गर्नेसम्पुर्ण व्यवसायीहरूलाई अनिवार्य रूपमा खोपको माग गर्दै अध्यक्ष श्री संजीब बहादुर कोईराला द्वारा ज्ञापन पत्र दिदैं नेपाल सरकारको ध्यानआकर्षण ।

- २०७८/४/१७-२० गण्डकी प्रदेश सरकार वन, वातावरण तथा भु-संरक्षण मन्त्रालयद्वारा आयोजित जलवायु परिवर्तन र अनुकुलनबारे क्षमता अभिबृद्धी तालिममा कार्यसमिति सदस्य श्रीलक्ष्मि प्रसाद त्रिपाठीको सहभागिता रहेको थियो ।

- २०७८/४/२० नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशद्वारा आयोजित गण्डकी प्रदेश सरकारका नव निर्वाचित मा.मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल तथा मा. मन्त्री ज्यू हरूलाई स्वागत सम्मान तथा अन्तरक्रिया कार्यक्रमसम्मपन्न गरीयो ।

- २०७८/४/२१ गण्डकी प्रदेश सरकारका मा.मुख्यमन्त्री कृष्णचन्द्र नेपालीपोखरेल ज्यू तथा स्वास्थमन्त्री ज्यू संग संस्थाका अध्यक्ष श्री संजीब बहादुर कोईराला लगायत कार्यसमितिका सदस्यहरूद्वारा एक प्यान एक खोपको लागी ध्यानाकर्षण ।

- ०७८/४/२७ गतेका दिन ने.उ.वा.म.काठमाण्डौ द्वारा आयोजित कामदार तथा कर्मचारि व्यवस्थापन एंव श्रम ऐन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा महिला उद्यमीकासभापति श्री रामकली खड्का लगायत सदस्यहरूको सहभागिता।

- ०७८/४/३० गतेका दिनने.उ.वा.सघं काठमाण्डौको दोस्रो साधारण सभामा अध्यक्ष श्री संजीब बहादुर कोईराला तथा उपाध्याक्ष श्री ओमप्रसाद पौडेल उपाध्यक्ष श्री मोति प्रसाद पौडेल कोषाध्यक्ष श्री श्रवण कुमार जोशीको सहभागिता ।

- ०७८/५/४ गतेका दिन ने.उ.वा.म.,ने.उ.वा.म. गण्डकी प्रदेश, आई.एल. ओ. (I.L.O) तथा महिला उद्यमि सघं नेपाल कास्कीको सयुंत्त आयोजनामा Gender Based Violence and Harassment at the Workplace :Prevention, Protection and Response . सम्बन्धि एक दिने कार्यशाला गोष्ठीमा अध्यक्ष श्री संजीब बहादुर कोईराला उपाध्यक्ष श्री मोती प्रसाद पौडेल कार्यसमिति सदस्य श्री सुर्य बहादुर भुजेल कार्यसमिति महीला सदस्य श्री रामकली खड्का कार्यसमिति सदस्यश्री लक्ष्मि त्रिपाठी लगायत १५ जनाको उपस्थिति ।

- ०७८/५/७ गतेका दिन गण्डकी प्रदेश प्रादेशिक प्राविधिक तथा व्यवसायिक परिषद द्वारा आयोजित प्राविधिक तथा व्यवसायिक शिक्षा एंव तालिम विषयक बैठकमा अध्यक्ष श्री संजीब बहादुर कोईराला उपाध्यक्ष श्री मोति प्रसाद पौडेल कार्यसमिति सदस्य श्री सुर्य बहादुर भुजेल लगायत सहभागी ।

- ०७८/५/९ गते ने.उ.वा.महासंघद्वारा आयोजित महिला उद्यमीहरू बाट उत्पादित बस्तुहरूको बजारिकरण सम्बन्ध अन्तक्रीया कार्यक्रममा महीला उद्यमी उपसमिति सभापति श्री रामकली खड्का लगायत प्रत्येक जिल्ला नगर वाणिज्य संघहरूबाट एक एक जना गरि १५ जना महीला उद्यमीहरूको सहभागिता ।

- ०७८/५/ ११ गते **EIMS** को आयोजनामा आयोजित श्रम बजार तथा रोजगार सम्बन्धी कार्यक्रममा अध्यक्ष श्री संजीब बहादुर कोईराला कार्यसमिति सदस्य सुर्य बहादुर भुजेल कार्यसमिति सदस्य लक्ष्मि प्रसाद त्रिपाठीको सहभागिता ।

- ०७८/५/११ गते ने.उ.वा.महासंघद्वारा आयोजित उद्योग वाणिज्य परिषदको भावि योजनाबारे कार्यशाला गोष्ठीमा अध्यक्ष श्री संजीब बहादुर कोईरालाको सहभागिता ।

- 078/5/13 गण्डकी प्रदेश सरकार शिक्षा , संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको आयोजनामा श्रम तथा रोजगार नीतिको मस्यौदा सम्बन्धि छलफलमा अध्यक्ष श्री संजीव बहादुर कोईरालाको भाग लिनु भई श्रम तथा रोजगार नितिको वारेमा उद्योग वाणिज्य संघको धारणा प्रस्तुत ।

- 078/5/13 नेउवासंघ तथा UNICEF Nepal को आयोजनामा आयोजित मानसिक स्वास्थ तथा डिप्रेसन व्यवस्थापन सम्बन्धी व्यवस्थापनका बिषय छलफल कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले मानसिक स्वास्थ तथा डिप्रेसन व्यवस्थापन सम्बन्धी व्यवस्थापनका बारेमा महत्वपुर्ण ध्यान आकर्षण ।
- 078/5/२९नेउवामहासंघको आयोजनामा महिला उद्योगि हरूको उद्योगमा लाग्दाका अप्ठ्याराहरू बिषयक कार्यक्रममा महिला उद्यमि संयोजक श्री रामकली खड्का लगायत उद्यमि महिलाहरूको सहभागीता ।
- 078/5/30 नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको कार्यसमितिको छैठौं बैठक सम्पन्न बैठकमा कार्यसमितिसदस्य पदेन सदस्य तथा सल्लाहकार र आमन्त्रीत सदस्यहरुको सहभागिता बैठकले महत्वपुर्ण निर्णयहरूको गरेको ।
- 078/6/1 गण्डकी प्रदेश सरकार पर्यटन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट चाडबाडमा खाद्यान्न आपुर्ति तथा खाद्य सुरक्षा सम्बन्धमा भएको कार्यक्रममा कार्यसमिति सदस्य श्री सुर्य बहादुर भुजेलले सहभागिता जनाउदै चाडबाडमा खाद्यान्न आपुर्ति तथा खाद्य सुरक्षा सम्बन्धमा महत्वपुर्ण सुझाव प्रस्तुत ।
- 078/6/3 गण्डकी प्रदेश सरकारद्वारा आयोजित संविधान दिवसको आयोजनामा आयोजित स्वागत सम्मान कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाको सहभागीता ।
- 078/6/4 बन वातावरण तथा भु:संरक्षण मन्त्रालयको आयोजनामा जलवायु परिवर्तन सम्बन्धी १ दिने गोष्ठीमा आर के पोखेलको सहभागीता रहेको तथा जलवायू परिवर्तन सम्बन्धी समस्या र यसको समाधानको बिषयमा जनचेतना फैलाउन सूझाव प्रस्तुत ।
- 078/6/8 गण्डकी प्रदेश सरकारको आयोजनामा कोभिड बिरूद्वको अभियानमा सहयोग गरेबापत सम्मान कार्यक्रममा उपाध्यक्ष श्री ओम प्रसाद पौडेलको सहभागिता रही सम्मान व्यक्त ।
- 078/6/९ नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयको आयोजना एंव नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको समन्वयमा आयोजित गण्डकी उद्योगी व्यवसायहरूको चुनौति बिषयक कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईराला उपाध्यक्ष श्री मोति प्रसाद पौडेल लगायत सबै कार्यसमिति सदस्यहरुको सहभागीता ।
- 2078/6/11 लेखनाथ उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष , पदाधिकारि कार्यसमितिका सदस्यहरूलाई बधाई तथा सम्मान कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईराला उपाध्यक्ष श्री मोति प्रसाद पौडेलको सहभागीता रही बधाई तथा सम्मान ।
- 078/6/11 गण्डकी प्रदेश सरकार पर्यटन ,उद्योग वाणिज्य आपुर्ति मन्त्रालयको आयोजना प्रदेशमा व्यापार तथा लगानी सम्बन्धी अवसर तथा चुनौती बिषयक कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईराला कार्यसमिति सदस्य श्री लक्ष्मी प्रसाद त्रीपाठीको सहभागिता रही व्यापार तथा लगानि सम्बन्धी नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको धारणा प्रस्तुत ।
- 078/6/14 नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा परिषदको कार्यक्रमहरू समसामयीक बिषयहरू विद्यमान व्यवसायीक समस्याहरुको सुझावका बिषयमा गण्डकी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा पदाधिकारि तथा कार्यसमिति एंव जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्षहरु सहभागी रही महत्वपुर्ण छलफल ।

- 078/6/15 गण्डकी प्रदेश सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयको आयोजनामा आयोजित चाडबाडको विषयमा खाद्य आपुर्ति समस्या र समाधान विषय छलफलमा उपाध्यक्ष श्री मोति प्रसाद पौडेलको सहभागिता ।
- ०७८/६/१८ नेपाल उद्योग वाणिज्य महासंघको **सचिवालय** बैठकमा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष श्री संजीव बहादुर कोईरालाको सहभागिता ।
- ०७८/६/१९ गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालयको आयोजनामा **आयोजित राजस्व परिचालनलाई थप प्रभावकारि बनाउन राजस्वका नविन क्षेत्रहरूको पहिचान र सुधार संभावनाक**विषयक अन्तर्कीया कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।
- २०७८/६/२० पोखरा उद्योग वाणिज्य ६७ औ अधिवेशनमा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले मार्गनिर्देश सहित कार्यक्रमको शुभकामना व्यक्त गर्नुभएको थियो ।
- ०७८/६/२१ पोखरा चेम्बर अफ कमर्स कास्कीको आयोजनामा आयोजित शुभकामना कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले **शुभकामना** व्यक्त गर्नुभएको थियो ।
- ०७८/७/२ नेपाल उद्योग वाणिज्य महासंघको **आयोजनामा तरलता अभाव र बैंक तथा वित्तिय संस्थाहरूले बढाएको व्याजदर** तथा त्यसले उद्योग क्षेत्रमा पारेको प्रभाव विषयक भर्चुवल कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाको सहभागिता रहेको थियो ।
- ०७८/७/६ पोखरा स्टील फेब्रिकेटर्स एशोसिएसन कास्कीको २१ औ बार्षिक साधारण सभा तथा १४ औं अधिवेशनमा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले फेब्रिकेटर्स एशोसिएसनको अधिवेशनलाई **शुभकामना** व्यक्त गर्नुभएको थियो ।
- ०७८/७/१२ स्याण्डविच होम सोलुसन प्रा लिको बस्तुगत जानकारि तथा अन्तर्कीया कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले **संस्थाको तर्फबाट सुझाव** प्रस्तुत गर्नुभएको थियो ।
- ०७८/७/१४ नेपाल घरेलु तथा साना उद्योग महासंघको ५ औ अधिवेशन तथा दोस्रो साधारण सभालाई अध्यक्ष श्री संजीव बहादुर कोईरालाले **संम्बोधन** गर्नुभएको थियो ।
- ०७८/७/१६ पोखरा रिसर्च सेण्टरको आयोजनामा आयोजित परामर्श बैठकमा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले **व्यवसायका अप्ठ्यारा र चुनौतिका** विषयमा विषयबस्तु प्रस्तुत गर्नुभएको थियो।
- ०७८/७/१७ गण्डकी प्रदेश सरकार पर्यटन ,उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयको आयोजनामा आयोजित प्रदेश स्तरिय **औद्योगिक क्षेत्र निर्माणका** सन्दर्भमा आयोजक स्थलमा सरोकारवालाहररूसंगको छलफल कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाले आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।
- २०७८/७/२३नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको कार्यालयमा अमेरिकन राजदुताबासको अर्थबिज्ञ अभिषेक बस्न्यात तथा आर्थिक बिभाग प्रमुख राफाएल सम्बु संग **उद्योगी ब्यवसायीहरूको संभावना र चुनौतिका** विषयमा बैठक सम्पन्न उक्त बैठकमा अध्यक्ष लगायत कार्यसमितिका पदाधिकारिको सहभागिता रहेको थियो ।

- ०७८/७/२८-२९नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको **सातौ महत्वपुर्ण बैठक** गोरखा स्थित मनकामना मन्दिरमा सम्पन्न बैठकमा कार्यसमितिका पदाधिकारि , सदस्य , केन्द्रिय सदस्य तथा सल्लाहकारहरूको उपस्थिति रहेको थियो ।उक्त बैठकले निम्न निर्णय गरेको छ ।

  - **निर्णयहरू**

    - नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशले व्यवसायि कर तथा उद्योग मैत्रि वातावरण निर्माणका लागि प्रदेशको ११ बटै जिल्लाका ८५ बटै स्थानिय तहहरूका बिचमा अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

    - गण्डकी प्रदेश सरकारले कास्की जिल्ला पोखरा महानगरपालिका -३३ पुडीटार र तनहुँ जिल्ला शुक्ला गण्डकी नगरपालीका वडा-९ चिसापानी, मरेतरा मा स्थापना गर्न लागेको औधोगिक क्षेत्रलाई नेपाल उद्योग वाणिज्य महासंग गण्डकी प्रदेशको तर्फबाट औधोगिक क्षेत्र स्थापना गर्न अनुरोध गर्ने निर्णय गरियो ।

- ०७८/८/७ आन्तरिक राजस्व कार्याल पोखराको आयोजनामा आयोजित स्वेच्छीक कर सहभागिता अभिवृद्धी **सुशासन विकास र समृद्धी** भन्ने नारा सहित कर सप्ताहको कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरालाको सहभागिता रहेको थियो ।

- ०७८/८/२४ नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश र एफ्रो एशियालि जनएकता संगठनको संयुक्त आयोजनामा आयोजित ७३औं अन्तराष्ट्रीय मानव अधिकार दिवसको उपलक्ष्यमा **औद्योगिक व्यवसायी सरकार र मानव अधिकार** विषयक अन्तक्रीया कार्यक्रम राष्ट्रीय सभाका अध्यक्ष सम्मानिनय गणेश प्रसाद तिमिल्सिना ज्यूको प्रमुख आतिथ्यता रहेको थियो कार्यक्रममा गण्डकी प्रदेशका मानव अधिकारवादी संघ संस्था तथा २०० भन्दा बढी उद्योगी व्यवसायीशरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा प्रदेश अन्तर्गतका सबै उद्योग वाणिज्य संघहरू विषय विज्ञहरूको सहभागिता तथा कार्यपत्र प्रस्तुत र समाधानका उपायहरूबारे छलफल सम्पन्न भयो ।

- ०७८/९/२९ गतेका दिन शुलभ उपभोक्ता सहकारी संस्थाको १२औ बार्षिक साधारण सभामा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष श्री संजीव बहादुर कोईरालाको प्रमुख आतिथ्यतामा रहेको थियो ।

- ०७८/१०/८ गतेका दिन म्याग्दी उवासंघको २८ औ साधारण सभामा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष श्री संजीव बहादुर कोईरालाले शुभकामना गर्नुभएको थियो ।

- ०७८/१०/८ गतेका दिन प्रदेश स्तरिय महीला उद्यमिको उद्यमशिलता सम्बन्धमा महिला उद्यमीहरूको बैठकमा कार्यसमिति सदस्य श्री रामकलि खड्काको अध्यक्षता एंव नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष श्री संजीव बहादुर कोईरालासहभागिता रहेको थियो ।

- ०७८/१०/९ गतेका दिन गण्डकी प्रदेश सरकार पर्यटन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयको आयोजनामा आयोजित जिल्ला व्यापार सम्बद्ध पुर्वाधार विकासका लागी उपयुक्त जग्गा उपलब्धता बारे सरोकार वालाहरूसंग छलफल कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष श्री संजीव बहादुर कोईरालाले सल्लाह सुझाव प्रस्तुत गर्नुभएको थियो ।

- ०७८/१०/१७ गतेका दिन महासंघका पुर्व कोषाध्यक्ष लक्ष्मीदास मान्नधरको भर्चुवल माध्ययमबाट संञ्चालित शोक सभामा अध्यक्षश्री संजीव बहादुर कोईरालाको उपस्थिति रहेको थियो ।
- ०७८/१०/१८ गतेका दिन नेपाल घरेलु तथा साना उद्योग व्यवसायी महासंघको आयोजनामा आयोजित कार्यक्रममा अध्यक्ष श्री संजीव बहादुर कोईरलाले मार्गनिर्देश गर्नुभएको थियो ।
- २०७८/१०/२५ गतेका दिन निकासिकरका सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका ११ बटै जिल्लाहरूलाई निकासी करलाई व्यवस्थित गर्ने सम्बन्धमा पत्राचार गरिएको थियो ।

## लुम्बिनी प्रदेश

| क्रसं | मिति | संघ सस्थाका नाम | कार्यक्रमको बिषय | स्थान | सहभागी |
|---|---|---|---|---|---|
| १ | २०७८।०१।१६ | आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्विनी प्रदेश। | लगानी सम्मेलन छलफल | मन्त्रालय | सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्मा |
| २ | २०७८।०२।२१ | Found project | मासिक बैठक सम-सामाहिक बिषयमा छलफल | भर्चुअल | उपाध्यक्ष श्री दिपक कुमार पौडेलज्यु,बसुन्धरा पंगेनी |
| ३ | २०७८/०२/२१ | नेपाल उधोग वाणिज्य महासंघ | E Im s- project identified sharing workshop | भर्चुअल | सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्मा, बालकृष्ण सुवेदी ,रभि रौनियार,बिष्णु शर्मा,आशा गुरुङ |
| ३ | २०७८।०२।२४ | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेश | बजेटमा कर प्रणालीमा भएकोफेर बदल बारे अन्तक्रिया | भर्चुअल | प्रदेशका जिल्ला/नगर उ.वा.संघ प्रतिनिधि |
| ४ | २०७८।०२।२५ | Found project | Job portal owers training& interation program | भर्चुअल | श्री दिपक कुमार पौडेल,कृष्ण बहादुर थापा |
| ५ | २०७८।०२।३० | आर्थिक मामिला तथा कानुन मन्त्रालय लुम्विनी प्रदेश | प्रदेश विपत समितिको बैठक | मन्त्रालयमा | सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्मा |
| ६ | २०७८।२।३० | सिद्दार्थनगर नगरपालिका | बजेट तथा निति कार्यक्रम छलफल | सिद्दार्थनगर नगरपालिका | सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्मा |
| ७ | २०७८।३।५ | नेपाल आर्थिक पत्राकार महासंघ)सेजोन( | २०७८/०७९ को बजेटको सम्बन्धमा अन्तक्रिया | भर्चुअल | सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्मा |
| ८ | २०७८।०३।०८ | प्रदेश सरकार उधोग,पर्यटन,वन तथा वातवरण मन्त्रालय | प्रदेश स्तरिय आपुर्ति समितिको बैठक | मन्त्रालयमा | सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्मा |
| ९ | २०७८।०३।०९ | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेश | तेश्रो कार्यसमिति बैठक | देउखुरी उधोग वाणिज्य संघ दाङ | पदाधिकारी एवं कार्यकारिणी समिति सदस्यहरु |
| १० | २०७८।०३।१८ | News Ok Tv | २०७८।०७९को बजेटबाट परिवर्तन भएको करकोदरको बारे अन्तक्रिया | भर्चुअल | सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्माज्यु |
| ११ | २०७८।०३।२३ | नेपाल उधोग वाणिज्य महासंघ रोजगार दाता परिषदले अन्तराष्ट्रिय श्रम संगठन ILO को आयोजनामा | त्रिपक्षिय सामाजिक संम्वाद समिति परिषदको बैठक | मणिग्राम | त्रिपक्षिय सामाजिक संम्वाद परिषदको समितिका सदस्यज्युहरु ने.उ.वा .महासंघ लुम्विनी प्रदेशका पदाधिकारी एवं कार्यकारिणी समिति ,नगरपालिकाका प्रतिनिधिज्युहरु |
| १२ | २०७८।०३।२४ | नेपाल उधोग वाणिज्य महासंघ रोजगारदाता परिषदले अन्तराष्ट्रिय | प्रदेशका घरेलु साना तथा मझौला उधोगको निति र पुन ; उत्थानका विषय छलफल | मणिग्राम | ने.उ.वा .महासंघ लुम्विनी प्रदेशका पदाधिकारी एवं कार्यकारिणी समिति तथा पदेन सदस्यज्युहरु नवलपरासी र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | श्रम संगठन ILO को आयोजनामा | | | रुपन्देहीका उधोग वाणिज्य संघका प्रतिनिधि ,घरेलु तथा साना उधोगका प्रतिनिधिज्युहरु |
| १३ | २०७८।०३।२४ | नेपाल उधोग वाणिज्य महासंघ रोजगारदाता परिषदले अन्तराष्ट्रिय श्रम संगठन ILO को आयोजनामा | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेशको रोजगारदाता परिषदले प्रभावकारी सेवा सञ्चालन गर्ने सम्बन्धमा छलफल | मणिग्राम | ने.उ.वा .महासंघ लुम्विनी प्रदेशका पदाधिकारी एवं कार्यकारिणी समिति तथा पदेन सदस्यज्यु,एशोसिएट सदस्यका प्रतिनिधिज्युहरु |
| १४ | २०७८।०३।२५ | अखिल नेपाल ट्रेड युनियन महासंघ लुम्विनी प्रदेश | योगदानमा आधारित सामाजिक सुरक्षा ऐन "त्रिपक्षिय अन्तक्रिया कार्यक्रम | बुटबल | श्री कुल प्रसाद न्यौपानेज्यु |
| १५ | २०७८।०३।२९ | नेपाल एफएम नेटवर्क | अर्थको सेरोफेरो कार्यक्रममा सत्ता परिवर्तन र यसले औधोगिक क्षेत्रमा पार्ने प्रभाव तथा प्रदेशका उधोग प्रतिष्ठानहरुका सन्दर्भमा अन्तक्रिया | भर्चुअल | अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यू |
| १६ | २०७८/४/३ | नेपाल उधोग वाणिज्य महासंघ रोगारदाता परिषदले अन्तराष्ट्रिय श्रम संगठन ILOको आयोजनामा। | प्रदेश उधोग वाणिज्य महासंघको व्यवस्थापन तथा संरचना सुधार विषयक छलफल। | नेउवामहासंघ सचिवालय, टेकु काठमाण्डौ । | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा,गुणानिधी तिवारी ,दिपक कुमार पौडेल, ठाकुर श्रेष्ठ |
| १७ | २०७८/४/४ | GTZ परियोजना | नेपाल उधोग वणिज्य महासंघ लुम्विनी प्रदेशको रणनिती निर्माणको लागि प्रारम्भिक छलफल। | काठमाण्डौ | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा ,दिपककुमर पौडेल। |
| १८ | २०७८/४/१२ | फाउण्ड परियोजना | सम्भावित रोजगारदाताहरु संग छलफल। | भैरहवा | अध्यक्ष श्री कृष्ण पसाद शर्मा ,दिपक कुमार पौडेल ,कृष्ण बहादुर थापा। |
| १९ | २०७८।४।१३ | सिद्दार्थनगर उधोग वाणिज्य संघ | टम लाईन समस्या बारे छलफल। | सचिवालय | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा। |
| २० | २०७८/०४/१७ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय ग्रामिण उधम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालय बुटबलको आयोजना। | Economic Technical & Coordination Committee | बुटबल | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |
| २१ | २०७८/०४/१८ | अन्तराष्ट्रिय ट्रेड युनियन महासंघ नेपाल आवद्दपरिषद )ITUCC-NAC) | सामाजिक सुरक्षा सम्बन्धी अन्तक्रिया | बुटबल | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | २०७६/०४/२० | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेश | रुपन्देही जिल्लामा रहेका उ,वा ,संघहरु लाई खोपको मात्रा उपलब्ध गराउने सम्वन्धमा भेटघाट | जिल्ला प्रशासन कार्यालय रुपन्देही | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, दिपक कुमार पौडेल |
| २३ | २०७६/०४/२५ | नेपाल सरकार निजि क्षेत्रको सहकार्यमा | सप्ताहाव्यापि मास्क अभियान | नेउवामहासंघ लुम्विनी प्रदेश साथै प्रदेश मातहतका ३६ वटैजिल्ला/नगर /गा,पा,उधोग वाणिज्य संघ | |
| २४ | २०७६/०४/२६ | नेपाल उधोग वाणिज्य महासंघ | उधमी संवाद | भर्चुअल | तारा आचार्य संयोजक) महिला उधमी (ने,उ,वा ,महासंघ लुम्विनी प्रदेश,निलम बस्नेत,मन्दिरा पाण्डेय,सिता कुँवर,जमुना पौडेल=निर्मला मल्ल,संगिता सुवेदी,मुना लामिछाने,रञ्जना अर्याल,रचना क्षेत्री बिष्णुमाया पौडेल , शिला श्रेष्ठ, प्राभता श्रेष्ठ, बिष्णु थापा मिना पोख्रेल ज्यु |
| २५ | २०७६/०४/३० | नेपाल उधोग वाणिज्य संघ काठमाण्डौ | दोश्रो वार्षिक साधरण सभा | भर्चुअल | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |
| २६ | २०७६/०४/३१ | | | | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, दिपक कुमार पौडेल |
| २७ | २०७८/०५/०१ | बुटबल उधोग वाणिज्य संघ | युवा उधमीहरुको व्यवसायीक योजना साथै लगानी प्रतिवद्दता गरीने डेमो आयोजना | बुटबल | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |
| २८ | २०७८/०५/०९ | नेपाल उधोग वाणिज्य महासंघ | उधमी संवाद | भर्चुअल | तारा आचार्य संयोजक) महिला उधमी (ने,उ,वा ,महासंघ लुम्विनी प्रदेश,निलम बस्नेत,मन्दिरा पाण्डेय,सिता कुँवर,जमुना पौडेल=निर्मला मल्ल,संगिता सुवेदी,मुना लामिछाने,रञ्जना अर्याल,रचना क्षेत्री बिष्णुमाया पौडेल , शिला श्रेष्ठ, प्राभता श्रेष्ठ, बिष्णु थापा मिना पोख्रेल ज्यु |
| २९ | २०७८/०५/०९ र१० | नेपाल उधोग वाणिज्य महासंघ | जिलला/नगर परिषदको २दिने कार्यशाला गोष्टी | काठमाण्डौ | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | २०७८/०५/०९ | GIZ परियोजना | GIZ परियोजना र नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेश Local & Provirical Economic Develoment (LPED) Project मा सम्झौता | | |
| ३१ | २०७८/०५/१६ | अमेरीकन एम्वेशी | लुम्विनी प्रदेशको आर्थिक,औधोगिक समस्या र सम्भावना बिषयक छलफल | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेश सचिवालय | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, दिपक कुमारपौडेलज्यु,अभिषेक बस्नेत |
| ३२ | २०७८/०५/२१ | प्रदेश सरकार लुम्विनी प्रदेश | विपत समितीको बैठक | बुटबल | श्री कृष्ण प्रसाद शर्मा |
| ३३ | २०७८/०५/२२ | GIZ परियोजना | प्रदेश स्तरिय रणनिति विकास कार्यक्रम | भर्चुअल | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, दिपक कुमारपौडेल ,कुल प्रसाद न्यौपाने ,आनन्द खनाल |
| ३४ | २०७८/०५/२८ र३० | सिद्दार्थ उधोग वाणिज्य संघ | तिनदिने कार्य योजना गोष्टी | काठमाण्डौ | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, दिपक कुमार पौडेल |
| ३५ | २०७८/०५/३० -३१ र असोज १ गते सम्म | नेपाल उधोग वाणिज्य महासंघको महिला उधमी समिती र ल] dlxnf pBdL ;ldlt / US Embassy Book Busले संयुक्त रुपमा | The Moving Forum Woman enterepreneues Across Nepalशिर्षक अन्तर्गत Panel Discssion | भर्चुअल | तारा आचार्य संयोजक) महिला उधमी (ने,उ,वा ,महासंघ लुम्विनी प्रदेश,निलम बस्नेत,मन्दिरा पाण्डेय,सिता कुँवर,जमुना पौडेल=निर्मला मल्ल,संगिता सुवेदी,मुना लामिछाने,रञ्जना अर्याल,रचना क्षेत्री बिष्णुमाया पौडेल , शिला श्रेष्ठ, प्राभता श्रेष्ठ, बिष्णु थापा मिना पोख्रेल |
| ३६ | २०७८/०५/३० | फाउण्ड परियोजना | Disability Confindent Employer Scheme (DCES)तथा अपाङगता मैत्री कार्यस्थल सम्बन्धि अभिमुखिकरण कार्यक्रम | तौलिहवा उधोग वाणिज्य संघ | तौलिहवा उधोग वाणिज्य संघका पदाधिकारी का,का , सदस्य साथै त्यस क्षेत्रका उधोगी व्यवसायीहरुको सहभागिता |
| ३७ | २०७८/०६/०३ | फाउण्ड परियोजना | Disability Confindent Employer Scheme (DCES) तथा अपाङगता मैत्री कार्यस्थल सम्बन्धि अभिमुखिकरण कार्यक्रम | तिलोत्तमा उधोग वाणिज्य संघ | तिलोत्तमा उधोग वाणिज्य संघका पदाधिकारी का,का , सदस्य साथै त्यस क्षेत्रका उधोगी व्यवसायीहरुको सहभागिता |
| ३८ | २०७८/०६/०३ | संविधान दिवश | संविधान दिवश २०७८को अवसरमा सम्मानिय राष्ट्रपतिज्यु बाट प्रवल जनसेवाश्री पदक द्वारा विभुषित नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु | | विभुषित नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ३९ | २०७८/०६/१२ | नेपाल युवा उधमी मञ्च )NYEF(रुपन्देही च्याप्टर | सातौ स्थापना दिवश | बुटबल | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | २०७८/०६/१३ | ELM प्रोजेक्टको आवहान नेपाल घरेलु तथा साना उधोग महासंघको आयोजना | Occupitional Standard Development wo Closing Ceremony | मणिग्राम | श्री तारा आचार्य |
| ४१ | २०७८/०६/१४ | नेपाल उधोग वाणिज्य महासंघ | उधोग परिषदको समितिको बैठक | पोखरा | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |
| ४२ | २०७८/०६/१५ | नेपाल उधोग वाणिज्य महासंघ | कार्यकारिणी समितिको बैठक | पोखरा | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |
| ४३ | २०७८/०६/१६ | बुटबल उधोग वाणिज्य महासंघ | सल्लाहाकार सभा | बुटबल | श्री तारा आचार्य |
| ४४ | २०७८/०६/१८ | समता मिडिया प्रा,लि, | औधिगिक क्षेत्रमा मिडियाको महत्व बिषयक अन्तक्रिया | भर्चुअल | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ४५ | २०७८/०६/२० | GIZ परियोजना | प्रदेश स्तरिय रणनिति विकास कार्यक्रम | भर्चुअल | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्युबालकृष्ण सुवेदीकुल प्रसाद न्यौपाने आनन्द खनाल |
| ४६ | २०७८/०६/२२ | लुम्विनी प्रेश क्लव | उत्कृष्ट पत्रकारीता सम्मान | बुटबल | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ४७ | २०७८/०६/२३ | मायादेवि गाँउपालिका | कोभिड सम्बन्धी सचेतना कार्यक्रम | मायादेवि गाँउपालिका | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ४८ | २०७८/०६/२५ | कपिलवस्तु उधोग वाणिज्य संघ | शुभकामना आदनप्रदान | कपिलवस्तु | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ४९ | २०७८/०६/२६ | भंसार कार्यालय भैरहवा | नेपाल ईन्टरमोडल यातायात विकास समिति व्यापार सहजीकरण र निकट भविष्यमा निर्माण हुने एकिकृत जांच चौकीको भुमीका समिक्षात्मक अन्तक्रिया | भंसार कार्यालय भैरहवा | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ५० | २०७८/७/६ | पाल्पा उधोग वाणिज्य संघ | ६६ औं वार्षिक साधरण सभा | पाल्पा | प्रमुख अतिथीको आतिथ्यतामा सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ५१ | २०७८/०७/१५ | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेशको आयोजना तथा आन्तरिक राजस्व कार्यालयको सहकार्यमा | बर्तमान राजस्व नितिको समिक्षा एवंम आगामी निति बारे सुझाव सम्बन्धी छलफल | भैरहवा | प्रमुख अतिथी श्री कृष्णहरी पुष्करज्यु सचिव अर्थमन्त्रालय,सह-सचिव भुपाल बराल,टंक पोखे्रलज्यु,जे,पि,कँडेल,नेत्र प्रसाद पाठक,ने,उ,वा,महासंघ लुम्विनी प्रदेश पदाधिकारी कार्यकारणीसदस्य,पदेन सदस्य , उ,वा,संघका अध्यक्षज्यु पदाधिकारी एवंम उधोगी व्यवसायीहरु |
| ५२ | २०७८/०७/१६ | समता टेलिभिजन | ICP बिषयक छलफल | भैरहवा | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ५३ | @२०७८/०७/ | सिद्दार्थनगर नगरपालिका | सिद्दार्थनगरहाईवयमावायु चर्पी निर्माण विषयक छलफल | भैरहवा | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |

| | | | | | |
|---|---|---|---|---|---|
| | १७ | | | | |
| ५४ | २०७८/७/२६ | मिड टाउन पार्टि प्यालेस | समोदघाटन समारोह | भैरहवा | प्रमुख अतिथीको आतिथ्यतामा सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ५५ | २०७८/७/२७ | सिसहनिया उधोग वाणिज्य संघ | ७औँ वार्षिक साधरण सभा | दाङ | प्रमुख अतिथीको आतिथ्यतामा सहभागी अध्यक्ष श्री बालकृष्ण सुवेदीज्यु |
| ५६ | २०७८/७/२९ | नेपाल घरेलु तथा साना उधोग महासंघ | वार्षिक साधरण सभा तथा अधिवेशन | बुटबल | प्रमुख अतिथीको आतिथ्यतामा सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ५७ | २०७८/८/०१ | आन्तरिक राजस्व कार्यालय,भैरहवा | दशौँ राष्ट्रिय कर दिवश | भैरहवा | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ५८ | २०७८/८/२ | नेपाल सरकार उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय र नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेशको समन्वयमा | औधोगिक/क्षेत्र/कोरीडोरमा अवस्थित उधोगी व्यवसायीका समस्या एवं समाधानका उपाय सम्वन्धमा छलफल | भैरहवा | प्रमुख अतिथी श्री अर्जुन प्रसाद पोखरेलज्यु सचिव उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय सह-सचिव नारायण प्रसाद शर्मा,पशुपति कोईराला ,एजाज आलम,नेत्र पाठक,टंक पोखरेल,ने,उ,वा,महासंघ लुम्विनी प्रदेश पदाधिकारी,कार्यकारणी सदस्य,पदेन सदस्य उ,वा ,संघका अध्यक्ष" ,पदाधिकारी एवम उधोगी व्यवसायीहरु |
| ५९ | २०७८/८/३ | नेपाल सरकार उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय | सार्वजनिक निजी सम्वाद | भैरहवा | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ६० | २०७८/८/५ | नेपाल उधोगवाणिज्य महासंघ रोजगारदाता परिषद अन्तराष्ष्यि श्रम संघठन ILO | प्रदेश रोजगारदाता परिषदका सदस्यहरु क्षमता अभिवृदि तालिम | भैरहवा | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, दिपक कुमारपौडेलज्यु,साथै रुपन्देहीका उधोगी व्यवसायीहरु |
| ६१ | २०७८/८।६ | नेपाल उधोग वाणिज्य महासंघ रोजगारदाता परिषद अन्तराष्ट्रिय श्रम संघठन ILO | प्रदेश श्रम तथा रोजगार नितिका सम्बन्धमा द्दिपक्षिय संवाद कार्यक्रम | भैरहवा | १ रोजगारदाता परिषद सदस्य<br>२ जिल्ला नगर उधोग वाणिज्य संघ प्रतिनिधीहरु<br>३ प्रदेश ट्रेड युनियनका प्रतिनिधीहरु |
| ६२ | २०७८।८।८र९ | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेशको आयोजना तथा GIZ/LPEDको सहकार्यमा | लुम्विनी प्रदेशको संस्थागत रणनितिक क्षमता अभिवृद्दि कार्याशाला गोष्टी | दाङ ,घोराही | प्रमुख अतिथी चण्डीराज ढकालपुर्व अध्यक्ष,दिनेश श्रेष्ठजिल्ला/नगर उपाध्यक्ष,हेमराज ढकाल,लुम्विनी प्रदेशका पदाधिकारी,कार्यकारणी समिति ३६ वटा जिल्ला/ननगर उधोग वाणिज्य संघका अध्यक्ष साथै दाङ जिल्लाका उधोगी व्यवसायीहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ६३ | २०७८।८।१४ | आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय लुम्विनी प्रदेश | बिपद व्यवस्थापन समन्वय सम्बन्धि अभिमुखीकरण कार्यक्रम | भैरहवा | सहभागी बसुन्धरा पंगेनी)अम्विका( |
| ६४ | २०७८।८।१६ | नेपाल रकार अर्थ मन्त्रालय भन्सार विभाग भैरहवा भन्सार कार्यालय | व्यापार सहजीकरण समिति बैठक | भैरहवा | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ६५ | २०७८।८।१८ | गडवा उधोग वाणिज्य संघ | छैठौ वार्षिक साधरण सभा | दाङ | प्रमुख अतिथीको आतिथ्यतामा सहभागी अध्यक्ष श्री बालकृष्ण सुवेदीज्यु |
| ६६ | २०७८।८।१९ | नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | Business & Human Rightsको बिषयमा तयार गरेको मार्गदर्शकसिद्दान्त कार्यन्वयनका लागी आवश्यक कार्य योजना बिषयक छलफलमा | बुटबल | सहभागी उपाध्यक्ष श्री दिपक कुमार पौडेलज्यु |
| ६७ | २०७८।८।१९ | बुटबल उधोग वणिज्य संघ | ६८ औ वार्षिक साधरण सभा | बुटबल | प्रमुख अतिथीको आतिथ्यतामा सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ६८ | २०७८।८।२७ | प्रदेश सरकार लुम्विनी श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | प्रदेश श्रम सल्लाहाकार परिषदका बैठक | बुटबल | सहभागी अध्यक्ष श्री कृष्ण कुमार श्रेष्ठ,सृष्टि गुरुङ |
| ६९ | २०७८।९।८ | नेपाल उधोग वाणिज्य महसंघ लुम्विनी प्रदेश | ४औ कार्यकारणी समितिको बैठक | नेपाल उधोग वाणिज्य महासंघ लुम्विनी प्रदेश सचिवालय भैरहवा | सम्पुर्ण पदाधिकारी कार्यसमिति सदस्य एवंम पदेन सदस्य |
| ७० | २०७८।९।१० | प्युठान उधोग वाणिज्य संघ | २४ औ वार्षिक साधरण सभा तथा ११औ अधिवेशन | प्युठान | अध्यक्ष कृष्ण प्रसाद शर्माज्यु बालकृष्ण सुवेदी ज्ञामुराम न्यौपाने |
| ७१ | २०७८।९।११ | सिद्दार्थ नगरपालिका | पर्यटकीय गेट समद्घाटन कार्यक्रम | भैरहवा | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |
| ७२ | २०७८।९।१४ | नेपाल उधोग वाणिज्य महासंघ | कार्यकारणी समितिको बैठक | काठमाण्डौ | अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा |
| ७३ | २०७८।९।१९ | कृषि खाध्य प्रविधि तथा भुमी मन्त्रालय | खाध्य सुरक्षा सुचना तथा समन्वय समितिको बैठक | बुटबल | उपाध्यक्ष श्री दिपक कुमार पौडेल |
| ७४ | २०७८।९।२१ | रामपुर उधोग वाणिज्य संघ | ७औ वार्षिक साधरण सभा तथा तेश्रो अधिवेशन | पाल्पा | अध्यक्ष कृष्ण प्रसाद शर्मा, भिम बहादुर श्रेष्ठ रञ्जना थपा )अर्याल( |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ | २०७८।९।२३ | वन तथा वातवरण मन्त्रालय | जलवायु परिवर्तन सम्वन्धि कार्यशाला गोष्ठी | बुटवल | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ७६ | २०७८।९।२३ | गुल्मी उधोग वाणिज्य संघ | ३०औ वार्षिक साधरण सभा तथा अधिवेशन | गुल्मी | अथितीको आथित्यतामा सहभागी अध्यक्ष कृष्ण प्रसाद शर्माज्यु, दिपक कुमार पौडेलज्यु |
| ७७ | २०७८।९।२५ | वन तथा वातवरण मन्त्रालय | जलवायु परिवर्तन सम्बन्धि कार्यशाला गोष्ठी | बुवल | सहभागी श्री हरि अर्यालज्यु |
| ७८ | २०७८।९।२६ | प्रदेश सरकार लुम्विनी प्रदेश कृषि,खाध्य प्रविधि तथा भुमी व्यवस्था मन्त्रालय | प्रदेशस्तर बाली तथा पशु बिमा र मल निर्देशिका अन्तक्रिया | बुटबल | सहभागी श्री अमित कुमार गोयन्काज्यु |
| ७९ | २०७८।९।२७ | प्रदेश सरकार लुम्विनी प्रदेश कृषि खाध्य प्रविधि तथा भुमी व्यवस्था मन्त्रालय | प्रादेशिकस्तर पशुपन्छी विमा सम्वन्धी गोष्ठी | बुटबल | सहभागी श्री अमित कुमार गोयन्काज्यु |
| ८० | २०७८।९।२८ र २९ | GIZ परियोजनाको आयोजना | स्थानिय तथा क्षेत्रिय आर्थिक विकास LREको दुई दिने आवशिय प्रशिक्षण | सौराहा चितवन | सहभागी श्री भोजेन्द्र प्रकाश ढकालज्यु |
| ८१ | २०७८।९।२९ | पर्यटन ,ग्रामिण तथा शहरी विकास मन्त्रालय)खानेपानी तथा सरसफाई महाशाखा( | प्रदेश स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति PWASHCCको बैठक | बुटबल | सहभागी अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु |
| ८२ | २०७८।१०।३ र ४ | बुटबल उधोग वणिज्य संघ | २ दिने रणनितिक एवंम संघ व्यवस्थापन कार्यशाला गोष्ठी | बुटबल | अध्यक्ष कृष्ण प्रसाद शर्मा |
| ८३ | २०७८।१०१५ | बर्धघाट उधोगवाणिज्य संघ | बर्धघाट उधोग वाणिज्य संघको पांचौ वार्षिक साधरण सभा सम्पन्न भएको | बर्धघाट | विशिष्ठ अतिथीको आतिथ्यतामा सहभागि यस माहासंघ लुम्विनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यु ,नि वर्तमान अध्यक्ष गुणानिधि तिवारी ज्यु,बिशेष अतिथि उपाध्यक्ष बालकृष्ण सुवेदी ज्यु समेत सहभागी हुनु भएको। |
| ८४ | २०७८।१०।२४ | नेपाल उधोग वाणिज्य महासंघ कृषी उधम केन्द्र सार्वजनिक निजि साझेदारी कार्यक्रम | कृषी उधम केन्द्र सार्वजनिक निजि साझेदारी कार्यक्रम उधोगी ब्यबसायीलाई सहभागी गराउने बारे छलफल। | बुटबल | अध्यक्ष कृष्ण प्रसाद शर्माज्यु ,उपाध्यक्ष बाल कृष्ण सुवेदी |

**नेउवामहासंघ–कर्णाली प्रदेश**

- मिति २०७८ वैशाख १६ गते कर्णाली प्रदेशका केहि जिल्लाहरुमा कोभिड–१९ को दोश्रो लहरका कारण लकडाउन भए पछि कर्णाली प्रदेशका जिल्ला/नगर उद्योग वाणिज्य संघहरुलाई उद्योगि व्यवसायीहरुलाई सचेत रहन र कोभिड नियन्त्रणका लागि आ–आफ्नो स्थानवाट अग्रसर रहन अपिल ।
- मिति २०७८ वैशाख २३ गते कोभिड–१९को दश्रो चरणका महामारीवाट उद्योगी, व्यवसायी तथा आम नागरीकमा समेत नकारात्मक प्रभाव परिरहेको अवस्थामा सहज परिस्थिति नहुन्जेलसम्मलाई सरकार तथा वित्तिय क्षेत्रलाई कोभिड नियन्त्रणका व्यवस्था मिलाउनुका साथै उद्यमी व्यवसायीको बैंक व्याज तथा कर/जरिवाना छुट दिनका लागि सरोकार निकायलाई अपिल जारी ।
- मिति २०७८ वैशाख २४ गते माननीय मुख्य मन्त्रीज्यू समक्ष कोभिड १९ को पि.सि.आर टेस्ट गर्दा लिने गरेको रकम सर्वसाधारणवाट नलिई निःशुल्क गरी नागरीकको स्वास्थ्यको प्रत्याभुति दिलाउन अनुरोध ।
- मिति २०७८ वैशाख २८ गते नेपाल उद्योग वाणिज्य महासंघलाई कर्णाली प्रदेश अन्तरगतका उ.वा.संघहरुले कोभिड –१९ नियन्त्रणमा गरेका कार्यहरु एवम जिल्लाको खाद्यान्न तथा स्वास्थ्यको अवस्थाको वारेमा जानकारी गराईएको ।
- मिति २०७८ जेठ २ गते नेपाल उद्योग वाणिज्य महासंघलाई कर्णाली प्रदेश अन्तरगतका उ.वा.संघहरुले कोभिड –१९ नियन्त्रणमा गरेका कार्यहरु एवम जिल्लाको खाद्यान्न तथा स्वास्थ्यको अवस्थाको वारेमा लिखित जानकारी गराईएको ।
- मिति २०७८ जेष्ठ ७ गते आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री गोपाल शर्माज्यू समक्ष आ.व.२०७८/०७९ बजेट सम्वन्धि नीति तथा कार्यक्रममा निजी क्षेत्रको सुझाव पेश तथा उक्त सुझाव माथि छलफल ।
- मिति २०७८ जेष्ठ १३ गते राजश्व परामर्श समितिको बैठकमा सहभागिता ।
- मिति २०७८ जेष्ठ १७ गते कर्णाली प्रदेशको बजेट सम्वन्धमा कर्णाली प्रदेशका निजी क्षेत्रहरु वीच अन्तरक्रिया तथा छलफल कार्यक्रम (जुम मार्फत) गरिएको ।
- मिति २०७८ जेष्ठ २३ गते नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशको शिक्षा, स्वास्थ्य तथा खेलकुद समितिद्धारा कोभिड–१९ नियन्त्रणका लागि अग्रपंतिमा रही काम गर्नुहुने सुरक्षाकर्मी र ट्रफिक प्रहरीलाई स्वास्थ्य तथा सुरक्षा सामागी हस्तान्तरण ।
- मिति २०७८ आषाढ ३ गते नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश र म.प विश्व विद्यालय स्कुल अफ मेनेजमेण्ट (मुसोम) विच भएको सम्झौता अनुसार कोभिड–१९ नियन्त्रणका लागि पहिलो चरणको कार्यक्रम गर्ने वारे छलफल ।
- मिति २०७८ आषाढ ४ गते कर्णाली प्रदेशका स्थानिय निकायहरुमा निजिक्षत्रको तर्फवाट आगामि आ.व.को बजेटका लागि सुझावहरु पठाइएको ।
- मिति २०७८ आषाढ १४ सम्ममा नेपाल उद्याग वाणिज्य महासंघवाट प्राप्त कोभिड–१९ महामारी नियन्त्रण तथा रोकथामका लागि खर्च गर्ने गरी कर्णाली प्रदेश अन्तरगतका उद्योग वाणिज्य संघहरुलाई पठाएको ।
- मिति २०७८ श्राबण २९ गते (Employer Led Lebour Market Secretariat ) को आयोजना तथा नेपाल उद्योग बाणिज्य महासंघ,नेपाल उद्योग परिसंघ,नेपाल घरेलु तथा साना उद्योग महासंघ, होटल संघ र नेपाल निर्माण ब्याबसायी संघको संयुक्त साझेदारीमा भएको श्रम बजार सुचना सर्बेक्षण सम्बन्धि कार्यशाला गोष्ठिमा सहभागि ।
- मिति २०७८ श्राबण ३२ गते नेपाल उद्योग बाणिज्य महासंघ, कर्णाली प्रदेशको भवन रहेको क्षेत्र घेरबार गर्नका लागि सुर्खेत उद्योग बाणिज्य संघ संग समन्वय गरि घेरबार कार्य अघि बढाईएको ।

- मिति २०७८ भाद्र २० गते कर्णाली प्रदेश योजना आयोगको आयोजना तथा आयोगका अध्यक्ष माननिय उपाधयक्ष डा.सर्बराज खडकाको अध्यक्षतामा भएको दिगो बिकाश लक्ष्यको समन्वय र कार्यान्वयन समितिको बैठकमा सहभागी भई सप्ताहब्यापी कार्यक्रममा राय सुझाव प्रस्तुत गरिएको ।

- मिति २०७८ भाद्र २० गते कर्णाली प्रदेश योजना आयोगको आयोजनामा भएको कर्णली प्रदेशस्तरिय दिगो बिकाश लक्ष्यको सप्ताह ब्यापी क्रियाकलापहरुको उदघाटन कार्यक्रममा सहभागी भई कार्यक्रम सफल गराउन सहयोग ।

- मिति २०७८ भाद्र २३ गते कर्णाली प्रदेश सरकारको आयोजनामा भएको वहुक्षेत्रीय पोषण योजनाको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका बैठकमा  सहभागिता ।

- मिति २०७८ भाद्र २९ गते नेपाल सरकार, उद्योग,बाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंको आयोजनामा भएको लजिष्टिक नीति तर्जुमा सम्बन्धि राय सुझाव संकलन कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ,कर्णाली प्रदेशका सदस्यहरु क्रमश १) झबिराज खत्री र २) भानुभक्त बराल सहभागी भई नेपाल उद्योग बाणिज्य महासंघ,कर्णाली प्रदेशको तर्फबाट राय सुझाब पेश गरिएको ।

- मिति २०७८ आश्विन ६ गते कर्णाली प्रदेश योजना आयोगको आयोजनामा भएको कर्णाली प्रदेश स्तरिय दिगो बिकाश लक्ष्यको कार्यान्वयनको अवस्था र कार्यदिशा सम्बन्धि उच्चस्तरिय नितिगत छलफल कार्यक्रममा सहभागी भई नितिगत रुपमा सुधार गर्नुपर्ने बिषयका बारेमा यस महासंघको धारणा पेश गरिएको ।

- मिति २०७८ आश्विन ८ गते कर्णाली प्रदेश सरकारको आयोजनामा  भएको यस प्रदेशमा बालश्रमको अवस्था र बालश्रम अन्त्यमा सरोकारवाला निकायहरुको भुमिका बिषयक कार्यक्रममा सहभागी भई यस प्रदेशमा बालश्रमको अवस्था र बालश्रम अन्त्यमा सरोकारवाला निकायहरुले गर्नुपर्ने भुमिकाको बारेमा धारणा प्रस्तुत गरिएको ।

- मिति २०७८ आश्विन ९ गते नेपाल उद्योग बाणिज्य महासंघ कर्णाली प्रदेशका अध्यक्ष श्री पदम बहादुर शाहीको अध्यक्षतामा कर्णाली प्रदेशमा पर्यटन ब्यवसायको सम्भावना र चुनौती बिषयक अर्न्तक्रिया कार्यक्रम गरियो ।

- मिति २०७८ कात्तिक १८ गतेका दिन नेपाल उ. वा. महासंघ, कर्णाली प्रदेशका तर्फवाट नव नियुक्त कर्णाली प्रदेशका माननिय मुख्यमन्त्री जिवन वहादुर शाहीलाई वधाई तथा कार्यकालको शुभकामना ब्यक्त गरियो ।

- मिति २०७८ कात्तिक २७ गते यस नेपाल उद्योग बाणिज्य महासंघ, कर्णाली प्रदेशको भवन रहेको क्षेत्र घेरबार गर्नका लागि सुर्खेत उद्योग बाणिज्य संघ संग समन्वय गरि घेरबार कार्य सम्पन्न गरीएको ।

- नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकाल, नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशका अध्यक्ष श्री पदम ब. शाही लगायतका विशिष्ट व्यक्ति हरुले मुगु उद्योग वाणिज्य संघमा मिति २०७८ कात्तिक २९ गते उद्योग, व्यवसाय एवं समसामयिक विषयमा छलफल गरिएको ।

- मिति २०७८ कार्तिक ३० गते कृषि क्षेत्र बिकाश कार्यक्रमको आयोजना तथा कर्णाली प्रदेश भुमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालयका श्रीमान सचिवज्युको प्रमुख आतिथ्यतामा भएको प्राबिधिक परामर्श समुहको बैठकमा उपस्थित भई छलफलका बिषयमा राय प्रस्तुत  ।

- नेपाल उद्याग वाण्ज्यि महासंघ र कर्णाली प्रदेशको आयोजनामा मिति २०७८ मंसीर १ गते प्रदेश स्तरिय रोजगार परिषद सदस्यहरुको क्षमता अभिबृद्धि संचालन तथा सम्पुर्ण सदस्यहरुको सहभागिता साथै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री रामचन्द्र संघाईले मिति २०७८ कात्तिक २९ गते मुगुमा आगलागि वाट क्षति पुगेका व्यवसायीहरुलाई रु १००,०००।– ( अक्षरुपी एक लाख मात्र) प्रदान गर्ने घोषण समेत गर्नु भयो ।

- मिति २०७८ मंसिर ०७ गते आवाज संस्थाको २२ औं वार्षिक उत्सव तथा २१ औं साधारण सभामा अतिथिको रुपमा सहभागि  ।

- नेपाल उद्योग बाणिज्य महासंघको आयोजनामा मिति २०७८ मंसिर ९ गते देखि ११ गते सम्म संचालन भएको बिजनेश कन्टिन्युटि मयानेजमेन्ट तालिममा यस प्रदेश महासंघका सल्लाहकार श्री ऋषिकेशर खनालको सहभागिता रहेको ।
- मिति २०७८ मंसिर ११ गते सुर्खेत लघु तथा घरेलु उद्यमी (कोशेली गृह) को एघारौं वार्षिक साधारण सभामा अतिथिको रुपमा सहभागि भई कार्यक्रम सफल बनाउन सहयोग गरिएको ।
- मिति २०७८ मंसीर १२ गते नेपाल औषधि संघ, कर्णाली प्रदेशको प्रथम अधिवेशनमा ने.उ.बा. महासंघ कर्णाली प्रदेशको तर्फबाट अतिथिका आशन ग्रहण एवं सहभागिता ।
- प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदको तालिम संचालन सम्मन्वय समितिको प्रतिनिधि सदस्य मनोनयन गरि मिति २०७८ मंसीर २१ गते प्रदेशका सदस्य श्री भानुभक्त वराललाई पठाईएको ।
- मिति २०७८ मंसिर ११ गते सुर्खेत लघु तथा घरेलु उद्यमी (कोशेली गृह) को एघारौं वार्षिक साधारण सभामा अतिथिको रुपमा सहभागि भई कार्यक्रम सफल बनाउन सहयोग गरिएको ।
- मिति २०७८ मंसिर २२ गते Trade Promotion Council Of India को आयोजनामा भारतको नयांदिल्लीमा हुने Indus food Tech अर्न्तराष्ट्रिय मेलामा २ जना सहभागिहरु सिफारिस गरिएको ।
- मिति २०७८ मंसीर २४ गते ने.उ.वा.महासंघ, कर्णाली प्रदेशको कार्यकारिणी समितिको बैठक सम्पन्न ।
- मिति २०७८ पुष ८ गतेका दिन उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयको आयोजनामा सुर्खेतको शुभ होटलमा भएको कर्णाली प्रदेशको जलवायु परिवर्तन नीतिको मस्यौदा प्रस्तुतिकरण कार्यक्रममा उपस्थित भई महासंघको तर्फबाट राय, सुझाव पेश गरिएको ।
- मिति २०७८ पुष ११ गतेका दिन श्रम तथा रोजगार कार्यालय , बिरेन्द्रनगर सुर्खेतको आयोजनामा मानव अधिकार सम्बन्धि उच्च आयुक्तको कार्यालयले तयार पारेको मार्गदर्शक सिद्वान्त कार्यान्वयनका लागि आवश्यक कार्ययोजना निर्माण सम्बन्धि राय सुझाव संकलन कार्यक्रममा सहभागि भई राय सुझाव पेश गरिएको ।
- मिति २०७८ पुष १९ गतेका दिन कर्णाली प्रदेश योजना आयोगको आयोजनामा भएको कर्णाली प्रदेश स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा उपस्थित भई राय सुझाव प्रस्तुत गरिएको ।
- मिति २०७८ पुष १९ गतेका दिन नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा नेपाल घरेलु तथा साना उद्योग महासंघ,कर्णाली प्रदेश एबं प्रदेश महिला उद्यमी सम्मेलनको उदघाटन कार्यक्रममा उपस्थित भई उक्त कार्यक्रम सफल बनाउन सहयोग गरिएको ।
- मिति २०७८ पुष १९ गतेका दिन मध्यपश्चिम बिश्वबिद्यालयको आयोजनामा मध्यपश्चिम बिश्वबिद्यालयको सम्बन्धन सम्बन्धमा निर्माणाधिन मस्यौदा उपर छलफल कार्यक्रममा उपस्थित भई राय सुझाव प्रस्तुत गरिएको ।
- मिति २०७८ पुष २६ गतेदेखि २९ गते सम्म कृषि क्षेत्र बिकाश कार्यक्रमको आयोजनामा सुर्खेतको बिरेन्द्रनगरमा भएको बहुसरोकारवाला गोष्ठिमा सहभागि भई राय सुझाव प्रस्तुत गरिएको ।
- मिति २०७८ माघ ६ गतेका दिन नेपाल उद्योग बाणिज्य महासंघ र कृषि क्षेत्र बिकाश कार्यक्रकका बिच परियोजना सम्बन्धि अर्न्तक्रिया कार्यक्रम गरियो ।
- मिति २०७८ माघ २३ गतेका दिन नेपाल उद्योग बाणिज्य महासंघ र कर्णाली प्रदेश योजना आयोगका बिच स्थानिय तहको आर्थिक बिकाशमा खेल्न सक्ने भुमिका बिषयक अर्न्तक्रिया कार्यक्रम गरियो ।

**नेउवामहासंघ–सुदूरपश्चिम प्रदेश :**

- मिति २०७८ साल बैशाख ११ गतेका दिन नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी संघले, संघको वार्षिक साधारण सभा सम्पन्न गरेको थियो । उक्त सभामा नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल जेष्ठ  १२ गतेका दिन आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेशको आयोजनामा भएको आ.ब ०७८/ ०७९को पूर्व बजेट अर्न्तकृया कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८/०३/१६ गते CTEVT सुदूरपश्चिम प्रदेशको आयोजनामा, तालिम सञ्चालन समन्वय समिति छलफल कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीको सहभागिता रहेको थियो ।
- मिति २०७८/०३/१८ गते राष्ट्रिय योजना आयोग/भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको संयुक्त आयोजनामा, नेपालको खाद्य प्रणालीको अवस्था र रुपान्तरणका लागि भावी कार्यक्रम- प्रदेश स्तरीय खाद्य प्रणाली सम्बाद कार्यक्रम (Virtual meeting) मा सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८/०४/०३ गते नेपाल उद्योग वाणिज्य महासंघ, रोजगारदाता परिषद/ILO को संयुक्त आयोजनामा, रोजगारदाता परिषदले गर्ने काम, श्रम सम्बन्ध र प्रदेश उद्योग वाणिज्य महासंघका व्यवस्थापन तथा संरचना सुधार विषयक अन्तरक्रिया कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८/०४/२३ गते आर.डि. कालिका सप्लायर्स प्रा.लि. को प्रयोजन तथा फारवेष्टर्न राईडर्सको सहयोग तथा समन्वयमा धनगढी चौराह देखि गोदावरी धाम सम्म र फिर्ता आई धनगढी चौराहामा सम्पन्न हुने गरी साइकल ऱ्यालीमा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष (एशोसियट) श्री अनिल कुमारको उपस्थिती रहेको थियो ।
- मिति २०७८/०४/२४ गते आइतबार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पर्यटन गुरुयोजना सम्बन्धी अन्तरक्रिया गोष्ठीमा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीको उपस्थिती रहेको थियो ।
- मिति २०७८/०४/२५ गते सोमबार नेपालका ठुला पांच रोजगारदाता संघहरु (नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ, होटल व्यवसायी महासंघ) को संयुक्त आयोजनामा र ब्रिटीस काउन्सिलको व्यवस्थापन र युरोपियन यूनियनको वित्तिय सहयोगमा सञ्चालित Employer Led Market Secretaiat (ELMS) परियोजना धनगढीको होटल रुवसमा सम्पन्न भएको एकदिने रोजगारदाताहरुलाई श्रम बजार सुचना सर्वेक्षण अनुशिक्षण (Sensitization Labor Market Information (LMI Survey) Orientaion) कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश कार्यालयका उपाध्यक्ष (एशोसियट) श्री अनिल कुमार ज्यू, कार्यकारिणी समिति सदस्य श्री लालमणी पन्त र महेन्द्र सिंह ज्यू,  र कार्यकारी निर्देशक श्री ज्योती भट्ट ज्यूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा यस महासंघका उपाध्यक्ष (एशोसियट) श्री अनिल कुमार ज्यूले सम्बन्धित विषयमा केन्द्रित रहि मन्तव्य राख्नु भएको थियो ।
- मिति २०७८/०४/२७ गते नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी विकास समितिको आयोजनामा, **"उद्यमीका सम्बाद"** शीर्षक अन्तरगत विभिन्न कार्यक्रमहरु आयोजना गरिदै आएको र सोही सन्दर्भमा सातैवटा प्रदेशको समन्वयमा कामदार तथा कर्मचारी व्यवस्थापन एवं श्रम ऐनका विषयमा अन्तरक्रिया कार्यक्रम

(Virtual meeting) मा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारिणी समिति सदस्य सीता भट्टराईको सहभागिता रहेको थियो ।

- मिति २०७८ साल भाद्र २१ गते नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश र कैलाली उद्योग वाणिज्य संघको समन्वयमा **कोभिड १९ पछि उद्योग, वाणिज्य क्षेत्रमा परेका समस्या लगाएत अन्य समसामयिक अन्तरक्रिया कार्यक्रम** कैलाली उद्योग वाणिज्य संघको सभा हलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारिणी सदस्य श्री लोकराज भट्ट र सीता भट्टराईको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल भाद्र २७ गते उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयको आयोजनामा **लजिष्टिक सम्बन्धी अन्तरक्रिया कार्यक्रम** उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सभा हलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री अनिल कुमारको उपस्थिती रहेको थियो ।
- मिति २०७८ साल असोज ११ गते उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आयोजनामा विश्व पर्यटन दिवसको अवसरमा **शुभकामना आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम** सम्पन्न भएको थियो । उक्त कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल असोज १७ र १८ गते उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आयोजनामा **राष्ट्रिय अनुकुलन योजना दस्तावेजको मस्यौदा उपर छलफल गरी सरोकारवालाहरुबाट राय सुझाव संकलन गर्ने अन्तरक्रिया कार्यक्रम** होटल रुबसमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल असोज १९ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा **आयोजना सुरुवात बारे अन्तरक्रिया कार्यक्रममा** सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल असोज २२ गते राठी इन्टरप्राइजेजको आयोजनामा**Exclusive Studio को समुद्घाटन कार्यक्रममा** यस नेपाल उद्योग वाणिज्य महसांघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल कार्तिक १३ गते नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा **हाम्रो कोशेली सप्लायर्सको समुद्घाटन समारोहमा** यस नेपाल उद्योग वाणिज्य महसांघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री अनिल कुमारको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल कार्तिक १५ गते सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशको आयोजनामा **सुदूरपश्चिम प्रदेश अन्तर्गत सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरुलाई श्रम बजारको माग र व्यवसायसँग जोड्नका लागि गर्नुपर्ने आवश्यक प्रयासहरु विषयको अन्तरक्रिया कार्यक्रममा** सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीको उपस्थिती रहेको थियो ।
- मिति २०७८ साल कार्तिक १६ गते आन्तरिक मामिला तथा कानून मन्त्रालय र राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यालयको संयुक्त आयोजनामा **विपद जोखिम न्यूनिकरण प्रदेश कार्यमञ्च अभिमुखिकरण तथा छलफल कार्यक्रममा** यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल कार्तिक २२ र २३ गते नेपाल उद्योग वाणिज्य महसंघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ तथा होटल संघ नेपालको साझेदारी, British Council-Dakchyata: TVET Practical Partnership Projectको व्यवस्थापन तथा European Unionको

आर्थिक सहयोगमा **Orientation on ELMS Project and LMI Conceptकार्यक्रम** जंगल भिल्ला रिसोर्ट भरतपुर २२, चितवनमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।

- मिति २०७८ साल मंसिर ९ देखि ११ गते एसियन डिजास्टर प्रिपरनेश सेन्टर र एसियन प्रिपरनेश पार्टनरसिमको संयुक्त आयोजनामा **विजनेश** कन्टिन्यू**टी म्यानेजमेन्ट सम्बन्धी तालिम** होटल हिमालय, कुपण्डोल, ललितपुरमा सम्पन्न भएको थियो । उक्त तालिममा सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल मंसिर २१ गते नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा **नेपाल घरेलु तथा साना उद्योग महासंघ सुदूरपश्चिम प्रदेशको दोस्रो अधिवेशन एवं दोस्रो महिला सम्मेलनको उद्‌घाटन समारोह** रिद्धी सिद्धी पार्टी प्यालेसमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा माननीय मुख्यमन्त्री भट्टको प्रमुख अतिथि र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रीज्यूको विशिष्ट अतिथीको रुपमा उपस्थिती रहेको थियो । सो कार्यक्रममा सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल मंसिर २१ गते यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको **तेस्रो कार्यकारिणी समितिको बैठक** प्रदेशकै सचिवालयमा सम्पन्न भएको थियो । उक्त बैठकमा जिल्ला तथा नगर उद्योग वाणिज्य संघमा भएका समस्या र सुझाव सम्बन्धमा र अन्य समसामायिक विषयहरुमा छलफल भएको थियो ।
- मिति २०७८ साल मंसिर २५ गते आलोक मल्टि कन्सर्न प्रा.लि.को **उद्‌घाटन समारोहमा** यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदुरपश्चिम प्रदेशका कार्यकारिणी सदस्य श्री लालमणी पन्तको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल मंसिर २६ गते उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेशको आयोजनामा **सुदूरपश्चिम पर्यटन साइकल यात्रा २०७८** कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारिणी समिति सदस्य श्री सुजित राज शर्माको उपस्थिती रहेको थियो ।
- मिति २०७८ साल पौष ५ गते नेपाल पर्यटन बोर्डको आयोजनामा **नेपाल पर्यटन बोर्ड सुदूरपश्चिम प्रदेश कार्यालयको उद्‌घाटन कार्यक्रममा**प्रमुख अतिथीमा पर्यटन मन्त्री माननीय श्री प्रेम आलेको पनि सहभागिता रहेको थियो । उक्त उद्‌घाटन कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री अनिल कुमार, कार्यकारिणी समिति सदस्य श्री सुजित राज शर्माको उपस्थिती रहेको थियो ।
- मिति २०७८ साल पौष १३ गते श्रम तथा रोजगार कार्यालयको आयोजनामा **Business and Human Rights** को विषयमा तयार गरेको मार्गदर्शक सिद्धान्त कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तयार गर्ने सन्दर्भमा छलफल कार्यक्रममा सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल पौष २३ गते उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेशले **सुदूरपश्चिम प्रदेशको पर्यटन विकास गुरुयोजना विषयको छलफल कार्यक्रमको** आयोजना गरेको थियो । उक्त कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारिणी समिति सदस्य श्री सुजित राज शर्माको सहभागिता रहेको थियो ।
- मिति २०७८ साल पौष २४ गते मदिरा व्यवसायी संघ, कैलालीको **तेस्रो वार्षिक साधारण सभामा** देव तालिम केन्द्र, धनगढीमा आयोजना गरेको थियो । उक्त कार्यक्रममा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारिणी समिति सदस्य श्री शंकर खड्का र सीता भट्टराईको सहभागिता रहेको थियो ।

**उद्योग समितिः**

- **"स्वदेशी उद्यम र उत्पादनः दिगो औद्योगिक पुनरूत्थान"** नारासहित ७ औं राष्ट्रिय उद्योग दिवसको अवसरमा उद्योग सचिव श्री अर्जुन प्रसाद पोखरेलको प्रमुख आतिथ्यतामा गत मंसीर ८ गते कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा नेपालमा अहिलेसम्म औद्योगिक विकास सोचे अनुसार हुन नसकेको, अहिले पनि मुलुकभित्र उद्योग गर्ने वातावरण बनि नसकेकोले अबको योजना उद्योगको Cost of doing business घटाउने

तथा औद्योगिक उत्पादन बढाउने तर्फ हुनु पर्ने विषयमा छलफल भएको थियो । त्यसैगरी कार्यक्रममा स्वदेशी उद्योगहरुको न्यून उत्पादकत्व तथा उच्च आयातले मुलुकको आर्थिक विकासमा ठूलो समस्या सिर्जना गरेको हुंदा हामीले कम मूल्यमा गुणस्तरीय वस्तु उत्पादन गर्नु पर्ने चुनौति रहेको विषयमा छलफल भएको थियो ।
उक्त कार्यक्रममा उद्योग सचिव श्री अर्जुन प्रसाद पोखरेलले औद्योगिक विकासमा सरकारको तर्फबाट पूर्ण सहयोग रहेको भन्दै महासंघले अगाडि सारेको भिजन पेपरलाई सरकारले समेत अपनत्व लिई कार्यान्वयनमा जोड दिएका साथै औद्योगिक क्षेत्रको विकास र त्यससंग सम्बन्धित नीति निर्माण गर्दा निजी क्षेत्रसंग सहकार्य हुनेमा गर्दै अगाडी बढ्ने, औद्योगिक विकासमा सरकार निजी क्षेत्रलाई सहयोग गरिहेको साथै उद्योगका समस्यालाई समाधानका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न उद्योग मन्त्रालय तत्पर रहेको बताउनु भएको थियो ।
कार्यक्रममा कतिपय नीति नियमहरू विगतमा निजी क्षेत्रसंग छलफल नगरी बनाएकाले अहिले समस्या आएको, लागत खर्च बढी, उर्जाको अभाव, महंगो जग्गा, उच्च श्रम लागत, उच्च कर उद्योग विकासका लागि प्रमुख बाधकको साथै लागत न्यूनिकरण मार्फत औद्योगिकीकरणमा जोड दिनु पर्ने लगायतका विषयमा छलफल भएको थियो ।

- उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालको नेतृत्वमा गत असोज ८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री शिशिर कुमार ढुंगाना तथा सचिव श्री धनराज ज्ञवालीसंग भेट गरी आ.व. २०७८/७९ को बजेट वक्तव्यका आधारमा औद्योगिक कच्चा पदार्थका रुपमा प्रयोग हुदै आएको विभिन्न माइक्रोनका पोलिमर सिटहरु आ.व.२०७८/०७९ को शुरुवात संगै नेपाली भन्सार नाकाहरुमा रोकिएको हुंदा प्याकेजिङ्ग मेटेरियलको कच्चा पदार्थको रुपमा प्रयोग हुने यस्ता वस्तुहरुको आयात सहजीकरणका लागि छलफल भयो ।

- गत भदौ ३ गते बसेको उद्योग समितिको बैठकमा यस अवधिमा EXIM Code ५ वर्षका लागि नविकरण गर्न सकिने गरि व्यवस्था भएको, कोभिड १९ प्रभावित उद्योगहरुको पुनरुत्थान र समकालिन औद्योगिक समस्याको समाधानका सम्बन्धमा उद्योग मन्त्रालयका सचिवज्यूसंग भेटी सो सम्बन्धमा छलफल गरिएको, त्यस्तै औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग हुंदै आएका विभिन्न माइक्रोनका पोलिमर सिटहरु पैठारीको क्रममा भन्सार नाकाहरुमा रोकिन गएबाट औद्योगिक इकोसिष्टममा नै प्रतिकूल असर पर्न जाने हुंदा ती कच्चा पदार्थको आयातमा सहजीकरणका लागि पहल गरिएको, महासंघले अंगिकार गरेको “राष्ट्रिय आर्थिक रुपान्तरण कार्यक्रम (NET 2030)” अन्तर्गत औद्योगिक लागत न्यूनिकरण गर्ने सम्बन्धमा निम्न अनुसार लागत कम गर्न सकिने सुझाव पेश भएको ।
  - Reduction of production cost – Energy Price & land reforms etc.
  - Reduction of Administrative cost – Industry Registration process cost, Environment clearance (वातावरणीय प्रभाव मूल्याङ्कन लागत) आदि ।
  - Reduction of Tax cost – Income tax and custom duties for raw materials, Countervailing tax/safe guard tax etc.
  - Reduction of Financial cost – Interest rate on Industrial loan etc.

**समितिलाई क्रियाशील बनाउने कार्यमा देहायका भावी कार्ययोजनाहरु समेत तय भएको :**

- औद्योगिक क्षेत्रका लगानी मैत्री तथा आकर्षण र प्रतिफलमूखी बनाउन पहल गर्नु पर्ने,
- उद्योग विभागसंगको सहकार्यमा गरिदै आएको उत्पादनमूलक उद्योगहरुको गुणात्मक एवं परिमाणात्मक विश्लेषणात्मक अध्ययन तथा अनुसन्धान कार्यलाई परिणाममूखि बनाउदै लैजानुपर्ने ।
- ऐन नियमका समस्या तथा त्यसको एकिकृत सुझावहरु संकलन गर्न उत्पादनमूलक उद्योगसंग सम्बन्धित वस्तुगत संघका पदाधिकारीहरुसंग क्रमिक रुपमा छलफल गर्नुपर्ने ।
- औद्योगिक कोरिडोर क्षेत्रमा रहेका उद्योगहरुको समकालिन औद्योगिक समस्या पहिचान तथा समाधानको आवश्यक पहल कदमको लागि औद्योगिक कोरिडोर क्षेत्रहरुमा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

सो अवसरमा औद्योगिक व्यवसाय ऐन, २०७६, भूमि सम्बन्धी ऐन, २०२१, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७, लगायत वन तथा वातावरण ऐनका सम्बन्धमा प्रस्तावित सुझाव (ड्राफ्ट) समिति सदस्यहरुलाई अध्ययन गर्न तथा कुनै राय सुझावको लागि अनुरोध गरिएको ।

- नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशकको अध्यक्षतामा विभिन्न वस्तुको गुणस्तर निर्धारण गर्ने सम्बन्धमा गठित प्राविधिक समितिको बैठकमा उद्योग समितिबाट प्रतिनिधित्व रहदै आएको छ । उक्त समितिको मिति २०७८/७/१५ गते पेन्ट तथा पेन्टजन्य सामग्रीहरुको गुणस्तर पुन:रिक्षण तथा गुणस्तर निर्धारण, मिति २०७८/८/१३ गते फलामजन्य बस्तुहरुको गुणस्तर पुन:रिक्षण तथा गुणस्तर निर्धारण र मिति २०७८/८/१५ गते सिमेन्टजन्य निर्माण सामग्रीको गुणस्तर निर्धारण सम्बन्धी बैठकमा समिति सभापति श्री भरत आचार्यले प्रतिनिधित्व गर्नु भएको थियो ।

- समिति सभापति श्री भरतराज आचार्य र नेपाल विकास अनुसन्धान परिषद् (Nepal Development Research Institute) का पदाधिकारीहरु पूर्व विज्ञान तथा प्रविधि मन्त्री श्री गणेश शाह तथा त्रिभुवन विश्वविद्यालय, Central Department of Chemistry, कीर्तिपुरका प्रा. डा. रामेश्वर अधिकारी बीच मिति २०७८ भाद्र ३ गते महासंघको सचिवालयमा Industries & Academia बीचमा उद्योगहरुको विभिन्न क्षेत्रमा अध्ययन तथा अनुसन्धानमूलक कार्यका लागि महासंघसंग सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

- समिति सभापति श्री भरतराज आचार्यको नेतृत्वमा समितिका उपसभापति र प्लाष्टिक जन्य सामाग्री उत्पादक व्यवसायीहरुबाट वातावरण बिभागका महानिर्देशकसंग भेटगरी २०७८/२०७९ को आय-व्यायको सार्वजनिक बक्तव्यमा औद्योगिक उत्पादनका लागि आवश्यक प्याकेजिङ्ग म्याटेरियल पोलिमर सिट भन्सार नाकाहरुमा रोकिन गएको बिषयमा ध्यानकर्षण गराउदै सो को आयात खुलाउन सहजिकरणका लागि अनुरोध गरिएको ।

  सोहि दिन सभापति श्री भरतराज आचार्यको नेतृत्वको प्रतिनिधिमण्डलले वाणिज्य बिभागका महानिर्देशकलाई समेट भेट गरी औद्योगिक कच्चा पदार्थका रुपमा रहेका पोलीमर सिटहरु भन्सार नाकाहरुमा रोकिएको हुंदा आयात सहजिकरणका लागि अनुरोध गरियो ।

- उत्पत्तिको प्रमाण पत्र जारी गर्ने कार्यविधि, २०७७ मा भएको व्यवस्था अनुसार सौविध्यपूर्ण व्यापार सुविधा अन्तर्गत जारी हुने उत्पत्तिको प्रमाण पत्र सिफारिशका लागि उद्योग विभागका महानिर्देशकको अध्यक्षतामा गठित प्राविधिक समितिमा उद्योग समितिबाट प्रतिनिधित्व हुदै आएको छ । प्राविधिक समितिबाट नेपालमा उत्पादित औद्योगिक वस्तु भारतमा सहुलियति निकासीका लागि सिफारिश गर्ने गरिएको छ । मिति २०७८ बैशाख देखि हालसम्म ६० वटा उद्योगका विभिन्न उत्पादनहरु भारतमा सहुलियत निकासीका लागि सिफारिश भएको छ ।

- मिति २०७८ असोज ७ गते उद्योग समितिका सभापति श्री भरतराज आचार्यले अर्थ मन्त्रालयका सचिव श्री मधुकुमार मरासिनीज्यूलाई भेट गरी आ.व. २०७८/७९ को बजेट वक्तव्यका आधारमा औद्योगिक कच्चा पदार्थका रुपमा प्रयोग हुदै आएको विभिन्न माइक्रोनका पोलिमर सिटहरु यसै आ.व.२०७८/०७९ को शुरुवात संगै नेपाली भन्सार नाकाहरुमा रोकिएको हुंदा प्याकेजिङ्ग मेटेरियलको कच्चा पदार्थको रुपमा प्रयोग हुने यस्ता वस्तुहरुको आयात सहजीकरणका लागि अनुरोध गर्नुभयो । सोहि दिन यसै विषयमा बन तथा वातावरण मन्त्रालयका सचिव डा. प्रेम नारायण कडेलसंग समेत छलफल भएको थियो ।

- मिति २०७८ असोज ७ गते अर्थ मन्त्रालयका राजश्व सचिव श्री कृष्णहरी पुष्करज्यूसंग समेत भेट गरी प्याकेजिङ्ग मेटेरियलको कच्चा पदार्थको रुपमा प्रयोग हुने विभिन्न माइक्रोनका पोलिमर सिटहरुको आयात सहजीकरणका लागि अनुरोध गर्नुभयो ।

- बारा जिल्लामा सञ्चालित जगदम्बा स्टील इण्डष्ट्रिज र त्रिवेणी सिनप्याक्स प्रा.लि.मा विगत केहि दिनदेखि केही स्थानिय व्यक्तिहरुबाट भईरहेको अबाञ्छित क्रियाकलापहरुले उद्योग सञ्चालनमा कठिनाई भईरहेको, उद्योग सचांलन गर्ने वातावरण बिग्रदै गएको हुंदा उद्योग परिसरमा शान्ति सुरक्षा कायम गरी उद्योग सचांलनको अनुकूल वातावरण बनाउन तत्काल बारा—पर्सा औद्योगिक कोरिडोरमा औद्योगिक सुरक्षा बल पुन: स्थापना गरी उक्त क्षेत्रमा सचांलित उद्योहरुमा शान्ति सुरक्षा कायम गराई सहजरुपमा उद्योगहरुको संचालनका लागि

अनुकूल वातावरण बनाउन मिति २०७८/५/२२ गते श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यूलाई अनुरोध गरिएको । सो सम्बन्धमा आवश्यक व्यवस्थाका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सचिवस्तरीय निर्णय भई गृह मन्त्रालयमा पत्राचार गरिएको ।

- मिति २०७८/०३/०२ गते नेपाल गुणस्तर तथा नापतौल बिभागका महानिर्देशकको अध्यक्षतामा Oriented Plasticized Polyvinyl Chloride (PVC-O) Pipes for Water Supply – Specification को गुणस्तर निर्धारण प्राबिधिक समितिको (जूम) बैठकबाट उक्त वस्तुको गुणस्तर परिषदमा सिफारिश गर्ने निर्णय गऱ्यो । सो बैठकमा उद्योग समितिका सभापतिज्यूले भाग लिनु भएको थियो ।

- २०७८ बैशाख १६ गतेबाट लागु भएको लकडाउनको अवधिमा उद्योगको उत्पादन कार्यका लागि आवश्यक भारत तथा तेश्रो मुलुकहरुबाट आयात गरिएका नेपाली भन्सार नाकाहरुबाट छुटेका कच्चा पदार्थ तथा सहायक पदार्थ बोकेका ट्रक तथा कन्टेनरहरुलाई ठाँउ ठाँउमा रोकी गन्तव्य स्थानसम्म ढुवानी गर्न अवरोध पुऱ्याईएको साथै यस्ता प्रकारका अवरोधले अन्तराष्ट्रिय सिपिङ एजेन्सीमा समेत डिटेन्सन चार्ज समेत तिर्नु पर्दा उद्योगलाई ठूलो मर्का परिरहेको गुनासो महासंघमा प्राप्त हुनआएको । सो सम्बन्धमा महासंघबाट मिति २०७८।०२।१८ मा गृह मन्त्रालयका सचिवज्यूलाई भन्सार नाकाहरुबाट छुटेका उद्योगहरुको कच्चा पदार्थ तथा सहायक पदार्थ बोकेका ट्रक तथा कन्टेनरहरुलाई काठमाडौं लगायतका उद्योगहरुको गन्तव्य स्थानसम्म आवतजावतमा सहजीकरण गर्न अनुरोध गरि पत्र पठाइएको ।

  सोहि बिषयमा गृह मन्त्रालयले आयोजना गरेको (जूम) बैठकमा उद्योग समितिका सभापति श्री भरतराज आचार्यले सहभागिता जनाउनु भएको थियो । उक्त जूम बैठकबाट निर्णय भए बमोजिम गृह मन्त्रालयले सबै भन्सार नाकाहरुबाट छुटेका कच्चा पदार्थ तथा सहायक पदार्थ बोकेका ट्रक तथा कन्टेनरहरुलाई अवरोध नगर्न नगराउन झापा, मोरङ, सुन्सरी, सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, वारा, पर्सा, चितवन, मकवानपुर, नवलपरासी, रुपन्देही, कपिलबस्तु, बाँके, बर्दिया, कन्चनपुर, कैलाली र काठमाण्डौका जिल्ला प्रसासनहरुलाई सहजिकरणका लागिपत्राचार गरेको ।

- मिति २०७८।०१।०६गते उद्योग समिति अर्न्तगत उत्पादन मूलक उद्योगको गुणात्मक एवं परिमाणात्मक उद्योगको तथ्यांक संकलन सम्बन्धमा प्रश्नावलीलाई अन्तिम रुपदिने सम्बन्धमा उद्योग बिभागका महानिर्देशकको अध्यक्षतामाा बसेको बैठकमा उद्योग समितिको तर्फबाट समिति सभापती र सदस्यहरुको उपस्थिती भएको । उक्त बैठकले तथ्यांक संकलनका लागि अनलाईन भर्न मिल्ने गरी तयार गरेका प्रश्नावलीको टुङ्गो लगाएको थियो ।

- नेपाल गुणस्तर एवं नापतौल बिभागका महानिर्देशकको अध्यक्षतामा मिति२०७८।०१।०६ गते गुणस्तर तथा नापतौल विभागमा Polyethylene pipe को गुणस्तर निर्धारणका सम्बन्धमा गठित प्राबिधिक समितिको बैठकमा उद्योग समितिका सभापतिज्यूले भाग लिनुभएको थियो ।

- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा प्रमुखको संयोजकत्वमा औद्योगिक पुर्वाधार विकास कार्यक्रम अन्तर्गतको पहुंच मार्ग र प्रशारण लाइन निर्माण स्वरुप शोधभर्ना सम्बन्धी मापदण्ड तर्जूमा एवं कार्यान्वयन गर्न गठित समितिमा समिति सभापति श्री भरतराज आचार्यले प्रतिनिधित्व गर्ने गरी व्यवस्था भएको ।

**बिद्युतीय प्रणाली मार्फत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा भएका गतिविधि**

- उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धि कार्यबिधि २०७७ को दफा १२ को उपदफा २ र ३ मा भएको व्यवस्था अनुसार बिद्युतीय प्रणाली मार्फत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा मिति २०७८ बैशाख २७ गते भन्सार बिभाग र नेपाल उद्योग वाणिज्य महासंघ बीच सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रमको आयोजना गरियो । भन्सार विभागबाट भर्चुअल माध्यामबाट आयोजना भएको उक्त कार्यक्रममा नेपाल च्याम्बर अफ कर्मस, नेपाल उद्योग परिसंघ र हस्तकला महासंघका बीच पनि छुट्टाछुट्टै रुपमा बिद्युतीय अनलाईन उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा सम्झौतापत्रमा हस्ताक्षर समेत सम्पन्न भएको थियो ।

हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष श्री शेखर गोल्छाले अनलाईन उत्पत्तिको प्रमाणपत्र जारी गर्ने कार्यले निर्यात व्यापारमा सहजीकरण गर्ने हुंदा समय, श्रम तथा खर्चमा बचत हुन जाने तथा निर्यात बृद्धिमा समेत मद्धत पुग्ने हुंदा ऐतिहासिक काम भएको बताउनु भयो ।

भन्सार बिभागका महानिर्देशकज्यूको अध्यक्षतामा सम्पन्न उक्त हस्ताक्षर कार्यक्रमलाई चारवटै व्यवसायिक संगठनका अध्यक्षहरुले सम्बोधन गर्नु भएको थियो ।

भन्सार विभाग अन्तर्गत नेपाल राष्ट्रिय एकद्धार प्रणालीको डिजाईन, विकास तथा कार्यान्वयन गर्ने प्रणालीको विकास Webb Fontaine Group FZ-LLC, UAE ले विकास गरेको छ ।

- अनलाईन मार्फत उत्पत्तिको प्रमाणपत्र जारी गर्नु पूर्व उत्पत्तिको प्रमाण पत्र जारी गर्ने जिल्लाका कर्मचारीहरुलाई तालिम दिने क्रममा पहिलो चरणमा मिति २०७८ जेष्ठ ३०, ३१ र असार १ गते गरी ३ समूहमा भर्चुअल माध्यमबाट भन्सार विभाग अन्तर्गत नेपाल राष्ट्रिय एकद्धार प्रणालीको डिजाईन, विकासकर्ता Webb Fontaine Group FZ-LLC, UAE ले तालिम प्रदान प्रदान गरेको थियो भने तत्पश्चात् महासंघबाट क्रमिक रुपमा उत्पत्तिको प्रमाण पत्र जारी गर्ने जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघमा तालिम कार्यक्रमको आयोजना गरी निर्यात व्यवसायमा आवद्ध उद्योग व्यवसायका प्रतिनिधिहरु/कर्मचारीहरुलाई समेत तालिम दिइदै आइएको छ ।
- हाल तेश्रो मुलुक लगायत साफ्टा मुलुकमा जारी हुने उत्पत्तिको प्रमाण पत्र प्राय सबै जिल्लाहरुबाट Online मार्फत जारी गर्न प्रारम्भ भईसकेको छ भने भारतमा निकासी हुने वस्तुका लागि जारी हुने उत्पत्तिको प्रमाण पत्र पनि यथाशीघ्र जारी हुने गरी Online Portal तयार भैरहेको छ ।

**<u>व्यापार समिति :</u>**

- व्यापार समितिको मिति २०७८/०५/०९ गते समितिका सभापति श्री विजय सिंह बैद्यको सभापतित्वमा बसेको बैठकमा नेपाल भारत दुई पक्षीय व्यापार सल्टाउनका लागि पोर्टल तयार गरि कार्य प्रारम्भ गरिएको, समितिको पहिलो बैठकको निर्णयबाटनै कालाबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन, २०७५ को समसामयिक परिमार्जनको लागि कार्य प्रारम्भ गरिएको, केही ऐनहरुको समसामयिक परिमार्जनको लागि क्षेत्र तथा विषयका आधारमा उपसमितिहरुको गठन गरी सुझाव संकलन कार्य भईसकेको जानकारी गराउनु भएको थियो ।

बैठकमा आर्थिक रुपान्तर २०३० को आधारमा लिइएका विभिन्न (Initiatives) पहलमध्ये कानुनी विज्ञहरुबाट तयार गरिएको कालाबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन, २०७५ को तीन महले सुझावमा दफावार रुपमा छलफल भई दुवै ऐनका अधिकांश दफाहरुमा बजार व्यवस्थापन सम्बन्धी समान व्यवस्था विद्यमान भएको हुंदा दोहोरोपना नहुने गरी हटाउन सुझाव तयार गरिएको । उस्तै प्रकृतिका ऐनहरुलाई समेटेर एउटै एकीकृत ऐन बनाउने तर्फ ध्यानाकर्षित गराएको छ ।

मिति २०७८/०५/०९ गते बसेको व्यापार समितिको बैठकबाट भएका कार्यहरु वारेमा बैठकमा छलफल भयो । समितिबाट यस अवधिमा बिद्युतीय व्यापार ऐनबारे सम्बन्धित क्षेत्रका विज्ञहरुसंग अन्तरक्रिया गरी सरोकारवाला मन्त्रालयलाई तीनमहले सुझाव पठाईएको, नेपाल भारत दुई पक्षीय व्यापार सल्टाउनका लागि पोर्टल तयार गरि कार्य प्रारम्भ गरिएको, समितिको पहिलो बैठकको निर्णयबाटनै कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन, २०७५ को समसामयिक परिमार्जनको लागि कार्य शुरु गरिएको, समितिको तेश्रो बैठकबाट केही ऐनहरुको समसामयिक परिमार्जनको लागि क्षेत्र तथा बिषयका आधारमा उपसमितिहरु गठन गरी सुझाव संकलन कार्य प्रारम्भ सम्बन्धमा जानकारी गराइएको थियो ।

बैठकमा कालाबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन, २०७५ का सम्बन्धमा बृहत छलफल भएको थियो ।

कालाबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन, २०७५ मा भएका कतिपय व्यवस्थाहरु दुबै ऐनमा बिद्यमान भएको हुंदा दोहोरोपना नहुने गरी हटाउन सुझाव तयार गर्नु पर्ने, उस्तै प्रकृतिका ऐनहरुलाई समेटेर एउटै एकिकृत ऐन बनाउने गरी सुझाव प्रस्तुत गर्नु पर्ने, विद्यमान

कालाबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को नामको उपयुक्त तबरबाट परिमार्जन गरी रबजार व्यवस्था एवं उपभोक्ता संरक्षण ऐन नाम संशोधन गर्नु पर्ने लगायतका विषयमा छलफल भएको थियो ।

नेउवामहासंघले बिज्ञहरुको सहयोगमा तयार गरेका तीनमहले सुझावहरुलाई अन्तिम रुप दिने कार्यका लागि कालाबजार तथा केहि अन्य सामजिक अपराध तथा सजाय ऐन २०३२ र उपभोक्ता संरक्षण ऐन २०७५ का सम्बन्धबारे सुझाव तयार पारिएको छ ।

बौद्धिक सम्पत्तिको बिषय व्यापार एवं उद्योग दुबै समितिको कार्यक्षेत्र भित्र पर्ने भएकाले विज्ञको सहयोग एवं समन्वयमा कार्य अगाडि बढाएको छ ।

बौद्धिक सम्पत्ति संरक्षणका विषयमा Intellectual Property Rights in Nepal का Mr John Cabeca र Senior Commercial Specialist & Policy Lead-South Asia, US Embassy – Delhi का Ms. Shilpi Jha को उपस्थितिमा काठमाडौमा मिति २०७८ मंसीर १५ गते आयोजित Round-table बैठकमा व्यापार समितिका सभापति श्री विजय सिंह बैद्यले भाग लिनु भई Intellectual Property law तथा सो को कार्यान्वयनमा देखिएका समस्या सन्दर्भमा विचार व्यक्त गर्नु भएको थियो ।

सो अवसरमा Intellectual Property law, Intellectual Property Issues in Nepal का विषयमा व्यापक छलफल भएको थियो ।

## स्थानीय आर्थिक विकास समिति

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहयोगमा

स्थानीय आर्थिक विकास समितिको तर्फबाट जिल्ला/नगर उद्योग वाणिज्य संघको समन्वयमा कृषकहरुको तरकारी तथा फलफूलको उत्पादन पालिका स्तरमा वित्तीय पहुंच सहितको कृषि उद्यमशिलता विकास कार्यक्रम Agri Entrepreneurship Development with Guaranteed Access to Finance in Municipality Level) 2077प्रस्ताव गरिएकोमा उक्त प्रस्ताव अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरुको लागि बजेट विनियोजन गरिएको छ । उक्त कार्यक्रमहरु मध्ये पहिलो चरणमा ८० वटा पालिकालाई बजेट विनियोजन गरिएको छ ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहयोगमा

स्थानीय आर्थिक विकासको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निम्न प्रस्ताव पेश गरिएको छ ।

१. स्थानीय आर्थिक विकास बारे राष्ट्रिय रणनीति तयार गर्ने ।

२. स्थानीय सरकारको प्रतिस्पर्धि स्थानीय आीर्थक विकास सूचकाङ्क तयार गर्ने ।

३. आर्थिक सशक्तिकरणको लागि समुदायलाई परिचालन गर्ने कार्यविधि तयार गर्ने ।

४. स्थानिय सरकारको लागि नमूना स्थानीय आर्थिक विकास योजना गर्ने :

(क) उच्च स्तरिय कार्यशाला गोष्ठी आयोजना गर्ने ।

(ख) नमूना योजना, रणनीतिक तयार कार्यविधि तयार गर्न परामर्शदाता नियुक्ती गर्ने ।

## महिला उद्यमी विकास समिति

- महिला उद्यमी विकास समितिले नेपाल सरकार, दातृ संस्था एवं सरोकारवाला निकायहरुको समन्वय एवं सहकार्यमा विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आएको छ । यसै सन्दर्भमा अन्तराष्ट्रिय श्रम संगठन ( आई.एल.ओ.) बाट सहयोग प्राप्त परियोजना "Violence and Harassment in World of Work C190" अन्तरगत समिति र आई.एल.ओ. को संयुक्त तत्वावधानमा विभिन्न चरणमा तालिम एवं चेतनामूलक कार्यक्रमहरु सम्पन्न गरी गतः कार्तिक १२ गते उद्योगहरुका लागि "Code of Conduct on Violence and Harassment" सम्बन्धी एक दिने गोष्ठी सम्पन्न गरेको थियो । सभापति श्री रिता सिम्ह एवं सदस्य श्री पिंकी

सिंह राणाको अग्रसरतामा आयोजित उक्त गोष्ठीले उल्लेखित आचार संहिता माथि विस्तृत छलफल गरी आ-आफ्ना उद्योग प्रतिष्ठानहरुमा लागू गर्न सिफाशिस गरेको छ ।

- समितिको गत: मंसीर १० गते बसेको बैठकले उद्यमशीलता विकास मार्फत महिलाको आर्थिक सशक्तिकरण सम्बन्धमा प्रदेशस्तरिय कार्यक्रमहरु आयोजना गर्ने र प्रदेशस्तरिय कार्यक्रमबाट प्राप्त निस्कर्षहरुलाई समेत छलफल गर्ने गरी फागुन महिनामा काठमाडौंमा राष्ट्रिय सम्मेलन आयोजना गर्ने निर्णय गरेको छ । साथै बैठकले राष्ट्रिय सम्मेलनमा प्रकाशित गर्ने गरी महिला उद्यमीहरुका लागि आवश्यक जानकारी समेटिएको महिला उद्यमशिलता सम्बन्धी बुलेटिन तयार गर्ने, महिला उद्यमीहरुलाई इजरायलमा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाउने, महिला उद्यमीहरुका समसामयिक समस्याहरुबारे प्रतिवेदन तयार गरी नेपाल सरकारका सम्बन्धित मन्त्रालयका उच्च पदस्थ पदाधिकारीहरुसंग भेटघाट गरी छलफल गर्ने निर्णय गरेको छ । साथै समितिले आगामी दिनमा महिला उद्यमशीलता विकास तालिम, व्यवसायिक योजना निर्माण तालिम एवं कर, भ्याट तथा लेखा व्यवस्थापन तालिमका साथै वित्तिय साक्षरताका कार्यक्रमहरु समेत आयोजना गर्ने तय गरेको छ ।
- विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ को संक्रमणका कारण प्रभावित महिला उद्यमीहरुको पुनरुत्थानमा सहयोग पुग्ने किसिमका कार्यक्रमहरु संचालन गर्ने सम्बन्धमा समितिले गत: श्रावण १२ गते बैठक आयोजना गरेको थियो । कोभिड १९ को संक्रमणका कारण सबै सरोकारवालाहरु प्रत्यक्ष भेला भई कार्यक्रम आयोजना गर्न नसकिएतापनि समितिले भर्चुअल माध्यमबाट महिला उद्यमीहरुलाई आवश्यक जानकारीहरु उपलब्ध गराउने उद्देश्यले **उद्यमीका सम्वादर** शिर्षक अन्तरगत सृङ्खलाबद्ध रुपमा विभिन्न प्रवर्द्धनात्मक एवं जानकारीमूलक कार्यक्रमहरु संचालन गर्ने निर्णय गरी कार्ययोजना बनाएको थियो ।
- सोही कार्ययोजना अनुसार समितिले गण्डकी प्रदेशका महिला उद्यमीहरुका विद्यमान समस्या एवं तिनको समाधानका लागि हुनुपर्ने व्यवस्थाहरुर बारे अन्तरक्रिया गरी सुझाव संकलन गर्ने उद्देश्यले २०७८ श्रावण २० गते भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । गण्डकी प्रदेशका करिव ४५ जना महिला उद्यमी व्यवसायीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमबाट मुख्यतया बजारीकरणको समस्या, सीपमूलक तालिमको अभाव, आधुनिक प्रविधिको अभावका साथै प्रविधि प्रयोगमा समस्या, सरकारले प्रदान गर्दै आएको सरल कर्जा, पुनरकर्जा एवं सहुलियतपूर्ण कर्जा उपलब्ध गर्न प्रक्रियागत झण्झट भएको साथै कर्जा वास्तविक उद्यमी सम्म पुग्न नसकेको, विना धितो कर्जा नपाएको, दुर्गमका धितोलाई कर्जा प्रदान नगरेको लगायतका समस्या एवं सुझावहरु प्राप्त भएका थिए ।
- यसैगरी समितिले महिला उद्यमीहरुलाई कामदार तथा कर्मचारी व्यवस्थापन एवं श्रम ऐनमा भएका व्यवस्थाहरुर बारे जानकारी गराउने उद्देश्यले रोजगारी सर्भिसेज प्रा.लि. को समन्वयमा २०७८ साल श्रावण २७ गते भर्चुअल अन्तरक्रिया गरेको थियो । कार्यक्रममा रोजगारी सर्भिसेज प्रा.लि. को तर्फबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । सातैवटा प्रदेशका करिव ८२ जना महिला उद्यमी व्यवसायीहरुको सहभागितामा आयोजित उक्त कार्यक्रममा मुख्य गरी महामारीको समयमा व्यवसाय र कामदार/कर्मचारीको व्यवस्थापन गर्न कठिन भएकोले उक्त समयमा दिने सेवा सुविधाका बारेमा श्रम ऐनमा नै उल्लेख गरिनुपर्ने, कोभिड १९ को संक्रमणका कारण उद्योगलाई चाहिने कच्चा पदार्थ नपाएको साथै वस्तु उत्पादन नभएकोले चाहेर पनि कामदार/कर्मचारी राख्न नसकिएको साथै कामदार/कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा जान दिने सुविधा दिन नसकिएको, सामाजिक सुरक्षा कोषमा वर्गिकरणका आधारमा साना, मझौला र ठूला उद्योगहरुलाई समावेश गराईनु पर्ने लगायतका समस्या एवं सुझावहरु प्राप्त भएको थियो ।
- समितिले कार्यक्रहरु संचालन गर्ने क्रममा मुख्यगरी बजारीकरणमा समस्या, कर्जा समस्या एवं तालिमको अभाव सम्बन्धी धेरै सुझावहरु प्राप्त भएकोले सोही सुझावलाई मध्यनजर गरी २०७८ भाद्र ९ गते ¾महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणर मा सहयोग पुर्‍याउने उद्देश्यले एक छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । सातैवटा प्रदेशका करिब ५० जना महिला उद्यमी व्यवसायीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा समितिका सदस्य श्री बासन्ती प्रधानले सहभागिहरुको तर्फबाट बजारीकरण सम्बन्धी समय सापेक्ष एवं सान्दर्भिक प्रश्न गर्नु भएको थियो भने वीन बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष श्री मल्लिका श्रेष्ठले सोधिएका प्रश्नहरुको उत्तर प्रस्तुत गर्नु भएको थियो ।

- कार्यक्रममा वस्तु विक्री कसरी गर्ने, कुन संस्थाहरु मार्फत कुन वस्तु विक्री गर्न सकिन्छ, गुणस्तर मापन कसरी गर्ने आदि बजारीकरणका प्रक्रियाहरुबारे प्रश्नहरु सोधिएको थियो भने सो प्रश्नको उत्तरका क्रममा अध्यक्ष श्री मल्लिका श्रेष्ठले वीन बहुउद्देश्यी सहकारी संस्थाले नै महिला उद्यमीहरुबाट उत्पादिन वस्तुहरु खरिद गरी स्वदेश तथा विदेशमा वस्तु विक्री गर्ने, मुख्य गरी खाद्यान्न र हस्तकलाका वस्तुहरुको बजारीकरण गर्ने, संस्थाले आफू र भाटभटेनी लगायतका १७० वटा विक्री केन्द्रहरुमा विक्री गर्ने साथै यो संस्था सदस्यहरुबाट संचालित भएकोले सुविधा प्राप्त गर्न सर्वप्रथम सदस्य हुनु पर्ने, संस्थाले सदस्यहरुलाई तालिम दिने र तिनै तालिम प्राप्त सदस्यहरुबाट उत्पादित वस्तुको बजारीकरण गर्ने साथै सदस्यहरुलाई सहकारी मार्फत कर्जा समेत प्रवाह गर्नेबारे जानकारी गराउनु भएको थियो । उहांले गुणस्तरी वस्तु, उचित परिमाणमा, उचित मूल्यमा सहि समयमा उपलब्ध गराउन सके कुनै पनि वस्तुको बजारीकरण गर्न समस्या नहुने बताउनु भयो । साथै मापदण्ड पुगेका वस्तुहरु फ्रान्स, क्यानडा, ताइवान, अष्ट्रेलिया, न्यूजिल्याण्ड आदि देशमा निर्यात समेत गर्न सकिने बताउनु भयो ।
- समिति र U.S. Embassy, Book Bus ले संयुक्त रुपमा २०७८ भाद्र ३०, ३१ र आश्विन १ गते The Moving Forum: Women Entrepreneurs Across Nepal विषयक तीन दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रमको पहिलो दिन उद्यमशीलतामा नयाँ मार्ग निर्माण, दोस्रो दिन उद्यमशीलता विश्व परिवर्तनको माध्यमर र तेस्रो दिन उद्यमीका लागि विभिन्न स्थानबाट सहयोगर विषयमा छुट्टाछुट्टै छलफल (Panel Discussion) गरिएको थियो । नेपालका अग्रणी महिला उद्यमीहरुले उद्यमशीलताका क्षेत्रमा गरेको अनुभव, मेहेनत, लगनशीलता एवं संघर्षका साथै संरचनागत तथा सांस्कृतिक अवरोधलाई चिर्दै प्राप्त गरको सफलताको कथा प्रस्तुत गर्ने प्रयास गरिएको उक्त ३ दिने कार्यक्रममा महासंघका उपाध्यक्ष श्री दिनेश श्रेष्ठ, समितिका सभापति श्री रीता सिंहले आ-आफ्नो धारणा व्यक्त गर्नु भएको थियो । कार्यक्रमको Panel Discussion मा उपसभापति श्री जुना माथेमाले Moderator को भूमिका निर्वाह गर्नु भएको थियो ।
- समितिले प्रदेश नं. १ का महिला उद्यमीहरुको सहभागितमा उनीहरुले सामना गर्नुपरेका समस्या एवं समस्या समाधानका उपायहरुबारे सुझाव संकलन गर्ने उद्देश्यले गतः बैशाख १५ गते एक भर्चुअल अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । सभापति श्री रिता सिंहको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा करिव ३५ जना महिला उद्यमीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा मुख्यतया उद्योग व्यवसाय संचालन गर्न पूजीको अभाव (Access to Finance), विभिन्न किसिमका तालिमहरुको कमि (Lack of Trainings), साथै बजार प्रवर्द्धन (Market Promotion) मा समस्या भएकोले यी समस्याहरुको समाधानका लागि पहल गरिनु पर्ने सुझावहरु प्राप्त भएको थियो ।
- समितिले सुदुरपश्चिम प्रदेशका महिलाहरुले संचालन गरिरहेको बाख्रा पालनको स्तरोन्नती गर्नका साथै बाख्रा पालन व्यवसाय गर्न इच्छुक महिलाहरुलाई बाख्रा पालनमा आवद्ध गराउने उद्देश्यले USAID को समन्वय एवं सहकार्यमा त्यस प्रदेशका महिलाहरुका लागि बाख्रा पालन सम्बन्धी परियोजना संचालन गर्न त्यहाँका समग्र महिलाहरुको संख्या, बाख्रापालमा आवद्ध महिलाहरुको संख्या, संचालित सहकारी संस्थाहरुको संख्या एवं सहकारी संस्थामा आवद्ध महिलाहरुको संख्या आदि विवरण संकलन गरेको थियो । संकलित विवरणको आधारमा सहकारी मार्फत बजेट परिचालन गरी हाल त्यहांका महिलाहरुले समूगत रुपमा बाख्रा पालन व्यवसाय गरिरहेका छन् ।
- **यस अवधिमा विभिन्न संघ/संस्थाहरुले आयोजना गरेका कार्यक्रमहरुमा समितिको प्रतिनिधित्व :**

| क्र.सं | मिति | कार्यक्रमको विवरण | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | २०७८/५/१६ गते | महिला उद्यमी महासंघ नेपालको पाँचौं अन्तराष्ट्रिय महिला भर्चुअल व्यापार मेलाको समुद्घाटन समारोह | समितिका सदस्यहरु |
| २. | २०७८/३/३ गते | प्रदेश नं. १ को महिला उद्यमी विकास समितिले रआ.व. २०७८/७९ को बजेटमा महिला उद्यमी सम्बन्धी नया कुरार विषयक अन्तरक्रिया कार्यक्रम | सभापति श्री रीता सिंह, उपसभापति श्री जुना माथेमाका साथै समितिका सदस्यहरु |
| ३. | २०७८/२/२६ गते | प्रदेश नं. १ को महिला उद्यमी विकास समितिबाट आयोजित डाक्टरसंग कोभिड १९ का कुरा सम्बन्धी अन्तरक्रिया कार्यक्रम | सभापति श्री रीता सिंह एवं उपसभापति श्री जुना माथेमा |
| ४. | २०७८/२/४ गते | कोभिड १९ का कारण विरामीले उपचार पाउन नसकिरहेको तत्कालिन परिस्थितिमा स्थास्थ्यकर्मीसंग प्रत्यक्ष सम्पर्क गरी स्वास्थ्य परामर्श प्रदान गर्न उद्योग संगठन मोरङ्गको महिला उद्यमी विकास समितिद्वारा आयोजित एक जानकारी मूलक कार्यक्रम । | सभापति श्री रीता सिंह, उपसभापति श्री जुना माथेमाका साथै समितिका सदस्यहरु |

## घरेलु तथा साना उद्योग समिति

- समितले घरेलु तथा साना उद्योग क्षेत्रको विकास, विस्तार एवं प्रवर्द्धनका लागि नेपाल सरकार, दातृ निकाय एवं सम्बन्धित संघ संस्थाहरुको समन्वयमा विभिन्न कार्यहरु गर्दै आएको छ । समितिको पहलमा नेपाल सरकार, उद्योग विभाग, विश्व बौद्धिक सम्पत्ति संस्था (Word Intellectual Property Organization) र यस महासंघको संयुक्त तत्वावधानमा गतः पौष १ गते काठमाडौंमा "National Workshop on Creating Intellectual Property Assets for the Small and Medium Sized Enterprises (SMEs) of Nepal" विषयक कार्यक्रम सम्पन्न भयो । नेपालका लघु, घरेलु, साना तथा मझौला उद्योग व्यवसाय (SMEs) क्षेत्रको बौद्धिक सम्पत्ति सिर्जना, संरक्षण एवं व्यवसायिकरण गर्ने उद्देश्यले आयोजना गरिएको उक्त गोष्ठीको समुद्घाटन समारोहमा उद्योग विभागका महानिर्देशक श्री रामचन्द्र तिवारी, महासंघका उद्योग समितिका सभापति श्री भरतराज आचार्य, WIPO, Geneva का विकाशशील राष्ट्रका राष्ट्रिय डिभिजन निर्देशक Mr. Duong Chi Dung, ले आ-आफ्नो विचार व्यक्त गर्नु हुंदै अधिकांश विकाससिल देशहरुको अर्थतन्त्रको मूल आधार भनेको नै लघु, घरेलु, साना तथा मझौला (SMEs) उद्योग व्यवसाय क्षेत्रहरु भएकोले यो क्षेत्रको बौद्धिक सम्पत्तिको सिर्जना, संरक्षण एवं व्यवसायिकरण गनुपर्ने सम्बन्धमा विषेश चर्चा गर्नु भएको थियो ।

- समितिका सभापति श्री डी.बी. बस्नेत सहित अदुवा, चिया, अलैंची, हर्ब्स एण्ड हर्बल कपडा, धागो, छाला, पश्मिना लगायत ९ वटा क्षेत्रका करिब ३५ जना विशिष्ट उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा तीनवटै पक्षको तर्फबाट क्रमशः सरकारले SMEs क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि दिएको सेवा सुविधाबारे, निजी क्षेत्रले नेपालमा SMEs क्षेत्रमा प्रयोग भएको बौद्धिक सम्पत्तिको वर्तमान अवस्थाका सम्बन्धमा र WIPO ले नेपालमा SMEs क्षेत्रमा बौद्धिक सम्पत्तिको प्रयोग, संरक्षण एवं व्यवसायिकरण गर्ने विषयमा प्रस्तुतिकरण गरिएको थियो । कार्यक्रममा नेपालमा उत्पादित अदुवा, चिया, अलैंची, हर्ब्स एण्ड हर्बल कपडा, धागो, छाला, पश्मिना, गलैंचा लगायतका वस्तुहरुको बौद्धिक सम्पत्तिको प्रयोगका सन्दर्भमा देखिएका अवसर एवं चुनौतिका विषयमा सम्बन्धित क्षेत्रका उद्योगी व्यवसायीहरुको तर्फबाट संक्षिप्त प्रस्तुतिकरण गरिएको थियो । प्रस्तुतिकरणको सन्दर्भमा नेपालको SMEs क्षेत्रले बौद्धिक सम्पत्तिको प्रयोग गर्न नसकेर विश्व बजारमा प्रतिस्पर्धामा आउन नसकेको, बौद्धिक सम्पत्तिका बारेमा जनचेतनाको कमि भएको, विदेशमा उद्योगका ब्राण्डहरु रजिष्ट्रेशन गर्ने शुल्क धेरै नै महंगो भएको, दर्ता प्रक्रिया असहज भएको, आफ्नो बौद्धिक सम्पत्ति जोगाउन कठिन भएको लगायतका विषयमा छलफल गरिएको थियो ।

- लघु, घरेलु, साना तथा मझौला (SMEs) उद्योग व्यवसाय क्षेत्र देशको अर्थतन्त्रको महत्वपूर्ण आधार भएको र कोभिडको महामारीमा यो क्षेत्र धेरै नै प्रभावित भएको सन्दर्भमा SMEs उद्योग व्यवसाय क्षेत्रलाई दराजको अनलाइन बजारमा एकिकृत गरी उनीहरुका उत्पादनलाई दराजमार्फत विक्री वितरण गर्ने उद्देश्यले गतः मंसीर २३ गते महासंघ र दराज नेपाल वीच महासंघको सचिवालयमा एक समझदारी पत्रमा हस्ताक्षर गरिएको थियो । समझदारी पत्रमा महासंघको तर्फबाट अध्यक्ष श्री शेखर गोल्छा र दराज नेपालको तर्फबाट प्रबन्ध निर्देशकले हस्ताक्षर गर्नु भएको थियो । सोही अवसरमा अध्यक्ष श्री शेखर गोल्छाले दराज नेपालसंगको यो समझदारी SMEs को पुनरुत्थानका लागि महत्वपूर्ण आधार हुने बताउनु भयो । साथै उहांले दक्षिण एवं दक्षिण पूर्वी एशियामा दराजको लोकप्रियता बढ्दै गएकोले दराजको अनलाइन बजारमार्फत (SMEs) क्षेत्रले आफ्ना उत्पादनहरु स्वदेश एवं विदेशसम्म पुऱ्याउन सकोस् भन्ने उद्देश्यले यो समझदारी गरेको र यो अवसरको सम्पूर्ण लाभ उठाउन सम्बन्धित क्षेत्रलाई आग्रह गर्नुभयो । यसरी नै दराज नेपालका प्रबन्ध निर्देशक Mr. Lino Ahlering ले (SMEs) क्षेत्रका विक्रेतालाई दराज अनलाइन बजारमा आबद्ध गरी व्यवसायिक सफलता हासिल गर्न सहयोग पुऱ्याउने साथै यो क्षेत्रको व्यवसायिक सशक्तिकरणका लागि सहयोग गर्ने स्पष्ट पार्नु भयो ।

- समझदारी पत्रमा दराज नेपालले दर्ता भएका लघु, घरेलु साना तथा मझौला (SMEs) उद्योगले आफ्ना उत्पादनहरु यही जनवरी २०२२ देखि डिसेम्बर २०२२ सम्म एक वर्षको लागि दराजको अनलाईन बजारमा निःशुल्क डिस्प्ले गरी प्रचार प्रसारको व्यवस्था गर्ने, अनलाइन व्यापार बृद्धिका लागि आवश्यक प्रक्रियागत जानकारीहरु प्रदान गर्ने, दुर दराजमा अवस्थित SMEs का क्रेता विक्रेताहरुलाइ एकै स्थानमा ल्याई

डिजिटलाइजेशन र ई-कमर्सको अभिबद्धि गर्ने लगायतका विषयहरुमा सहयोग पुऱ्याउने साथै महासंघले आफ्नो नेटवर्कमार्फत SMEs का उत्पादनहरुलाई दराजको अनलाइन बजारमा जोड्न पहल गर्ने उल्लेख गरिएको छ ।

- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसाय क्षेत्रको पुनरुत्थानको लागि गर्नुपर्ने उपायहरुबारे छलफल गर्ने उद्देश्ले गतः मंसीर २९ गते आयोजना गरिएको Post Covid Revival सम्बन्धी राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्ने सुझावहरु तयार गर्न समितिको पहलमा सम्बन्धित निकायहरुको सहभागितामा गतः मंसीर ६ गते काठमाडौंमा एक छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा लघु, घरेलु, साना तथा मझौला उद्योग व्यवसाय (MSMEs) क्षेत्रले कोभिड १९ का कारण सामना गर्नुपरेका समस्या एवं यो क्षेत्रको पुनरुत्थानका लागि गर्नुपर्ने उपाय, कार्यक्रम लगायत नीतिगत व्यवस्थाहरु जस्तैः पुनःकर्जा सुविधा, कर छुट, सहुलियत दरमा विना धितो कर्जा साथै लघु, घरेलु, साना तथा मझौला उद्योग लक्षित ऐन नियममा सुधार लगायतका विषयमा छलफल गरिएको थियो । छलफलको क्रममा उठेका सवालहरुलाई एकिकृत गरी समितिले प्रतिवेदन तयार गरेको र उक्त प्रतिवेदनको आधारमा सुझावहरु तयार गरी उपाध्यक्ष श्री दिनेश श्रेष्ठले सम्मेलनमा प्रस्तुतिकरण गर्नु भएको थियो ।
- अन्तराष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) को सहयोगमा लघु, घरेलु, साना तथा मझौला उद्योग सञ्चालन सहयोगी पुस्तिकार प्रकाशित गरेको छ । साना तथा मझौला उद्योग व्यवसाय संचालन गर्न चाहने उद्योगी व्यवसायीका लागि उपयोगी हुने विश्वास गरिएको उक्त पुस्तिकामा उद्योग व्यवसाय दर्ता, दर्ता खारेजी, कर रजिष्ट्रेशन, बैंक तथा वित्तिय संस्थाबाट कर्जा प्राप्त गर्ने आवश्यक जानकारी लगायतका विषयवस्तुहरु समावेश गरिएको छ । यसैगरी नेपालमा Startup र MSMEs को वित्तिय परियोजना प्रतिवेदन तयार गरेको छ जसमा नेपाल र छिमेकी देशका साथै विकासोन्मुख देशहरुको वित्तिय परियोजनाको तुलनात्मक अध्ययन समावेश गरिएको छ ।
- समितिले अन्तराष्ट्रिय श्रम संगठन (आइ.एल.ओ.) को समन्वय एवं सहकार्यमा २०७८ श्रावण २ गते काठमाडौंमा एक दिने रणनीतिक योजना तर्जुमा गोष्ठी (Strategic Planning Workshop) सम्पन्न गरेको थियो । महासंघका वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालको प्रमुख आतिथ्यतामा आयोजित गोष्ठीमा उपाध्यक्ष श्री दिनेश श्रेष्ठ, सभापति श्री डी.बी. बस्नेत, नेपालका लागि आई.एल.ओ का राष्ट्रिय कार्यक्रम संयोजक श्री प्रकाश शर्मा लगायतले आ-आफ्नो विचार प्रकट गर्नु भएको थियो । गोष्ठीले लघु, घरेलु, साना तथा मझौला (SMEs) उद्योग क्षेत्रका समस्याहरुबारे सम्बन्धित निकायहरुको सहभागितामा राष्ट्रिय गोष्ठी आयोजना गर्ने, SMEs क्षेत्रलाई मौद्रिक नीतिमा व्यवस्था गरिएका प्रावधानहरुबारे जानकारी गराउन सम्बन्धित सबै क्षेत्रको सहभागितामा कार्यक्रम आयोजना गर्ने, सरल कर्जा प्रवाहमा सहजीकरण गर्नका लागि SMEs क्षेत्र, नेपाल बैंकर्स संघ, राष्ट्रिय वाणिज्य बैंक एवं सम्बन्धित निकायहरुको सहभागितामा गोष्ठी आयोजना गर्ने, प्रदेशस्तरमा उद्यमशीलता विकास एवं वित्तिय साक्षरताका तालिमहरु संचालन गर्ने, SMEs लाई बजारीकरण एवं कर्जा साथै अन्य सम्बन्धित जानकारीहरु उपलब्ध गराउन मोवाईल एप्लीकेशन निर्माण गर्ने लगायतका कार्यक्रमहरु आयोजना गर्न सिफारिश गरेको थियो ।
- समितिको अग्रसरतामा अन्तराष्ट्रिय श्रम संगठन आई.एल.ओ. को सहयोगमा SMEs उद्योग व्यवसायसंग सम्बन्धित नीति तथा कोभिड १९ का कारण प्रभावित यी उद्योगहरुको पुनरुत्थान विषयमा २०७८ असार २४ गते लुम्बिनी प्रदेशमा र असार २७ गते प्रदेश नं.- २, को वीरगञ्जमा प्रदेशस्तरिय कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । गोष्ठीमा लघु, घरेलु, साना तथा मझौला उद्योगहरुको वर्तमान अवस्था र अवसर एवं चुनौतिका बारेमा छलफल गरिएको थियो । छलफलबाट मुख्यतया बैंक तथा वित्तिय क्षेत्रबाट प्रवाह गरिने कर्जामा सहजता हुनुपर्ने साथै सून्य प्रतिशत व्याजदरमा कर्जा उपलब्ध गराउनु पर्ने, साना उद्यमीलाई तालिम लिएको प्रमाण पत्र धितो राखी कर्जा प्रदान गरिनु पर्ने, उद्योगी व्यवसायीले खुसी भएर कर तिर्ने वाताबरण बनाईनु पर्ने, दक्ष जनशक्तिको विकासका साथै अन्य परिणाममूखी तालिमहरुको व्यवस्था हुनुपर्ने, नयाँ नयाँ प्रविधिहरुको प्रयोग गरी कृषि क्षेत्रलाई व्यवसायिकरण गरिनु पर्ने, सामाजिक सुरक्षा कोष उद्योगहरुको वर्गिकरणका आधारमा बनाइनु पर्ने, SMEs क्षेत्रबाट उत्पादित वस्तुहरुको प्रदर्शनी कक्ष स्थापना हुनुपर्ने, साथै दर्ता प्रक्रिया भन्झटिलो भएको हुनाले प्रक्रियागत सहजताको व्यवस्थाका साथै निशुल्क दर्ताको व्यवस्था हुनुपर्ने लगायतका सुझावहरु प्राप्त भएको छ ।

- समिति र अन्तराष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) को संयुक्त तत्वावधानमा २०७८ जेष्ठ ३ गते Making Your Business Resilient (MYBR) सम्बन्धी भर्चुअल बैठक आयोजना गरेको थियो । विभिन्न समस्यामा परेको SMEs क्षेत्रको शिघ्र पुनरुत्थान (Resilient) का लागि निर्माण गरेको उपकरण Tool लाई परियोजना (Pilot Project) को रुपमा कार्यान्वयनमा लैजानेबारे छलफल गर्ने उद्देश्यले आयोजित उक्त बैठकमा सम्बन्धित विषयका विशेषज्ञ श्री रवि पेरिसले विभिन्न क्षेत्रका (SMEs) उद्योगहरुका प्रतिनिधिहरुको छनौट गरी (ToT) तालिम प्रदान गर्ने, (ToT) तालिमका शिक्षार्थीहरुले प्रशिक्षकको रुपमा विभिन्न उद्योग प्रतिष्ठानका उद्यमीहरुका साथै बैंक तथा वित्तिय संस्थाहरुलाई समेत समावेश गरी तालिम प्रदान गर्ने, तालिमको समन्वय एवं सहयोग आई. एल.ओ.ले गर्ने लगायतका आधारभूत कुराहरुको जानकारी गराउनु भएको थियो । अंग्रेजी माध्यममा भएको यो उपकरण (Tool) लाई आई.एल.ओ.ले नेपाली माध्यममा परिवर्तन गर्ने र महासंघले ToT का लागि विभिन्न क्षेत्रका प्रशिक्षार्थी (Trainees) हरु छनौट गरी यथाशिघ्र यो तालिम शुरु गर्ने निर्णय गरेको थियो ।

## पर्यटन तथा हवाई यातायात समिति

२०७८जेठ १८ गते (1 June 2021)पर्यटन तथा हवाई यातायात समितिले समितिका सभापति श्री ज्योत्स्ना श्रेष्ठको सभापतित्वमा नेपाल सरकारले प्रस्तुत गरेको २०७८/७९ को बजेटको पर्यटन उद्योगमा गरिएका प्रावधानहरुबारे समिक्षा गर्न (Post-Budget Review meeting of FNCCI Tourism and Air Transport Committee) एक जुम बैठकको योजना गरेको थियो । उक्त बैठकमा २०७८/७९ को बजेटको लागि महासंघ तथा पर्यटनसंग सम्बन्धि संघसंस्थाहरुले दिएका सुझावहरुमा के कति सम्बोधन भयो, नभएका विषयहरुमा के कस्ता सुझावहरु छन्, बजेटले समेटेका विषयहरुलाई कसरी कार्यान्वयन गर्न सकिन्छ आदि विषयहरुमा छलफल भएको थियो ।
पर्यटनको सम्भाव्यता, बजारीकरण, र परम्परागत प्याकेजबाट विस्तार गरी नवीनतम सोच प्याकेज र बजारीकरणको खोजी गरी त्यसको प्रचार प्रसार गर्नु पर्ने साथै कोभिडले धरासायी भएको पर्यटन क्षेत्रलाई पुनर्जीवन गर्नुपर्ने साथै आन्तरिक पर्यटन प्रवर्द्धन गरी समितिको कार्यलाई परिणाममुखी बनाउन विमानस्थलहरुको सही व्यवस्थापन तथा संचालन, (Proper Functioning of the Airports), प्रदेशमापर्यटन विकास (Tourism Development in the Provinces), तालीम तथा शिकाई (Learning and Training) र गन्तव्य नेपाल प्रवर्द्धन तथाबजारीकरण (Destination Nepal-Promotion and Marketing) गरीचार विषयगत उपसमितिहरु गठन गरी समितिको कार्य अगाडी बढेको छ ।

### २ कार्त्तिक २०७८ । 19 October 2021

२ कार्त्तिक २०७८ (19 October 2021) मा पर्यटन तथा हवाई उड्डयन समितिको बैठक आयोजना गरिएको थियो । समितिका सभापति श्री ज्योत्स्ना श्रेष्ठको सभापतित्वमा आयोजित उक्त बैठकमा नेउवामहासंघले आयोजन गर्न लागेको "Post Covid Economic Revival" Conference मा पर्यटन तथा मनोरंजन विषयमा एउटा सत्र रहने भएकोले पर्यटन तथा हवाई उड्डयन क्षेत्रमा कोभिडको कारण परेको नकारात्मक असर, समस्या र चुनौतिहरु, तथा समाधानका लागि सरकार तथा निजि क्षेत्रबाट गर्नु पर्ने पहल तथा नितिगत सुधारहरुबारे सरकारलाई पेश गरिने सुझावहरु संकलन गर्न Focused Group Discussion को आयोजना गरिएको थियो । बैठकबाट प्राप्त सुझावहरु "Post Covid Economic Revival" Conference को लागि पेश गरियो ।

### २९ मंसिर २०७८ । 15 December 2021

२९ मंसिर २०७८ (15 December 2021) मा नेउवामहासंघले महासंघको अडिटोरियम हलमा आयोजना गरेको "Post Covid Economic Revival" Conference मा पर्यटन तथा हवाई उड्डयन समितिको संयोजनमा पर्यटन तथा मनोरंजन विषयक सत्रको आयोजना गरिएको थियो । उक्त सत्रमा महासंघका वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकाले पर्यटन तथा मनोरंजन क्षेत्रमा कोभिडको कारण परेको नकारात्मक असर, समस्या र चुनौतिहरु, तथा समाधानका लागि सरकार तथा निजि क्षेत्रबाट गर्नु पर्ने पहल तथा नितिगत सुधारहरुबारे सरकारलाई पेश गरिने सुझावहरु सहितको एक प्रस्तुतिकरण गरिएको थियो । उक्त कार्यक्रम र सत्रमा पर्यटन तथा हवाई उड्डयन समितिका सभापति श्री ज्योत्सना श्रेष्ठ, सहसभापतिहरु श्री अच्यूत गुरागाई, नन्दिनी लाहे थापा, लगायत समितिका सदस्य, सल्लाहकार, एवं आमन्त्रितहरुको समेत सहभागिता रहेको थियो ।

## कर तथा राजस्व समिति

१ २०७८ बैशाख १२ गते महासंघको सचिवालयमा तत्कालिन अर्थमन्त्री विष्णुप्रसाद पौडेलज्यूको प्रमुख आतिथ्यतामा बजेट पूर्वको अन्तरक्रिया कार्यक्रम भएको थियो । उक्त कार्यक्रममा अर्थ मन्त्रालयका तत्कालिन सचिव शिशिर कुमार ढुङ्गानाज्यूको विशेष आतिथ्यता रहेको थियो । आन्तरिक राजस्व विभाग र भन्सार विभागका महानिर्देशद्वयको पनि सहभागिता थियो ।

उक्त कार्यक्रममा महामारी नियन्त्रण, राहत पुनरुत्थान कार्यक्रम, निजी क्षेत्र प्रोत्साहन विशेष कार्यक्रम, सार्वजनिक सेवामा प्रविधि र सुशासन, पूर्वाधार विकास, राजस्व नीति र प्रक्रियागत सरलिकरण लगायतका सम्बन्धमा सुझाव दिइएको थियो ।

आर्थिक वर्ष २०७८/७९ को बजेटबाट सम्बोधन भएका मुख्य विषयहरु निम्न रहेका छन् ।

- कोभिड-१९ प्रभावित होटल, ट्राभल, ट्रकिङ्ग लगायतका पर्यटन व्यवसाय, सार्वजनिक यातायात, हवाई सेवा, चलचित्र उद्योग, हस्तकला उद्योग, संचार गृह, विज्ञापन सेवा, टेलरिङ्ग, व्यूटी पार्लर, हेल्थ क्लब जस्ता व्यवसायले आ.व. २०७८/७९ मा तिर्नुपर्ने ईजाजत तथा नविकरण दस्तुर छुट दिई स्वतः नवीकरण हुने व्यवस्था मिलाइएको ।
- रु २० लाख सम्मको कारोबार भएका करदातालाई ९० प्रतिशत,रु २० लाख देखि ५० लाख सम्म कारोबार भएका करदातालाई ७५ प्रतिशत आय कर छुट, र रु ५० लाख भन्दा बढी १ करोड सम्म कारोबार भएका करदातालाई ५० प्रतिशत आय कर छुट ।
- उद्योगले आफ्नो खपतको लागि आधुनिक उर्जा उत्पादन तथा प्रशारण गर्न ह्लिङ्ग चार्ज लिई अनुमति दिने व्यवस्था मिलाइने ।
- कोभिड-१९ प्रभावित व्यवसायिका लागि नेपाल राष्ट्र बैंकबाट पाँच प्रतिशत व्याजदरमा प्रदान गरिदै आएको पुनरकर्जा सुविधालाई निरन्तरता दिने ।
- युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी एक प्रतिशत ब्याजदरमा रु २५ लाख सम्म बीउ पूँजी कर्जा उपलब्ध गराइनेछ ।
- स्टार्टअप व्यवसायलाई कारोबार सुरु गरेको मितिले ५ वर्ष सम्म लाग्ने आयकरमा शत प्रतिशत छुट । निजी क्षेत्रका प्रतिष्ठानले बढीमा पाँचवटा स्टार्टअप व्यवसायलाई प्रति व्यवसाय रु १ लाख सम्मको बीउ पूँजी उपलब्ध गराएमा सो रकम कर योग्य आय गणना गर्दा कट्टी गर्न पाउने ।
- तारे होटल, सिमेन्ट र फलाम उद्योगका लागि आवश्यक पर्ने पहुँच मार्ग र प्रशारण लाइन लगानकर्ता स्वयंले निर्माण गरेमा निर्मण लागतको ७५ प्रतिशत रकम शोधभर्ना दिइने ।
- डिजेल, एल.पी. ग्याँसमा मूल्य अभिबृद्धि कर क्रेडिट गर्न पाउने ।
- आयकर, मूल्य अभिबृद्धि कर र अन्तःशुल्क ऐन बमोजिम २०७७ साल असार मसान्त भित्र भएको कर निर्धारण उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग वा राजस्व न्यायाधिकरण वा अदालतमा बिचाराधिन मुद्दा मध्ये झुट्टा वा नक्कली बिजक बाहेकका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई निर्धारित कर र सोमा लागेको ब्याजको ५० प्रतिशत रकम २०७८ मंसीर मसान्तसम्म बुझाएमा बाँकी ब्याज, शुल्क, थप दस्तुर र जरिवाना मिन्हा हुनेछ ।
- आयकर, मूल्य अभिबृद्धि कर र अन्तःशुल्क ऐन बमोजिम बक्यौता रहेको २०७६ असार मसान्त सम्मको कर रकम र सोमा लाग्ने ब्याज २०७८ पुस मसान्त भित्र दाखिला गरेमा शुल्क, जरिवाना तथा थप दस्तुर मिनाहा हुनेछ ।
- ढुवानी सेवा, ढुवानी सेवाको भाडा, कार्गो सेवा, ट्रेकिङ्ग तथा टुर प्याकेज, उत्पत्तीको प्रमाण पत्र जारिगर्दा लाग्ने शुल्कमा मूल्य अभिबृद्धि कर छुट ।
- विद्युतीय सवारी साधनको आयातमा अन्तःशुल्क र भन्सार महशुल घटाइएको ।

- स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ तथा सहायक कच्चापदार्थ विशेष उद्योगलाई बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा २० प्रतिशत छुट दिने र विशेष उद्योगले निकासी गरी प्राप्त गरेको आयमा १० प्रतिशत मात्र करलाग्ने ।
- उद्योगले EXIM Code एकै पटक पाँच वर्षको लागि नवीकरण गर्न सकिने ।
- कम्पनी ऐन र प्राइभेट फर्म रजिष्ट्रेशन ऐन अनुसार आर्थिक वर्ष २०७५/७६ सम्मको विवरण नबुझाएका तथा नवीकरण नगरेका कम्पनी तथा फर्मले २०७८ साल असोज मसान्तभित्र विवरण र शुल्क तथा जरिवानको १० प्रतिशत रकम बुझाएमा बाँकी शुल्क तथा जरिवाना मिन्हा दिने ।
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्नपाउने
- आर्थिक वर्ष २०७७/७८ मा व्यावसायिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्टयाइएको रकम मध्ये स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको विशिष्टीकृत अस्पताल निर्माण वा तोकिएको स्वास्थ्य संस्थालाई उपलब्ध गराएको कोभिड-१९ को उपचार संग सम्बन्धित स्वास्थ्य उपकरण तथा सामग्रीमा भएको खर्च आयकर गणना प्रयोजनका लागि कट्टी गर्न दिने ।
- अन्तःशुल्क ऐन २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई करोबारलाई निरन्तरता दिन चाहेमा संबत् २०७८ साल साउन मसान्तभित्र प्रत्येक वर्षको लागि नवीकरण बापत लाग्ने दस्तुर बुझाई नवीकरण गरेमा लाग्ने जरिवाना मिन्हा हुने । (२) उपदफा (१) मा तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजत पत्रवालाको इजाजतपत्र स्वतः खारेज हुने ।

२. २०७८ बैशाख महिनाको दोश्रो हप्ता देखि लागु भएको भएको निषेधाज्ञाका करण निजी क्षेत्रका उद्योग, प्रतिष्ठान, कार्यालय बन्द भएका र सवारी आवगमन समेत बन्द भएको स्थितिमा २०७७ चैत्र र २०७८ बैशाख महिनाको मूल्य अभिबृद्धि कर, अग्रीम कर कट्टी, अन्तःशुल्कको विवरण र कर रकम बुझाउन बाँकी रहेका करदातालाई कुनै पनि दण्ड, जरिवाना नगरी म्याद थपका लागि अर्थ मन्त्रालय संग पहल भएको थियो । आन्तरिक राजस्व विभागले २०७८ असार २ गते सूचना जारी २०७८ असार २५ गते सम्म बुझाउन म्याद थप गरेको थियो ।

३. २०७८ असोज १८ गते सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमा विभागका महानिर्देशक, महासंघका अध्यक्षज्यू तथा पदाधिकारीज्यू, विभागका निर्देशक लगायत सरकारी उच्च अधिकृत र उद्योगी व्यवसायीहरुको सभागिता थियो । उक्त कार्यक्रमा विभागबाट सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा हाल भएका व्यवस्थाहरुको बारेमा जानकारी प्रस्तुत भएको थियो भने महासंघबाट पनि सुझावहरु प्रस्तुत गरिएको थियो ।

४. औद्योगिक व्यवसायिक ऐन २०७६ मा मझौला, ठूला उद्योग वा वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुटयाउनु पर्ने । यसरी व्यवसायिक सामाजिक जिम्मेवारीका लागि छुटयाएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाइने उल्लेख छ । तर व्यवसायिक सामाजिक जिम्मेवारी अन्तरगत भएको खर्च आयकरमा कट्टीगर्दा मान्यता प्राप्न नभएकोले अर्थमन्त्रालयका तात्कालिन सचिव शिशिर कुमार ढुङ्गाना संग भेटगरी व्यवसायिक सामाजिक जिम्मेवारीका

लागि छुटचाएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाउने व्यवस्थाको कार्यान्वयनका लागि पहल भएको छ ।

५. २०७८ कार्तिक १ गते राजस्व अनुसन्धानविभागले आयोजना गरेको राजस्व चुहावट तथा भि.सि.टि.एस. सम्बन्धीअन्तरक्रियाकार्यक्रममा कर तथा राजस्व समितिका सभापति श्री सन्दिपकुमार अग्रवाल र सह-सभापति सन्दिपअग्रवाल सहभागिहुनुभएको थियो । Vehicle and consignment Tracking System (VCTS)सम्बन्धि तालिमका लागि राजस्व अनुसन्धान विभागले तालिम दिने, यसका लागि विभागमा गएर पनि तालिम लिन सकिने वा कुनै स्थानमा विभागका कर्मचारीलाई अनुरोध गरी बोलाएर पनि तालिम संचालन गर्न सकिने जानकारी गराइएको थियो ।

६. २०७८ मंसिर १४ गते कर तथा राजस्व समितिका सभापति श्री सन्दिप कुमार अग्रवालको नेतृत्वमा गएको प्रतिनिधीमण्डलले आन्तरिक राजस्व विभागका तत्कालिन महानिर्देशक शोभाकान्त पौडेललाई भेट गरी राजस्व न्यायाधिकरणमा अध्यक्ष नतोकिएका कारण मुद्दा फिर्ता लिन म्याद थपका सम्बन्धमा र करदाताले भोगिरहेका समस्या, कर नीति, ऐन, नियममा गर्नुपर्ने सुधारका सम्बन्धमा छलफल भएको थियो ।

आर्थिक ऐन २०७८ को दफा २० मा रहेको व्यवस्था बमोजिम पुनरावेदनमा बिचाराधीन रहेका मुद्दा फिर्ता लिने समय २०७८ मंसिर मसान्त सम्म भएकोमा कतिपय स्थानमा राजस्व न्यायाधिकरणको अध्यक्ष नतोकिएको कारणले मुद्दा फिर्ता लिन नसकिएको हुँदा मुद्दा फिर्ता लिने समय २०७८ पुष मसान्त सम्म थप भएको छ । थप गरिएको अवधिमा पनि राजस्व न्यायाधिकरणको अध्यक्ष नतोकिएको कारणले मुद्दा फिर्ता लिन नसकिएको हुँदा मुद्दा फिर्ता लिने समय पुनः २०७८ फागुन मसान्त सम्म थप भएको छ ।

७. २०७८ मंसिर २४ गते नेपाल राजस्व परामर्श समितिले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ र कर तथा राजस्व समितिका सह-सभापति श्री सन्दिप अग्रवाल सहभागि हुनु भएको थियो । नेपाल राजस्व परामर्श समितिले २०७८ पुष ५ गते सुर्तिजन्य पदार्थमा कर सुधारका सम्बन्धमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा कर तथा राजस्व समितिका सह-सभापति श्री सन्दिप अग्रवाल सहभागि हुनु भएको थियो । नेपाल नगरपालिका संघले प्राकृतिक श्रोतबाट प्राप्त राजस्व संकलन र श्रोतको समुचित परिचालन सम्बन्धमा मिति २०७८ पौष १२ गते आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा समितिका सह सभापति श्री सन्दिप अग्रवाल सहभागि हुनु भएको थियो । उक्त कार्यक्रमहरुमा महासंघको सुझाव दिइएको थियो ।

८. करका सम्बन्धमा हुने छलफल, अन्तरक्रिया र बैंठकमा आवश्यकता अनुसार समतिका सभापति र सह-सभापतिहरुले सहभागिता जनाई महासंघको धारणा र सुझावहरु प्रस्तुत गर्नु भएको छ । आन्तरिक राजस्व विभाग र काठमाडौं महानगरपालिकामा हुने बैठकहरुमा कर तथा राजस्व समितिका सह-सभापति सन्दिप अग्रवालले सहभागिता जनाइरहनु भएको छ । भन्सार विभागमा हुने बैठकहरुमा कर तथा राजस्व समितिका सह-सभापति गोविन्द ढुङ्गेलले सहभागिता जनाइरहनु भएको छ ।

**बैंक, वित्तीय तथा बीमा समिति**

१. कोभिड १९ को दोश्रो लहरको महामारीका कारण देशका ७३ जिल्लामा जारी निषेधाज्ञाको कारण उद्योग व्यवसाय फेरि ठप्प भएको थियो । यस्तो विषम परिस्थितिमा मुलुकमा उद्योग तथा व्यवसायलाई बचाइराख्न तत्कालको लागि नेपाल राष्ट्र बैंकबाट तत्काल सम्बोधन गरिनुपर्ने निम्न सुझावहरु तयार गर्न २०७८ बैशाख ३० गते भर्चुअल माध्यमबाट समितिको बैठक बसी निम्न सुझाव तयार गरेको थियो ।
   - कोभिड-१९ को दोस्रो लहरमा जारी निषेधाज्ञाको विषम परिस्थितिको कारण समयमै कर्जाको किस्ता बुझाउन नसकेका व्यवसायलाई निषेधाज्ञा समाप्त भएको मितिले ३ महिनासम्मसाँवा, ब्याज भुक्तानी गर्ने समयावधि थप गर्नु पर्ने । यसरी थप गरिएको समयमा कुनै पनि प्रकारको शुल्क, जरिवाना लगाउन नपाइने ।

- अति प्रभावित क्षेत्रमा पर्ने व्यवसायकोनिषेधाज्ञा अवधिको ब्याज मिनाहा गर्नुपर्ने ।
- बैंकहरुमा भौतिक उपस्थिति कम गरी कोभिड संक्रमण कम गर्न अन्तर बैंक एटीम प्रयोग तथा अनलाइन भुक्तानीमा निषेधाज्ञा समाप्त भएको तीन महिनासम्म निशुल्क गरिनुपर्ने ।

२. नेपाल राष्ट्र बैंकले आ.व. २०७८।७९ को लागि सार्वजनिक गर्ने मौद्रिक नीतिमा निजी क्षेत्रका माग तथा सुझाव समावेश गर्नका लागि महासंघका सदस्यहलाई सुझाव उपलब्ध गराइदिन अनुरोध गर्दै इमेल मार्फत पत्राचार गरिएको थियो । यसरी सदस्य संघ संस्थाहरुबाट प्राप्त सुझाव रमहासंघले तयार पारेको राष्ट्रिय आर्थिक रुपान्तरण (नेट) २०३० लाई आधार बनाएर समग्र सुझाव तयार पारिएको थियो ।

३. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन, २०७७ समेत) र व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ लाई संशोधन गरी प्रभावकारी कार्यान्वयनका लागि सुझाव तयार गरी अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैंकमा पठाइएको थियो ।

४. २०७८ असार २० गते महासंघका अध्यक्ष शेखर गोल्छाको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डलले नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीसंग भेट गरी आ.व. २०७८।७९ को मौद्रिक नीतिका लागि सुझाव पेश गरेको थियो । सुझावमा विषेश गरी निम्न विषयहरु समेटिएको थियो ।

- चालु वर्षको कोभिड १९ पुनरोत्थानका लागि केन्द्रीय बैंकले लिएको नीति विशेष गरी (कर्जाको पुनरसंरचना, पुनरतालिकीकरण तथा पुनरकर्जा)को निरन्तरतासंगै बजारमा तरलता प्रवाह व्यवस्थापन गरी एकल अंकको व्याजदर कायम राख्नेतर्फ यो वर्षको मौद्रिक नीतिले जोड दिनु पर्ने ।
- अर्थतन्त्रमा करिब २२ प्रतिशत हिस्सा राख्ने साना तथा मझौला उद्यम र स्टार्ट अपको विस्तारका लागि परियोजना धितो कर्जाको अवधारणा ल्याउनुपर्ने । डिजिटल बैंकिङ्को प्रवर्द्धन गरिनुपर्ने ।
- कोभिड १९को कारण समयमै कर्जा चुक्ता गर्न असहज जाने हुंदा कर्जाको निगरानी सूचि र कालो सूचिमा वर्गीकरण गर्ने वर्तमान व्यवस्थालाई दुई वर्ष स्थगित गर्नुपर्ने ।

५. **परियोजना धितो कर्जा :** स्टार्टअप, लघु, घरेलु तथा साना उद्यमीहरुलाई वित्तीय पहुंचका लागि परियोजना धितो कर्जा प्रवाह सम्बन्धमा तयार गरिएको अवधारणा पत्र प्रस्तुत गर्न २०७८ असार ३० गते भर्चुअल माध्यमबाट बैंठक आयोजना गरिएको थियो । नेपालमा साना तथा मझौला उद्यमी व्यवसायीहरुले व्यवसाय कर्जा लिंदा सम्पत्ती धितोमा राखेर मात्र कर्जा लिन सक्ने व्यवस्था छ । कुनै नवीनतम सोच तथा परियोजनालाई नै धितो राखेर कर्जा प्रदान गर्न नेपाल सरकारले समेत यस पटकको आर्थिक बजेटमा व्यवस्था गरेको हुनाले सोही व्यवस्थाको कार्यान्वयनका लागि विस्तृत रुपमा अवधारणा पत्र तयार गरिएको हो ।

उक्त सम्भाव्यता अध्ययन प्रतिवेदन कार्यान्वयनका लागि महासंघका अध्यक्षज्यू लगायत प्रतिनिधिमण्डलले नेपाल राष्ट्र बैंकका गभर्नरसंग भेट गरी हस्तान्तरण गर्नुभएको थियो ।

६. २०७८ श्रावण २९ गते नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८।७९ को लागि मौद्रिक नीति सार्वजनिक गरेको थियो । महासंघबाट प्रस्तुत गरेका अधिकांश सुझावहरु विशेष गरी कोभिड १९ को महामारीले गर्दा व्यवसाय क्षेत्रमा परेको असर कम गर्नको लागि गतवर्ष ल्याएको पुनरकर्जा सुविधा, कर्जाको पुनरसंरचना तथा पुरनतालिकीकरण, व्यवसाय निरन्तरता कर्जा जस्ता व्यवस्थाहरु यस वर्षको मौद्रिक नीतिमा पनि समावेश भएका थिए । यसै सम्बन्धमा मौद्रिक नीतिमा भएका व्यवस्था र सम्बोधन हुन छुटेका विषयमा पुनरविचार गर्नको लागि महासंघले आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको थियो ।

**मौद्रिक नीतिमा समावेश भएका मुख्य व्यवस्थाहरु**

- तरलता व्यवस्थापनको लागि ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयन मार्फत् ब्याजदर स्थायित्व कायम हुने गरी तरलता व्यवस्थापन गरिने । व्याजदर करिडोरको माथिल्लो सीमा ५ प्रतिशत यथावत तथा तल्लो सीमा निक्षेप संकलनलाई १ बाट २ प्रतिशत तथा नीतिगत रिपोदरलाई ३ बाट ३.५ प्रतिशत कायम गरिने ।
- कर्जाको पुनरसंरचना तथा पुनरतालिकीकरण सम्बन्धमाः

- निषेधाज्ञा अवधिको २०७८ असार सम्म भुक्तानी गर्नु पर्ने सावां व्याज किस्ता २०७८ पौष मसान्त सम्म म्याद थप गरिएको ।
- अति प्रभावित व्यवसाय पर्यटन र पर्यटनमा आश्रित व्यवसाय कर्जाको २०७९ असार मसान्तसम्मको व्याजलाई छुट्टै हिसाव राख्ने । यसमा हर्जाना र पेनाल व्याज नलाग्ने ।
- अति प्रभावित व्यवसाय कर्जाको २०७८ पौषमा भुक्तान गर्नु पर्ने सांवा व्याज कर्जालाई १ वर्ष म्याद थप ।
- अति प्रभावित क्षेत्रमा प्रवाह भएको कर्जाको २०७८ पुष मसान्त सम्ममा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सक्ने ।
- अधिविकर्ष कर्जा लगायत चालु पुंजी कर्जालाई थप पारदर्शी तथा प्रभावकारी बनाउन चालु पुंजी कर्जा मार्गदर्शन जारी गरिने ।

- पुनरकर्जा सुविधा यस वर्ष पनि निरन्तरता ।
- व्यवसाय निरन्तरता कर्जा यो वर्ष पनि निरन्तरता दिएको छ ।
- आधारदर गणना विधिमा पुनरावलोकन गरिने । प्रिमियम दर बैंकहरुलाइ नै तोक्न दिइने । तर उद्यम व्यवसाय सञ्चालन गर्न रु. १ करोड वा सोभन्दा कम ऋृण उपयोग गर्ने ऋृणीको हकमा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुले मात्र प्रिमियम थप गर्न सक्ने व्यवस्था मिलाउने ।
- स्टार्टअप, सीप र उद्यमशीलता विकास प्रोत्साहित गर्न परियोजनामा आधारित कर्जा व्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।
- सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान प्रभावकारी कार्यान्वयन गरिने ।
- निगरानी सूचिमा राख्ने विद्यमान व्यवस्था लगातार २ वर्षको साटो ३ वर्षसम्म खुद नोक्सानीमा रहेमात्र निगरानी वर्गमा राख्ने तथा कालोसूचीमा राख्ने विद्यमान व्यवस्था पुनरावलोकन गरिने ।
- डिजिटल बैंकिङ्गलाई प्रोत्साहन गरिने तथा विद्युतीय भुक्तानी कारोबारको सीमा पुनरावलोकन गरिने
- नेपाल सरकारले उठाउने राजस्व तथा सबै भुक्तानी विद्युतीय माध्यमबाट गर्ने व्यवस्थाको लागि आवश्यक सहजीकरण गरिने ।
- कर्जाको आवेदनदेखि स्वीकृतिसम्मको प्रक्रिया विद्युतीय माध्यमबाट हुने व्यवस्थाका लागि **डिजिटल कर्जा मार्गदर्शन** तर्जुमा गरिने **।** २०७९।८० लाई विद्युतीय भुक्तानी कारोबार वर्ष मनाउने ।
- नेपाली संस्था/निकायहरुले सेवा सम्झौता गरी विदेशबाट लिने सेवा आयात बापतको भुक्तानीका लागि वाणिज्य बैंकहरुले प्रदान गर्न सक्ने सटही सुविधामा आवश्यक पुनरावलोकन गरिने ।
- बैंक तथा वित्तीय संस्थाहरुबाट कार्यान्वयनमा ल्याइएका कर्जा प्रवाह तथा ग्राहक पहिचानसंग सम्बन्धित कागजातहरुमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइने छ । साथै e-KYC को व्यवस्था गरिने ।
- अनुमतिप्राप्त हायरपर्चेज कारोबार गर्ने संस्थाहरुको विद्यमान नियमन व्यवस्था परिमार्जन गरिनेछ ।

७. चालु आर्थिक वर्षको दोस्रो त्रैमासको शुरुवातसंगै बैंकहरुमा देखिएको तरलता अभाव र व्याज दर बृद्धि तथा त्यसले उद्योग व्यवसायमा पार्न सक्ने प्रभाव सम्बन्धमा छलफल गर्न गत कार्तिक २ गते बैंकिË समितिको बैठक बसी सुझाव तयार गरेको ।

८. महासंघका अध्यक्ष लगायत पदाधिकारीहरुले राष्ट्र बैंकका गभर्नरसंग भेट गरी बैंकहरुले अस्वभाविक रुपमा वृद्धि गरेको व्याजदर नियन्त्रण गर्न तथा तरलता व्यवस्थापन सम्बन्धी सुझावहरु प्रस्तुत गर्नुभएको थियो । सोहीअनुरुप राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई विशेष परिपत्र जारी गर्दै अस्वस्थ रुपमा बढाइएको निक्षेप व्याजदर नियन्त्रण गर्न बैंकहरुले अघिल्लो महिना प्रकाशित व्याजदरमा बढीमा १० प्रतिशतका दरले मात्रै परिवर्तन गर्न सक्ने प्रावधान ल्याएको थियो । सोही वमोजिम बैंकहरुले बढाएको व्याजदरलाई परिमार्जन गरी एकल अंकमा झारेका थिए ।

९. नेपाली जुत्ता उद्योगहरुले भारतबाट आयात गर्ने औद्योगिक कच्चा पदार्थको मूल्य अमेरिकी डलरमा भुक्तानी गरी आयात गर्न पाउने व्यवस्थाका लागि *(वस्तुको HS code सहित)* राष्ट्र बैंक समक्ष अनुरोध गरिएको । अनुरोध गरिए मध्ये अधिकांश कच्चा पदार्थ आयात गर्दा अमेरिकी डलरमा आयात गर्न पाउने अनुमति दिएको थियो ।

१०. महासंघले २०७८ मंसीर २९ गते आयोजना गरेको **नवउत्थान सम्मेलन**मा तरलता व्यवस्थापन सम्बन्धी विशेष सत्र सञ्चालन गरिएको थियो । उक्त सत्रमा महासंघका उपाध्यक्ष श्री अञ्जन श्रेष्ठले तरलताको विद्यमान अवस्था र यसको सुधारका लागि चालिनुपर्ने कदम सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सत्रको अध्यक्षता नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. निलम ढुंगानाले गर्नु भएको थियो भने प्यानालिष्ट वक्ताको रुपमा नेपाल बैंकर्श संघका अध्यक्ष श्री अनिल उपाध्यायको उपस्थिति थियो ।

११. मौद्रिक नीति २०७८ को पहिलो त्रैमासिक समिक्षामा समावेश गर्नका नेपाल राष्ट्र बैंक समक्ष सुझावहरु प्रस्तुत गरिएको । जसमा कोभिडबाट अति प्रभावित क्षेत्रमा दिइने पुनरकर्जा सुविधाको सीमा २० करोडबाट बढाइनुपर्ने । यो आर्थिक वर्षको शुरुदेखि नै तरलतामा चाप देखिएको हुंदा राष्ट्र बैंकको आगामी नीति तरलता व्यवस्थापन तथा व्याजदर बृद्धि नियन्त्रणमा जोड दिन सुझाव दिइएको थियो ।

१२. नेपाल राष्ट्र बैंकबाट २०७८ पौष ५ मा जारी गरिएको परिपत्रमा २० वटा हामोर्निक कोड भएका वस्तु आयात गर्दा खोलिने प्रतितपत्रमा शतप्रतिशत मार्जिन राख्नु पर्ने बाध्यात्मक व्यवस्था गरिएको थियो । यस्तो व्यवस्थाले गर्दा वस्तुको आयात गर्ने उद्योग व्यवसायमा समस्या परेको गुनासो आएको हुंदा सो व्यवस्था पुनरावलोकनको लागि पहल गरेको छ ।

१३. नेपाल राष्ट्र बैंकले चालुपुजी कर्जालाई व्यवस्थित गर्न ल्याएको चालुपु‘‘जी कर्जा सम्बन्धी मार्गदर्शन, २०७८ को मस्यौदामाथि महासंघले सुझाव तयार गर्न आफ्ना सदस्य संघ संस्थाहरुमार्फत राय सुझाव संकलन गरिएको छ । प्राप्त सुझावलाई अन्तिम रुप दिई नेपाल राष्ट्र बैंक पठाइने छ ।

## उर्जा तथा वातावरण समिति

विद्युत नियमन आयोगमा मुख्यतयाः जलविद्युतको PPA गर्ने क्रम फेरी सुचारु गरिनु पर्ने, सरकारबाट घोषित जलविद्युत उत्पादकलाई ५० लाख फिर्ता गरिनु पर्ने, Transmission line को विस्तारको लागि नीजि क्षेत्रलाई जोड दिनुपर्ने, स्वदेशी उर्जा खपतमा जोड दिने, निर्यात प्रोत्साहन गरी वंगलादेशमा निर्यात गरिनुपर्ने लगायतका सुझावहरु दिइएको छ ।

### नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको 'स्वदेशी खपतसँग विद्युत् व्यापार र आगामी बजेट विषयक' श्रव्यदृश्य अन्तरक्रिया

ऊर्जा तथा वातावरण समितिका सभापति श्री गोपाल खनालले भौतिक पूर्वाधारको विकास र विस्तारमा जोड दिए मात्रै सरकारी तथा निजी क्षेत्रको पहल सार्थक हुने यसैगरी केही नीतिगत परिवर्तन, प्रसारण प्रणालीको विकास तथा विस्तार गर्ने हो भने तत्काल नै रु २५ अर्ब बराबरको आन्तरिक बजार स्वदेशमा नै तयार हुने, बढी विद्युत् खपत गर्नेलाई कम महसुल लिने प्रणालीको व्यवस्था गर्न तथा प्रसारण तथा वितरण प्रणालीको सुधार गर्नुपर्ने लगायतका धारणा व्यक्त गर्नुभएको थियो ।

यसैगरी उर्जा तथा वातावरण सम्बन्धमा महासंघको सुझाव निम्नानुसार रहेको छ :

- उर्जा क्षेत्रका विभिन्न संघ संस्थाको एउटा साझा भिजन पेपर तयार पारी त्यसको कार्यान्वयनको लागि पहल गर्न तयार पारिएको भिजन पेपरमा हाल देखिएका विभिन्न समस्याको समाधानको उपाय प्राथमिकता अनुसार हुनुपर्ने ।
- कोभिड १९ को पहिलो र दोस्रो लहरका कारणनिर्माणाधिन र अध्ययन भइरहेका आयोजनाहरुको License मा penalty को व्यवस्था हटाईनुपर्ने र Generation/transmission License बिना शुल्क मिनाहा हुनुपर्ने ।
- निजी क्षेत्रले बनाउन सक्ने पहुँच सडक र प्रसारण लाइन निर्माण गर्नका लागि जुन जुन क्षेत्रमा आयोजना छ त्यहीलाई दिने कार्यविधि बनाउनुपर्ने ।
- ह्विलिङ्ग चार्ज (अहिले खपत गर्न र भविष्यको उद्योगको लागि) को कार्यविधि तय गर्ने ।

- जलविद्युत आयोजना निर्माण गर्दा लाग्ने भ्याट छुटको सम्बन्धमा प्रतिमेगाटा ५० लाख रुपैयाा भ्याट छुट दिने विगतको घोषणा यसपटक पनि बजेटमा नआएको हुँदा पुराना बजेटका कार्यान्वयन पक्ष समेट्ने ।
- वातावरणमा सहयोग पुग्ने गरी विभिन्न निकायहरुमा तिरिने Royalty एकै ठाउँमा तिरे पुग्ने व्यवस्था हुनुपर्ने।
- Post rated date ७ बर्षबाट परिवर्तन गरी banking period १०-१२ वर्ष सम्मको हुनुपर्ने ।

**जलविद्युत उत्पादन, प्रसारण, वितरण र निर्यात सम्भव्यता सम्बन्धमा महासंघद्वारा सुझाव प्रस्तुत :**

बरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले गत पौष १ गते माननीय ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्री श्री पम्फा भुषालज्यूसंग भेट गरी जलविद्युतको उत्पादन बढाउने, न्युन चुहावट र कम खर्चमा आवश्यकता भएको स्थानसम्म पुर्‍याउने, औद्योगिकिकरणको दरिलो कच्चा पदार्थको रुपमा उपयोग गर्ने र निर्यात वृद्धिमार्फत समग्र वाह्य क्षेत्र स्थिरतामा समेत योगदान पुर्‍याउने गरि सरकार र महासंघ मिलेर कार्य गर्नुपर्ने तथ्यलाई मनन गरी सोही रणनीतिको एक अंगका रुपमा तत्काल सरकारले गर्नुपर्ने सुधारहरुमा जलविद्युत निर्माताहरुले निर्माणमा सधै Q40 मा design गर्नुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने, जलविद्युत निर्माणको क्रममा विभिन्न मन्त्रालयबाट स्वीकृत प्राप्त गर्न छिटो गर्न पहल हुनुपर्ने, वैदेशिक लगानीमा निर्माण जलविद्युतलाई झै स्वदेशी उत्पादकलाई पनि चालु आर्थिक बर्षको बजेटमा उल्लेखित कर छुटको व्यवस्था, विद्युतिय सवारी आयातमा न्यून भंसार महशुल तथा इन्डक्सन कुकर (Induction Cooker) र ईन्फ्रारेड चुल्होमा अनुदानको व्यवस्था, विद्युत् खपत गर्नका लागि विद्युतीय रेलमार्ग, सुरुङमार्ग, चार्जिङ स्टेसन, प्रोसेसिङ उद्योग, एक घर एक विद्युतिय चूलो (कम्तीमा २०० unit प्रयोग गर्नेलाई ५००० छुटको व्यवस्था) जस्ता क्षेत्र पहिचान गरी कार्य गर्ने सुझाव प्रस्तुत गरिएको थियो ।

यसै गरी सार्क राष्ट्रहरुबीच ऊर्जा व्यापार तथा प्रशारण प्रणाली विस्तार सम्बन्धि सम्झौता भइसकेको हुदा निर्यात प्रोत्साहन गर्न, Transmission line, transformer र त्यसमा लाग्ने तारको समय अनुरुप क्षमता बृद्धि, बजेटमा समावेश भएका निजी क्षेत्रले बनाउन सक्ने पहुँच सडक र प्रसारण लाइन निर्माण गर्नका लागि जुनजुन क्षेत्रमा आयोजना छ त्यहीलाई दिने गरि कार्यविधि, ५ Amp भएका घरहरुमा १५ Amp जडान गरिनुपर्ने र विद्युतिय उपकरणहरुको उपयोगमा प्रोत्शाहन, उद्योगहरुलाई सहुलियत दरमा बिजुलिको उपलव्धता, मस्याङ्दी करिडोरमा निर्माण सम्पन्न आयोजनाको यथाशीघ्र ग्रीड कनेक्सन गर्न व्यवस्था मिलाउने लगायतका सुझावहरु समावेश गरिएको थियो ।

**नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिंगसंग भेटवार्ता**

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिंगलाई भेटी २०७५ साल फागुन देखि रोकी राखिएको PPA भौतिक पूर्वाधार (generation license, EIA भएका र grid connection) सुनिश्चित भएका आयोजनाहरुको पहिचान गरी उक्त आयोजनाहरुको PPA यथाशीघ्र गर्नका लागि अनुरोध गरियो । कार्यकारी निर्देशकज्यूबाट आन्तरिक खपत बढाउन बिरगञ्ज, बुटवल तथा भैरहवा औद्योगिक करिडोरमा थप transmission लाइन र substation थप्ने व्यवस्था भइरहेको हुदा ठूला उद्योग संचालन गर्न तथा नयां ग्राहक आएपनि १३३ के.भि.सम्मको लाइन जहा माग्यो त्यही दिने व्यवस्था रहेको जानकारी गराइयो ।

साथै dedicated लाइनको पुरानो बक्यौता भएपनि थप लोड मागेमा स्वीकृत गर्ने व्यवस्था हुने पनि जानकारी दिनुभयो । साथै सबै पीपीए गर्न सम्भव नभए पनि प्रतिस्पर्धी पीपीए गर्न समय अनुसार संशोधन गर्नुपर्नेमा जोड दिनुभयो ।

- नेपालमा उद्योग क्षेत्रमा स्वच्छ ऊर्जा (जलविद्युत) को खपत अभिबृद्धि गर्न नेपाल सरकारको तर्फबाट गनुपर्ने नीतिगत सुधार सम्बन्धमा महासंघको राय/सुझाव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रस्तुत गरेको छ ।
- बीमा समितिले गत असोज ६ गते सबै निर्जिवन बीमा कम्पनीहरूको लागि जारी गरेको गैर शुल्क बीमा व्यवसायका लागि न्यूनतम प्रिमियद दर (Minimum Premium Rate for Non–Tariff Insurance Business)

सम्बन्धी परिपत्रबाट निर्जिवन बीमाको प्रिमियम वृद्धि गरि न्युनतम सिमा तोकेको सम्बन्धमा महासंघले गम्भीर ध्यानाकर्षण गराएको छ ।

- महासंघको सहकार्य एवं बेलायत सरकारको सहयोगमा संचालित नेपाल नविकरण ऊर्जा आयोजना (NREP) द्वारा स्थापित Sustainable Energy Challenge Fund (SECF) बाट उद्योग, व्यापार तथा अन्य सरोकारवाला संघ, संस्थाहरुले यस SECF द्वारा उपलब्ध नविकरण ऊर्जा सम्बन्धी आयोजना तर्जुमा, संचालन, बजारीकरणका लागि प्राप्त गर्न सक्ने सहयोग बारे छलफल कार्यक्रम गरेको छ ।

- वातावरण सम्बन्धी Standard Formulation and Update कार्यान्वयार्थ प्राविधिक समिति तथा उप–समितिको बैठक बसी औद्योगिक प्रतिष्ठानहरुबाट निस्कने फोहोर पानी सम्बन्धी मापदण्डहरुको पहिलो Draft Update गरियो ।

## शहरी विकास समिति

बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ , काठमाडौं को संशोधनका लागि तीन महले विवरण, "काठमाडौं, ललितपुर नगरपालिका क्षेत्र तथा काठमाडौं उपत्यकाको शहर विस्तार क्षेत्र भित्र गरिने निर्माण सम्बन्धी मापदण्ड, २०५० र जग्गा हदबन्धी छुट दिने सम्बन्धी आदेश २०७८ सम्बन्धित छलफल र  गृहकार्य गरि तीन महले तयर गरि मन्त्रालयमा प्रस्तुत गरेको छ ।

| **बुँदा** | **विद्यमान व्यवस्था** | **संशोधनका लागि प्रस्तावित व्यवस्था** | **संशोधन गर्नुपर्नाको कारण** |
|---|---|---|---|
| बुँदा ३ | केन्द्रीय सहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरीवेक्षण समितिमा सरकारी निकायको मात्र प्रतिनिधित्व भएको । | १. केन्द्रीय सहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरीवेक्षण परिषद्को गठनको व्यवस्था हुनुपर्ने । यो परिषद्मा सरकारी निकाय, स्थानीय तहका प्रमुख तथा निजी क्षेत्र समेतका करीब ६० जनाको प्रतिनिधित्व हुने, यसको बैठक वर्षको १ पटक बस्ने र यो परिषद् सर्वोच्च नीति निर्माणकारी निकायको रुपमा रहने व्यवस्था गर्नुपर्ने ।<br>२. प्रकरण १ बमोजिमको परिषद्द्वारा पारीत नीति, निर्देशन बमोजिम दैनिक कार्य सम्पादन गर्नका लागि ७-९ जना सदस्य रहने गरी सहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरीवेक्षण समिति गठन गरिनुपर्ने ।<br>३. माथि उल्लिखित परिषद् र समिति दुवैमा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसँग सम्बन्धित सरकारी निकायहरु र निजी क्षेत्र समेतको प्रतिनिधित्व हुनुपर्ने । | स्थानीय तह, खानेपानी, विद्युत प्राधिकरण लगायतका निकायहरु र उद्योग वाणिज्य संघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल इन्जिनियरिङ्ग एशोसियसन, सोसाइटी अफ नेपाल आर्किटेक्टस् लगायतका निजी क्षेत्रका संघ संस्था समेतको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भएकोले । |
| बुँदा १३.६.५ | कूल जग्गाको कम्तीमा १५ प्रतिशत बाटोको लागि र कम्तीमा ५ प्रतिशत खुल्ला क्षेत्र (अर्थात् क्षेत्रफल ८० वर्ग मिटर र सोको चौडाई ८ मिटरभन्दा कम नहुने गरी) छुट्ट्याउनुपर्ने र यस्तो खुल्ला क्षेत्रले प्रस्तावित भौतिक योजना क्षेत्रको बाहिरी साँध वा सिमाना छोएको हुनु हुँदैन । | "चौडाई ८ मिटर" भन्ने शव्दहरुको सट्टा "चौडाइ ६ मिटर" भन्ने शव्दहरु राख्ने "र यस्तो खुल्ला क्षेत्रले प्रस्तावित भौतिक योजना क्षेत्रको बाहिरी साँध वा सिमाना छोएको हुनु हुँदैन" भन्ने शव्दहरु हटाउनुपर्ने । | सामुहिक तथा संयुक्त आवास आयोजनाको हकमा कुनैपनि साँध वा सिमानामा नछुने व्यवस्था गर्न अव्यवहारिक हुने भएकोले । |

| | | | |
|---|---|---|---|
| बुँदा १३.६.६ (ङ) | बाटो तथा खुल्ला क्षेत्रको स्वामित्व त्यस भौतिक योजनाबाट लाभान्वित हुने भवन र जग्गा खरिदकर्ताहरुमा संयुक्त रुपमा रहने कानूनी व्यवस्था खरिदकर्ताहरुले नगरी योजना प्रस्ताव गर्ने संस्थाले नै गर्नेछ । | बाटो तथा खुल्ला क्षेत्रको स्वामित्व भवन र जग्गा खरिदकर्ताद्वारा गठित संस्था/समिति वा नेपाल सरकारको नाममा संस्थापकले कुनै शु:ल्क तथा दस्तुर तिर्नु नपर्ने गरी नामसारी तथा हस्तान्तरण गर्ने व्यवस्था हुनुपर्ने । | सामुहिक उपयोगको बाटो तथा खुल्ला क्षेत्र सामुहिक रुपमा नै प्रयोग हुने भएकोले यस्ता क्षेत्रको नामसारी गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुर लगायतका कुनैपनि कर तथा दस्तुर बिक्रेता र खरिदकर्ताबाट लिन न्यायपूर्ण नहुने भएकोले । |
| बुँदा १३.६.६ (ङ) | थप व्यवस्था गर्नुपर्ने | यस बुँदा १३.६.६ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थप गर्नुपर्ने :- "(च) सामुहिक आवास योजनाको हकमा त्यस्तो योजना प्रस्ताव गर्ने व्यक्ति/संस्थाले भवन खरिदकर्ताहरुलाई स:शुल्क सुविधा उपलब्ध गराउने उद्देश्यले आफ्नो स्वामित्वमा रहने गरी सो योजनास्थलमा कुनै संरचना निर्माण गर्न सक्नेछ ।" | सामुहिक आवास क्षेत्रभित्र बसोबास गर्ने समुदायलाई थप सुविधा उपलब्ध गराउन उपयुक्त हुने भएकोले । |
| बुँदा १३.७.ख. | १० मिटर भन्दा बढी तर १७ मिटर सम्म अग्ला भवनहरुको हकमा सार्वजनिक भवनहरुको सँधियार तर्फको सेटब्याक न्यूनतम ३ मिटर ………. हुने गरी स्वीकृति दिइनेछ । | "न्यूनतम ३ मिटर" भन्ने शव्दहरुको सट्टा "न्यूनतम २ मिटर" भन्ने शव्दहरु राख्नुपर्ने । | सीमित घडेरी जग्गामा संधियारमा धेरै सेटब्याक छोड्न अव्यवहारिक हुने भएकोले । |
| बुँदा १३.७.घ. | १७ मिटर भन्दा अग्ला जुनसुकै भवनहरुको उचाइ र सँधियार तर्फको सेटब्याकको अनुपात ४:१ हुने गरी तर न्यूनतम सेटब्याक ५ मीटर भन्दा कम नहुने गरी स्वीकृति दिइनेछ । | "को अनुपात ४:१ हुने गरी तर न्यूनतम सेटव्याक ५ मीटर भन्दा कम नहुने गरी" भन्ने शव्दहरुको सट्टा "१७ मिटरसम्मको अग्लो भवनका लागि ३ मिटर र त्यसपछि जतितलाको भवन भएपनि अधिकतम ५ मिटरसम्म" भन्ने शव्दहरु राख्नुपर्ने।" | जमिन आफैँमा चारपाटे आकारको नहुने भएकोले सेटब्याकको अनुपात ४:१ कायम गर्दा FAR नै कभर नहुने भएको र यसको फलस्वरुप २०७३ साल पछि भवन निर्माणको कार्य ठप्प भएको । |
| बुँदा १३.३१.क. | क. नापीनक्सा तथा श्रेष्तामा बाटो कायम नभएको सार्वजनिक जग्गालाई बाटो कायम गरी भवन निर्माण स्वीकृति दिइने छैन । | "नापीनक्सा" भन्ने शव्दको अगाडि "अद्यावधिक" भन्ने शव्द राख्ने । | कतिपय स्थानहरुको नापीनक्सा अद्यावधिक हुन नसकेकोले । |
| बुँदा १३.३१.ख. | ख. प्रत्येक घरमा सेफ्टी ट्याङ्क अनिवार्य रुपमा राख्ने गरी मात्र भवन निर्माण स्वीकृति दिइनेछ । | देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नुपर्ने :- "तर सामुहिक तथा संयुक्त आवास आयोजनाको हकमा कम्तीमा एउटा सेफ्टी टयाङ्की प्लान्ट निर्माण गरी ढल निकासको व्यवस्था गर्न सकिनेछ ।" | सामुहिक तथा संयुक्त आवास आयोजनाको हकमा सो आयोजना क्षेत्रभित्र निर्माण हुने Sewerage Treatment Plant (STP) ले नै सबै आवास भवन तथा इकाइहरुको ढल निकास गर्ने व्यवस्था गर्न सकिने भएकोले । |
| बुँदा १४.१.२ | स्थान छनोट गर्दा समतल जमिन वा ३० डिग्री भन्दा कम भिरालो क्षेत्र रोज्नु पर्दछ…………………। | यस प्रावधानको अन्तमा देहायको प्रतिवन्धात्मक वाक्याँश थप गर्नुपर्ने :- "तर धेरैजसो भाग समतल क्षेत्र भएको सामुहिक तथा संयुक्त आवास आयोजनाको हकमा सो क्षेत्रको कुनै भाग ३० डिग्री भन्दा बढी भिरालो भएपनि त्यस्तो भिरालो भागमा नपर्ने गरी भवन निर्माण गर्नमा कुनै बाधा पर्नेछैन ।" | सामुहिक तथा संयुक्त आवास आयोजना ठूलो क्षेत्रमा सञ्चालन हुने र सो क्षेत्रको कुनै भाग भिरालो भएको आधारमा भवन निर्माण गर्नमा रोक लगाउन अव्यवहारिक हुने भएकोले । |

- वर्तमान परिवेशमा भवन निर्माण साग सम्बन्धित “Building by laws, setback, FAR“ आदिमा रहेका समस्याबारे सभापतिज्यू र शहरी विकास मन्त्रालयका सचिव श्री डा.रमेश प्रसाद सिंहज्यू बीच भेतवार्ताका साथै यस समिति साग छिट्टै छलफल कार्यक्रम गर्ने निर्णय भएको छ ।
- बिजमाण्डू मेडियाले मिति २०७८।०३।०९ मा आयोजना गरेको कार्यक्रम “आगामी मौद्रिक नीति” मा सभापतिज्यूले सहभागिता गर्नुभई छलफलका क्रममा उहांले मौद्रिक नीतिले फेयर भ्यालुको भ्यालुएसन अनुसार कर्जा सुविधा सीमा ७५ प्रतिशत बनाउन पर्ने, औपचारिक एवम् अनुमति प्राप्त रियल इस्टेट परियोजनाहरुमा दिदै आएको कर्जा सुविधालाई ६० प्रतिशतबाट बढाएर कम्तिमा ७५ प्रतिशत पुर्याउनु पर्ने , औद्योगिक व्यवस्था ऐन २०७६ ले रियल इस्टेटलाई पूर्वाधार उद्योगको मान्यता दिएपनि सरकारी सुविधा नपाएको , गत वर्षको मौद्रिक नीतिल पहिलो घर खरिदकर्तालाई (फस्ट होम बायर) लोन टु भ्यालु रेसियो ७० प्रतिशत कायम गरेको भएपनि नीतिले आम्दानीको ७० प्रतिशत मात्रै दिने प्रावधानले गर्दा असहजता आदि समस्याहरु औंल्याउनु भएको थियो।
- सभापतिज्यूले कीर्तिपुर नगरपालिकाका मेयर, उपमेयर, वडा अध्यक्ष र इन्जिनियरसंग औपचारिक भेट गरी त्यस नगरपालिकाको वडा नं ३, ४ र ९ ढापामा रहेको जम्मा २९०० रोपनी जग्गा ल्याण्डपुलिङ्ग गरी योजनाको कमीमा बसेको हुदा आउदो दिनमा यस समितिको सहकार्यमा १०० रोपनी जग्गामा pilot project को रुपमा योजना निर्माण गर्ने विषयमा छलफल गरियो ।

मुलुकमा व्यवस्थित शहरीकरणको विकास तथा विस्तारका लागि नेपाल सरकार, **शहरी विकास मन्त्रालय**को नेतृत्वदायी भूमिका रहने भएकोले महासंघका देहायका राय सुझाव सम्बन्धमा सम्बन्धित निकायहरुका बीच आवश्यक समन्वय तथा सहजीकरण गरिदिई नेपालको व्यवस्थित बस्ती विकास तथा वैज्ञानिक शहरीकरण प्रकृयामा निजी क्षेत्र सहभागी भई सहकार्य गर्न पहल भएको छ ।

- संयुक्त तथा सामूहिक आवास निर्माताका नाममा रहेको सामुहिक प्रयोगको क्षेत्र (common space) सोही आवासमा बसोबास गर्ने समुदायद्वारा गठीत व्यवस्थापन समितिलाई कुनैपनि शु:ल्क तथा दस्तुर नलिईस्वतः स्वामित्व हस्तान्तरण हुने व्यवस्था लगायतका प्रावधानहरुलाई समावेश गरी संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ मा समसामयिक संशोधन गर्नुपर्ने तर्फ छलफल गरियो ।
- अधिकाँश रियल इस्टेट उद्योग सम्पन्न गर्न कम्तीमा ३-५ वर्ष लाग्ने भएकोले यस्ता उद्योगहरुलाई बहुवर्षीय आयोजनाहरुले पाए सरहको सुविधा तथा सहुलियत दिनका लागि सम्बन्धित निकायहरु (जस्तै : अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) सँग समन्वय तथा सहकार्य हुनुपर्ने ।
- विगतमा संसदीय समितिमा पेश भएर पनि ऐन बन्न नसकेको घरजग्गाको व्यवसायिक कारोबार सम्बन्धी विधेयकको मसौदालाई अध्ययन गरी त्यसमा रहेका सान्दर्भिक व्यवस्था, घरजग्गा खरिद बिक्रीका लागि रजिष्टर्ड ब्रोकर सम्बन्धी प्रावधानहरुका साथै निजी क्षेत्रले ल्याण्ड पुलिङ्ग, हाउस पुलिङ्ग, जग्गा विकास जस्ता आयोजनाहरु सञ्चालन गर्न पाउने प्रावधानहरु समेत प्रस्तावित शहरी विकाश विधेयकमा समावेश गरी यस विधेयकलाई अन्तिम रुप दिएर ऐन निर्माणको प्रकृयामा लैजानु पर्ने ।
- असंगठित रियल इस्टेट कारोबारलाई निरुत्साहित गर्नका लागि अनुमति प्राप्त रियल इस्टेट कम्पनीहरुद्वारा सञ्चालित संगठित रियल इस्टेट उद्योग/परियोजनाहरुलाई औद्योगिक व्यवसाय ऐन, २०७६ तथा अन्य प्रचलित कानून बमोजिमका छुट सुविधा दिनुपर्ने ।
- स्थानीय निकायले लिने शिफारिस शु:ल्क मान्यता प्राप्त रियल ईस्टेट कम्पनीको हकमा प्राकृतिक व्यक्तिको भन्दा बढी भएकोले त्यस्तो शु:ल्क दुवैको हकमा समान हुनुपर्ने ।
- नेपालभरका नगरपालिकाहरुले ठूलाठूला शहरी विकासको कार्य गर्दा नेपाल उद्योग वाणिज्य महासंघको शहरी विकास समितिसँग समन्वय गर्ने र सम्भव भएसम्म यस समिति समेतलाई सहभागी गराउने सम्बन्धमा आवश्यक पहल व्यवस्था हुनुपर्ने ।

- हालको फ्लोर एरिया रेसियो FAR न्यूनतम ४ कायम राखी सेट ब्याकका हकमा १७ मिटरसम्मको अग्लो भवनका लागि ३ मीटर र त्यसपछि जतितलाको भवन भएपनि अधिकतम ५ मिटरसम्म मात्र कायम गर्ने व्यवस्था हुनुपर्ने ।
- विनाशकारी भूकम्प पश्चात् संयुक्त आवास भवनहरुमा सर्वेक्षणका क्रममा रातो, पहेंलो जस्ता कैफियत दिई वर्गीकरण गरिएकोमा ती भवनहरु सवलीकरण (Retrofitting) पश्चात् भूकम्प प्रतिरोधात्मक बनिसकेकोले तिनीहरुलाई पूर्ववत अवस्थामा कायम राख्ने व्यवस्था हुनुपर्ने ।
- काठमाडौं उपत्यकाभित्र उपलब्ध हुने सीमित जग्गामा आवास निर्माण तथा सोको आपूर्तिलाई सहज, सरल र व्यवहारिक बनाउनका लागि शहरको भर्टिकल विस्तार पक्ष समेतलाई मध्यनजर राखीसंयुक्त आवास तथा हाईराइज भवनहरु निर्माण गर्नुपर्ने आवश्यकता महशुश गरिएको हुंदा यसका लागि नेपाल सरकार र काठमाडौं महानगरपालिकाबाट जारी मापदण्डहरुका बीच एकरुपता कायम हुने गरी मुख्यतः सेटब्याक र FARका सम्बन्धमा समय सापेक्ष सुधार गर्नुपर्ने तर्फ पहल गरियो ।

नेपाल सरकार, अर्थ मन्त्रालयले बजेट निर्माण गर्दा, शहरी विकास मन्त्रालयले विश्व बसोबास दिवस मनाउने तथा आवास विकास सम्बन्धी विभिन्न कार्यक्रमहरुको आयोजना गर्दा, नेपाल राष्ट्र बैंकले मौद्रिक नीति जारी गर्दा यस महासंघ समेतलाई सहभागी गराई राय सुझावहरु लिने गरेको हुदा यस परिप्रेक्ष्यमा शहरी विकास मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरु जस्तैः काठमाडौं उपत्यकाविकास प्राधिकरण, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, नगर विकास कोष अन्तर्गत गठन हुने विभिन्न समितिहरुमा यस महासंघ अन्तर्गतको शहरी विकास समितिका प्रतिनिधि समेतलाई नियमितरुपमा सहभागी गराउने व्यवस्थाका लागि अनुरोध गरिएको छ ।

**काठमाडौं उपत्यका विकास प्राधिकरण** ऐन, २०४५ बमोजिम काठमाडौं उपत्यका भित्र भौतिक विकास योजनाको तर्जुमातथा स्वीकृति, जग्गा विकास कार्यक्रम सञ्चालन र जग्गा तथा आवास विकास आयोजना सञ्चालन सम्बन्धी प्लानिङ्ग पर्मिट दिने लगायतका काम, कर्तव्य र अधिकारहरु काठमाडौं उपत्यका विकास प्राधिकरणको अधिकार क्षेत्र भित्र पर्दछ । भूमिव्यवस्था, सहकारी तथा गरीबीनिवारणबाट जारी उक्त आदेशको बुँदा नं. ५ (*स्थानीयप्राविधिक समितिगठन गरी सो बाट खेति योग्यजग्गानभएको र जग्गाविकास गर्न उपयुक्त रहेको भन्ने सिफारिस साथतोकिएको निकायबाट जग्गाको उपयोगिताको विश्लेषण गरी बस्तुगत मापदण्ड बमोजिमको स्विकृति लिइइजाजतप्राप्तजग्गाविकास गर्ने फर्म, संस्थावाकम्पनीले बाटो, खुला क्षेत्र लगायत सार्वजनिकउपयोगमाआउने अन्यजग्गा नेपाल सरकारको नाममाश्रेस्ताकायम गरे पछि मात्र स्विकृति प्राप्त गरेको नक्शाबमोजिम कित्ताकाट गर्न सकिनेछ सम्बन्धीव्यवस्था*) लगायतका प्रावधानहरु सो ऐनले निर्देशित गरेका प्रावधानहरुसँग बाझिएका कारण काठमाडौं उपत्यका भित्रका नेपाल सरकार तथा सो अन्तर्गतका निकायहरुबाट अनुमति प्राप्त गरेका रियल इस्टेट व्यवसायीहरुले आफ्नो व्यवसाय सञ्चालनका लागि विभिन्न बाधा अढ्चनहरु भोग्नु परिरहेको छ । सो निर्देशनजारी भएपछि अनुमतिप्राप्त रियल इस्टेट कम्पनीहरुबाट काठमाडौं उपत्यका भित्र हुँदै आएका जग्गा तथाआवास विकास आयोजना सञ्चालनकाकार्यहरु ठप्प जस्तो भएको छ ।

यस परिप्रेक्ष्यमा माथि उल्लेखित तथ्यलाई मनन गरी भूमि व्यवस्था, सहकारी तथा गरीबीनिवारण मन्त्रालयबाट मिति.२०७५।९।२७मा जारी भएको जग्गाको खण्डिकरण सम्बन्धी निर्देशन पुनरावलोकनका लागि आवश्यक पहल गरी अनुमति प्राप्त रियल इस्टेट उद्योगको विकास र प्रवर्द्धन मार्फत व्यवस्थित बस्ती एवं सहरी विकासमा योगदान गर्ने अवसर प्रदान गरी दिने व्यवस्थाको लागि पहल गरेको छ ।

सरकारबाट राजश्व उठ्ने मात्र काम भएको तर खर्च न्यूनतम रहेको, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच संहकार्य नहुदा नीजि क्षेत्रमा असर परेको छ । बैंकको व्याज महंगो हुन गएको, base rate र premium आदि कारणले परेको समस्याबारे समितिबाट अर्थ मन्त्रालयसंग छलफल तथा सुझाव प्रस्तुत गरेको छ ।

## तिलोत्तमा शहरी विकास आयोजना

महासंघ अन्तर्गतको शहरी विकास समितिले ७ वटा प्रदेशहरुमध्ये कुनै एउटा प्रदेशको स्थानीय सरकारसँग समन्वय गरी कम्तीमा एउटा नमूना शहर निर्माण गर्ने लक्ष अनुरुप मिति २०७८।०७।१२ देखि १४ गतेसम्म रुपन्देही जिल्लास्थित तिलोत्तमा नगरपालिकाले आयोजना गरेको तिलोत्तमा शहरी विकास आयोजना सञ्चालन सम्बन्धी अन्तरकृया कार्यक्रममा सकृय सहभागीता जनायो । सो कार्यक्रममा समितिका सभापति श्री मीनमान श्रेष्ठको नेतृत्वमा सदस्यहरु श्री विदुर धमला, तुलसी प्रसाद अधिकारी, आर्किटेक्ट स्वरुप कोने, सिए दिनेश चुके र डा. गोकुलप्रसाद बुर्लाकोटीका साथै श्री ध्रुब घिमिरे (हेटौंडा), रोशन भोयचो (काठमाडौं), अरुण सुवेदी (पोखरा) समेतको सहभागीता रहेको थियो । तिलोत्तमा नगरपालिकाका प्रमुख श्री वासुदेव घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त अन्तरकृया कार्यक्रममा सो नगरपालिका अन्तर्गत करीव २५०० विघा जग्गामा शहरी विकास आयोजना सञ्चालन गर्ने सम्बन्धमा सरोकारवाला तथा आयोजना क्षेत्रका स्थानीय उपभोक्ताहरु समेतको प्रतिनिधित्व हुने गरी उपभोक्ता समिति गठन गर्ने, विज्ञ तथा शहरी योजनाविद्बाट आयोजनाको संभाव्यता अध्ययन गराउने र सो आयोजनालाई नगर विकास कोष तथा नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको शहरी विकास समिति समेतको सहयोग एवं समन्वयमा सञ्चालन गर्ने सहमति भएको थियो ।

## व्यापार मेला समिति

- मिति २०७८ जेष्ठ २२ गते Event Management Industry सम्बन्धि Virtual Meetingमा Covid19 ले असर गरेको सम्बन्धमा  आ.व. २०७७।७८ को बजेटमा कुनै प्रकारको राहत नपाएको कारण उद्योग मन्त्रालयका प्रतिनिधि, महासघं लगायत Event Management Industryका प्रतिनिधि बिच छलफल भएको थियो ।
- आगामी दिन देखि सो क्षेत्रलाई पनि समेटनु पर्ने सम्बन्धमा नेपाल सरकार र निजि क्षेत्रले सहकार्य गर्ने निचोड निस्किएको थियो ।
- मिति २०७८ असार ७ गते उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयका सह सचिव डा. नारायण रेग्मीको सभापतित्वमा आगामी २०२५ मा जापानका  ओसाकामा  आयोजना हुने WorldExposition मा निजि क्षेत्रको तर्फबाट भाग लिने गरि सहभागिता जनाउनु पर्ने सम्बन्धमा व्यापार मेला समितिका सल्लाहकार श्री मनिष लाल प्रधानले सुझाव प्रस्तुत गर्नु भएको थियो ।
- सन् २०२५ मा जापानमा आयोजना हुने विश्व प्रर्दशनी सम्बन्धमा उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयका सह सचिबको संयोजकत्वमा गठित समन्वय एवम निर्देशन समितिको बैठकमा व्यापार मेला समितिको सल्लाहकार श्री मनिष प्रधानले भाग लिनु भएको थियो । बैठकमा महासघंको धारणा राख्दै “Connecting lives” theme अन्तर्गत नेपालले भाग लिन सुझाव दिएको थियो ।
- सन् २०२१ को अगष्ट २५–२९ सम्म चीनको कुनमिङ्गमा onlineआयोजना हुने SouthAsiaExpo उद्घाटन कार्यक्रममा महासघंका अध्यक्ष श्री शेखर गोल्छाबाट Video मार्फत मन्तब्य प्रस्तुत गरिएको थियो । उक्त अवसरमा नेपालस्थित Yunnan Commercial Representative office का प्रतिनिधि Mr. LingCheng संग Covid19को महामारीमा कसरी दुई देश बीच व्यापार प्रबर्द्धन गर्न सकिन्छ भन्ने विषयमा छलफल समेत भएको थियो ।
- जिल्ला/नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघहरुले आयोजना गर्ने मेलामा हाल आएर विभिन्न स्थानीय क्लव एवं दर्ता नै नभएका संस्थाहरुले समेत मेला/महोत्सव आयोजना गरेको गुनासाहरु जिल्ला/नगर उवासंघबाट आउने गरेकोले यस सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायहरुसंग पत्राचार एवं भेटघाट गरी मेला/महोत्सवलाई व्यवस्थित एवं उपलव्धीमूलक बनाउन निर्देशिका बन्नु पर्ने तर्फ समितिबाट कार्य भईरहेको छ ।
- जिल्ला/नगर उद्योग वाणिज्य संघ तथा वस्तुगत संघहरुले आयोजना गर्ने मेलाहरुको लिष्ट तयार गरी व्यापार मेला समितिबाट ती मेलाहरुको सफल आयोजनाको लागि प्रचार प्रसार तथा सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय गर्दै गरेको छ ।

- सन् २०२५ मा जापानमा आयोजना हुने WorldExposition मा नेपालको सहभागिताको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिबको संयोजकत्वमा गठित समन्वय एवं निर्देशन समितिको मिति २०७८।८।२३ गतेको बैठकमा का.स. सदस्य एवं व्यापार मेला समितिका सल्लाहकार श्री मनिष लाल प्रधानले भाग लिनु भएको थियो ।
- Trade Promotion council India (TPCI) लेसन् २०२२ को जनवरी ८ देखि १० सम्म भारतको नोईडा शहरमा आयोजना गरेको Indus food-Techअन्तराष्ट्रिय मेलामा यस महासघं मार्फत करिब २७ वटा कम्पनीले सहभागिता जनाएका थिए । उक्त मेलामा महासघंका कार्यकारी समिति सदस्य तथा Team Leaderश्री सुमित कुमार केडिया, स्वास्थ्य तथा शिप विकास समितिका सभापति श्री हेमराज ढकाल, व्यापार मेलाको सभापति नरेन्द्र खड्का, का.स सदस्यहरु, जील्ला/नगर उद्योग वाणिज्य सघंका पदाधिकारीहरु तथा वस्तुगत सघंका पदाधिकारीहरु ले मेलाको अवलोकन गर्नु भएको थियो । यस मेलामा करिब ८० वटा देशहरुले भाग लिएका थिए ।
- नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश उवासघं, जिल्ला/नगर उवासघ एव वस्तुगत सघंहरुले हाल सम्म गरेको मेला महोत्सव तथा भोग्नु परेका समस्याहरु एवम् सुझाव राखि Nepal Trade Fair Directory प्रकाशित गर्ने तर्फ पहल भएको छ ।

**स्थल यातायात तथा पारवहन समिति**

१) स्थल यातायात तथा पारवहन समितिको तर्फवाट आ. व. २०७८/७९ वजेटको लागि निम्न लिखित सुझावहरु पठाइएको थियो ।

  - मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची १ को समुह ९ मा रहेको तथा भन्ने शब्द पछि ............. वेदेशिक व्यापार प्रयोजनका लागि कार्गो सेवार भन्ने पदावली राखिनु पर्ने ।
  - आन्तरिक राजस्व विभागबाट जारी गरेको ढुवानी सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी निर्देशिका, २०७६र मा परिमार्जन गर्नु पर्ने ।
  - आयात निर्यात गर्दा दक्षिण एशियामा नै सवै भन्दा नेपालको Logistics Cost महंगो भएकोले Beyond the Border मा खर्च कम गर्न हामीले कसरी के गर्ने भन्ने कुरा Logistics Policy को रणनितिमा आउनु पर्ने ।
  - हालको व्यवस्थामा नेपाली निजि क्षेत्रले ICD’s & ICP’s संचालनमा स्वयंले प्रतिस्पर्धा गर्न पाउने सहज वातावरण एवं प्रक्रिया नरहेकोले यसलाई Logistics Policy मा संबोधन गर्नु पर्ने ।
  - Logistics Movement को विभिन्न माध्यमको पहिचान गरी तथा पूर्वाधारमा एकरुपता ल्याउन पर्ने ।
  - Harmonization को लागि Logistics Policy बनाउदा अरु देशहरु (दक्षिण एशिया) तथा हालै भारतले जारी गरेको Logistics Policy लाई पनि अध्ययन गरी आफनो देश अनुरुप Policy बनाउन पर्ने ।
  - छिमेकी मित्र राष्ट्र भारत र चीन बीचमा नेपाललाई Transshipment hub को रुपमा कसरी विकास गर्न सकिन्छ Logistics Policy बनाउदा ध्यान दिनु पर्ने ।

- हाल संसोधन भएको Railway Service Agreement मा Private rail operator / Nepal Railway ले पनि Rake संचालन गर्नु पाउन पर्ने निजी क्षेत्रको एक दशक पुरानो माग संम्बोधन भएको छ ।

२) नेपालको ढुवानी सेवा व्यवस्थीत र logistic cost घटाउनको लागि स्थल यातायात तथा पारवहन समितिले निम्न लिखीत सुझावहरु तयार गरी नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलमा पठाईएको थियो ।

१. नेपालको logistic cost घटाउन र market मा प्रतिस्प्रधी बनाउन Nepal Railway company स्वयंमले Railway Rake र wagon खरीद गरी संचालन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

२. ढुवानीमा प्रयोग हुने वाहन तथा Machine हरुमा कर छुटको व्यवस्था हुनुपर्ने ।

३. हाल संशोधित Railway Service Agreement को उपलीब्ध हासिल गर्न FOB वा Ex Works मा आयात गर्न पहल गर्नु पर्ने ।

४. अहिले सम्म नेपालमा भएका जति पनि Shipping कम्पनीहरु छन तिनीहरुको कुनै दायित्व स्पष्टरुपमा नभएकोले यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ सो सम्बन्धी आवश्यक पहल गर्नु पर्ने र नेपालमा भएका Shipping कम्पनीहरु नेपाली कानुन अनुसार दर्ता हुनु पर्ने एवं नेपालमा नै भुक्तानी लिने व्यवस्था गर्न पहल गर्ने ।

५. हालको व्यवस्थामा नेपाली निजि क्षेत्रले ICD's & ICP's संचालनमा स्वयंले प्रतिस्पर्धा गर्न पाउने सहज वातावरण एवं प्रक्रिया नरहेकोले यसलाई संबोधन गर्नु पर्ने ।

६. अहिले संसार भरी Multi Modal Logistics Park (MMLP) को अवधारण अघि बढेको छ। यसैले नेपालमा पनि Multi Modal Transport को अवधारण अनुसार MMLP को निर्माण गर्न पर्ने ।

७. चोभार बन्दरगाह चलाउन एवं ICD/ICP बाट चोभारमा भंसार जांच पास तथा ढुवानी गर्दा यसको प्रभाव के छ भनेर चोभार को बारेमा अध्ययन गर्न पर्ने र Modality तय हुनुपर्ने ।

८. व्यापार तथा पारवहन संग सम्बन्धित सबै क्षेत्रको प्रतिनीधित्व हुने गरी Railway Board गठन हुन पर्ने ।

९. बोर्ड अफ ट्रेड, नेपाल इन्टरमोडल यातायात विकास समिति लगायत अन्य व्यापार तथा पारवहन संग सम्बन्धित बोर्डहरुको बैठक नियमित हुनुपर्ने ।

१०. ढुवानीको साधनमा पनि Alternative energy अथवा विद्युतिय ढुवानीका ट्रकहरुको लागि पहल गर्नु पर्ने ।

११. NTWCL लाई सक्रिय वनाउन पर्ने एवं PPP मा संचालनको लागि पहल गर्ने ।

**कार्यक्रमहरुमा सहभागिता**

- मिति २०७८ साल श्रावण २२ गते नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको किर्तिपुर नगरपालिका, स्थित सुक्खा बन्दरगाहलाई पूर्ण रुपमा संचालन गर्ने बारे भएको छलफल कार्यक्रमा यातायात तथा पारवहन समितिका सभापति श्री प्रकाश सिंह कार्की सहभागि हुन भएको थियो ।
- मिति २०७८ साल भाद्र ४ गते नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको राष्ट्रिय व्यापार तथा पारवहन सहजीकरण समितिको बैठकमा यातायात तथा पारवहन समितिका सभापति श्री प्रकाश सिंह कार्की सहभागि हुन भएको थियो ।
- मिति २०७८ साल असोज ६ गते नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पारेको Trade Logistic Development Policy सम्बन्धी छलफल कार्यक्रमा स्थल यातायात तथा पारवहन समिति सह–सभापति श्री नरेश कुमार अग्रवाल सहभागि हुन भएको थियो ।

## निर्यात प्रर्वद्धन समिति

१) मिति २०७८ साल जेष्ठ १८ गते निर्यात प्रबर्द्धन समितिका सभापति श्री मनिषलाल प्रधानको अध्यक्षतामा निर्यात प्रबर्द्धन समितिको Zoom वैठक बसी आर्थिक वर्ष २०७८/७९ को वजेटमा निर्यात प्रबर्द्धनको लागि पठाएका सुझावहरु समेटीएका र नसमेटीएका विषयहरुका बारेमा निम्न सुझावहरु व्यक्त भएका थिए ।

आर्थिक वर्ष २०७८/७९ को वजेटमा नेपाल उद्योग वाणिज्य महासंघले निर्यात प्रबर्द्धनको लागि निम्न सुझावहरु पठाएको :

- हालको व्यवस्था अनुसार Exim Code Certificate लिन रु ३००००० को Bank Guarantee बर्षेनी दिनु पर्ने र Exim Code पनि बर्षे पिच्छे नविकरण गर्नु पर्ने व्यवस्था हटेको,
- निर्यात गर्ने उद्योगहरुलाई VAT refund को व्यवस्था,

- कन्टेनरको व्यवस्था, पुर्नर कर्जाको दायरा वढेको, SEZ मा भाडा दर घटेको र उत्पादनको ४० प्रतिशत तीन वर्षसम्म देश भित्र विक्री गर्न पाउने व्यवस्था भएको,
- सार्क हस्तकला प्रर्दशनी भवन निर्माण, ई–कर्मस सम्बन्धी कानून तर्जुमा गरिने, साना तथा मझौला उद्योगबाट उत्पादित वस्तुको निर्यात बढाउन निर्यात गृहको स्थापना र सञ्चालन गर्न निजीक्षेत्रलाई वण्डेड वेयर हाउसको सुविधा प्रदान गरिने व्यवस्था समेटीएका छन ।

२) नेपाल सन् २०२६ मा अल्पविकसीत मूलुकबाट विकासोन्मूख देशमा स्तरोन्नोती हुंदा त्यसले नेपालको समग्र निर्यात क्षेत्रमा कस्तो प्रभाव पार्छ र त्यसको प्रभाव कसरी न्यून गर्न सकीन्छ भन्ने विषयमा नेपाल उद्योग वाणिज्य महासंघ, निर्यात प्रबर्द्धन समितिबाट एउटा अध्ययन गरेको थियो ।

३) नेपाल सन् २०२६ मा अल्पविकसीत मूलुकबाट विकासोन्मूख देशमा स्तरोन्नोती हुदा त्यसले नेपालको निर्यात क्षेत्रमा कस्तो प्रभाव पार्छ र त्यसको प्रभाव कसरी न्यून गर्न सकीन्छ भन्ने विषयमा भएको अध्यन प्रतिवेदन सम्बन्धमा बिभिन्न निर्यात संग सम्बन्धीत बस्तुगत संघहरुका अध्यक्ष तथा प्रतिनिधिहरु सहितको उपस्थितिमा मिति २०७८ श्रावण १७ गते छलफल कार्यक्रम आयोजना गरीएको थियो ।

४) मिति २०७८ भाद्र ११ गते निर्यात प्रबर्द्धन समितिका सभापति श्री मनिष लाल प्रधानको नेतृत्वमा समितिका पदाधिकारी सहितको टोलीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह–सचिव श्री नारायण प्रसाद रेग्मीलाई भेटी निर्यात प्रबर्द्धनका निम्न लिखीत सुझावहरु दिनु भएको थियो ।

- साना मझौला उद्योगहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न गाह्रो भईरहेकाले निर्यात प्रवर्द्धनका लागि निर्यात हुने वस्तुहरूको थप पहिचान एवं प्रवर्द्धन गर्नुपर्ने, अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालाको स्थापना यथाशीघ्र गरिनुपर्ने, निर्यात प्रोत्साहन कम्तिमा १० प्रतिशत हुनपर्ने र त्यो भन्दा माथि सामूहिक ट्रेडमार्ग, तेस्रो मुलुक निर्यात गर्नेलाई थप प्रोत्साहनको व्यवस्था गरी फरक फरक वस्तुको लागि नगद अनुदान रकम छुट्याइनु पर्ने । नगद अनुदान प्राप्तिको प्रक्रिया झन्झटीलो भएकाले सरलीकरण गरी निकासी भएको विन्दुबाट ७ दिनभित्र सम्वन्धित उद्योग व्यवसायीको बैक खातामा अनलाइन भुक्तानीको व्यवस्था गरिनु पर्ने ।
- त्यसैगरी निर्यातमा पुनरकर्जाको हालको व्यवस्था अव्यवहारिक भएकाले निर्यातको प्रत्येक अर्डरका लागि पुनरकर्जाको व्यवस्था हुनुपर्ने र त्यस्तो कर्जाको समयावधि न्युनतम तीन वर्षको लागि गरिनुपर्ने, ढुवानी लागत बढी भएकोले नेपालले आफनै कन्टेनरको व्यवस्था गर्नुपर्ने र नेपालमा सामान लिएर आउने कन्टेनरहरूको भाडा नेपाली आयातकर्ताले अगाडिनै तिरीसकेको हुंदा फर्किदा खाली भएर फर्किने भएकाले नेपालबाट निर्यात गर्ने सामानको ढुवानी भाडामा पचास प्रतिशत छुटको व्यवस्था गरिनुपर्ने, कृषि क्षेत्रलाई दिएको ब्याज दरमा सरल सुलभ रुपमा सबै बैंकले एकरुपता हुने गरी ऋण उपलव्ध गराउनु पर्ने, सबै निर्यात गर्ने उद्योगहरूलाई निर्यातमा कर छुट र ड्यूटी ड्र ब्याक फिर्ता पाउने व्यवस्था हुनपर्ने ।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली बस्तुको निकासी बढाउनका साथै सहज र भरपर्दो रुपमा भुक्तानी प्राप्त गर्नको लागि अनलाइन भुक्तानीको व्यवस्था हुन पर्ने, कोभिडका कारण समस्याग्रस्त उद्योगहरुको पुर्नरुत्थानको लागि सरल र सुलभ व्याज दरमा ऋण उपलब्ध गराउनका साथै ऋणको भाका बढाउनु पर्ने र तीन बर्षसम्मको लागि आय कर पूर्णरुपमा छुटको व्यवस्था गर्नु पर्ने ।
- नेपालले सन २०२६ मा विकाशसील मुलुकमा स्तरोन्नती भएपश्चात निर्यातमा प्राप्त गर्दै आएको अल्पविकसित मुलुकको सुविधा नपाउने हुंदा हाम्रो प्रतिस्पर्धात्मक क्षमताको विकासका लागि प्रतिस्पर्धी क्षमता बढाउनका लागि प्रभावकारी कार्यक्रमहरु ल्याउनु पर्ने ।
- निर्यात वापतको विदेशी मुद्रा आर्जनमा हुने जोखिमलाई न्युनिकरण गर्न एक्सपोर्ट क्रेडिट इन्स्योरेन्सको व्यवस्था गर्नुपर्ने, कृषि उत्पादनहरु जस्तै अलैची, अदुवा आदिको सम्भावित बजार बंगलादेश रहेकाले हाल बंगलादेशले नेपालबाट जाने अलैचीमा ३५ प्रतिशत भंसार महशुल लगाएको र निर्यात गर्न समेत समस्या देखिएकाले यसतर्फ सरकारले अविलम्व पहल गर्नुपर्ने ।

५) मिति २०७८ साल कार्तिक १० गते बुधबार महासंघको सचिवालय टेकूमा निर्यात प्रबर्द्धन समितिका सभापति श्री मनिषलाल प्रधानको अध्यक्षतामा निर्यात प्रबर्द्धन समितिको वैठक बसी निम्न विषयहरुमा छलफल भएको थियो ।

- कोभिड–१९ को कारण निर्यात प्रभावित भएका मुख्य बस्तुहरु र बजार ।
- पुनरोत्थानका लागि प्राथमिकता दिनु पर्ने तुलनात्मक लाभका वस्तुहरु के के हुन सक्छन् र बढि केन्द्रित हुन पर्ने मुलुक कुन कुन हुन सक्छन्
- कानुनी र नीतिगत रुपमा गर्नुपर्ने सुधारहरु ।
- कोभिड–१९ पछिको पुर्नरउत्थानको लागि निर्यातमा (Sector wise) गर्नु पर्ने कामहरु जस्तैः Incentive, Tax, Loan आदि बारे ।

६) नेपाल सन् २०२६ मा अल्पविकसीत मूलुकबाट विकासोन्मूख देशमा स्तरोन्नोती हुंदा त्यसले नेपालको समग्र निर्यात क्षेत्रमा कस्तो प्रभाव पार्छ र त्यसको प्रभाव कसरी न्यून गर्न सकिन्छ भन्ने विषयमा भएको अध्ययन प्रतिवेदन मिति २०७८ मंसीर २९ गते नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको "Post Covid Revival" Conference मा सार्वजनीक गरीएको थियो ।

७) कार्यक्रममा सहभागीः

- मिति २०७८ साल जेष्ठ ३१ गते नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार गरेको A Study on Export prospect of Drinking Water in Nepal मस्यौदा प्रतिवेदन प्रस्तुती छलफल कार्यक्रमा समितिका सभापति श्री मनिषलाल प्रधान सहभागि हुन भएको थियो। उक्त अवसरमा श्री मनिषलाल प्रधानले नेपाल उद्योग वाणिज्य महासंघले निर्यात प्रबर्द्धनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलमा पठाएका सुझावहरु कार्यान्वय हुन पर्ने तथ्य माथि प्रकाश पार्नुभएको थियो ।

- मिति २०७८ साल भाद्र १३ गते नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार गरेको नेपाल–अस्ट्रेलिया बीच व्यापार तथा लगानी ढाचां (टीफा) सम्झौताको मस्यौदा सम्बन्धमा प्रस्तुती छलफल कार्यक्रमा समितिका सभापति श्री मनिषलाल प्रधान सहभागि हुन भएको थियो ।

- मिति २०७८ साल भाद्र ३१ गते नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बंगलादेश सरकारले Preferential Trade Agreement सम्झौताको लागि प्रस्ताव गरेको वस्तु सूचि र नेपालले बंगलादेश पक्षलाई प्रस्ताव गर्ने वस्तु सूचि सम्बन्धमा छलफल कार्यक्रममा समितिका सह–सभापति श्री नरेशलाल श्रेष्ठ सहभागि हुन भएको थियो ।

## सूचना तथा संचार प्रविधि विकास समिति

१. सूचना प्रविधि दिवस २०२१ मनाउने अवसरमा नेउवामहासंघ सूचना तथा संचार प्रविधि विकास समितिका सभापति श्री मंगेश लाल श्रेष्ठले FNCCI on ICT Development and Digital Economy सम्बन्धमा निजी क्षेत्रको धारणा प्रस्तुत गर्नु भएको थियो । उहांले डिजिटल नेपालको लागि नेपाल सरकारसंग निजी क्षेत्र सहकार्य गर्न तत्पर रहेको कुरा राख्नु भएको थियो ।

२. लिभिङ्ग विथ आईसीटी पत्रिकाले देशभरिका १९ वर्ष मुनिका १२ कक्षासम्मका विद्यार्थीहरुको लागि आयोजना गरेको My Second Teacher : My Digital Nepal ! My Imagination!! पुरस्कार कार्यक्रममा नेउवामहासंघले सहयोगीको भूमिका निर्वाह गर्दै आएकोमा सो कार्यक्रमको विजेताहरुको पुरस्कार वितरण समारोह दिगो विकास तथा सुशासन समितिका सभापति एवं राष्ट्रिय सभाका सदस्य माननीय श्री तारा देवी भट्टज्यूको प्रमुख आतिथ्यमा २०७८ साउन २९ गते सम्पन्न भएको थियो । उक्त समारोहमा महासंघको तर्फबाट सूचना तथा संचार प्रविधि विकास समितिका सह–सभापति तथा डिजिटल नेपाल उपसमितिका संयोजक श्री वीरेन्द्र कुमार मिश्रले Jury Committee Coordinator को भूमिका निर्वाह गर्नु भएको थियो । वहा“ले यस कार्यक्रममा डिजिटल नेपालको लागि धेरै महत्वपूर्ण लेख र कविता प्राप्त भएको र यसलाई डिजिटल नेपालको कार्यक्रममा समेटेर लान सक्ने कुरा जानकारी गराउनु भयो ।

३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र विश्व बैंकको संयुक्त आयोजनामा मिति २०७८Ö७Ö१४ मा भर्चूअल रुपमा भएको डिजिटल नेपाल फ्रेमवर्कमा उल्लेखित प्राथमिकीकरणको विषयमा भएको छलफल कार्यक्रममा नेउवामहासंघ सूचना तथा संचार प्रविधि विकास समितिका सभापति श्री मंगेश लाल श्रेष्ठ र सह–सभापति श्री वीरेन्द्र कुमार मिश्रले भाग लिनु भएको थियो । यस सम्बन्धमा बिभिन्न क्षेत्रलाई कसरी प्राथमिकताको आधारमा राखी कार्य गर्ने भन्ने तर्फ सुझाव संकलन गरेको थियो ।

४. विगत एक दशकदेखि नेपाल सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा केन्द्रित लिभिङ्ग विथ आईसिटीर ले वार्षिक रुपमा आयोजना गरी आएको २०७८ पौष २ गते हुने आईसिटी अवार्ड २०२१र मा नेपाल उद्योग वाणिज्य महासंघ "Acknowledge Partner" को रुपमा सहकार्य गरेको थियो ।

## Start up & Innovation समिति

महासंघको Startup and Innovation Committee ले समितिका सभापति श्री रन्जित आचार्यको सभापतित्वमा २०७८ असार ४ गते (18Jun 2021) समितिको जुम बैठक आयोजना गरेको थियो । उक्त बैठकमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पार्दै गरेको राष्ट्रिय स्टार्ट अप नीति २०७८ को मस्यौदामा छलफल भई त्यसमा सुझावहरु दिने कार्य समितिको तर्फबाट अगाडि बढेको छ । सो बैठकमा अर्थ मन्त्रालयले तयार पार्दै गरेको स्टार्टअप व्यवसायलाई कर्जा प्रवाह गर्ने सम्बन्धि कार्यविधि २०७८ को मस्यौदामा समेत छलफल भई त्यसमा सुझावहरु दिने कार्य समितिको तर्फबाट अगाडि बढेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ स्टार्टअप एण्ड इनोभेशन समितिले मेन्टरसिप सहयोग सहित महासंघका लगानीकर्ताहरुसंग आवद्ध हुन इच्छुक उद्यमीहरुबाट आवेदनको लागि आव्हान अनलाइन मार्फत खुला गरेको छ ।समितिको संयोजनमा लगानीकर्ताहरुको एक समूह आवद्ध रहेको र लगानीकर्ताहरुको व्यावसायिक अभिरुचिलाई उद्यमीहरुको व्यवसायसंग मिलान गरी फलदायक सहकार्यको लागि सहजिकरण भइरहेको छ ।यो आवेदनको आव्हान त्यस्ता उद्यम वा व्यवसायहरुको लागि हो जो नवप्रवर्तनीय वस्तु, सेवा वा प्लेटफर्मको परिवेश वा उपयोगमा संभाव्य व्यवसायिक मोडेलको स्थापना/स्तरोन्नति गर्ने प्रकृयामा रहेका छन् । यस कार्यक्रम अनुसार अनलाइन मार्फत समितिको संयोजनमा आवेदनहरु संकलन भइरहेको छ ।

**13 July 2021** (**२०७८ असार १३**): समितिको संयोजनमा महासंघ र International Labour Organization (ILO) को संयुक्त आयोजनामा "National Consultation Meeting on Draft National Startup Policy 2078" महासंघको अडिटोरियम हलमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा सभापतिज्यूले आफ्नो बिगतमा भएका कार्यक्रम र भावी कार्ययोजनाहरु बारे महासंघ आयोजित एक कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यक्रम २०७८ श्रावन १ गते होटेल सोल्टीमा आयोजना भएकोथियो।

### ५ कार्त्तिक २०७८ । 22 October 2021

स्टार्टअप एण्ड इनोभेशन समितिको समन्वयमा ५ कार्त्तिक २०७८ **(22 October 2021)** मा महासंघको सचिवालयको अडिटोरियम हलमा समितिको नियमित कार्यक्रम अन्तरगत 1st Friday Talk को दोश्रो संस्करण आयोजना गरियो । उक्त कार्यक्रमका बक्ता मेगा मार्ट प्रा. लि. का म्यानेजिंग डाइरेक्टर श्री शाश्वत ढकाल रहेको थियो । श्री शाश्वत ढकालको नेतृत्वमा मेगा मार्ट प्रा. लि. ले नेपालभरी ६१ स्थानमा बिगमार्ट सुपरमार्केट चेन संचालन गर्दै आएको छ । कार्यक्रममा श्री शाश्वत ढकालले नेपालमा रिटेल व्यवसायमा रहेका अवसर एवं चुनौति बारे प्रकाश पार्न हुँदै यस उहांले यो व्यवसायलाई कसरी विस्तार गर्न सफलता प्राप्त भयो भन्ने सन्दर्भमा सहभागीहरुसंग अन्तरक्रियात्मक कार्यक्रममा जानकारी दिनु भयो । कार्यक्रममा स्टार्टअप एण्ड इनोभेशन समितिका सभापति श्री रंजित राज आचार्य लगायत समितिका सदस्यहरु र नव उद्यमीहरुको समेत सहभागिता रहेको थियो ।

### १२ कार्त्तिक २०७८ । 29 October 2021

१२ कार्त्तिक २०७८ मा न्यू विजनेश एज **(New Busines Age)** पत्रिकाले होटेल इन्द्रेणी, काठमाडौंमा आयोजना गरेको **Special Training I for The Startups** आयोजना स्टार्टअप एण्ड इनोभेशन समितिका सभापति श्री रंजित राज आचार्यले वक्ताको रुपमा सहभागि हुनु भयो । कार्यक्रममा उहांले स्टार्टअप व्यवसायमा आउन सक्ने चुनौतीको कसरी सामना गर्ने लगायत व्यवसायको बृद्धि कसरी हासिल गर्न सकिन्छ भन्ने विषयमा सहभागी नवउद्यमीहरुलाई आफ्ना व्यवसायिक अनुभवहरु प्रस्तुत गर्नु भएको थियो ।

**२९ कार्त्तिक २०७८ । 15 November 2021**

२९ कार्त्तिक २०७८ (15 November 2021) मा नेउवामहासंघ स्टार्टअप एण्ड इनोभेशन समिति र न्यू विजनेश एज **(New Busines Age)** पत्रिकाको संयुक्त आयोजनामा महासंघको अडिटोरियम हलमा **Special Training II for The Startups** कार्यक्रम सम्पन्न भयो । **Kumari Bank NewBiz Startup Summit & Awards 2021** को अंगको रुपमा सो कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा स्टार्टअप एण्ड इनोभेशन समितिका सभापति श्री रंजित राज आचार्यले विशेष तालिमकर्ता Special Trainer को रुपमा सहभागी भई नवउद्यमीहरुलाई व्यसाय प्रवर्द्धन, scale up, बजारिकरण, लगायत व्यवस्थापन विषयमा तालिम प्रदान गर्नु भयो ।

**९ मंसिर २०७८ । 25 November 2021**

९ मंसिर २०७८ **(25 November 2021)**मान्यू विजनेश एज **(New Busines Age)** पत्रिकाले होटेल न्याडिसन, काठमाडौंमा आयोजना गरेको **"NewBiz Startup Summit & Awards 2021"** मा स्टार्टअप एण्ड इनोभेशन समितिका सभापति श्री रंजित राज आचार्य, सहसभापतिद्वय श्री सिद्धान्त राज पाण्डे र सुमन शाक्य लगायत समितिका अन्य सदस्यहरुको सकृय एवं ज्यूरीको रुपमा विशेष सहभागिता रहेको थियो । कार्यक्रममा सहसभापति श्री सुमन शाक्यले **Panel Discussion** सत्रमा मोडरेटरको भूमिका समेत निर्वाह गर्नु भयो ।**"Search for Nepali Unicorn: Success and Challenges"** विषयमा आयोजित उक्त कार्यक्रमा विभिन्न वर्ग अन्तरग १५ जना नवउद्यमीहरुलाई पुरष्कृत गरिएको थियो ।

**स्वास्थ्य तथा शिप विकास समिति**

१. स्वास्थ्य तथा सीपविकास समितिले सीपविकास र स्वास्थ्य सेवा सम्बन्धीविभिन्नगतिविधिहरुको संचालनएवं समन्वय गर्दै आएको छ । समितिले गएको १ वर्षको अवधिमा खास गरी कोभिड-१९ को महामारीका कारण जनजीवन र उद्योगी व्यवसायीको स्वास्थ्य र सुरक्षामा परेको प्रभाव न्यूनिकरण गर्न आंसोलेशन सेन्टरको स्थापना, कोभिड-१९ विरुद्धको खोपमा सहजीकरण गर्ने कार्यमा केन्द्रीत रही काम गर्दै आएको छ ।

२. नेउवामहासंघ, स्वास्थ्य तथा शिप विकास समितिको पहलमा पुरानो गोरखा हस्पीटल, क्षेत्रपाटीमा २०७८/२/२ गते आईशोलेशन सेन्टर स्थापना गरी कोभिडका विरामीलाई सेवा प्रदान गरियो ।

३. स्वास्थ्य तथा शिप विकास समितिका सभापति, सह सभापति र स्वास्थ्यसंग सम्बन्धित समितिका सदस्यहरुले समय समयमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयका पदाधिकारी एवं माननीय मन्त्रीज्यूहरु संग भेट गरी कोभिड १९ Pandemic अवस्था र नीजि क्षेत्रको सहकार्य एवं Vaccine उपलब्ध गराउन सहजीकरण गर्ने सम्बन्धमा छलफल भएको थियो ।

४. नेपाल उद्योग वाणिज्य महासंघ स्वास्थ्य तथा सीप विकास समितिको पहलमा आर्मी हस्पिटल, छाउनीमा नेउवामहासंघका कार्यकारिणी समिति सदस्य र कर्मचारीलाई Covishield दोश्रो खोप लगाउने व्यवस्था गरेको थियो ।

५. काठमाडौ महानगरपालीका वडा नं. १७ द्वारा आयोजित Verocel खोप दिने कार्यक्रममा, स्वास्थ्य तथा सीप विकास समितिले २०० जना भन्दा बढीलाई खोप लगाउन सहजीकरण गरेको थियो ।

६. मिति २०७८/४/२० गते उपाध्यक्ष श्री दिनेश श्रेष्ठ, स्वास्थ्य तथा शिप विकास समितिका सभापति श्री हेमराज ढकाल, सह सभापति श्री भक्त हमाल र स्वास्थ्यसंग सम्बन्धित सदस्यहरुले स्वास्थ्य राज्यमन्त्री माननीय श्री उमेश श्रेष्ठसंग भेट गर्‍यो । भेटका अवसरमा कोभिड Pandemic विरुद्ध खोप दिने कार्यमा सहकार्य गर्न नीजि क्षेत्र तत्पर रहेकाले Vaccine वितरण प्रकृयामा निजी क्षेत्रलाई सहभागि गराउन आग्रह गरिएको थियो ।

७. मिति २०७८/५/४ गते स्वास्थ्य तथा सिप विकास समितिको पहलमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयसंग समन्वय गरी नेउवामहासंघ सचिवालय टेकूमा विभिन्न क्षेत्रका व्यवसायी र तिनिहरुको परिवारका सदस्यहरुलाई पहिलो र दोश्रो चरणको Verocel खोप लगाउने व्यवस्था मिलाईको थियो । सो अवसरमा ५३५ जनाले खोप लगाएका थिए ।

८. मिति २०७८/५/४ गते उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजित Apprentice shipTraining Program विषयक वैठकमा स्वास्थ्य तथा सीप विकास समितिका सदस्य कुवेर निरौलाले भागलिनु भएको थियो । वैठकमा Appreticeship तालिम संचालनका विविध पक्षमा छलफल भएको थियो ।

- श्रम ऐनमा भएको व्यवस्थाको अवलम्बन गर्नका लागि थप छलफल गरी सहजता उन्मुख गराउने
- रोजगार बैंक प्रभावकारी बनाउने र अद्यावधिक गर्ने ।
- संचालनका लागि समिती तयार गर्न उपयुक्त हुने ।
- अनुगमन प्रणालि लगायतका अनुसुचिहरु समावेश गर्नुपर्ने ।
- सरकारको तर्फबाट सहयोग गर्ने रकमको भुक्तानि प्रकिया किस्ता वा एकमुष्ट गर्ने प्रकिया तय गर्नुपर्ने ।
- कार्यक्रम संचालन गर्नका लागि सबै पक्षले तयार भई शुरुवात गर्नुपर्ने ।

९. Labour Market information (LMI) Unit को 13th August 2021मा कर्णाली प्रदेश र 15th August मा लुम्बिनी प्रदेशको Labour market survey सम्बन्धी sensitization workshop सुर्खेत र बुटवलमा मा भएको र उक्त workshop मा FNCCI Labour Market Information (LMI) Unit, Monitoring Committee का संयोजक तथा स्वास्थ्य तथा सीप विकास समितिका सभापति श्री हेमराज ढकालको सहभागिता रहेको थियो ।

१०. मिति २०७८ भाद्र २५ गते UNICEF Nepal र FNCCI को collaboration मा Mental Health and Stress Management from a Corporate Perspective सम्बन्धमा Zoom माध्यमवाट छलफल कार्यक्रम भएको थियो । छलफलमा स्वास्थ्य तथा सीप विकास समितिका सह-सहभापति श्री भक्त हमालको सहभागिता रहेको थियो ।

११. मिति २०७८/६/७ गते राष्ट्रिय योजना आयोगद्वारा आयोजित विभिन्न मन्त्रालय र निकायहरुवाट प्रदान गरिने सिपमूलक तालिमको एकीकृत नीति, पाठयक्रम निर्धारण, योग्यता परीक्षण र प्रमाणिकरण व्यवस्थापनको लागि सीपविकास तालिम सम्बन्धी छाता संगठन प्रस्ताव गर्ने विषयमा वैठक भएको थियो । वैठकमा स्वास्थ्य तथा सीप विकास समितिका सभापति श्री हेमराज ढकालको सहभागिता रहेको थियो ।

१२. मिति २०७८/६/२० गते गृह मन्त्रालयद्वारा आयोजित नेपालीहरुको आउदै गरेको महान चाडले विभिन्न देशहरुमा रहेका नेपालीहरुपनि स्वदेश भित्रिने साथै विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण नेपालमापुनःतीव्ररुपमा बढ्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै सरकारी, निजी, गैरसरकारी संघ संघहरु बीच समन्वय र सहकार्यमाएकिकृत र व्यवस्थिततवरले पूर्वतयारी तथाआगामीकार्यदिशा तय गर्ने विषयमा वैठक भएको थियो । वैठकमा स्वास्थ्यतथा सीपविकास समितिका सभापतिश्री हेमराज ढकालको सहभागिता रहेको थियो ।

१३. मिति २०७८/६/२२ गते प्राविधिक शिक्षा तथा व्यवसायीक तालीम परिषद्द्धारा आयोजित सीप मुलक तालीम प्रभावकारी रुपमा संचालन गर्न सहजीकरण तथा समन्वयका लागि वैठक भएको थियो । वैठकमा स्वास्थ्य तथा सीप विकास समितिका सभापति श्री हेमराज ढकालको सहभागिता रहेको थियो ।

१४. ELMS परियोजनाद्वारा निम्न स्थानहरुमा आयोजित विभिन्न कार्यक्रमहरुमा स्वास्थ्य तथा सीप विकास समितिका सभापति एवं Monitoringand Evaluation Committee का संयोजक श्री हेमराज ढकालको सहभागिता रहेको थियो । कार्यक्रमहरु देहायवमोजिम रहेका छन ।

| क. सं. | कार्यक्रम | स्थान |
|---|---|---|
| क. | OccupationalStandarddevelopmentWorkshop | काठमाडौ, चितवन, कुरिनटार र पोखरा |
| ख. | LMISurveySensitizationWorkshop | सुर्खेत, बुटवल, बारा र मोरङ |

१५. मिति २०७८ आश्विन ११ गते खाने पानी मन्त्रालयद्वारा आयोजित Club Himalaya नगरकोटमा Hand Hygiene सम्बन्धी भएको कार्यक्रममा स्वास्थ्य तथा सीप विकास समितिका सह सभापति श्री भक्तबहादुर हमालको सहभागिता रहेको उक्त कार्यक्रमले स्वास्थ्य र सफाईमा जोड दिदै Hand Hygiene सम्बन्धी निर्देशिका वनाउने निर्णय गऱ्यो ।

१६. मिति २०७८/६/२० गते गृह मन्त्रालय विपद व्यवस्थापन समितिद्वारा आयोजित विपद, अध्ययन, जोखिम न्यूनिकरण तथा पुर्नलाभ सम्बन्धी वैठकमा स्वास्थ्यतथा सीपविकास समितिका सहसभापति श्री भक्तबहादुर

हमालको सहभागिता रहेको थियो । वैठकमा आउदै गरेको महान चाड दशै, तिहार, छट लगायतमाCovidको प्रकोप वढन सक्ने सम्भावनाविषयमा र सो को रोकथामकालागि सम्पूर्ण पक्ष सजगहुनु पर्ने र आ- आफ्नो क्षेत्रमा स्वास्थ्य सावधानी अपनाउन सू-सुचित गर्ने निर्णय गरियो ।

१७. मिति २०७८/८/१४ गते CTEVT द्वारा ENSSURE परियोजनाको परियोजना दस्तावेज संरचना तथा क्रियाकलाप वारे र परियोजना समन्वय समितिको TOR निर्माण विषयमा वैठक भएको थियो । स्वास्थ्य तथा सीपविकास समितिका सह सभापति श्री भक्तबहादुर हमालको सहभागिता रहेको वैठकमा परियोजनाले नीजि क्षेत्रसंग सहकार्य गर्न ईच्छुक रहेको र सो बमोजिम दोश्रो चरणको परियोजना दस्तावेज तयार गरी परियोजना समितिको TORबनाउने निर्णय भयो ।

१८. सेप्टेम्बर १०, २०२१ का दिन UNICEF द्वारा आयोजित Mental Well being and Stress Management सम्बन्धी Virtual कार्यक्रममा स्वास्थ्य तथा सीपविकास समितिका सहसभापतिश्री भक्तबहादुर हमालको सहभागिता रहेको थियो । कार्यक्रममा उहांले स्वागत मन्तव्य राख्ने क्रममा Covid-19 महामारीवाट वालवालिका लगायत धेरैजनामा तनाव उत्पन्न भएको र यसको उचित व्यवस्थापन आवश्यक भएको उल्लेख गर्नुभयो ।

१९. मिति २०७८/८/२४ गते CTEVT द्वारा आयोजित ELMS-Consultation meetingमा स्वास्थ्य तथा सीप विकास समितिका सभापति श्री हेमराज ढकालको सहभागिता रहेको थियो ।

२०. मिति २०७८/११/१३ गते ILO संग वैठक वस्यो वैठकमा स्वास्थ्य तथा सीप विकास समितिका सभापति श्री हेमराज ढकाल, सह सभापति भत्त बहादुर हमाल र सचिवालयको प्रतिनिधित्व रहेको थियो । वैठकमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी Plantation sector (चिया र अलैची) मा कस्ता खालका कार्यक्रम संचालन वारे छलफल भएको थियो ।

२१. स्वास्थ्य तथा सीप विकास समितिको वैठक मिति २०७८ फाल्गुन १६ गते नेउवामहासंघ सचिवालयमा बस्यो । वैठकमा अहिले सम्म भएका गतिविधि र आगामी दिनमा के गर्न सकिन्छ भन्ने वारेमा छलफल हुनुका साथै ILO संग मिलेर व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी कार्यक्रम संचालन सम्बन्धमा जानकारी गराउनुभयो ।

**अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन समिति :**

नेपाल सरकार लगानी बोर्डको कार्यालयबाट यस महासंघलाई लगानी बोर्डको रणनीतिक योजना (IBN Strategi Plan) को मस्यौदामा राय/सुझावको लागि मिति २०७८ असार ९ मा अनुरोध भइआएकोमा अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन समितिका सभापति श्री आनन्द बगारियाको संयाजकत्वमा समितिको तर्फबाट राय/सुझाव दिने कार्य भएको छ ।

ठूला परियोजनाहरु तयारी गरी लगानी सम्मेलन गर्नुपर्ने हुंदा रेडिमेड प्रोजक्टहरु सहित भारत, चीन लगायत अन्य राष्ट्रबाट वास्तविक लगानीकर्ता भित्र्याउने गरी महासंघ अगाडी बढ्नुपर्ने भएको, र मुलुकले अवलम्बन गरेको आर्थिक उदारीकरणको नीतिसंग नेपालमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सरकार तथा निजी क्षेत्रको एकिकृत प्रयास आवश्यकता भएकोले एकद्वार प्रणालीको प्रभावकारी उपयोग सहितबैदेशिक लगानी रणनीति तथा बिदेशी लगानी नीति २०७१ समेतको परिमार्जनको लागि सरकारसंगको सहकार्यमा समितिको कार्यहरु अगाडी बढेको छ ।

**०९ कार्त्तिक २०७८ (26 October 2021)**

०९ कार्त्तिक २०७८ (26 October 2021)मा अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन समितिको तेस्रो बैठक लगानी बोर्ड नेपालको विशेष आमन्त्रणमा लगानीबोर्डको सचिवालय ICC Complex बानेश्वरमा आयोजना गरिएको थियो ।

उक्त बैठकमा महासंघका अध्यक्ष श्री शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकाल, लगानी बोर्ड नेपालका मुख्य कार्यकारी अधिकृत श्री सुशिल भभ, अन्तर्राष्ट्रिय लगानी प्रबर्द्धन समितिका सभापति श्री आनन्द कुमार अग्रवाल (बगडिया), समितिका सदस्य श्री समीक्षा राई, सल्लाहकार डा. नारायण प्रसाद रेग्मी, आमन्त्रित सदस्यहरु श्री रमेश अधिकारी, श्री बिजय सिंह बैद्य, श्री शैवाल घोष, श्री मनोज पौडेल, श्री शुभाशिष थपलिया, श्री उज्ज्वल श्रेष्ठ र श्री गुरु प्रसाद ढकालको उपस्थिति रहेको थियो ।

नेउवामहासंघ र लगानी बोर्ड नेपाल बीच के–कस्ता सहकार्य गरी नेपालमा विदेशी लगानीलाई थप प्रबर्द्धन गर्न सकिन्छ भनी आयोजना गरिएको उक्त बैठकबाट निम्न निर्णयहरु गरियो:

१) महासंघमा स्थापित गरिने FDI Desk को लागि लगानी बोर्डको सहयोग तथा सहकार्य रहने,
२) लगानी बोर्डसंग लगानी सम्बन्धी कार्यक्रमहरु तथा आवश्यक बिषयहरुमा हुन सक्ने सहकार्य वारे सम्झौता पत्र तयार गरी नेउवामहासंघको अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन समिति र लगानी बोर्ड बीच सम्झौता गरिने ।

**०७ मंसिर २०७८ (23 November 2021)**

०७ मंसिर २०७८ (23 November 2021)मा परराष्ट्र मन्त्रालय (नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपाली सम्बन्धि महाशाखा) ले आयोजना गरेको नेपालमा लगानी योग्य क्षेत्रहरु तथा नेपालमा लगानी गर्दा प्राप्त हुने छुट तथा सुविधाहरुको विवरण (Tool Kit)तयारी र प्रकाशन सम्बन्धि कार्यको लागि गठन भएको समितिको पहिलो बैठकमा सो समितिमा महासंघबाट प्रतिनिधित्व गर्नुहुने अन्तर्राष्ट्रिय लगानी प्रबर्द्धन समितिका सभापति श्री आनन्द कुमार अग्रवाल (बगडिया) सहभागी हुनु भयो । समितिले एक Working Group बनाई "Foreign Investment Manual: Nepal 2021" विषयक Tool Kit तयार पार्ने कार्य अगाडि बढाएको छ ।

**पूंजी बजार फोरम**

१. नेपालको पूंजीबजारको सम्बर्द्धन, यसको विस्तार र विकासमा रहेका कठिनाइको समाधानका साथै कानुनी सुधारका क्षेत्रको पहिचानसहित पूंजीबजारलाई क्रियाशील एवं भरपर्दो बनाउने उद्देश्यले फोरमले क्षेत्रगत सुझावहरु तयार गरेको छ ।

२. फोरमका सभापति लगयात सदस्यहरुले पूंजीबजारका नियामक निकायहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज तथा सिडिएस एण्ड क्लियरिª लि. का प्रमुखहरुलाई गत चैत र बैशाख महिनामा भेट गरी उक्त सुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

३. नेपाल धितोपत्र बोर्डले जेठ २४ गते आफ्नो स्थापनाको २९ औं वार्षिकोत्सव मनाएको थियो । उक्त वार्षिकोत्सवको अवसरमा समितिका सभापतिको तर्फबाट शुभकामना सन्देश पठाइएको थियो ।

४. २०७८ असार १३ गते भर्चुअल माध्यमबाट फोरमको बैठक बसी आ.व. २०७८।७९ को मौद्रिक नीतिमा समावेश गर्नको लागि धितोपत्र सम्बन्धी सुझावहरु तयार गरेको थियो । सुझावका मुख्य बुंदाहरु निम्नवमोजिम रहेका थिए ।
   - बैंक तिथा वित्तीय संस्थाहरुले सूचिकृत कम्पनीको धितोपत्रमा लगानी गर्दा प्रणालीमा भएको लगानीयोग्य रकमको १० प्रतिशत भन्दा नबढ्ने गरी लगानी गर्नु पर्ने वा core capitalको शतप्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था गर्ने ।
   - आ.व. २०७८ को मौद्रिक नीतिको तेस्रो समिक्षामा बैंक तथा वित्तीय संस्थाहरुलाई लगानीमा गरिएको संकुचनलाई पूर्ववत अवस्थामा राख्नुपर्ने ।
   - लगानीकर्ताहरुले शेयर खरिद बापतको रकम ब्रोकरको खातामा अनलाइनमार्फत भुक्तानी गर्दा वर्तमानमा भएको सीमालाई हटाउनुपर्ने ।
   - शेयर धितो कर्जालाई व्यक्तिगत कर्जाको समुहबाट हटाई वर्तमान रु. ५० लाखको सीमालाई हटाइनुपर्ने ।

५. नेपाल राष्ट्र बैंकबाट आ.व. २०७८।७९ का लागि सार्वजनिक गरिएको मौद्रिक नीतिमा शेयर कर्जा धितो मूल्यांकन अनुपात यथावत राखेको छ । मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा संकुचन गरी एक बैंकबाट ४ करोड वा सबै बैंकबाट जम्मा १२ करोड सम्मको अधिकतम सीमा तोकिएको कारण संस्थागत लगानी गर्ने फर्म तथा कम्पनीको हित विपरित रहेको र यसलाई पुनरविचार गर्न अनुरोध गरिएको थियो ।

६. मौद्रिक नीतिमा शेयर धितो कर्जामा तोकिएको सीमा लगायत नीतिगत अस्थीरताका कारण पूंजीबजारमा उतार चढाव आएको । फलस्वरुप भदौ पहिलो साता ३२ सय पुगेको नेप्से २५सय ५० अंक भन्दा तल झरेको जस्ता तथ्यगत आधारलाई मनन गरी लगानीकर्ताको मनोवल उच्च राख्न महासंघबाट असोज १८ गते प्रेस विज्ञप्ती जारी गरिएको थियो ।

फोरमले पूंजीबजारसंग सम्बन्धित सरोकारवाला निकायहरु सहितको उपस्थितिमा यही २०७८ माघ १० गते “परिपक्व पूंजीबजार” सम्मेलन आयोजना गर्ने कार्यक्रम रहेको छ ।

**चलचित्र तथा मनोरञ्जन फोरम**

नेपाली चलचित्र तथा मनोरन्जन क्षेत्रको श्रीवृद्धिमा नेपाल उद्योग वाणिज्य महासंघको चलचित्र तथा मनोरञ्जन फोरमले विभिन्न प्रयासहरु गर्दै आएको छ । विशेषत गएको एक वर्ष अन्य क्षेत्र जस्तै यो क्षेत्र पनि कोभिडको चपेटामा परयो । कोभिडको चपेटामा परेको यस क्षेत्रको पुनरुत्थानमा फोरमले निकै सक्रियतापूर्वक काम गरयो ।

**चलचित्र, गीत, संगित र मनोरन्जन क्षेत्रको समग्र प्रवर्द्धनमा फोरमका माध्यमबाट देहायका कार्यक्रम एवं उपलव्धीहरु भए:**

- कोभिडबाट प्रभावित चलचित्र तथा मनोरन्जन उद्योगका विषयमा भर्चुअल अन्तरक्रिया ।
- यस क्षेत्रलाई अति प्रभावित क्षेत्रमा सूचिकृत गर्दै बैकिङ क्षेत्रबाट सहुलियत उपलव्ध गराउने कार्यमा ठोस पहल,
- यस क्षेत्रमा जोडिएका अधिकांशलाई कोभिड विरुद्धको खोप उपलव्ध गराइएको,
- २०७८ मंसीर २९ गते सम्पन्न नव उत्थान सम्मेलनमा यस क्षेत्रका विषयमा पनि विशेष सत्र संचालन गरी पुनरुत्थानका लागि सरकारमा सुझाव पेश गर्ने कार्य भएको,
- नेपाली सिनेमाको अन्तराष्ट्रिय बजार प्रवर्द्धनमा सहयोग पुरयाउन Digital OTT Platform खोज्ने कार्य भएको । यसका लागि फोरमका सभापति श्री आकाश अधिकारीले बालाजी, जी सिनेमा, अमाजोन, नेटफ्लेक्सका पदाधिकारीहरुसंग भेट गर्नु भई सहयोगका लागि आग्रह गर्नु भयो ।

**वैदेशिक रोजगार फोरम**

- वैदेशिक रोजगार फोरमका सभापति श्री विष्णु प्रसाद गैरेको कोरोना संक्रमणवाट निधन भएको र सभापति नतोकिएकोले यस अवधिमा फोरमबाट कार्यक्रम हुन नसकेता पनि फोरमका उपसभापति र अन्य सदस्यहरुको उपस्थितिमा भएको वैठकले वैदेशिक रोजगार व्यवसायीले थुप्रै समस्याहरुको सामना गर्नु परिरहेको विषयमा छलफल गरेको थियो ।

- कोरोना संक्रमण महामारी शुरु भएयता वैदेशिक रोजगार व्यवसायीले विभिन्न समस्याहरुको सामना गरिरहनु परेको अवस्थामा व्यवसायीका समस्या समाधान गर्न वैदेशिक रोजगार व्यवसायीले सरकारसंग अनुरोध गर्दै आएको माती समस्याको समाधान नभएकाले वैदेशिक रोजगार व्यवसायीले लिने गरेको सेवा शुल्क, वैदेशिक रोजगार व्यवसायीले राखेको नगद धरौटीवाट व्यवसायीलाई सापटी दिने सम्बन्धमा महासंघवाट पनि पहलका लागि अनुरोध गर्ने निर्णय भएको थियो ।

**द्विराष्ट्रिय एवं गैर आवासीय नेपाली समन्वय फोरम:**

द्विराष्ट्रिय एवं गैर आवासीय नेपाली समन्वय फोरमका सभापति श्री देश बन्धु बस्नेत (अजित) को संयोजनमा विश्वका राष्ट्रहरुसंग आर्थिक कुटनीतिको उपयोग गरी, निजि क्षेत्रको पहलमा द्विराष्ट्रिय आर्थिक तथा व्यावसायिक सम्बन्ध विकास गर्नको लागि, महासंघ र अन्य देशका छाता व्यवसायिक संघहरुसंग प्रतिनिधिमण्डलको आदानप्रदान सहित समझदारीपत्रहरुमा हस्ताक्षर गर्नको लागि पहल भइरहेको छ । उक्त पहल अनुसार केहि प्रभावशाली अफ्रिकी देशहरुको उद्योग वाणिज्य महासंघहरुसंग सम्बन्धित राजदुतावासहरुको सहयोगमा पत्राचार आदानप्रदान भई द्विपक्षीय कार्यक्रमहरुको टुंगो लागिसकेको तर कोभिडको प्रकोप बढेसंगै हाल सो कार्यक्रमहरु स्थगित भएको छ । उपयुक्त समयमा सो कार्यक्रमहरु फोरमको संयोजनमा अगाडी बढ्नेछ ।

**२३ मंसिर २०७८ (9th December 2021)**

२३ मंसिर २०७८ (9th December 2021)मा द्विराष्ट्रिय तथा एनआरएन समन्वय फोरमका सभापति श्री देशबन्धु बस्नेतको संयाजकत्वमा महासंघका अध्यक्ष श्री शेखर गोल्छा र नेपालका लागि इथियोपियाका राजदूतHer Excellency Dr. Tizita Mulugeta Yimam बीच महासंघको सचिवालयमा भेटघाट कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाल र इथियोपिया बीच व्यापार, लगानी तथा पर्यटन प्रबर्द्धन गर्ने विषयमा छलफल गरिनुका साथै समितिको पलहमा अगाडि बढाइएको महासंघ र Ethiopian Chamber of Commerce and Sectoral Associations (ECCSA) बीचमा हुन लागेको MoU को विषयमा समेत छलफल भएको थियो ।

उक्त बैठकमा महासंघका वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकाल, उपाध्यक्षरु श्री दिनेश श्रेष्ठ र श्री रामचन्द्र सांघाई, श्री देशबन्धु बस्नेत, नेपालका लागि इथियोपियाका अवैतनिक वाणिज्यदूत श्री राजेन्द्र गिरी समेतको सहभागिता रहेको थियो ।

**२४ मंसिर २०७८** (10 December 2021)

२४ मंसिर २०७८ (10 December 2021)मा द्विराष्ट्रिय तथा एनआरएन समन्वय फोरमका सभापति श्री देशबन्धु बस्नेतको संयाजकत्वमा महासंघका अध्यक्ष श्री शेखर गोल्छा र नेपालका लागि रुवाण्डाका राजदूतHer Excellency Ms. Jacqueline Mukangira बीच महासंघको सचिवालयमा भेटघाट कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाल र अफ्रिकी मूलुक रुवाण्डा बीच व्यापार, लगानी तथा पर्यटन प्रबर्द्धन गर्ने विषयमा छलफल भयो । बैठकमा महासंघ र Private Sector Federation of Rwanda (PSF) बीच रुवाण्डामा MoU मा हस्ताक्षर गर्ने कार्यक्रम आयोजन गर्न महासंघको प्रतिनिधिमण्डललाई रुवाण्डा भ्रमणको लागि राजदूत H.E Ms.Mukangira ले निमन्त्रणा दिनु भएको थियो ।

उक्त बैठकमा द्विराष्ट्रिय तथा एनआरएन समन्वय फोरमका सभापति श्री देशबन्धु बस्नेत, महासंघका उपमहानिर्देशक श्री गोकर्ण राज अवस्थि र उपनिर्देशक श्री अरुण श्रेष्ठको समेतको सहभागिता रहेको थियो ।

## कृषि उद्यम केन्द्र :

(१) नीतिगत पैरवी

- नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार गरिएको राष्ट्रिय कृषि नीति २०७७ को मस्यौदा माथि मन्त्रालयमा चैत्र ७ गते विभिन्न सरोकारवालहरु वीच छलफलमा नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रको तर्फबाट राय सुझाव प्रदान ।
- नीजि क्षेत्र मैत्री राष्ट्रिय कृषि नीति निर्माण गर्न आवश्यक देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सभापति श्री अरुण राज सुमार्गी कृषि उद्यम केन्द्र लाई संयोजक तोकी समिति गठन भई विभिन्न विज्ञहरु बाट प्राप्त सुझावहरुलाई मन्त्रालयमा पेश ।
- नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पारेको राष्ट्रिय आपूर्ति नीति २०७७(मस्यौदा) माथि नीति अनुसन्धान प्रतिष्ठानले आयोजना गरिएको मिति ११ जेठ २०७८ को भर्चुअल छलफलमा सहभागी भई राय सुझाव प्रदान ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट संचालनमा रहेको विभिन्न परियोजनामा निजी क्षेत्रसंग के कस्तो भावी दिनमा सहकार्य गर्न सकिन्छ सम्भाव्यता बारे सचिव कृषि विकास, डा. योगेन्द्र कुमार कार्की संग विभिन्न मितिमा बैठक सम्पन्न भई कार्यक्रम तयार गरि मन्त्रालयमा पेश ।
- आ.ब.२०७८/७९ को लागि कार्यक्रम बजेट तर्जुमा गर्ने कार्य संचालन भईरहेको सन्दर्भमा कृषि उद्यमी, व्यवसायी, कृषकसंग सम्बन्धित वस्तुको उत्पादन तथा बजारीकारणलाई प्रवर्द्धन गर्न विद्युत, बैंक व्याजदर, कर, भ्याट, अन्तशुल्क तथा भंसार दर आदि विषयमा के कस्ता नीतिगत सुधारहरु गर्नु पर्ने बारे सम्बन्धित निकायको ध्यानकर्षण गरिएको ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय द्धारा गठन गरिएको "कृषि क्षेत्र नीति विज्ञ सल्लाहकार समिति ( Agriculture Sector Policy Think Tank Advisory Committee" को सदस्यमा यस FNCCI/AEC लाई पनि तोकिएकोमा सो समितिको पहिलो बैठकमा सहभागिता ।
- नेपालको हालको कृषि वीमा नीतिमा समय सांपेक्ष संशोधनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सुझाव प्रदान ।
- राष्टि«य किसान आयोगले आयोजना गरेको "राष्ट्रिय कृषि नीति २०७७" मस्यौदा माथि छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागिता जनाई राय सुझाव प्रदान ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रासायनिक मल सल्लाहाकार समितिको बैठकमा सहभागिता जनाइएको ।
- ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (SAMRIDDHI) को निर्देशक समितिको बैठकमा सहभागिता ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगतको Rural Enterprise and Economic Development (REED) आयोजनाको निर्देशक समितिको बैठकमा सहभागिता ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट गठित æनेपाल बाख्रा विकास कार्य समितिÆ को बैठकमा सहभागिता ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगतको कृषि क्षेत्र विकास परियोजना (ASDP) को निर्देशक समितिको बैठकमा सहभागिता ।
- नेपाल सहकारी केन्द्रिय संघ लिमिटेडले आयोजना गरेको UN अन्तराष्टि«य पारिवारिक खेती कार्यक्रम अर्न्तगत गठित पारिवारिक खेती राष्ट्रिय कार्यान्वय समितिको बैठकमा सहभागिता ।

(२) **ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**

नेपाल सरकार र कृषि विकासको लागि अन्तराष्ट्रिय कोष (IFAD) वीच १० डिसेम्बर २०१५ देखि ७ बर्षको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत संचालित ग्रामीण उद्यम तथा विप्रेषण आयोजना ( SAMRIDDHI) प्रदेश नं १,२ र बाग्मती प्रदेशको सिन्धुली जिल्लामा संचालित छ, जस्मा आयोजना डकुमेन्टको सह-सम्भाग १.२ अर्न्तगत रहि जिल्ला र नगर उद्योग वाणिज्य संघहरुको क्षमता अभिवृद्धि गर्ने महत्वपूर्ण कार्यक्रम कार्यान्वयन गर्ने भनिएकोमा हाल सम्म आयोजनाबाट निम्न कार्य सम्पन्न गरिएको छ:

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा ग्रामीण उद्यम विप्रेषण आयोजना (समृद्धि)ले वैदेशिक रोजगारीबाट फर्केकाहरुको लागि COVID responsive कार्यक्रम मार्फत प्रदेश १ र २ का विभिन्न नगर पालिका र गाउं पालिकाको समन्वयमा ***"व्यवसाय सम्भाव्यता अभिमुखीकरण"*** तालिम सफलता पूर्वक सम्पन्न ।
- प्रदेश १ र २ का १२ नगर पालिका र गाउं पालिका गरि करिव ४८१ जनालाई अभिमुखीकरण तालिम दिने कार्य सम्पन्न । तालिमको दौरानमा छनौट गरेको उद्यमको आधारमा पुन: तालिम संचालनको कार्य योजना तयार भई उद्यम छनौट अनुसारको व्यवसायीक तालिम दिने कार्यको प्रारम्भ ।
- प्रदेश नं. १ मा सम्पन्न व्यवसाय सम्भाव्यता अभिमुखीकरण तालिमबाट उद्यम छनौट गरेका १८ जना प्रशिक्षार्थीहरुलाई २ दिनको व्यवसायीक योजना र ५ दिनको व्यवसायीक बाख्रापालनको तालिम धनकुटा, पाखीवासमा सम्पन्न ।
- ग्रामीण उद्यम तथा विप्रेषण (समृद्धि) आयोजनाले मंसिर १३ गते देखि १५ गते र मंसिर १७ गते देखि १९ गते सम्म प्रदेश १ र मधेश प्रदेशका सरोकारवालाहरुलाई व्यवसायिक योजना निर्माण सम्बन्धी तालिम प्रदान गरिएको ।

(३) **कृषि विकास रणनीति(ADS)**

कृषि क्षेत्रका चुनौतीहरूलाई समाधान गर्ने उद्देश्यले नेपाल सरकारले २० वर्षे कृषि विकास रणनीति (२०१५–२०३५) ल्याएको छ । यो रणनीतिक दस्तावेज संघीय शासन व्यवस्थामा जानु अगाडि नै तयार गरिएको हो । यसलाई २०७२ साल देखि नै नेपालमा कार्यान्वयनमा ल्याइएको छ । यस रणनीतिले आगामी २० वर्षका लागि नेपालको समग्र कृषि क्षेत्रका कार्यक्रमहरूलाई मार्ग–निर्देश दिने योजनाका साथ कार्य भइरहेको छ । कृषि विकास रणनीतिको कार्यान्वयनबाट मूलतः परम्परागत, निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापित गर्दै कृषि क्षेत्रको व्यवसायीकरण, औद्योगिकीकरण तथा विविधीकरणबाट कृषिमा अधिक आश्रित

परिवार/समुदायलाई सेवा र उद्योग क्षेत्र मार्फत् बढी भन्दा बढी आय–आर्जन गर्न सकिने गरी रूपान्तरण गर्ने अपेक्षां राखिएको छ ।

ADS को रणनीति अनुसार कार्यनीति तयार गर्ने कार्यको लागि विभिन्न सरोकारवालाहरुको राय,सुझाव आदि संकलनमा आवश्यक सहयोग पुयाउनका लागि नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र पनि सो परियोजनाको साझेदार संस्थाको रुपमा रही सो कार्यको लागि प्रदेश नं १ र कर्णाली प्रदेशमा २ जना विज्ञ कर्मचारीहरुको पदस्थापन भई कृषि विकास रणनीति कार्यान्वयन गर्न निम्न कार्यहरु गरिएको:

- कृषि क्षेत्र विकास परियोजनाको निर्देशक समितिको बैठकमा सहभागिता ।
- कृषि विकास रणनीति (ADS) कार्यान्वयनका लागि प्रदेश नं. १ को स्थानीय सरकार (पालिका)हरुमा अभिमुखीकरण कार्यशाला गोष्ठी सम्पन्न गरि उक्त प्रदेश नं. १ को पालिकाहरूको कार्य क्षमता आंकलन/अध्ययन समेत सम्पन्न ।
- कृषि विकास रणनीति(ADS) कार्यान्वयनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा स्रोत व्यक्तिको विकास गर्नुका साथै कृषि विकास योजना तर्जुमा सम्बन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न ।
- कर्णाली प्रदेश स्तरिय कृषि विकास रणनीतिको साथै Resource Mapping report तयार ।
- कर्णाली प्रदेशमा जिल्ला स्तरिय अभिमुखीकरण गोष्ठी सम्पन्न गर्नु को साथै कार्य क्षमता आंकलन अध्ययन सम्पन्न गरि प्रतिवेदन तयार ।
- कर्णाली प्रदेशमा श्रोत व्यक्तिको विकास, परिचालन तथा विज्ञ सेवा प्रदान ।
- कर्णाली प्रदेशका बारेको प्रकाशन र लेखन कार्यमा सहयोग आदि ।

(४) **दिगो विकासको लागि व्यापार, नेपाल हव (ITC T4SD Nepal Hub):**

नेपालमा उत्पादित वस्तुलाई विदेशमा सहज रुपमा निर्यात गर्न सहयोग पु-याउने लक्ष्यका साथ नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द र International Trade Center विच सहकार्य गर्ने लक्ष्यका साथ **"दिगो विकासको लागि व्यापार, नेपाल हव"** (ITC T4SD Nepal Hub) को कृषि उद्यम केन्द्रमा हवको रुपमा स्थापना भई पहिलो चरणको कार्यक्रम सम्पन्न भई निम्न कार्य प्रगति भएको छः

दोश्रो चरण अर्न्तगत चिया, कफी, पर्यटन र MAPS को वस्तुहरुलाई प्रवर्द्धनका साथै जलवायु परिर्वतनको कारण ती वस्तुहरुमा के कस्तो प्रभाव परिरहेको छ । के कसरी सहज रुपमा उत्पादकत्व वृद्धि गर्ने भन्ने सोचका साथ चिया, कफी, पर्यटन र MAPS का उद्यमी व्यवसायी र कृषकहरु र प्रशिक्षकहरुको छनौट गर्ने कार्य सम्पन्न भएको ।

- कृषि उद्यम केन्द्र र अन्तराष्ट्रिय व्यापार केन्द्र (ITC) को संयुक्त रुपमा आयोजना गरिएको २ दिने Training and Interaction Program on Access to Green Finance अन्तरक्रिया कार्यक्रम मंसीर १२ र १३, २०७८ को दिन नेपाल उद्योग वाणिज्य महासंघको सभाहलमा र मंसीर २१ र २२, २०७८ मा ईलाम जिल्लामा आयोजना गरिएको थियो ।
  सो कार्यक्रमको शुभारम्भ गदै कृषि उद्यम केन्द्रका सभापति श्री अरुण राज सुमार्गीले बैक मार्फत सरल र सहज रुपमा व्यवसायीहरुले ऋण प्राप्त गर्न सजिलो होस भन्ने उद्देश्यका साथ अन्तररक्रिया कार्यक्रम आयोजना गरिएकोले विज्ञहरुले दिएको सुझाव र ज्ञानलाई सदुपयोग गर्न सकिएको खण्डमा भावी दिनमा व्यवसाय संचालनमा मद्दत पुगोस भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको र व्यवसायीहरुको हक हितको लागि केन्द्रले सहजकर्ताको कार्य गर्ने बताउनु भयो । सोही अवसरमा श्री सविन विक्रम पन्त, कार्यक्रम संयोजक, श्री सुनिल पोखरेल, प्रमुख कार्यकारी अधिकृत,सिभिल बैक लिमिटेड, श्री मनिष थापा, Managing Partner Global Impact Fund, श्री गोविन्द घिमिरे,एनएमबी बैक र सानिमा बैकको तर्फबाट अन्तरक्रिया कार्यक्रममा श्रोत व्यक्तिहरु रहनु भएको थियो । उक्त

कार्यक्रममा कफी, चिया, पर्यटन र जडिवुटी व्यवसायमा आवद्ध २५ जना सहभागिहरुलाई कृषि उद्यम केन्द्रका प्रवन्ध निर्देशक डा. दिनेश प्रसाद पराजुलीले प्रमाणपत्र वितरण गर्नु भयो ।

(५) **ईजरायली महामहिम राजदुत Mr. Hanan Goder र कृषि उद्यम केन्द्रका सभापति श्री अरुण राज सुमार्गी बीच भेटवार्ताः**

- महामहिम राजदुत श्री Goder संग सभापति श्री अरुण राज सुमार्गीले १४ भाद्र, २०७८ राजदुतावासमा भेटघाट सम्पन्न ।
- भेटघाटमा सभापति श्री सुमार्गीले कृषिमा आधुनिकिकरण विना नेपालीको जीवनस्तर माथि नउठने हुनाले इजरायलको विशेष सहयोगको लागि अनुरोध गर्नु भएकोमा महामहिम राजदुत श्री Goder ले आफू सकरात्मक रहेको र आफू नेपाली समुदायलाई सहयोग गर्न आतुर रहेको बताउनु भयो ।
- कृषि उद्यम केन्द्रबाट नेपालको कृषिको सुधार र प्रविधि हस्तान्तरणको लागि आवश्यक सहयोगको लागि इजरायली दुतावासमा Concept Note पेश गरिएको ।

(६) **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

रोजगारीका पर्याप्त अवसर सिर्जना गर्न आर्थिक बर्ष २०७५।७६ को नीति तथा कार्यक्रममा रोजगारी अवसरका सम्भाव्य क्षेत्र पहिचान गर्न, रोजगारीका लागि व्यवसायकि सीप विकास गर्न र देशभित्र रोजगारीका लागि विदेश जानु पर्ने स्थितिको अन्त्य गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम नेपाल सरकारबाट विभिन्न जिल्लाहरुमा हाल कार्यक्रम लागु भइरहेको छ ।

सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार नेपाल सरकारसंग सहकार्य गर्ने लक्ष्यका साथ युवाहरुलाई स्वदेशमा नै रोजगारी सृजना गर्न सिप विकास तालिम कार्यक्रम मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमा नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रले एक महत्वपूर्ण साझेदार संस्थाको रुपमा समावेश हुन प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत **सिप विकास तालिम तथा रोजगार सहायता कार्यक्रमर** को लागि अवधारण पत्र पेश गरिएको छ ।

(७) **श्रम, रोजगार तथा सामाजिक मन्त्रालयका मन्त्री श्री कृष्ण कुमार श्रेष्ठसंग कृषि उद्यम केन्द्रका सभापति श्री अरुण राज सुमार्गीको भेटघाट**

नेपाल सरकार मार्फत कार्यान्वयनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रममा नीजि क्षेत्रको पनि प्रतिनिधित्व होस भनि श्रम, रोजगार तथा सामाजिक मन्त्री श्री कृष्ण कुमार श्रेष्ठलाई अनुरोध गर्दै कृषि उद्यम केन्द्रका सभापति श्री अरुण राज सुमार्गीले अवधारणा पत्र मन्त्रीलाई हस्तान्तरण गर्नु हुदै यस्तो प्रकारको कार्यक्रममा नीजि क्षेत्रको पनि सहभागिता भएमा अझ प्रभावकारी कार्यान्वयन र राम्रो परिणाम ल्याउन सक्ने क्षमता नीजि क्षेत्रमा रहेको बारे मन्त्री श्रेष्ठको ध्यानकर्षण सभापति श्री सुमार्गीले गर्नु भएको थियो । यस बारेमा मन्त्रालयका सम्बन्धित महाशाखाका कर्मचारीहरुसंग छलफल गरि पुनः केन्द्रलाई छलफलको लागि मन्त्रालयमा आमान्त्रण गर्ने प्रतिवद्धता मन्त्री श्री श्रेष्ठले जनाउनु भएको थियो ।

(८) **थोक तथा खुद्रा बजार मुल्य विवरण**

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रको प्रमुख कार्य मध्य बजार सूचना सेवा(Market Information Service) पनि एक हो । विगतका बर्षहरुमा विभिन्न परियोजना मार्फत वेवसाईटमा मुल्य सूचि राख्ने गरिएकोमा परियोजना समाप्ती पछि सो कार्यलाई निरन्तरता दिन समृद्धि परियोजनाको आर्थिक सहयोगमा प्रदेश नं. १, मधेश प्रदेश र बाग्मती प्रदेशको सिन्धुली जिल्लाहरुको उवासंघको वेवसाईटमा स्थानीय बजारको मुल्य सूचि प्रविष्ट गरिएको छ । अन्य जिल्लाको हकमा यस केन्द्रमा उपलब्ध भएको मुल्य सूचिलाई वेवसाईटमा प्रविष्ट गर्ने कार्य पनि भइरहेको छ । मुल्य सूचि www.aec-fncci.org बाट हेर्न सकिने व्यवस्था गरिएको छ ।

(९) **कृषि उद्यम तथा अनुसन्धान केन्द्र स्थापना**

कृषि उद्यम केन्द्रलाई अझ समय सुहाउंदो, प्रभावकारी र दिगो रुपमा संचालन गर्न विभिन्न क्षेत्रको अनुसन्धानमुलक कार्य गर्न कृषि उद्यम तथा अनुसन्धान केन्द्रको आवश्यकता महसुस गरि कृषि उद्यम

केन्द्रको एकाईको रुपमा रहने गरि कृषि उद्यम तथा अनुसन्धान केन्द्रको रुपमा स्थापना अनुसन्धानात्मक कार्य र नितीगत पैरवी गर्दै जाने केन्द्रको लक्ष्य रहेको छ ।

कृषि उद्यम केन्द्रले ७ वटा प्रदेशमा नेपाल उद्योग वाणिज्य महासंघका सातै प्रदेशका अध्यक्षहरु प्रमुख रहने गरी सबै प्रदेशमा १ जना संयोजक र ५ जना सदस्यहरु मनोनयन गर्ने गरि विभिन्न क्षेत्रमा अनुसन्धात्मक कार्यहरु अगाडी बढाउने तथा आयोजना प्राप्ती र कार्यान्वयन गर्ने गरि प्रदेश कृषि उद्यम तथा अनुसन्धान केन्द्र स्थापना गर्ने लक्ष्यका साथ संचालन कार्य विधि तयार गरि यसलाई विस्तार गर्ने कृषि उद्यम केन्द्रको भावी योजना रहेको छ ।

## (१०) **<u>कृषि उद्यम केन्द्रको</u>** <u>AEC-FNCCI</u> **<u>(एप्स)</u>**

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रले आफनो सम्पन्न गतिविधीहरुको प्रचार प्रसारको लागि (AEC-FNCCI) नामक एप्स संचालनमा ल्याई केन्द्रको प्रगतिहरु एप्समा राखिएको छ ।

यसका अलवा समाचार, विभिन्न सदस्य संघ,संस्थाहरुको जानकारी, तालिम तथा कार्यशाला गोष्ठी, अनुसन्धानका प्रतिवेदन र अन्य विशेष सूचनाहरु राख्ने कार्यहरु भइरहेको छ । यसलाई अझ प्रभावकारी र सूचना मैत्री बनाउन भविष्यमा नयां प्रविधिको अधिकतम  प्रयोग गर्ने केन्द्रको सोच समेत रहेको छ ।

## (११) **<u>विविध/अन्य</u>**

- International Union for Conservation of Nature(IUCN) Nepal र कृषि उद्यम केन्द्रको समन्वयमा सरोकारवालाहरुको सहभागितामा चैत्र ५ र ६, २०७७ मा Training on Proposed ABS Policy and Legal Framework and negotiation skill to implement ABS mechanisms in Nepal नामक तालिमको शुभारम्भ श्री अरुण राज सुमार्गी, सभापति, कृषि उद्यम केन्द्रले गर्नु भएको थियो । रैथाने वस्तुको प्रवर्द्धनको लागि विभिन्न फोरमहरुमा आवाज उठाउनका साथै परम्परागत वस्तुहरुलाई ब्रान्ड नाम दिई व्यवसायीकरण गरि पहुच तथा लाभको बांडफांड न्यायचित रुपमा वितरण हुनु पर्ने श्री सभापतिले जोड दिनु भएको थियो । नेपाल सरकारमा स्विकृतिको लागि पेश गरिएको अनुवांशीक कार्यविधी पास गराउन कृषि उद्यम केन्द्रले पहल गरिरहकै छ ।
- संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ९ बैशाख २०७८ मा शंखरापुर उद्योग वाणिज्य संघको स्वःलेखाजोखा साँखु, काठमाडौमा सम्पन्न भयो । कार्यक्रमको प्रमुख अतिथि श्री अरुण राज सुमार्गीले गर्नु भएको सो कार्यक्रममा कृषि उद्यम केन्द्रका बोर्ड सदस्यहरु श्री नानी राज घिमिरे र विदुर पराजुली लगायत संघका १८ जना पदाधिकारी सदस्यहरुको उपस्थिति रहेको थियो । उवासंघहरुको क्षमता अभिवृद्धि ,भावी योजना तयार गर्न, सचिवालय सुद्धढीकरण,संघहरुको स्वःलेखाजोखा गरि कमी कमजोरी सुधार गर्नु पर्ने पक्षलाई जोड दिई भावी योजना र संघलाई दिगो रुपमा संचालनको लागि मद्दत पुगोस भन्ने लक्ष्यका साथ कार्यक्रमको आयोजना गरिएको सभापति श्री अरुण राज सुमार्गीले बताउनु भयो ।
- राष्ट्रिय सूचना संचार प्रविधि(ITC) दिवस १९ बैशाखमा ITC in Agriculture बारे सम्पन्न जुम छलफल कार्यक्रममा सहभागिता जनाइयो ।
- राष्ट्रिय योजना आयोगबाट First National Food System Dialogue को तयारीको लागि २८ बैशाखमा सम्पन्न जुम बैठकमा कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठको सहभागिता ।
- कृषिमा वित्तिय पहुच र महामारीमा कृषकको समस्या पुर्नउत्थानको लागि वित्तिय क्षेत्रको भूमिका बारेको जुम अन्तरक्रिया १६ जेठ २०७८ कार्यक्रममा सभापति श्री अरुण राज सुमार्गीले सहभागीता जनाउनु भई धारणा राख्नु भयो । कार्यक्रमको प्रमुख अतिथी भुपू मन्त्री श्री गणेश साहले गर्नु भएको सो कार्यक्रममा नेपाल राष्ट्र बैकका श्री देव कुमार ढकाल, नविल बैकका अध्यक्ष श्री उपेन्द्र पौडेल, कृषि उद्यम केन्द्रका बोर्ड सदस्य श्री नानीराम  घिमिरे लगायत कृषक, उद्यमी, व्यवसायी, नेपाल सरकारको प्रतिनिधीहरुको सहभागीता रहेको ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र Institute for Integrated Development Studies(IIDS) ले संयुक्त आयोजनामा POLICY PRORTIES FOR EVIDENCE-BASED AGRICULTURAL POLICY IN NEPAL बारेको जुम बैठकमा कृषि उद्यम केन्द्रको सहभागीता ।
- धान उत्पादनमा वृद्धि, खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धिका नारा साथ  २०७८ सालको धान दिवस लाई सफल गर्ने उद्देश्यका साथ १४ असार २०७८ मा **रसमृद्धिका लागि कृषि उद्यमशिलताको आवश्यकता"** बारे काठमाडौ विश्व विद्यालयले आयोजना गरेको Webinar  मा सभापति श्री अरुण राज सुमार्गीको सहभागिता ।

- १६ असार, २०७८ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय द्धारा आयोजना गरिएको हाल सम्मको प्रगति र वीमा कार्यक्रमको समन्वय बैठकमा सभापति श्री अरुण राज सुमार्गीले सहभागिता जनाउनु भई सुझाव र राय प्रदान ।

- १७ असार, २०७८ मा उर्वर नेपाल पब्लिक लिमिटेडका सदस्यहरुसंग कृषिको सम्भाव्यता बारेको छलफल कार्यक्रममा सभापति, श्री अरुण राज सुमार्गीले युवाहरु सक्रिय रुपमा व्यवसायीक रुपमा लाग्न, कृषि उद्यम केन्द्र आवश्यक सहयोग गर्न तत्पर रहेको बताउनु भयो । कार्यक्रममा नेपाल सरकारको भूपू मन्त्री श्री गणेश साहले नेपालमा कृषिको राम्रो सम्भवना रहेकोले यसलाई व्यवसायीक रुपमा लाग्न युवाहरुलाई सुझाव दिदै हाल आयात भईरहेको वस्तुहरुको पहिचान गरि आयात प्रतिस्थापन हुने वस्तु उत्पादनमा ध्यान दिन अनुरोध गर्नु भयो । सो छलफल कार्यक्रममा उर्वर नेपाल पब्लिक लिमिटेडका ७ जना पदाधिकारी सदस्यहरु र कृषि उद्यम केन्द्रका पदाधिकारीहरु र कर्मचारीहरुको उपस्थिति रहेको ।

- कृषिको व्यवसायीकरण र आधुनिकीकरणको लागि आवश्यक सुझाव र मार्ग निर्देशन प्राप्त गर्न भूतपूर्व मन्त्री श्री गणेश साहलाई संरक्षकत्व र अन्य विभिन्न विशिष्ट व्यक्तिहरुलाई कृषि उद्यम केन्द्रको सल्लाहकारमा नियुक्त ।

- MoTT MACDONALD ले आयोजना गरेको Rebuilding Nepal Roundtable भर्चुअल छलफल कार्यक्रममा सभापति श्री अरुण राज सुमार्गीको सहभागिता ।

- नेपाल उद्योग वाणिज्य महासंघको राष्ट्रिय आर्थिक रुपान्तरण (नेट २०३०) भिजन पेपरलाई सहयोग पुयाउन कृषि उद्यम केन्द्रबाट Agriculture Ecosystem Development Strategy को लेखन कार्य गरेको छ ।

- World Food Program (WFP) Nepal ले आयोजना गरेको Scaling of Business Network (SBN) working Group committee meeting मा सहभागिता ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगत प्रधानमन्त्री कृषि आधुनिकरण आयोजना (PMAMP) परियोजनाको बैठकमा सहभागिता ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगत Nepal Livestock Sector Improvement Project (NLSIP) को केन्द्रिय गुनासो समाधान समितिको बैठकमा सहभागिता ।

- राष्ट्रिय अविस्कार केन्द्रका वैज्ञानिकहरुसंग तरकारी तथा फलफुल सुरक्षित भण्डारण गर्ने यन्त्र Sabji Kothi को बारे कृषि उद्यम केन्द्रमा छलफल भई यन्त्रको सुधारको लागि सुझाव प्रदान ।

- See Port भन्ने संस्थासंगको सहकार्यमा Swiss Contact ले आहवान गरेको Agribusiness Policy Interventions for Sajah-Nepal Project in Province-1 परियोजनाको लागि प्रस्ताव पेश ।

- राष्ट्रिय योजना आयोग (NPC) बाट भर्चुअल रुपमा आयोजना गरिएको Food System Dialogue मा प्रवन्ध निर्देशक डा. दिनेश प्रसाद पराजुली र कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठको सहभागिता ।

- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (DFTQC), विश्व स्वास्थ संगठन (WHO) र Codex Trust Fund -2 द्धारा मिति August 24-28 2021 मा बाग्मती प्रदेशमा संचालन गरेको "Workshop on Codex and Food Safety" कार्यक्रमा यस केन्द्रका प्रवन्ध निर्देशक डा. दिनेश प्रसाद पराजुलीको सहभागिता रहेको ।

- कृषि उद्यम केन्द्रले अगाडि बढाएको १०० किसानको अवधारणा बारे जानकारी दिने लक्ष्यका साथ प्रदेश नं. १ का कृषक, उद्यमी र व्यवसायीहरुसंग सो अवधारणा बारेमा छलफल कार्यक्रममा कृषि उद्यम केन्द्रका सभापति श्री अरुण राज सुमार्गीले सहभागिता जनाउनु भएको ।

- मकवानपुर उद्योग वाणिज्य संघले आफनो निर्वाचित नयां कार्य समिति सदस्यहरुको लागि आफनो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्न भावी दिनको कार्य दिशा तयार गर्ने लक्ष्यका साथ मिति २०७८

पौष १५ देखि १७ गते सम्म ३ दिनको कार्य योजना कार्यशाला गोष्ठी तथा संस्थागत लेखाजोखा स्वमुल्यांकन कार्यक्रम रिभरसाईड ग्रिन हाउस रिर्सोट, नवलपुर, नवलपरासीमा सम्पन्न ।

सो कार्यक्रमको शुभराम्भ कृषि उद्यम केन्द्रका सभापति श्री अरुण राज सुमार्गीले गर्नु हुदै कार्यशाला गोष्ठीबाट सिकेका ज्ञानबाट आगामी दिन संघले प्रभावकारी रुपमा परिणाम देखिने विश्वास राख्नु हुदै संस्थागत लेखाजोखा स्वमुल्यांकन कार्यक्रमबाट प्राप्त हुने सुचांकले संघ हाल कुन अवस्थामा छ भन्ने थाहा पाउन सक्ने भएकोले आफनो सवल र कमजोर पक्षलाई केलाएर भावी दिनमा आर्थिक रुपमा आत्मनिर्भर बन्न सहयोग पुग्ने भएकोले सुचांकले कमजोर देखाएको क्षेत्रमा संघले आफनो कार्य योजनामा समावेश गरि सुधार गर्नु पर्नेमा जोड दिनु भयो । मकवानपुर उवासंघको संस्थागत स्वय लेखाजोखा मुल्यांकन गदै संघको सवल, कमजोर आदि बारे सदस्यहरुलाई कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठले जानकारी गराउनु हुदै आगामी दिनमा आफनो कमी कमजोरीलाई मध्यनजर राखेर अगाडि बढनु पर्ने र सुचांकले देखाएको कमजोर क्षेत्रलाई सुधार गर्न कार्य योजनाले सहयोग पुग्ने बताउनु भयो । २५ जना कार्य समितिका सदस्यहरुको उपस्थित रहेको सो कार्यशाला गोष्ठीको समापन बरिष्ठ उपाध्यक्ष श्री अनिल अग्रवालले गर्नु भएको थियो ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगत प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना (PMAMP) को निर्देशक समितिको बैठकमा पौष १३, २०७८ को दिन सहभागिता ।
- बन तथा बातावरण मन्त्रालय व्दारा बिश्व बातावरण कोष (Global Environment Facility, GEF ) को आर्थिक सहयोग र IUCN Nepal को सहकार्यमा सन्चालित ¾नेपालमा नागोया अभिसन्धि कार्यान्वयनको लागि क्षमता अभिबृध्दि परियोजना (Strengthening Capacities for implementation of the Nagoya Protocal in Nepal)” अन्तरगत Capacity Building Training on Access to genetic resources (ABS) and fair and equitable shearing of benefits arising from utilization of genetic resources and associated traditional knowledge सम्बन्धि मिति २१ देखि २३ पौष, २०७८ सम्म संचालित तालिम कार्यक्रममा सहभागिता जनाइयो ।
- UNDP ले आयोजना गरेको “Residental Workshop for Developing Nationally Determined Contribution (NDC) Implementation Plan for Agriculture Sector” मा सहभागि भएको । उक्त कार्यशालामा सहभागि भएर योजना कार्यान्वयन बिधि सम्बन्धि खाका तयार गर्न सुझाब दिईयो ।
- राष्ट्रिय योजना आयोग ले आयोजना गरेको “Meeting to share Country's Commitment for Nutrition for Growth (N4G) Summit 2021” सम्बन्धि कार्यक्रममा माघ १४, २०७८ को दिन सहभागिता जनाएको ।
- वन तथा वातावरण मन्त्रालय र UNDP को प्राविधिक सहयोगमा Biodversity Finance Initiative(Biofin) कार्यक्रमले संचालन गरेको दुई दिने जैविक विविधता क्षेत्रमा लगानीको अवस्था आंकलन गरी सम्भावित वित्तिय व्यवस्था (Finance Solutions Prioritization Workshop) सम्बन्धीको कार्यशाला गोष्ठी कार्यक्रममा पौष ५ र ६, २०७८ मा सहभागिता जनाई सुझाव दिइयो ।

## Establishing Employer led Labour Market Secretariat (ELMS) परियोजना

यस प्रतिवेदन Establishing Employer led Labour Market Secretariat (ELMS) परियोजनाले २६ कार्तिक २०७७ देखि हालसम्म गरेको काम प्रक्रिया समावेश गरि तयार गरिएको हो । यो प्रतिवेदन ELMS परियोजनाले नेपाल उद्योग वाणिज्य महासंघलाई पेश गर्न र परियोजनाको कार्य बारे प्रस्तुत गर्ने प्रयोजनको लागि मात्र तयार गरेको हो ।

**परिचय**

- Establishing an Employer led Labour Market Secretariat (ELMS) परियोजना नेपालको निजी क्षेत्रको पाँच व्यवसायी संगठन (नेपाल उद्योग वाणिज्य महासंघ लगायत अन्य ४ व्यवसायी संगठन (नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ , नेपाल निर्माण व्यवसायी महासंघ र होटेल संघ नेपालले मुलुकमै पहिलो पटक संयुक्त रुपमा कार्यान्वयन गर्दै आईरहेको छ । यस परियोजना यूरोपियन युनियनको आर्थिक सहयोगमा र ब्रिटिस काउन्सिलः दक्षताको व्यवस्थापनमा कार्यन्वयन हुँदै आईरहेको छ ।

यस परियोजनाले नेपालको निजी क्षेत्रको माग अनुसार कृषि, निर्माण र पर्यटन क्षेत्रमा पेशागत मापदण्ड तयार गरि श्रम बजार सूचना प्रणालीको विकास गर्ने लक्ष्य लिएको छ । ELMS परियोजनाले मिति २०७८ साल पुष १६ गते सम्म सम्झौता अनुसार पहिलो चरण पार गरेको छ। यस अवधिमा परियोजनाले विश्वव्यापी महामारी कोभिड-१९ को प्रभाव र अन्य चुनौतीहरुको सामना गर्दै विभिन्न कार्य सम्पन्न गरेको छ ।

**कार्य प्रगति र उपलब्धीहरु**

१) ELMS परियोजनाको निर्धारित कार्यक्रम अनुसार, आफ्नो सचिवालय ELMS Operation Unit (EOU) को निर्धारित समयमा गठन गरेको छ । यसको लागि परियोजनाले जनशक्तिको पदपूर्ति गरि प्रचलित खरिद नियमानुसार, खरिद समिति गठन गरि कार्यालयको लागि आवश्यक फर्निचर, कम्प्युटर र आवश्यक सामग्रीको खरिद गरेको थियो । हाल परियोजनाको सचिवालयले पाँच व्यवसायी संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, घरेलु तथा साना उद्योग महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ र होटेल संघ नेपालका LMI Unit लाई कार्यक्रमको जिम्मेवारी दिने, अनुगमन गर्ने र मासिक रुपमा प्राविधिक तथा वित्तिय प्रतिवेदन पेश गराउने कार्य निरन्तर रुपमा गर्दै आएको छ । हाल परियोजनामा LMI Unit र सचिवालयका कर्मचारी गरेर १४ जना पुरुष कर्मचारी र ७ जना महिला कर्मचारी गरेर २१ जना कूल कर्मचारी रहेका छन् । पहिलो चरणमा पाँच LMI Unit ले प्रचलित खरिद नियमानुसार, खरिद समिति गठन गरि कार्यालयको लागि जनशक्तिको पदपूर्ति, आवश्यक फर्निचर, कम्प्युटर र आवश्यक सामग्रीको खरिद गरि कार्यालय स्थापना गरेको छ।

**ELMS Board, PCC, SWG**

२) ELMS परियोजनाको मुख्य कार्य विभिन्न समिति र बोर्डका नियमित बैठक संचालन गर्ने हो । पौष २०७८ सम्म परियोजनाले पाँच व्यवसायी संगठनका अध्यक्ष रहेको बोर्डका कूल १०, मध्ये ६ वटा बैठक सम्पन्न गरिसकेको छ । त्यस्तैगरि परियोजनाको बोर्डद्वारा नियुक्त गरिएका १० सदस्य Project Coordination Committee (PCC) को कूल २० नियमित बैठक मध्ये १५ वटा बैठक सम्पन्न गरिसकेको छ । त्यस्तैगरि कृषि, निर्माण र पर्यटन क्षेत्रमा पाँच व्यवसायी संगठनबाट हरेक क्षेत्रमा निजी क्षेत्रका प्रतिनिधिको रुपमा कूल ११ जना सदस्यको Sector Working Group (SWG) रहेका छन् । यस SWG का सदस्यले निजी क्षेत्रको आवश्यकता अनुसार विज्ञको अगुवाईमा ३० पेशाहरुको पहिचान गरेको छ। कुल ३६ नियमित बैठकमा परियोजनाले २७ बैठक सम्पन्न गरिसकेको छ।

३) ELMS परियोजनाले प्राविधिक सल्लाह तथा परामर्शको लागि नेपाल सरकार, CTEVT, केन्द्रिय तथ्यांक बिभाग, शिक्षा, बिज्ञान तथा प्रैविधि मन्त्रालय, त्रिभुवन तथा काठमाडौं विश्वविद्यालयका पदाधिकारी सहितको ६ सदस्य Technical Advisory Committee (TAC) **गठन** गरेको छ। यस समितिको कूल ७ नियमित बैठक मध्ये ४ बैठक पौष २०७८ सम्म परियोजनाले सम्पन्न गरिसकेको छ र परियोजनाको कार्यहरुको प्राविधिक रुपमा छलफल र सल्लाह, सुझाव दिने गरेको छ।

४) त्यस्तै गरि परियोजनाले हरेक LMI Unit मा बढिमा ४ सदस्य सहितको अनुगमन समितिको बीचमा गठन गरि आफ्ना काममा नियमित रुपमा अनुगमन तथा समिक्षा गरि कार्य सम्पादन गरेका छन् । पौष २०७८ सम्म हरेक LMI Unit ले नियमित अनुगमन समितिको बैठक सम्पन्न गरि, विभिन्न जिल्लामा परियोजनाको क्रियाकलापको प्रभावकारिताको अनुगमन समेत गरिरहेको छ।

५) त्यस्तैगरि ELMS परियोजनाले सातै प्रदेशमा प्रादेशिक कार्यालयको स्थापना गरि पेशागत मापदण्ड र श्रम बजार सूचना प्रणालीको विकास सम्बन्धी कार्य गर्दै आईरहेको थियो । यसका लागि सातै प्रदेशमा ९ महिनाका लागि Province Level Research Consultant को नियुक्ति गरिएको थियो । नेपाल उद्योग वाणिज्य महासंघले प्रदेश १ र कर्णाली प्रदेशको प्रतिनिधित्व गरेको थियो । PLRC को कार्यअवधि बैशाख २०७८ देखि पौष २०७८ सम्म रहेको थियो।

६) ELMS परियोजनाले कृषि, निर्माण र पर्यटन क्षेत्रसंग सम्बन्धित १० वस्तुगत संघलाई कार्यालयको क्षमता अभिवृद्धिको लागि सहयोग गरेको थियो । निजी क्षेत्रले पेशागत मापदण्ड र प्रदेश र जिल्लाबाट निजी क्षेत्रको लागि श्रम बजार सूचना प्रणालीको लागि ल्यापटप, प्रिन्टर लगायतका सामग्री परियोजना मार्फत सहयोग गरेको थियो । कूल १० वस्तुगत संघ मध्ये नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत ६ वस्तुगत संघलाई सहयोग गरिएको थियो भने ४ वस्तुगत संघलाई अन्य ४ संगठनले सहयोग गरेको थियो।

७) ELMS परियोजनाले संगठनात्मक स्वरुप गरिसकेपछि कार्तिक - मंसिर २०७७ को प्रारम्भिक चरणमै राष्ट्रिय तह र सातै प्रदेशमा प्रादेशिक परियोजना औपचारिक सुरुवात कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा निजी क्षेत्रका पदाधिकारी र नेपाल सरकारका उच्च पदका सरोकारवालाहरु माझ परियोजना बारे जानकारी दिएको थियो ।

८) ELMS परियोजनाले पहिलो चरणमा विभिन्न अध्ययन र प्रतिवेदन तयार गरेको छ । सो क्रममा परियोजनाले कृषि, निर्माण र पर्यटन क्षेत्रमा विस्तृत अध्ययन र विषयगत विश्लेषण गरि Sub Sector Analysis प्रतिवेदन तयार गरेको थियो । त्यस्तै गरि परियोजनाले सम्पूर्ण कर्मचारीको क्षमता अभिवृद्धिको माग पहिचान गर्न Need Assessment Survey समेत सम्पन्न गरेको थियो ।

**पेशागत मापदण्ड सम्बन्धी तयारी**

९) ELMS परियोजनाले कार्तिक २०७७ देखि पौष २०७८ सम्म निजी क्षेत्रको आवश्यकता अनुसार कृषि, निर्माण र पर्यटन क्षेत्रमा १० / १० पेशाहरुको पहिचान गरेको छ । पेशहरुको छनौट Sector Working Group (SWG) का सदस्यहरुले निजी क्षेत्रको वर्तमान आवश्यकता र श्रम बजारको मागअनुसार विस्तृत विश्लेषण गरि तीस पेशहरुको छनौट गरिका थिए । छनौट गरिएका पेशाहरु लेभल २ र लेभल ३ मा वर्गीकरण गरिएका छन् ।

१०) त्यसैगरि ELMS परियोजनाले छनौट गरिएका पेशाहरुको पेशागत मापदण्डका लागी व्यवसायीहरु माझ १ दिने लक्षित समुह छलफल र विज्ञ कामदार बीच ३ दिने पेशागत मापदण्ड कार्यशाला सम्पन्न गरेको छ । यसरी ELMS परियोजनाले रोजगारदाताको श्रम बजारको आवश्यकता स्वयम् रोजगारदाता संघबाटै समेट्ने प्रयास पेशागत मापदण्डमा गरेको छ । पाँच व्यवसायी संगठनले नेपालको सातै प्रदेशमा समग्र नेपालकै व्यवसायी र विज्ञ कामदारको छनौट गरि पेशागत मापदण्ड तयार गरेको छ ।

११) ELMS परियोजनाले पौष २०७८ सालसम्म कृषि, निर्माण र पर्यटनको पेशागत मापदण्डको पहिलो मस्यौदा तयार गरिसकेको छ । तयार गरिएको पेशागत मापदण्डको मस्यौदा सहभागी व्यवसायी, विज्ञ कामदार, सम्बन्धित वस्तुगत संघ, विज्ञ र अन्य नेपाल सरकार र CTEVT का पदाधिकारी बीच पेश गरि राय, सल्लाह र सुझाव समेत संकलन गरिसकेको छ ।

१२) निजी क्षेत्रको आवश्यकता अनुसार तयार गरिएको पेशागत मापदण्डहरुलाई प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषदका पदाधिकारी माझ प्रस्तुत गरि त्यसबाट पाठ्यक्रम र तालिम प्रदान गरि श्रम बजारको माग र आपूर्ति बीचको बेमेललाई कम गर्न पनि पटक पटक CTEVT संग छलफल र परामर्श गरिरहेको छ ।

**श्रम बजार सूचना प्रणाली सम्बन्धी कार्य**

१३) ELMS परियोजनाले प्रारम्भिक चरणमा प्रदेशस्तरीय वस्तुगत संघका लागि परियोजनाको बारेमा सातै प्रदेशमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । यसरी कार्तिक २०७७ देखि पौष २०७८ सम्म करिव १०,००० निजी क्षेत्रका व्यवसायी माझ पेशागत मापदण्ड र श्रम बजार सूचना प्रणालीको बारेमा अभिमुखीकरण गर्ने र सो सम्बन्धी जानकारी प्रदान गर्ने कार्य गरिसकेको छ ।

१४) त्यस्तै गरि परियोजनाले सातै प्रदेशमा निजी क्षेत्रका पाँच व्यवसायी संगठनका सदस्य, जिल्ला, वस्तुगत संघ र प्रादेशिक कार्यालयका पदाधिकारी बीच श्रम बजार सूचना प्रणाली सम्बन्धी अभिमुखिकरण र साझेदारीको लागि आव्हान समेत गरेको छ । परियोजनाले करिव १०,००० भन्दा पनि बढि व्यवसायी उद्यमीहरुलाई अभिमुखीकरण गरेको छ ।

१५) ELMS परियोजनाले श्रम बजार सूचना प्रणाली सम्बन्धी सर्वेक्षण गर्न पाँच व्यवसायी संगठनको २७ जिल्लाको कृषि, निर्माण र पर्यटन सम्बन्धी सदस्यको सूची तयार गरेको छ । परियोजनाले तयार गरेको पछिल्लो तथ्यांक अनुसार पाँच व्यवसायी संगठनको निर्माण, कृषि र पर्यटन गरि कूल २५,७५२ सदस्यको सूची तयार गरिसकेको छ ।

१६) त्यसैगरि ELMS परियोजनाले श्रम बजार सूचना प्रणाली सम्बन्धी सर्वेक्षण अगाडी बढाउनका लागि वैज्ञानिक विधि र तथ्याँकिक पद्धति अवलम्बन गरि श्रम बजार सूचना प्रणालीको सर्वेक्षणका लागि २८ सर्वेक्षण सुपरिवेक्षक र ४७ सर्वेक्षणकर्ताको तयारी गरि, १२७ जना आवेदकको पहिलो चरणको छनौट गरिसकेको छ । परियोजनाको दोस्रो चरणमा सर्वेक्षणकर्ताको छनौट गरिने योजना ELMS को रहेको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारणले गर्दा ELMS परियोजनाको कार्य पनि निकै प्रभावित भएको थियो । पटक पटक गरिएको लोकडाउनका कारणले गर्दा परियोजनाको निर्धारित क्रियाकलापहरु निर्धारित समयमै सम्पन्न गर्न नसकिने भयो ।  त्यस कारणले ELMS परियोजनाको सचिवालयले PCC र बोर्डको निर्देशन र निर्णय अनुसार परियोजनाको समय छ महिना अवधि थप गर्ने ब्रिटिस काउन्सिललाई माग गरेको छ । माग गरिएको ६ महिनाको समयमा परियोजनाले सम्पन्न गर्न बाँकी रहेका कार्यक्रमहरु सम्पन्न गर्ने, संस्थाको दिगोपनालाई थप सशक्त बनाउने र पेशागत मापदण्डलाई संस्थागत गर्दै जाने मुख्य लक्ष्य लिएको छ ।

**चुनौती**

- माग गरिएको छ महिनाको समयमा परियोजनाले कृषि, निर्माण र पर्यटन क्षेत्रको करिव ३००० जना व्यवसायी/उद्योगी माझ गई श्रम बजार सूचना प्रणालीको सर्वेक्षण गर्ने लक्ष्य लिएको छ । यद्यपी समग्र परियोजनाको दिगोपनालाई सुनिश्चित गर्नु परियोजनाको एउटा प्रमुख चुनौतीको रुपमा रहेको देखिन्छ । ELMS परियोजनाको कार्यहरु विशेष गरि निजी क्षेत्रको आवश्यकता अनुसार पेशागत मापदण्ड निर्माण गर्ने र श्रम बजार सूचनाको विकासलाई पछि पनि निरन्तरता दिने परियोजनाको प्रमुख चुनौतीको रुपमा रहेको छ । परियोजनाको क्रियाकलापलाई परियोजना पश्चात पनि निरन्तरता दिन र नयाँ क्षेत्रलाई समेत समावेश गरि अगाडी बढ्नुपर्ने देखिन्छ ।  पाँच व्यवसायी संगठनले संयुक्त रुपमा कार्यन्वयन गरेको यस परियोजना नमुना परियोजनाको रुपमा रहेको छ । यसको लागि विकास साझेदारी, CTEVT र समग्र निजी क्षेत्रको दिगो र सक्रिय रुपमा बढ्न थप आवश्यक पनि देखिन्छ ।